अजितमान तामाङ

तामाङ जातिको चिनारी



नेपाल भाषा केन्द्रीय विभाग
मा.सा.शा. संकाय
वि.सं.
२०४२

तामाङ जातिको चिनारी

For Library Purpose

तामाङ जातिको चिनारी

अजितमान तामाङ

For Library Purpose

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
जावलाखेल, ललितपुर, पो.ब.नं. १४३८५
इमेल: nfdin@infoclub.com.np
होमपेज: www.nfdin.gov.np

नेपाल तामाङ घेदुङ
केन्द्रीय सचिवालय
पुतलीसडक, काठमाडौं
फोन: ४१६८०४०

जातिशास्त्रीय विवरणिका/दर्पण शृङ्खला-१६
कृति : तामाङ जातिको चिनारी
प्रकाशक : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान
र
नेपाल तामाङ घेदुङ
सर्वाधिकार : प्रकाशकमा
लेखक : अजितमान तामाङ
भाषा सम्पादन : प्रतिक ङेसुर तामाङ र प्रमुख, प्राज्ञिक तथा अनुसन्धान महाशाखा
प्रबन्ध/कार्यकारी सम्पादक : डा. लाल-श्याँकारेलु रापचा
प्रकाशन प्रति : १०००
प्रकाशन मिति : असार, २०६९
आवरण तस्विर : रसुवाको तामाङ वस्ती
आवरण/लेआउट : ज्ञानु महर्जन
मुद्रण : कला अफसेट प्रेस

ISBN : 978-9937-2-5036-8

अरू भाषामा अनुवाद लगायत यो कृतिको सार्वाधिकार प्रकाशकमा सुरक्षित गरिएको छ । साथै, समीक्षात्मक र अन्य अनुसन्धानात्मक कार्य बाहेक यो पुस्तकको कुनै पनि भाग प्रकाशकको अनुमति बाहेक छायाँकपि वा पुन:प्रकाशन गर्न पाइने छैन ।

Tamang Jatiko Chinari
Ajitman Tamang

For Library Purpose

समर्पण

तामाङ जातिको उत्थानका लागि
संघर्षरत सम्पूर्ण तामाङहरू प्रति

For Library Purpose

"You may write me down in history

With your bitter, twisted lies,

You may trod me in the very dirt

But still like dust, I'll rise."

Maya Angelou

For Library Purpose

कृतज्ञता

तामाङ जातिको चिनारी नामक पुस्तक प्रकाशन गर्न पाउँदा हामीलाई खुशी लागेको छ । सर्वप्रथम, हामी नेपाल तामाङ घेदुङको तर्फबाट यसको अनुसन्धान तथा प्रकाशनका लागि सहयोग गर्ने आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई धन्यवाद व्यक्त गर्दछौं । साथै, तामाङ जाति र भाषाका विषयमा अहोरात्र खटेर लाग्ने यस पुस्तकका लेखक तथा खोजकर्ता अजितमान तामाङलाई पनि हामी धन्यवाद दिन चाहन्छौं । यस कार्यका लागि आ आफ्नो तर्फबाट सहयोग गर्नु हुने सबै महानुभावहरुलाई पनि हामी संस्थाको तर्फबाट धन्यवाद व्यक्त गर्दछौं ।

यो आखिरमा समुदायको सामूहिक काम हो । यसबाट तामाङ जाति, उसको इतिहास, भूगोल तथा धर्म, संस्कृति र सभ्यतालाई बुझ्न सहयोग पुग्ने विश्वास हामीले लिएका छौं । यसले तामाङ समाजलाई जान्न चाहाने तथा तामाङ समाजको बारेमा अनुसन्धान गर्न चाहाने अनुसन्धानकर्ता एवं अध्यताहरुलाई समेत सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । त्यस दिनशामा यो पुस्तकले सहयोग पुऱ्याउन सक्यो भने हाम्रो प्रयास सार्थक भएको ठान्नेछौं ।

अन्त्यमा, फेरि पनि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई सहयोगका लागि धन्यवाद व्यक्त गर्दै आगामी दिनमा यस प्रकारको सहयोगको अपेक्षा राख्दछौं ।

नेपाल तामाङ घेदुङ
केन्द्रीय कार्यालय, काठमाडौं ।

For Library Purpose

जातिशास्त्रीय चिनारी श्रृङ्खला–१६ को बारेमा

जातिशास्त्रीय चिनारी श्रृङ्खला-१६ मा *तामाङ जातिको चिनारी* (ई. २०१२) लाई आदिवासी जनजाति उत्थान राष्ट्रिय) (आजउरा) प्रतिष्ठान र नेपाल तामाङ घेदुङको संयुक्त प्रयासबाट प्रकाशनमा आउन सफल भएको छ। सं. २०५८ सालमा तत्कालीन श्री ५ को सरकारले आजउरा प्रतिष्ठान ऐन–२०५८ जारी गरी त्यस ऐन अनुसार आदिवासी जनजातिहरूको उत्थान गर्ने उद्देश्यले आजउरा प्रतिष्ठानको स्थापना भयो। प्रतिष्ठान ऐनले नेपालका विभिन्न ५९ आदिवासी जनजाति समूहहरूलाई सूचीकरण गरेको छ। प्रतिष्ठानको स्थापना कालदेखि नै सूचीकृत आदिवासी जनजातिहरूको उत्थान र सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरू सम्बन्धित जातीय संघ/संस्था तथा गैर-सरकारी संस्थाहरू र प्रतिष्ठान आफैले पनि कार्यान्वयन गर्दै आएको छ। तर सूचीकरणमा परेका धेरै आदिवासी जनजातिहरूको ऐतिहासिक, भाषिक, सांस्कृतिक, वर्तमान आदि अवस्थाबारे भरपर्दो ज्ञान र सूचनाको अभावले गर्दा कार्यक्रमहरू प्रभावकारी ढंगले कार्यान्वयन गर्न कठिनाइ महसुस भई रहेको हुनाले सबै सूचीकृत आदिवासी जनजातिहरूको वर्तमान भाषिक, साहित्यिक, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक अवस्थाबारे समाज-मानवशास्त्रीहरूबाट अध्ययन-अनुसन्धान गराइएको थियो।

अध्ययन-अनुसन्धानमा विज्ञहरूको तथा अध्ययन-अनुसन्धान स्थलको छनौट र अध्ययन प्रतिवेदनको समालोचनात्मक समीक्षा आदि सम्बन्धित जातीय संस्थाको परामर्श र सहकार्यमा सम्पन्न गरिएको थियो। अनुसन्धान प्रक्रियामा प्रस्ताव लेखनदेखि अनुसन्धानमा अपनाइने वैज्ञानिक पद्दतिहरू, अनुसन्धाताहरूलाई मार्ग-निर्देशन र प्रतिवेदनको समालोचनात्मक टिप्पणी गर्नु हुने विद्वान्हरू डा. चैतन्य मेन्याङबो-सुब्बा (पूर्व-सदस्य, योजना आयोग), अग्रज समाजमानवशास्त्री डा. कृष्ण भट्टचन (त्रिवि, कीर्तिपुर), भौतिकशास्त्री अर्जुन नुगो-लिम्बू (त्रिचन्द्र, त्रिवि) र सांस्कृतिक-समाज-मानवशास्त्री जनक थुलुङ-राई (मिसिगन, अमेरिका) धन्यवादका पात्र हुनुहुन्छ। युवा लेखक अजितमान तामाङको

For Library Purpose

अनुसन्धनात्मक प्राज्ञिक दक्षता, अनुभव र बौद्धिक इमान्दारी यस कृतिमा छर्लङ्गिएको छ ।

यस अध्ययन-अनुसन्धान तथा प्रकाशन कार्यको मूल उद्देश्य सम्वन्धित जाति र समुदायको चौतर्फी उत्थानमा सहयोग पुगोस् भन्ने रहेकोले नै अनुसन्धाताहरूको प्रतिवेदनलाई प्रतिष्ठान र सम्वन्धित जातिको प्रतिनिधिमुलक संस्थाको संयुक्त प्रयासमा यो ग्रन्थको रुपमा प्रकाशनमा ल्याइएको हो । किनभने यो प्रकाशन सम्वन्धित सरोकारवालाहरू बिच पनि सहज ढंगले उपलव्ध होओस् भन्ने नै हो ।

प्रकाशन कत्तिको सफल रहला भन्ने तथ्य पाठक वर्गको पाठकीयताबाट आउन बाँकी नै छ । अहिलेलाई एमिक दृष्टिकोणबाट लेखिएको यो ग्रन्थ तामाङ जातिको सग्लो दर्पण नै हो ।

त्यसर्थ, लेखकको वौद्धिक भूमिका र नेपाल तामाङ घेदुङको सहकार्य स्तुत्य छ । यस संयुक्त सह-कार्यले नेपालमा हिजो उत्पीडन र किनारामा पारिएका नागरिकहरूको इतिहासमा नयाँ अध्यायको शुरूवात गरेको छ । त्यसैले आजउरा प्रतिष्ठान र नेपाल तामाङ सारा आदि(मूल)वासी जनजाति र मूलतः तामाङहरूको समतामूलक वौद्धिक मुटु र दिमाग हुन् । साथै जातीय उन्मुक्तिको ढोका पनि हुन् । यसको प्रत्यक्ष प्रमाण भनेको नै *तामाङ जातिको चिनारी* (ई. २०१२) कृति हो । यस कृति त्यस अर्थमा भीमकाय छलाङ 'जायन्ट लीप' नभए पनि छोटो कदम 'स्मल स्टेप' चाहिँ अवश्य हो ज्ञान र विवेकको संस्थागतीकरणको प्रक्रियामा । आवाजविहीन किनारीकृत आदि (मूल) वासी जनजाति भूमिपुत्री(ी)हरूबाट अब उसो डुकुको हुँदो मात्रै नभई ज्ञान र विवेकको संस्थागतीकरण प्रक्रियाको पनि थालनी गरेको र जातीय उन्मुक्ति द्वारतिरको लम्काइ प्रयास पनि हो यो ।

डा. लाल-श्याँकारेलु रापचा
प्रमुख
प्राज्ञिक तथा अनुसन्धान महाशाखा
आजउरा प्रतिष्ठान
जावलाखेल, ललितपुर

For Library Purpose

आफ्नो भन्नु

तामाङ जातीय पहिचानप्रति गौरव गर्न सम्पूर्ण तामाङ आदिवासी/जनजाति जस-जसले मलाई पाहुनाको रुपमा मात्र नभएर आफ्नै परिवारभैँ नाम्सा, ह्युल्सा खीम्सा 'छिमेकी' लाई झै गरी र घरको परिवार सरह माया गर्नुहुने, आफ्नो *हुअी, थेमे, थेत्मा* र *तामाङ युल्बा*को *केसा, ठूङसा, बाप्सा* तथा तामाङहरूको *ठुङह्राप, केह्राप, फाह्राप* आदिका बारेमा जानकारी दिनु हुने र सबै भन्दा पहिले निःस्वार्थ सहयोग गर्नु सबैमा आभार व्यक्त गर्न चाहन्छु।

मुख्य रुपमा आफुले सुनेका र थाहा पाएका तामाङ *युल्बा*को विषयमा सोधेका कुरा कुनै झर्को नमानी सूचना उपलब्ध गराउनु हुने आदरणीय मेरा आपाग्रेन केसरसिं तामाङ, आपा जगत बहादुर तामाङ र आफ्नो केरोङ तथा भिमफेदीमा नून लिन जानु भएको तथा पुनर्जन्म भएका बालकहरूको बारेमा बताउनु हुने आमा सेलजोम तामाङ, महत्वपूर्ण तामाङ वंशावलीका पाण्डुलिपि तथा अन्य ग्रन्थहरू उपलब्ध गराउनु हुने आपा काइँला लामा रेम बहादुर तामाङ, तामाङ *रेम* तथा गोरखालीहरूको बारेमा गाउँमा पहिलेदेखि सुनिआएको इतिहसका कुराहरू बताउनु हुने आपाच्याङबा हुंग बहादुर तामाङ, तामाङ *चेवार टाप्चे* तथा विवाहको बारेमा बताइ दिनु हुने मेरो आज्यो चाङलाई पनि साष्टाङ्ग दण्डवत् गरी विशेष धन्यवाद ज्ञापन गर्छु।

तामाङ आदिवासीका बारेमा आफुसँग रहेको *दोङह्राप, फाह्राप, जिक्तेन तामछ्यो*ओी, सनदपत्र, इस्तिहार, अभिलेखहरू उपलब्ध गराउनु हुने नुवाकोट जिल्ला बुङताङ गाउँका कोङ्यार लामा, पेम्बर तामाङ, रसुवा गोल्जोङ पाल गोन्पाका लालुङबा लामा, धादिङ तिप्लीङका गोम्बो घले लामा, मकावानपुर फाखेल गाविस चखेलका लामा ललित गोले, हाल स्वयम्भू बस्नु हुने काभ्रेका लामा कर्मसिद्ध दोङ, सिन्धुपाल्चोक गुम्थाङका गोन्पाका कोङ्यार लामा धन लामा, सिन्धुपालचोकका नतले घ्याङ गोन्पाका ईश्वरीलाल तामाङ, दोलखा सोक्लाका भाइ अर्जुन पाखिन, गोरख

चुमका लामा गुरु सेरब लामा तथा भाषा अनुवाद् पाण्डुलिपिहरूको सूचना आदि दिनु हुने आचार्य खेन्पो लामा नाम्ग्याला तामाङ, कर्माल्हेग्सेलीङ, स्वयम्भूलाई पनि विशेष धन्यवाद ज्ञापन गर्दछु ।

आदरणीय लामा धर्मराज दोङ, आफ्नै पसलका आदरणीय सान्दाई जसले टङ्कन कम्प्युटर प्रिन्टिङ तथा पाण्डुलिपिहरूको अत्यन्त होसियारीपूर्वक पेजहरू मिलाएर फोटोकपी गर्न सघाउनु भएको छ । त्यसैगरी फोटो खिच्न तथा ध्वनि रेकर्डिङमा स्थलगत सहयोग गर्नु हुने मित्र सिजर तामाङ, अनुसन्धान सहायक भाषाशास्त्री राजेन्द्र थोकर, धन बहादुर तामाङलाई पनि यो कार्य सम्पन्न नहुन्जेलसम्म सघाउनु भएकोमा सहृदय धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

तामाङ आदिवासी *युल्बा*को समग्र क्षेत्र समेटिएको यो अध्ययन गर्न यो सुअवसर प्रदान गर्न भएकोमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा उपाध्यक्ष, जितपाल किरात, सदस्य-सचिव लोक बहादुर थापा मगर एवम् प्रतिष्ठानका अनुसन्धान शाखा अनुसन्धान प्रमुख सुवर्ण चौधरी, सरीना गुरुङ जसले अनुसन्धान अवधिभरि झक्झकाउनुभयो साथै आजउरा प्रतिष्ठान, प्राज्ञिक तथा अनुसन्धान महाशाखा प्रमुख तथा प्रबन्ध/कार्यकारी सम्पादक डा. लाल-श्याँकारेलु रापचा र लेखा शाखा लगायत यस पवित्र कार्यमा सघाउनु हुने, खटिनु हुने सम्पूर्ण कर्मचारीहरूप्रति पनि धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

आफ्नो अनुभव आदिवासी जनजातीय भाषिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, ऐतिहासिकलगायत सबै पक्षको महत्त्वका बारेमा सोधमा पार्नुपर्ने विषयहरू र सैद्धान्तिक विषयवस्तुहरूको बारेमा आफ्नो अमूल्य समय र बौद्धिक ज्ञान प्रदान गरी दिनु हुने यो अनुसन्धान कार्यको सुपरिवेक्षक वरिष्ठ समाजशास्त्री डा. कृष्ण भट्टचनलाई श्रद्धा एवम् हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

नाम्सामा पुग्दा घरमा खान तथा बस्नका निम्ति सम्पूर्ण चाँजोपाँजो मिलाई दिने लापाका दिनेश लामा, चखेलका ललित गोले, गुम्थाङका धन लामा, रसुवाका लुङबा लामालाई नब्र्सि मायासहित अझ विशेष यो थप धन्यवाद ज्ञापन गर्दछु । तामाङ आदिवासी जनजाति समुदायका बारेमा बेला बेलामा स्रोत-सामग्री तथा राय दिनु हुने आदरणीय डा. मुक्तसिंह तामाङ, लामा ग्हेदुङका पूर्व-अध्यक्ष दुन्दुप लामा रामेछाप, तथा नेपाल तामाङ ग्हेदुङका निवर्तमान अध्यक्ष धनप्रसाद तामाङ, अध्यक्ष कुमार योन्जन, महासचिव कुमार ब्लोन, सचिव प्रतिक डेसुर, निवर्तमान कोषाध्यक्ष उदय ग्हीसीङ लगायत सबै पदाधिकारीहरू यो अनुसन्धानका कार्यको लागि विशेष आभार एवम् धन्यवादको पात्र रहनु भएको छ ।

तामाङ आदिवासी जनजाति जातिको यस अध्ययनको सिलसिलामा मेरा सहयात्री भाषाशास्त्री राजेन्द्र थोकर जसले तामाङ विषयमा अध्ययन भएका शोधहरूका बारेमा शोध गरी सहयोग गर्नुभयो, त्यो महत्त्वपूर्ण कार्यप्रति म पुनः उहाँलाई आभार व्यक्त गर्न चाहन्छु ।

तामाङ जातिको यो अध्ययन कम्प्युटर लिपि तयारी तथा प्रस्तुतिमा ढिलाइ हुन गएकोमा म अत्यन्त गहिरो क्षमा याचना गर्दछु ।

अध्ययनको तथ्याङ्क विश्लेषण तथा सङ्कलन गरी ल्याएका ध्वनिक रुपबाट कम्प्युटरमा टङ्कन लेख्य रुपमा परिवर्तन गरी मौखिक दस्तावेजलाई लिखतमा उतार्न जस्तो कठिन कार्य गरी कम्प्युटर लिपिलाई व्यवस्थित पार्न हरतरहले सहयोगीको भूमिका निर्वाह गर्ने मेरी सहयात्री आशा दोङलाई पनि धेरै धन्यवाद छ ।

अजितमान तामाङ
ललितपुर,
२०१२

For Library Purpose

For Library Purpose

विषयसूची

क्रम		पाना
नेपाल तामाङ घेदुङको कृतज्ञता		**ङ**
जातिशास्त्रीय चिनारी शृङ्खला-१६ को बारेमा		**छ**
आफ्नो भन्नु		**झ**
लेखकको संक्षिप्त परिचय		**भित्री पृष्ठभित्ता**
१. परिचय		१
१.१	विषय प्रवेश	१
१.२	नेपालको पुरानो आदिवासी जनजाति : तामाङ	२
१.३	तामाङ नाम	४
१.४	जनसङ्ख्या	६
१.५	तामाङ जातिको उद्गम	७
२. तामाङ *केह्राप ठुडह्राप* 'इतिहास'		**५**
२.१	तामाङ *ठुडह्राप केह्रापला मु* 'इतिहासको स्रोत'	१०
२.३	*ठुडसा, बाब्सा थेन केसा* 'उद्गम इतिहास'	१८
२.४	उद्गमस्थलहरू	२०
२.५	महत्वपूर्ण तामाङ पुर्खाहरूको	२३
२.६	तामाङ स्थान नाम	२४
३. तामाङला सा 'तामाङ भूगोल'		**२७**
३.१	*जाम्बुलीङ थेन तामाङला सा* 'विश्व र तामाङ भूगोल'	२९
३.२	*लीङछ्या, युल छ्या* 'द्वीप र राष्ट्रहरूको स्थापना'	३०
३.३	*खीम्सा, नाम्सा, युल, युल्सा, ग्याल्सा थेन कीपट सा*	३१
३.४	तामाङ *च्युङनीला सा* '१२ तामाङको भूगोल'	३४
३.५	तामाङ *च्युङनीला सा बोद ग्लाखोर* (*बोद्* सङ्घात्मक भूगोल)	३६
३.६	पौराणिक तथा धार्मिक थलोहरू	४६
३.७	परम्परागत भूस्वामित्व	४७
३.८	भूमिहरण र विस्थापन, बसाइँ सरेर बसोबास भएको ठाउँहरू	४८

For Library Purpose

४. तामाङ *खीछोकली छोक्पा बेन ब्रेल्बु* 'सामाजिक संरचनाहरू र सम्बन्ध' ४५
४.१ तामाङ *स्हीमखाङ मुबा ग्ला* 'बासस्थान' ४९
४.२. दुरसा ५०
४.३ *बु/क्हारी/म्राङ* ५०
४.४ *थेत्मा/थेमे* (परिवार) नाता कुटुम्ब ५१
४.५ *थुर्बा-थुअीबा डेनकी ब्रेल्बा* 'कूल कुटुम्बको नाता सम्बन्ध' ५६
४.६. *थेमे/थेत्मा छ्योक्पा* 'सङ्गठन' ५८
४.७ नाता सम्बन्धलाई क्रियाशील बनाउने ५८
४.८ नाता सम्बन्धको महत्व ५९

५. तामाङ *छ्योजी रीमठीम* 'धार्मिक परम्परा' ६१
५.१ *छ्योजी* 'धर्म' ६१
५.२ तामाङ *ग्रेन छ्योईतेन थेन प्रिबा* 'प्रमुख धार्मिक चाड तथा चाडहरू' ७७
५.३ आदिवासी धर्म र लैङ्गिक सम्बन्ध ८३
५.४ धार्मिक परिवर्तनहरू, गैर परम्परागत धर्महरूको प्रभाव ८३
५.५ गैर परम्परागत धर्महरूको प्रवेश ८५
५.६ परम्परागत धर्म मान्ने चलनमा आएका परिवर्तनहरू ८५
५.७ सांस्कृतिक/धार्मिक पुनर्जागरणको अवस्था ८५

६. तामाङ रीमठीम 'संस्कार रीतिरिवाज' ८७
६.१ *कोलाकेबा वा कोला न्हाबा* 'जन्म' ८८
६.२ *कान/केन ख्वाबा* (भात खुवाई) *पेरीम्बा* ९३
६.३ *टाप्चे/छेवार पेरीम्बा/पेठीम* ९४
६.४ रजस्वला कर्म संस्कार ९७
६.५ टाटु खोप्ने र नाक छेड्ने ९७
६.६ *स्यामा हाङरे पीन्बा* 'गुन्यु चोलो दिने' ९७
६.७ *जोम्पाकी/ब्रेल्बा पेठीम* 'विवाह' ९८
६.८ *सीवाङ मावाङ पेरीठीम* 'मृत्यु संस्कार' १०९

७. *न्होरखोर* 'आर्थिक प्रणाली' ११५
७.१ परम्परागत जीवन उपार्जन पद्दति ११५
७.२ परम्परागत अतिरिक्त आयआर्जन ११७
७.३ तामाङ समुदायमा भूस्वामित्व १२०
७.४ तामाङ समाजमा श्रम विभाजन १२२
७.५ तामाङ अर्थतन्त्रमा महिलाको भूमिका १२२
७.६ विकास आयोजनाहरूले पारेको प्रभाव १२३

८. भौतिक संस्कृति १२५
८.१ *तामाङकी दीम/खीम/खाङपा/स्हीमखाङ स्हेङबा* 'घरको संरचना' १२५
८.२ *कान* 'खाद्यान्न' १२९

for Library Purpose

८.३ तामाङ *गोअीला डोसेबा* 'तामाङ भेषभूषाको परिचय' १२९
८.४ तामाङ *ग्येन्छ्या* 'तामाङ गहना' १५०

९. तामाङ *ग्लेठीम/ग्याल्ठीम* 'राजनीतिक प्रणाली र इतिहास' १५९
९.१ *ग्लेठीम*को इतिहास १५९
९.२. प्राचीन कालपछिको तामाङ राजनीतिक इतिहास १६२
९.३ तामाङ *ग्ले* तथा *ग्याल्साह*रू १६२
९.४ परम्परागत न्यायप्रणाली र दण्ड व्यवस्था १६२

१०. तामाङ *युल्बाला व्हाअी* 'लोक गीत, सङ्गीत' १६५
१०.१ संस्था र सन्चालक १६५
१०.२ परम्परागत लोक गीत १६५
१०.३ उपदेशकारी लोककला १६७
१०.४ तामाङ लोक बाजा १६८

११. तामाङ *ग्योत/ग्योअी बेन यीम* 'भाषा र लिपि' १६९
११.१ तामाङ भाषाको नाम १७४
११.२ तामाङ भाषाको भूगोल १७४
११.३ तामाङ भाषाको लेख्य परम्परा र *तामयीग* लिपिको छनोट १७५

१२. तामाङ *ग्योतकाअी* 'तामाङ भाषाको साहित्य' १७९
१२.१ *ओन्माला* तामाङ *ग्योतकाअी* 'प्राचीन साहित्य' १८१
१२.२ तामाङ *युल्बाला ग्योतकाअी* 'लोक साहित्य' १८३
१२.३ तामाङ गीत १८६
१२.४ तामाङ साहित्यको उत्थान तथा सङ्गठ १८६

१३. *छोर्बा सोर्बा ग्लाखोररी तामाङ ग्योत* 'सूचना, सन्चार तथा सरकारी निकायमा तामाङ भाषा' १८७
१३.१ सरकारी निकायमा तामाङ भाषा १८८

१४. तामाङ भाषामा शिक्षा १९५
१४.१ *गुम्बा लोप्डा/लोप्खाङ* 'गोन्पा शिक्षा' १९५
१४.२ औपचारिक आधुनिक शिक्षा १९५
१४.३ अनौपचारिक शिक्षा १९६
१४.४ स्कूलमा मातृभाषाको शिक्षकको व्यवस्था १९६
१४.५ तामाङ भाषामा पाठ्क्रम पाठ्यपुस्तकको निर्माण १९६

सन्दर्भग्रन्थ सुची १९९

For Library Purpose

For Library Purpose

१. परिचय

१.१ विषय प्रवेश

नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक मुलुक हो । यहाँ धेरै राष्ट्र र भाषाभाषी तथा आदिवासी जनसमुदाय रहेको पाइन्छ । त्यसकारण नेपाल बहुराष्ट्रिय मुलुक हो । यो एउटा मात्र जात, जाति, भाषा, संस्कृतिको देश होइन । आदिवासी जनजाति समुदायको मौलिक कला, संस्कृति तथा ज्ञान नै पृथ्वीमा रहेको सबै प्राणीहरूको जीवन चक्रलाई निरन्तरता दिन र रक्षा गर्न ज्ञानको रुपमा बुझ्न थालेपछि संसारभर आदिवासी जनजातिहरूको संरक्षण तथा संवर्द्धन गरिनु पर्छ भनेर एउटा आन्दोलनको रुपमा उठेकाले नेपालमा पनि तामाङ लगायत ५९ आदिवासी जनजाति समुदायहरूको सरकारले पहिचान गरी सूचीकृत गरिसकेको छ । यसमा छुटेका थप आदिवासी जनजातिहरू सूचीकृत हुने प्रक्रियामा रहेका छन् । यसै गरी संसारभरिका आदिवासीहरूको भाषा, संस्कृति, उनीहरूको मौलिक ज्ञान कला, संस्कृति आदिको संरक्षण प्रदान गर्न संयुक्त राष्ट्र सङ्घको मुख्यालयमा समेत आदिवासी उच्चायुक्त आदिवासी फोरम स्थापना भएको छ । किनभने संसारमा भएको चरम भौतिक विकासले सृजना गरेको कृतिम यान्त्रिक तथा रासायनिक प्रयोगबाट संसारमा भएको जैविक, सांस्कृतिक विविधताको लोपसँगै पृथ्वीबाट मानवलगायत जीवहरूको अन्त हुन सक्ने वन जङ्गल, वातावरणीय परिवर्तनका प्रभावहरू देखा परेकाले त्यसको रक्षा केवल स्थानीय परम्परागत र पछौटे भनिएका आदिवासीहरूले अपनाइ आएका प्रविधि ज्ञान, सीप र कला संस्कृतिले मात्र पृथ्वीमा रहेको जल, जमिन, वनजङ्गल, वनस्पति, खाद्यान्न वस्तुहरू आजभोलि मानवलगायत जीवहरूको स्वास्थ्यका दृष्टिले राम्रो मानिएका छन्

For Library Purpose

अर्थात् जैविक विधिबाट उत्पादन गरिएको भनिएका कसैलाई हानी नोक्सान नपुऱ्याउने यस्तो प्रविधियुक्त सांस्कृतिक, सामाजिक, धार्मिक प्रणालीको रुपमा उत्पादनसँग सम्बन्धित ज्ञानहरू नै आदिवासी जातिको मौलिक ज्ञानहरू हुन् । तामाङ आदिवासीको भाषा, धर्म संस्कृति तथा विभिन्न सीप, कलाकौशल आदिले तामाङ समुदायको पहिचान तथा नेपालकै मौलिक नेपाली संस्कृतिको पहिचान प्रदान गरिरहेको छ ।

१.२ नेपालको पुरानो आदिवासी जनजाति : तामाङ

नेपालमा तामाङ, नेवार, मगर, थारु, राई, किराँती-कोँइच (सुनुवार) लिम्बू लगायतको जाति वा राष्ट्रहरूको मौलिक प्राचीन सङ्घीय राज्यहरू थिए । जहाँ उनीहरूको आदिम कालदेखि छुट्टै बसोबास रहेको निश्चित भूगोल क्षेत्र छ, जहाँ उनीहरूको एउटा साझा भाषा छ अनि मौलिक पहिचान युक्त रीतिरिवाज, नियमन, संस्कारहरू तथा आर्थिक उपार्जन प्रणाली प्राकृतिक स्रोत र साधनहरूको मौलिक व्यवस्थापन, उत्पादनका विधिहरू सीप, कला कौसल छन् जसलाई आदिवासी ज्ञानको रुपमा आज पनि चिनिन्छ । त्यो थियो र छ । तसर्थ, यो कविलाई र गोत्रपछिको विकसित मानव-समाज अर्थात् राष्ट्र वा जाति हो । त्यसकारण नेपालको सन्दर्भमा विशेषतः तामाङ, गुरुङ, मगर, थारु, लिम्बू तथा खम्बु (बहुभाषी किराँती-कोइँच सहित) आदि मात्र कविलाइ र गोत्रबाट विकास हुँदै राष्ट्र (nation) अर्थात् जातिको अवस्थामा पुगेको तर पुँजीवादी समाजसम्म नपुगेको सङ्गठित समाजको रुप राष्ट्र अर्थात् जाति हो । उनीहरूको आफ्नो पुख्यौंली भूमि, साझा भाषा, संस्कृति र आफ्नै आर्थिक व्यवस्थापन प्रणाली तथा विधि, प्राकृतिक स्रोत साधनको परिचालन उत्पादनका विधिहरू छन् ।

यी राष्ट्रहरू नेपालको भूगोलभित्र भर्खर मात्र बनेको काल्पनिक रूपमा रचिएका होइनन् । नेपालको यी राष्ट्र अर्थात् जातिहरूको ऐतिहासिक राजनीतिक प्रणालीको खोजी गरी हेर्ने हो भने खसहरूको खसान, मगरहरूको बाह्र मगरात, अट्ठार मगरात, तमुवानको बाह्र गाउँले, ताम्सालीङको बाह्र गोर्स्याङ, बाह्र लच्याङ र बाह्र तेमालका बाह्र तामाङ, खम्बुवान तथा लिम्बुवानका दस लिम्बुवान अनि तराईका थरुहटका सौराठ अर्थात् सभाहरू (Council) प्राचीन गणतान्त्रिक गणराज्यका स्वरुपहरू हुन् । यी गणराज्यको पुष्टि ईसा पूर्व तेस्रो शताब्दीका प्रथम मौर्यशासन कालका कौटिल्यको अर्थशास्त्रको वृत्तान्तले नै

गर्छ। मौर्यसम्राट चन्द्र गुप्त (ई.पू.२३१-२९७) का मन्त्री कौटिल्यले बनाएको अर्थशास्त्रको अधिकरण (२ अध्याय (११, सुत्र (१०५(६ नेपालका बाह्र गाउँबाट निर्यात हुने विभिन्न उनका राडी तथा 'भिङ्गसी' घुमराडी तथा मृग लगायत बाह्र गाउँबाट आउने विभिन्न छालाका वस्तुहरूको चर्चा गरिएको भेटिन्छ। यहाँ चर्चा गरिएको बाह्र गाउँ प्राचीन सङ्घीय प्रणालीको स्वरुप हो। नेपालको मुस्ताङमा आज पनि यो परम्पराको रुपमा रहेको छ। तामाङहरूको वंशावलीमा बाह्र तामाङको चर्चा तथा उल्लेख गरिएको पाइन्छ। यहाँ बाह्रले विभिन्न बाह्र गण वा जनपद वा गाउँहरूको जन प्रतिनिधिमूलक संस्था 'बाह्र तामाङ' अर्थात् बाह्र वटा गाउँको जनप्रतिनिधिहरूको सभालाई बुझाउँछ। ताम्सालीङमा तामाङहरूको यस्तो सभा या परिषद् वा सङ्घीय स्वरुप बाह्र तीमाल, बाह्र लच्याङ, र बाह्र गोर्स्याङ गरी तीन वटा भएको तथ्य हर्षवर्द्धन र अंशुवर्मा कालमा रचित तामाङ वंशावली तथा मौखिक इतिहासमा पाइन्छ। त्यसकारण तामाङ एउटा जातिगत गोत्र होइन गणराज्यको शासकीय स्वरुपयुक्त एउटा जाति वा राष्ट्र नै हो।

नेपालका धेरै भाषा र राष्ट्रमध्ये एउटा मौलिक र छुट्टै साझा भूगोल (ताम्सालीङ), तामाङ साझा भाषा, साझा संस्कृति भएको राष्ट्र (जाति/Nation) तामाङ हो। तसर्थ, नेपालमा छुट्टै तामाङ नेपाली भाषा, तामाङ नेपाली भेषभूषा, तामाङ नेपाली संस्कृति र आफ्नै मौलिक आदिभूमि ताम्सालीङमा सघन बसोबास रहेको एउटा आदिवासी/जनजाति तामाङ हो। तामाङ आफैमा विभिन्न *डाहुओं*हरूको साझा एउटा सङ्घ (संयुक्त राष्ट्र) तामाङ जाति हो। यसको प्रत्येक जस्तो वंशहरू वा गोत्र वा थरहरूको तामाङ वंशावलीअनुसार अलग राष्ट्र वा सङ्घ रहेको पाइन्छ। वंशावली अनुसार *"स्याङ स्युङ युलरी स्याङबो बाब, मुगु ग्याल्सारी मोक्तान बाब, पुराङ च्यातरी पाखिन बाब, डुमा ग्याल्सारी डुमजन बाब"* आदिलाई केलाएर हेर्ने हो भने स्याङस्युङ, मुगु, पुराङ, डुमा आदि *ग्याल्सा* (राष्ट्र) तामाङ जातिको *बाप्सा* प्राचीन मूल थलो हो भनेर व्याख्या गरिएको पाइन्छ। त्यसैले तामाङ राष्ट्र 'जाति' एउटा मात्र गोत्र वा थर नभएर धेरै वंश, सङ्घ, राज्यहरूको सग्लो रुप तामाङ जाति (राष्ट्र/nation) हो भन्ने कुरा तामाङ वंशावलीले नै प्रस्ट पारेको छ।

तामाङ भाषाको काठमाडौं उपत्यकालाई बुझाउने शब्द याम्बु र यसभित्रका *याम्बुब्रुम, याम्बुक्रोमा, पाराचो, गु (चागु), साओबुं, खुसीबु*, भक्तपुरलाई

For Library Purpose

खोपृङ/खोप्रिङ्ग, पाटनलाई येलुङ/येराङ/हेराङ हेरुङ आदि शब्दको प्रयोग ईशाको दोस्रो शताब्दीदेखि ई. १०३९-१७ औं शताब्दीसम्म पनि काठमाडौंभित्रका शिलालेख तथा अभिलेखहरूमा प्रशस्तै उल्लेख भएको भेटिनुले पनि तामाङ भाषा (किराँती भाषको पनि) र तामाङ जाति नेपालको एउटा ऐतिहासिक र पुरानो भाषा हो भन्ने कुरालाई पुष्टी गर्दछ । त्यस्तै बाह्रौं शताब्दीको मुस्ताङका राजा बुमदेगोन (सं. १२५३-१२८०) को किल्ला अभिलेखमा उल्लेख भएका तामाङ शब्दको प्रयोग आदिले तामाङ जाति नेपालको एक पुरानो आदिवासी/जनजाति हो भन्ने प्रशस्त आधारहरू भेटिन्छन् ।

तसर्थ तामाङ जातिको उद्गम पहिले हालको तिब्बतको दक्षिण पश्चिम स्याङस्युङ, पुराङ नेपालको मुगु, मुस्ताङ क्षेत्रबाट भएको देखिन्छ । अहिले नेपालको मध्य भागमा तामाङ जातिको जनघनत्व बाक्लो रहेको छ । तामाङ जाति नेपालको हिमालय ठन्डी प्रदेशदेखि मध्य पहाड र भित्री मधेश तथा तराईसम्मको भूगोलमा बाक्लै उपस्थिति पाइन्छ ।

१.३. तामाङ नाम

तामाङ जातिको पहिचान तामाङ भाषा र जातिलाई बुझाउने नाम "तामाङ" कहिलेबाट प्रयोगमा आए भन्ने लिखित तथ्यहरू पर्याप्त नभए पनि तामाङहरू आफैले आफ्नो जातिलाई "तामाङ" भन्नुमा नै गर्व गर्दछन् । आजको तामाङ जातिलाई अरु समुदाय तथा अन्वेषक, अध्ययन अनुसन्धानकर्ता, लेखकहरूले मुर्मी, इसाङ, (ह्यामिल्टन १८०२, ग्रियर्स १८७३ तिर), सेन (डेभिड ज्याक्सन १८८९), ग्युबा, कागते आदि नामले उल्लेख गरेको भए तापनि तामाङहरूले आफूभित्र आफैलाई चिनाउँदा तामाङ भनेर चिनाउने र तामाङमा नै गर्व गर्दछन् भन्ने कुरा तामाङ *च्युङनीला ठीम थेन तामछ्योअी* आज पनि तामाङ जातिको संस्कार, संस्कृति र न्याय प्रणालीको रुपमा रही रहेको कुराले पुष्टि गर्दछ । यसैगरी सम्वत् १८८९ भाद्र ६ को इस्तिहार अनुसार तत्कालीन सरदार बहादुर जङ्गवीर तामाङ अगुवा भई श्री ३ सरकारमा हामी बाह्र तामाङको जातिलाई 'लामा' 'भोटे' भनेर बोलाउँदा अरु-अरु जातका पनि 'भोटे' जाति भएकाले नछुट्टिने भएकाले हामी बाह्र तामाङ जातिलाई लामा भोटे नभनी तामाङ जाति भनिए, अड्डा निजामती जङ्गी आदिमा तामाङ नै भने हुँदो हो भन्ने जाहेर गरेको कुरा मनासिब ठहरिएकाले अव उप्रान्त बाह्र तामाङका भोटे जातिलाई बोलाउँदा लामा भोटे नभनी "तामाङ" भन्नू, लेख्नू

For Library Purpose

लेखाउनू भन्ने इस्तिहार जारी भएको थियो। यसले पनि पहिलेदेखि नै तामाङहरूले आफूलाई "तामाङ" नै भनेर चिनाउँथे भन्ने कुराको स्पष्ट सङ्केत गरेको छ। ऐतिहासिक रुपमा मुस्ताङ राजा बुमदेगोन (सं. १२५३-८०) को किल्ला अभिलेखमा उल्लिखित तामाङ शब्दले पनि पहिलेदेखि नै तामाङ जातिवाचक संज्ञाको रुपमा प्रयोग भएको अनुमान लगाउन सकिन्छ।

"तामाङ" शब्दको निर्माण कसरी भयो भन्ने सवालमा पनि विभिन्न मतहरू पाइन्छन्। कोहीले तामाङहरू तिब्बती घोडा चढी सैन्य बुझाउने शब्द 'तामाग' बाट 'तामाङ' भएका हुन् भने पनि यो तर्कको तामाङहरूको पहिलो लेखक सन्तवीर पाखिनले ई. १९५६ ताका नै होइन भन्ने खण्डन प्रकाशमा ल्याउनुभएको थियो।

"तामाङ" शब्दको निर्माण तामाङ जातिको भाषा, संस्कृति र मानव वंशको सम्बन्धसम्म सामीप्यमा रहेको चिनियाँ भाषाबाट बनेको अनुमान लगाउँदा बढी सार्थक देखिन्छ। यहाँ तामाङ शब्दको बनोटलाई हेरेमा धेरै जनसङ्ख्या भएको समुदाय भन्ने हुन्छ। नेपालमा तामाङ जातिको अहिलेको उपस्थिति र जनसङ्ख्याले यो कुराको नजिक पुऱ्याएको छ। चिनियाँ भाषामा *ता* को अर्थ 'महान्, विशाल, ठूलो' अर्थात् Great भन्ने हुन्छ र *माङ* को अर्थ 'धेरै परिमाण, धेरै', सर्वसाधारण, साझा' जनता' भन्ने हुन्छ। यस अर्थले अर्थिएको जस्तै नै तामाङ जातिको नेपालमा हिमाली तथा पहाडी जातिको जनसङ्ख्या हेर्दा सबैभन्दा धेरै र त्यसपछिका जनसङ्ख्या पनि ऊसँग कुनै न कुनै रुपमा निकटता राख्ने समुदायहरू नै छ। यस कुरालाई पुस्ट्याउने अरु पनि आधारहरू भाषाको वंश तथा परिवार, ल्होछार संस्कृति, मंगोलाइड पेकिङ मानव सभ्यताको विकास आदि भेटिन्छ।

तामाङ समाजमा तामाङ *च्युङनी* (१२ तामाङ, १२ गाउँको एउटा सङ्घीय गणराज्य) को *रीमठीम* भन्ने कुरा तामाङ जीवन पद्धतिका प्रत्येक संस्कार संस्कृतिसँग अनिवार्य रूपमा तामाङ *च्युङनीला रीमठीम* भनेर उल्लेख भएको पाइन्छ। त्यसैले यो १२ तामाङ भन्नाले प्राचीन राज्यको स्वरुप हो भन्ने कुरा कौटिल्यको अर्थशास्त्रमा उल्लिखित १२ गाउँका वृत्तान्तले नै पुष्टि गर्दछ। जो आजको नेपालमा तामाङ जातिसँग मात्र सीमित नभएर नेपालमा अरु आदिवासी जनजातिका क्षेत्रहरू जस्तै मगर क्षेत्रका १२ मगरात तथा मुस्ताङका थकाली क्षेत्रहरूमा आज पनि प्रचलनमा रहेको १२ गाउँ, १३ गाउँ, ३ गाउँ,

उपत्यकाका नेवारहरूमा रहेको **भी:न्हीम्ह थकुर जुजु**, लिम्बुवानमा भएको १० लिम्बुवान र थारु आदिवासीको प्राचीन *सौराठ* (सभा) आदि स्वायत्त सङ्घीय गणराज्य व्यवस्था हो भन्न हिचकिचाइ रहनु पर्ने स्थिति छैन। तसर्थ, १२ तामाङको *रीमठीम*को कुरा तामाङ सामाजिक, आर्थिक, राजनीतिकलगायत समग्र न्यायप्रणाली जोडिएर आएको हुनाले कौटिल्य कालमा पनि १२ गाउँमा आधारित १२ तामाङ सङ्घीय प्रणाली भएको पुष्टि हुन्छ। यसले "तामाङ" शब्द त्यस बेला नै प्रयोग भइसकेको सङ्केत गर्दछ।

१.४. जनसङ्ख्या

तामाङ जातिको जनसङ्ख्याका दृष्टिले नेपालको पाँचौं ठूलो समुदाय हो। ई. २००१ को जनगणनाले तामाङ जातिको जनसङ्ख्या कूल १२,८२,३०४ देखाएको छ। यो नेपालको जनसङ्ख्याको ५.६४% हो। तामाङ जातिको जनसङ्ख्या नेपाल अधिराज्य भरको ७५ वटै जिल्लामा छरिएर रहेको पाएको छ। सबैभन्दा कम सङ्ख्या जाजरकोट र अर्घाखाँचीमा १५-१५ जना र रुकुम जिल्लामा १८ जना रहेको छ भने सबैभन्दा बढी मकवानपुर जिल्लामा १८५,८७४, काभ्रेपलान्चोकमा १३०,२६१ र नुवाकोट जिल्लामा १११,११२ जनसङ्ख्या रहेको छ।

अन्य राष्ट्रमा तामाङ जातिको जनसङ्ख्या

आज तामाङ जातिको जनसङ्ख्या नेपालमा भन्दा बाहिर धेरै रहेको तथ्यहरू सार्वजनिक भएका छन्। भारतको सिक्किम, पश्चिम बङ्गाल तथा पूर्वोत्तर राज्यहरूमा त्यहाँ कृयाशील अखिल भारतीय तामाङ बौद्ध सङ्घका अनुसार

तालिका नं. १

नेपालको जनगणना वर्ष	नेपालको जनसङ्ख्याको कूल तामाङ जनसङ्ख्या	कूल तामाङ भाषी जनसङ्ख्या	तामाङ भाषा नबोल्ने तामाङ जनसङ्ख्या	तामाङ भाषी %	तामाङ भाषा बोल्नेको %
१९९१	१,०१८,२५२	९०४,४५६	११३,७९६	४.९१	८८.८
२००१	१,२८२,३०४	१,१४५,१७९	१३७,१२५	५.२२	९२

पुर्वोत्तरका राज्यहरूमा मात्र १५ लाख भन्दा बढि तामाङ जनसङ्ख्या रहेको बताएका छन्। पछिल्लो समय आसमका तामाङहरूले आफैले गरेको जनगणनामा असममा मात्र ६ लाख भन्दा बढी तामाङ जनसङ्ख्या रहेको

कुरा भारतका पूर्वोत्तर राज्यका अध्यक्ष दिलाराम योन्जन असमले जानकारी दिएका छन् । भारतको सिक्किम पछिल्लो समयमा सरकारले जानकारीमा ल्याएको तथ्याङ्कमा ५० हजारको हाराहारीमा तामाङ जनसङ्ख्या रहेको छ । दार्जीलिङका मिरिक, कालेबुङलगायत क्षेत्रहरूमा पनि तामाङ जनसङ्ख्या बाक्लै रहे पनि हाल कति सङ्ख्यामा रहेका छन् भन्ने तथ्य सार्वजनिक भएको छैन । भारत बाहेक भुटान, बर्मा र थाईल्याण्डमा पनि सय वर्षभन्दा अगाडि तामाङहरू त्यहाँ पुगेका जानकारी प्रकाशमा आएको छ । तथ्याङ्क यकिनका साथ आएको छैन । तर भुटान र बर्मा भने हजारौंको सङ्ख्यामा तामाङको बसोबास रहेको छ । हाल अमेरिका, बेलायत, अस्ट्रेलिया, बेल्जियमलगायत राष्ट्रहरूसमेत तामाङहरू सानो सङ्ख्यामा भए पनि स्थायी बसोबास गर्दछन् ।

१.५ तामाङ जातिको उद्गम

नेपालको आदिवासी जनजातिहरूमध्ये जनसङ्ख्याको दृष्टिले तामाङ आदिवासी जनजाति पाँचौं ठूलो समुदाय हो भने भाषिक वक्ता सङ्ख्याका आधारमा चौथो भाषिक समुदाय हो । तामाङ आदिवासीको मुख्य पहिचानको आधार भनेकै तामाङ भाषा, मौलिक तामाङ भेषभूषा, मौलिक तामाङ संस्कृति हुन् । त्यसैगरी तामाङ जातिको गौरव मौलिक भूमि जहाँ तामाङहरूको जनघनत्व अज्ञात् कालदेखि आजसम्म निरन्तर बसोबास गरि आएको ताम्सालीङ हो भने आदिवासी तामाङ समुदायको प्राचीन उद्गम स्थान तथा आदिम भूमिको बारेमा खोजतलास गर्दा तामाङ वंशावली अनुसार *"स्याङस्युङ युलरी स्याङबो बाब, मुगु ग्याल्सारी मोक्तान बाब, पुराङ च्यातरी पाखिन बाब, डुमा ग्याल्सारी डुमजन बाब"* भनेर वर्ण गरेको पाइन्छ । यी तथ्यहरूलाई विश्लेषण गरी हेर्ने हो भने तामाङ आदिवासी जनजाति हालको चीनको तिब्बतको स्याङस्युङ र पुराङ हुँदै नेपालकै मुगु मुस्ताङ, डुमा आदि *ग्याल्सा* 'सङ्घ राज्य' लाई प्राचीन *बाब्सा* 'उद्गम स्थान' मानिएको पाइन्छ । यस तथ्यले तामाङ आदिवासी नेपालको र चीनको तिब्बतको हालको सीमा कायम नभएको समयदेखि आजसम्म यही हिमालय तथा उच्च पहाडी क्षेत्रमा बसोबास गर्दै आइरहेको देखिन्छ ।

यसप्रकार नेपालको सबैभन्दा पुरानो आदिवासी जनजातिहरूमा तामाङ आदिवासी पनि एक हो भन्ने कुरा आज हामी सबै सामु छर्लङ्ग छ । नेपालमा नेपालको वास्तविक भूमिपुत्र आदिवासी तामाङ जनजातिको समग्र पहिचान

भन्नु पनि नेपालको तामाङ नेपाली पहिचान बनेको छ। तामाङ जातिले अनन्त कालदेखि उर्बर बनाउँदै ओगटी राखेको भूगोल जो आज पर्यन्त ताम्सालीङको रुपमा रही रहेको छ। तामाङ जातिको *स्यामा, सुर्काअी, लुकुनील*गायतको भेषभूषा नेपालको छुट्टै मौलिक कपडा तथा त्यसको बुनाई सीप मौलिक नेपाली लुगाको रुपमा रहेको छ। अनि तामाङ आदिवासीको औद्योगिक कला हातबाट बनमा पाउने बोटको बोक्रोबाट कागज बनाउने सीपले आज पनि अन्तर्राष्ट्रिय बजारमा छुट्टै नेपाली पहिचान दिन सफल भएको छ। तामाङ आदिवासीको अर्को कला *थाङ्का छ्रीबाले* आज विश्व बजारमा थाङका व्यवसाय भनेर स्थान ओगट्न सफल छ। त्यसैगरी यहाँका थुप्रै नेपाल उत्पत्ति भाषाहरूमध्ये चौथो ठूलो भाषा तामाङ आदिवासीको भाषा भएकाले नेपालको एउटा नेपाली भाषा तामाङ भाषा पनि हो। तर राज्य सत्ताले निरन्तर तामाङ आदिवासीलगायत नेपालका सबै आदिवासी जनजातिहरूलाई राज्यको हरेक अवसरबाट वञ्चित गराएर राखेको हुनाले आज नेपालको आदिवासी भूमि पुत्रहरूको भाषा, धर्मसंस्कृति, भेषभूषा, सीप कला कौशलहरूले नेपाल राष्ट्रको नेपाली राष्ट्रियताको पहिचानबाट राज्यबाटै वञ्चित गराएका छन्। अनि एउटा खसभाषा, संस्कृति, धर्ममात्र नेपालको नेपाली अनि हामी तामाङ आदिवासीको भाषा, साहित्य, संस्कृति आदिलाई पनि नेपालकै नेपाली भाषा हो। नेपाली संस्कृति हो भनेर भित्रबाट आत्मसात् गर्न सकेको छैन। तापनि तामाङ आदिवासी नेपालको पुरानो बासिन्दा हो भन्ने नेपाली पहिचान बनेर आजसम्म नेपालमा जीवन्त रहेका छन्।

❑❑

For Library Purpose

२. तामाङ *केह्राप ठुङह्राप* 'इतिहास'

तामाङ आदिवासी समुदायमा सदियौंदेखि *केह्राप ठुङह्राप*का ताम भनेर तामाङ इतिहासबारे कुनै न कुनै रूपमा तामाङ संस्कृति र संस्कारहरूमा उल्लेख भएको पाइन्छ । कतै तामाङ *रीमठीमको केह्राप*, कतै तामाङ *हुअीहरूको ठुङसा बाब्साको* रुपमा वर्णन गरिरहेका पाउँछौं । कतै तामाङ शासकीय इतिहासका रुपमा *ग्लेसा, ग्याल्साहरू*को विवरणको रुपमा *ग्याल्ह्राप* पाइन्छ । तामाङ आदिवासीको इतिहासको कुरा गर्नु पर्दा राज्यका शासकहरूले लेखाएको जस्तो सैद्धान्तिक आधार र काल क्रमिक रुपमा व्यवस्थित इतिहास पाउन मुस्किल छ । तर गहन अध्ययन गरी तुलनात्मक र विश्लेषणात्मक विधिबाट हेर्न हो भने हुँदै नभएका चाहिँ होइनन् प्रशस्त पाइन्छ । यस्तो अवस्थामा नेपालको एउटा तामाङ आदिवासी जनजातिको कुरो मात्र होइन; संसारभरका सबैसबै आदिवासीहरूको इतिहासको अवस्था पनि यस्तै हो । आदिवासीहरू कसैले लेखेका लेखाएका जस्तो इतिहासका आधिकारिक लिखत दस्तावेजहरू पाउन मुस्किल हुन्छ ।

तर उनीहरूको इतिहासलगायत अन्य मौलिक ज्ञानका कुराहरू जो दैनिक जीवनमा समेत सांस्कृतिक, धार्मिक परम्परा र संस्कारको रुपमा प्रयोग हुँदै आइरहेका छन् । ती मौखिक तथा सांस्कृतिक परम्पराहरूका रुपमा व्यावहारिक र उत्कृष्ट इतिहासको एउटा कालखण्डमा भएको घटना तथा परिघटनाहरूलाई संस्मरण गरेर आज पनि सजीव रुपमा मननयोग्य ढंगले मौखिक रुपमा प्रस्तुत गर्दै आइरहेको पाइन्छ । यिनै मौखिक रुपमा प्रस्तुत गर्दै आइरहेका तामाङ इतिहाससँग सम्बन्धित विषयवस्तु समेटिएको लेखिएका सामग्रीहरू पनि प्रशस्त पाइन्छन् । यस्ता सामग्रीहरू तामाङ आदिवासीको *तामयीग* लिपि अर्थात् बौद्ध धर्मलिपि बुद्ध शास्त्रीय भाषा र लिपिमा लेखिएको *'जीक्तेन तामछ्यो‌ओी लाछ्यो स्प्युग्सो' जीक्तेन तामछ्यो‌ओी, तामबाला*

ताम, तामाङ च्युङनीला तामछ्योओी, जीक्तेन तामछ्योओीकी ल्होर्ग्यु स्हुरसो, कुर्पा खाछ्योओी दुओीचीओी डीङ, आदि दर्जनौ पाइन्छ । यसरी मौखिक तथा लिखित रुपमा पाइने तामाङ इतिहासका सामग्रीहरूमा तामाङ इतिहासलाई तामाङ भाषामा *ठुङह्राप, केह्राप, दोङह्राप* र तामाङहरूको धार्मिक शास्त्रीय भाषामा *ल्होर्ग्यु* भनेर उल्लेख गरेको पाइन्छ ।

२.१. तामाङ *ठुङह्राप केह्रापला सु* 'इतिहासको स्रोत'

त्यसैगरी तामाङ इतिहासको स्रोत सामग्रीको आधारमा पनि मौखिक सांस्कृतिक रुपमा पुस्तान्तरण हस्तान्तरण भएर आएको सामग्रीहरू र विभिन्न वंशावली, मौखिकबाट लिखित रुपमा उतारिएका ऐतिहासिक आख्यान, कथन, उखान टुक्का, गीतहरू र अनुसन्धानकर्ताहरूको अभिलेख आदि पाउन सकिन्छ । तर नेपालको शासकीय इतिहास जस्तो आदिवासी तामाङ जनजातिको इतिहासको कल्पना गर्न निरर्थक हुँदो रहेछ । आदिवासी तामाङ जनजातिको इतिहासहरू त उसको नियमित सांस्कृतिक परम्परा र संस्कारहरूमा झल्किँदो रहेछ । यस कुराको पुस्ट्याइँका लागि नेपालको तामाङ र चिनियाँ तत्वीय खगोल तथा ज्योतिषशास्त्रको तुलनात्मक अध्ययन गर्दा तामाङ *ल्होछ्यार* परम्परा आजभन्दा ५ हजार वर्ष अगाडिको परम्परा हो भन्ने ज्ञात गराउँछ । यही कुरा काठमाडौको स्वयम्भूमा भएको ठूलो बज्र राखेको आसन वा मण्डलाको मुनितिर तामाङ तत्वीय वर्षमा १२ सङ्केतात्मक जीवजन्तुहरूको ढुङ्गामा कुँदिएको आकृति छ, यो आकृतिको रचनाका इतिहासको खोजी गर्दा नेपालमा तामाङ आदिवासीको सांस्कृतिक ल्होछ्यार परम्परा नेपालमा कुन कालखण्डदेखि प्रचलनमा थियो भन्ने एउटा खण्डको काल निर्धारणमा यसले स्पष्ट सङ्केत गरिराखेको छ ।

यसैगरी तामाङ आदिवासीको भाषा र संस्कृतिको ऐतिहासिकताको अध्ययनले तामाङ भाषाको मुख्य विशेषताहरूमध्ये तानल चरित्रलाई चीनको पेकिङ केन्द्र रहेको हान भाषासँगको सामीप्यता देखाएको छ । त्यसै गरी पाँच हजार वर्ष पुरानो चिनियाँ परम्परागत तत्वीय खगोलशास्त्रमा आधारित पात्रो परम्पराको तत्वीय चिनियाँ नयाँ वर्ष उत्सव र नेपालको तामाङ आदिवासीको नयाँ वर्ष *ल्होछ्यार* उत्सवसँग ठ्याक्कै मिल्नुले पनि तामाङ आदिवासीको इतिहासको एउटा कालको मापन यसले दर्शाउँछ । यसको पुष्टि गर्न अर्को तथ्य काठमाडौ उपत्यकामा प्रागैतिहासिक पुरातात्विक अध्ययनको विश्लेषणले तामाङ आदिवासी ३० हजार वर्षअगाडि नै यस उपत्यका मङ्गोलियाको

गोभीबाट चीनको तिब्बत हुँदै उपत्यकाको उत्तर तर्फआवादी बसाल्ने आदिम मङ्गोल मूलका मानव जाति हुन् भन्ने निष्कर्ष निकालेका छन् ।

तामाङ आदिवासीको ठूलो जनसङ्ख्या र नेपालमा तामाङ भाषा ठूला समुदायले बोल्ने भाषाहरूमध्ये एक भएकाले तामाङ भाषामा अझै पनि मौखिक इतिहासका विभिन्न स्वरुपहरू यत्रतत्र तामाङ बस्तीहरूमा पाइन्छन् । साथै लिखित रुपमा पनि तामाङ वंशावलीका ग्रन्थहरू पाइन्छन् । यी ग्रन्थहरूको रचनाको तिथि स्पष्ट उल्लेख नभए पनि यसमा वर्णन गरिएका विषयवस्तुहरूले निश्चित भएका कालखण्डको विवरण दिएको पाइन्छ ।

ताम्बा काओतेन जस्तो तामाङ समुदायमा अत्यन्त लोकप्रिय लिखित तथा कथ्य परम्परामा पाइने "बाह्र तामाङ" अर्थात् बाह्र गाउँका वा जिल्ला वा क्षेत्रहरूको तामाङ जनप्रतिनिधिमूलक सभा प्राचीन जनपदको सङ्घात्मक राज्यको स्वरुप जो आजसम्म पनि मुस्ताङका थकाली तमङ गाउँहरूमा प्रचलनमा छ । बाह्र गाउँको यो तथ्यले तामाङ जातिको इतिहासलाई कौटिल्यको अर्थशास्त्र कालसम्म पुऱ्याउँदछ ।

यसै गरी नै तामाङ वंशावलीमा, छैटौं शताब्दीका उत्तरार्द्धताका तिब्बती शासक स्रङचाङ गाम्पो भारतीय सम्राट हर्षवर्धन तथा नेपालको अंशुवर्माहरू स्वर्गीय भएर गए पनि वन्दना गर्छन् भन्ने वाक्यले उनीहरू मृत्युपश्चात्को काल हो भन्ने सूचना प्रदान गरेको छ भने तामाङहरूको यस हिमालय पर्वतमा यी राज्यहरू भन्दा भिन्न राष्ट्रको रुपमा त्यसै बेला पनि अस्तित्वमा रहेछ भन्ने सङ्केत गरेको छ ।

यस्तै तामाङ आदिवासीका स्याङबो, पाखिन र मोक्तान *हुअी*हरूको उत्पत्ति तथा आगमनका बारेमा आजको चीनको तिब्बतको *स्याङस्हुङबाट स्याङबो, पुराङबाट पाखिन* र यही क्षेत्रको नेपालतर्फको मुगुबाट मोक्तान *हुअी*का तामाङको *बाब्सा* 'उद्गम' स्थान भएको कुरा तामाङ वंशावलीमा उल्लेख छ । यी तथ्यहरूले तामाङ जातिको ऐतिहासिक काल वर्तमान नेपालको उत्तर पश्चिम र चीनको दक्षिण पश्चिमका क्षेत्रहरू आजको रुपमा छुट्टिनु भन्दा पहिलेका हुन् भन्ने अनुमान लगाउन सकिन्छ ।

यसरी नै तामाङ आदिवासीको आजको सघन बसोबास रहेको ताम्सालीङ क्षेत्रमा बाह्र गाउँ वा क्षेत्र समेटिएको बाह्र गोर्स्याङ, बाह्र लच्याङ र बाह्र

तेमाल प्राचीन जनपद सङ्घ राज्यहरू रहेको कुरा *ताम्बा* गीत तथा आख्यानहरू बताउँछन् । यी बाह्र गाउँ क्षेत्रहरूका हालको धादिङ जिल्लाको सेमजोङमा बाह्र गोर्स्याङका दागुर अुबीबा ग्याल्बो, बाह्र लच्याङको नुवाकोटको काकानी 'ककनी' जोङमा ग्याल्बो देउसिंह बारु रुम्बा, काभ्रेको तीमाल जोङमा ग्याल्बो रीन्जेन दोर्जे दोङ, सिन्धुपालचोक नवलपुरमा थीङ ग्ले, रामेछ्रापको ताल्ज्यु जोङमा ग्हीसीङ ह्रुअीला ग्याल्बो, मकवानपुरको गुल्मी थुमलगायतका स्थानमा तामाङ शासक तथा प्रशासकहरू रहेको आज पनि स्थानीय तामाङहरूले भन्ने गरेका छन् । यसमध्ये तेमालको हाल पुरातत्वको उत्खनन् भइरहेको छ ।

तामाङ आदिवासीको इतिहासको खोजी गर्नु पर्दा उपयुक्त तामाङ वंशावलीहरू र वर्तमान परिप्रेक्ष्यसम्म आई पुग्दाको कालखण्डलाई नियाल्दा समग्र तामाङ इतिहासलाई नै अति प्राचीन काल, प्राचीन काल र त्यसपछिको कालखण्ड गरी तीन वटा अलग कालको वर्गीकरण गरेर हेर्नु पर्ने हुन्छ ।

खातामं/खाह्रापं/खाछ्र्योअीह्रापं (मौखिक इतिहास)

संसारका अधिकांश आदिवासीको समुदायको पहिचानको मूल आधार भनेकै मौखिक इतिहास हो । त्यसैले तामाङ आदिवासी जनजातिको इतिहासको मुख्य आधार पनि मौखिक इतिहास नै रहेको पाइन्छ । मौखिक रुपमा नै तामाङ आदिवासीको सभ्यताको विकासका गाथाहरू *ताम्बाको क्हाअी, बोमसाङ, नाम्दार, लोर्ग्यु* आदि विभिन्न आख्यानको रुपमा कथ्य रुपमा पुस्तौं पुस्तादेखि भन्दै आइरहेको पाइन्छ । तामाङ आदिवासीको मौखिक इतिहासलाई निम्नानुसार वर्गीकरण गरेर प्रस्तुत गर्न सकिन्छ ।

किंवदन्ती तथा परम्परागत विश्वासमा तामाङ इतिहास

तामाङ आदिवासीको वर्तमान भूगोल ताम्सालीङ क्षेत्रमा तामाङ सङ्घीय राज्य, तामाङ *ग्लेहरू*को वर्ण, तामाङ नीति नियमका पालनका कुरा आदि प्रशस्त मात्रा आजसम्म पनि मौखिक रुपमा भन्दै सुनाउँदै आएको पाइन्छ । उदाहरणका लागि रामेछ्रापको तालज्यु/ताल्च्यु भन्ने स्थानमा *ग्हीसीङ ह्रुअी* तामाङ सङ्घ राजा वा सङ्घ प्रमुख थियो भनिन्छ । त्यो ठाउँमा आज पनि *ग्हीसीङ ह्रुअी*का तामाङ समुदायको नै बाहुल्यता समेत छ । र ताल्च्युको अर्थ १० तलाको दरवार भएको स्थान भनेर आजसम्म पनि विश्वास गरिन्छ ।

यस्तै सिन्धुपालचोकको नवलपुरमा रहेको टुँडिखेल, *ता स्योङ* र आज पनि देखिने पुराना इँटाका भग्नावशेषहरू *थीङ ह्रुअी*का तामाङ *ग्ले* अर्थात् *ग्यालखाप*का

'सङ्घ नायक' को आवासगृहको हो भन्ने दर्बिलो विश्वास छ स्थानीय तामाङ समुदायमा अनि सुनाउन थाल्छन् । आख्यान उपत्यकाको नेवार शासकहरूसँग धेरै पटकको युद्धपछि मात्र उनीहरूले विजय गरेकाले नेवारहरूले शक्तिको पीठको रुपमा पूज्ने यो भीमसेन मन्दिर देखाउँछन् ।

यसैगरी नुवाकोट *बोमताङ*का सतल्सी तामाङ सुनाउनुहुन्छ "गोरखाली पल्टन हाम्रो गाउँमा आएर लुटपाट गरेपछि एक हुललाई *डोडो गाङ* नेर र अर्को हुललाई हालको देउराली गाविसमा पर्ने ताबुछ्यासा भन्ने स्थानमा सबैलाई मारेका थिए र एक जनालाई घोडासहित भीरबाट लडाउँदा सिपाही मरेको र उसको घोडा अड्केको ठाउँ भएकाले त्यो घोडा अड्केको ठाउँलाई *ताबु छ्यासा* भनिएको हो ।

"*यस्तै* उहाँले फेरि सुनाउनु हुन्छ "*अुअीबा* राजाले सल्यान्टारका गाई जङ्गलमा चरनमा आएको बेला टाढाबाटै धनुष काँडले हानेर मारेर खाने गरेकाले लडाइँ गर्दा नजितिने भएकाले वार्ताको लागि गोरखालीहरूले *अुअीबा* राज्यसँगको साँध सिमाना *याबेङ स्योङसम्म* बोलाएका थिए र त्यहाँ दुवै पक्ष बिना हात हतियार भेला हुने कुरा थियो । तर गोरखालीहरूले खोलाको किनारामा आफूलाई चाहिने हात हतियार बालुवामा लुकाएर राखेको थियो । यता अुअीबा राजाले भने आफ्नो धनुष काँडलगायत हतियार दरबारमै राखी आएकाले याबेङ खोला पुग्दा गोर्खालीहरूले *अुअीबा* ग्लेसहित त्यहाँ पुगेका सबैलाई मारे थियो रे" भनेर हामीलाई हाम्रा बाजेहरूले सुनाउनुहुन्थ्यो" हामीले सुनी आएको कुरा भनेर सतल्सी तामाङ बताउनुहुन्छ ।

यस्तो खालको तामाङ इतिहासको स-साना अवशेषहरू आजभोलि परम्परागत विश्वास, किंवदन्ती र पुस्तान्तरण भएर आएका यस्ता भनाइहरू तामाङ आदिवासी समुदायको प्रत्येक बस्ती र गाउँहरूमा पाइन्छ ।

लोकप्रिय जनश्रुतिहरू, लोककथा, उखान टुक्कामा तामाङ इतिहास

तामाङ आदिवासीको इतिहासको तथ्यहरूको खोजी गनु पर्दा तामाङ आदिवासी जनसमुदायको बस्तीहरूमा तामाङ भाषामा पाइने तामाङ लोककथा, जनश्रुति तथा उखान टुक्कामा पनि भेटिएका छन् ।

उदाहरणका लागि यो नुवाकोट र मकवानपुरका तामाङ समुदायमा पाइएको जनश्रुती लिक आख्यानलाई लिन सकिन्छ । "*.....कारकानी* 'ककनी' मा

रुम्बा *हुअीको* प्रमुख भएको बाह्र लच्याङ नामक सङ्घ राज्य थियो। सो सङ्घ राज्यका प्रमुखले आफ्नो कुटुम्बेरी पाखिन *हुअीका* तामाङहरूको वंश नै विनाश गर्ने हेतुले आम हत्या गरेका थिए। तर उनै रुम्बाका छोरी पाखिनका बुहारी भएकाले उनले आफ्नो छोरीलाई चाहिँ छाडे। पछि उनकै छोरीको गर्वमा रहेको पाखिनको सन्तानलाई बढाइ हुर्काइ गरी *म्यादाली कीर्बा क्लाङबा* 'धनुष विद्या' सिकाए। त्यो बालक सियोको धागो छिराउने जत्रो बिन्दुमा पनि निशाना लगाउन सक्ने बनाए र उसैले त्यो *रुम्बा हुअीको* शासकलाई ककनीको रुम्बा वातीमा नुहाउँदै गरेको वखत तीरले हानेर हत्या गरेका थिए भन्ने आख्यान सुन्नमा पाइन्छ।

यही ककनीका रुम्बा शासकका सम्बन्धमा त्यस क्षेत्रमा यस्तो उखान टुक्का समेत प्रचलनमा पाइन्छ। *"ककनीला ग्ले रुम्बा नागी डीसे प्लाक तुम्बा"* यसको अर्थ कुनै बेलाको शासक रुम्बा आज यसरी कुकुरको जति पनि मान रहेन भन्ने व्यङ्ग गरिएको हो। यसरी आज तामाङ आदिवासी समुदायको राज्य सत्तासँग जोडिएका इतिहासका कुराहरू एउटा लोक कथा, जनश्रुतिहरूको मौखिक अवशेषका रुपमा आज पनि पाइन्छ।

तामाङ *दोङह्राप, फाह्राप* र *केह्राप* 'वंशावलीहरूमा तामाङ इतिहास'

इतिहासको सन्दर्भमा तामाङ आदिवासी समुदायको मौलिकता भनेको नै *दोङह्राप, फाह्राप* र *केह्राप* हुन्। यो मौखिक परम्परामा आजसम्म पनि जीवन्त पाइन्छ। प्रायः तामाङ समुदायको प्रत्येक *हुअीकाले* आफ्नो *हुअीको फोला* 'पितृ देव/कूल पुजा' र *डाब्ला* (रक्षक/रक्षाका देव) पुज्दा गरिने वर्णनमा आफ्ना सबै पुर्खाहरूको नामावलीको वृत्तान्त बताउँदै आउने क्रममा आफ्नो *ठुङसा, बाब्सा* र *केसा* हुँदै *दोङह्राप, फाह्राब* र *केह्राब* पनि बताउने गरिन्छ।

यी विषय वस्तुहरूले तामाङ वंशावली, उद्गम, बसाइँ सरेर आएको स्थानहरूको वर्णन गरिने भएकाले तामाङ आदिवासी जनजातिको इतिहासको मुख्य स्रोत नै हो। यस मौखिक पद्धतिबाट पनि को कति कहाँबाट कुन पुस्ता कुन बाजेहरू हाल बसिराखेको स्थानमा आइपुगेको भन्ने इतिहासको वृत्तान्त पाइन्छ। शासक वर्ग र सत्ताधारीको लेखाएको इतिहास भन्दा यो जनताको जिभ्रोमा पुस्तौँ पुस्तादेखि झुन्डिएर आएको वस्तुगत र यथार्थ इतिहासको मालाको रुपमा तामाङ आदिवासी समुदायमा पाइन्छ। यिनै तामाङ इतिहासका भन्डार तथा स्रोतहरूलाई पनि निम्नानुसार वर्गीकरण गरेको छु।

तामाङ *दोडह्राप* 'वंशावली'

प्रायः इतिहासको खोजी गर्दा एउटा महत्वपूर्ण स्रोत सामग्रीको रुपमा वंशावलीहरूलाई पनि लिने गरिएको पाइन्छ। तामाङ भाषामा आफ्ना पिता पुर्खाहरूको विवरणलाई आफ्नो *हुअी* कूलको वर्ष दिनमा गरिने कुलायन पूजाको बखत मौखिक रुपमा सुरुको बाजेदेखि हालसम्म रहेकाहरूको नाम क्रमसितः भन्दै जाने, पुकार्ने र थाहा दिने प्रचलन छ।

यस बखत एउटा *हुअी*को वंशहरूको क्रमसित सुरुको बाजेदेखि अहिलेका सम्मलाई फिजाउँदै जाँदा रुखको मूल काण्डबाट हाँगोहरू फैलिएझैं मानव वंश (सन्तान) फैलिने भएकाले यस्तो वंशको वृत्तान्तलाई तामाङ भाषामा *दोडह्राप* 'वंश वृत्तान्त/वंश वृक्ष' भनिन्छ। तामाङ आदिवासीको प्रत्येक *हुअी*हरूको यस्तो वृत्तान्त मौखिक रुपमा रहेकाले आजको आधुनिक युगमा कूल कुलायनको पूजा गर्दा वंशको वृत्तान्तलाई कण्ठस्थ भन्न सक्ने मानिसहरू हराउने क्रममा छ। लेखपढ गर्न जानेका कसै कसैले भने आजभोलि लेखेर राख्ने गरेको पनि पाइन्छ।

तामाङ फाह्राप 'पितृ/पुर्खौली इतिहास'

तामाङ जातिको प्रत्येक *हुअी*हरूको पिता पुर्खाहरू एक ठाउँबाट अर्को ठाउँमा विविध कारणले बसाइ सरेर आएको तथा एउटा स्थानबाट अर्को स्थानहरूमा छुट्टिएर गएको बारे बताउने सम्पूर्ण वृत्तान्तलाई *फाह्राप* भनिन्छ। *फाह्राप* पनि मौखिक रुपमा वर्षको एक पटक आफ्नो *हुअी*को फोला तथा *डाब्ला* कूलको पूजा *तेन्सी* गर्ने समयमा सोही *हुअी*का मूल पुरोहितले सुनाउने गर्दछ। *फाह्राप*मा एउटै *हुअी*का तामाङहरू को को बाजे कहिले कहाँ पुगे र त्यस ठाउँबाट कता ? बसाइँ सरे ? र हाल कुन ठाउँमा बसेका छन् भन्ने सबै वृत्तान्त आउने गर्दछ। यसले पनि तामाङ आदिवासी समुदायको एउटा काल क्रमिक पिता-पुर्खाहरूको वृत्तान्त दिने भएकाले इतिहासको एउटा राम्रो स्रोतको रुपमा तामाङ मौखिक *फाह्राप*हरूलाई लिन सकिन्छ।

तामाङ *केह्राप* 'जन्म इतिहास'

तामाङ आदिवासीको *दोडह्राप*मा प्रत्येक *हुअी*को कति पुस्तादेखि कति पुस्तासम्म भन्ने पुस्ताको सङ्ख्याको जानकारी दिन्छ। यसरी नै *फाह्राप*ले को को कहाँ पुगे भन्ने सूचना दिन्छ। त्यसैगरी तामाङ आदिवासीको इतिहासमा प्रत्येक *हुअी* वंशको म्हेमे तथा पिता-पुर्खाहरू को ? कहाँ ? जन्मे भन्ने सूचना *केह्राप*ले दिन्छ।

For Library Purpose

त्यसकारण जन्मको वृत्तान्त बारे जानकारी दिने कार्य *केह्रापले* गर्दछ। *केह्रापले* सबै पुर्खाहरू को र कहाँ जन्मेका थिए भन्ने समग्र विवरण दिन्छ। त्यसैले तामाङ इतिहासको खोजी गर्दा यो पनि मौखिक विधिबाट *फोला* र *डाब्ला तेन्सी* अर्थात् कूलको रक्षाका देव गणहरूलाई पुज्दा सबै पुर्खाहरूको केह्राप सुनाउने वा फलाकेर बताउने परम्परा रहिआएको छ।

ब्रि-ह्राप 'लिखित इतिहास'

तामाङ आदिवासी समुदायको मौखिक इतिहासमा आधारित कथ्यतथ्य परम्पराको लिखित स्वरुपहरू पनि पाइन्छ। तामाङ इतिहाससँग सम्बन्धित यस्ता लिखित सामग्रीहरू पनि विभिन्न खालको भेटिन्छ। तामाङ *तामयीग* शास्त्रीय धार्मिक भाषा र लिपिमा लेखिएका तामाङ युल्बाको ब्रि-ह्रापहरू मुख्य रुपमा *दोङह्राप, फाह्राप* र *केह्राप* तामाङ मानव समाज र भौतिक संसारका समग्र कुरा यी तीन विषय वस्तुमा केन्द्रित भएको लिखित ग्रन्थहरू *ताम्बा काओतेन, ताम्बाला ताम, जीक्तेन तामछ्यो‌ओ, ह्रामा* आदि पाइन्छन्।

यी ग्रन्थहरू खासगरी चिनियाँ तिब्बतमा स्राङचाङ गोम्बो प्रमुख शासक भएको कालमै प्रयोगमा आइसकेको र त्यसपछि *तामयीग* शास्त्रीय धार्मिक भाषा र लिपिमा लेखिएका छन्। तामाङ आदिवासीको विगत ५० वर्षअघिबाट आधुनिक कालमा आएर ती प्राचीन स्रोतहरूबाट प्राप्त तामाङ *दोङह्राप, फाह्राप* तथा *केह्राप*हरू शास्त्रीय धार्मिक लिपिबाट लिप्यान्तर गरी देवनागरी *तामयीग* लिपि र खस भाषामा पनि वंशावलीहरू प्रकाशन भएका छन्। केही महत्त्वपूर्ण ग्रन्थहरू निम्नानुसार रहेका छन्

जीक्तेन तामछ्यो‌ओ

तामाङ आदिवासीहरूमा भएको इतिहासका एउटा महत्वपूर्ण दस्तावेज ग्रन्थ जीक्तेन *तामछ्यो‌ओ* हो। यो ग्रन्थ पश्चिममा नुवाकोट बोमताङदेखि प्रायः ताम्सालीङका सबै जिल्ला र भारतको सिक्किम, दार्जीलिङ र असममा बसाईं सरेर पुगेका तामाङ *युल्बाह*रूमा संरक्षित र सुरक्षित राखेको पाइन्छ।

मुख्यतया यस ग्रन्थमा संसारका सृष्टिगाथा *साछ्या, नाछ्म्या* तथा *म्हीछ्या* मानव वंशको उत्पत्तिको इतिहास वर्ण गरेको छ। यही *जीक्तेन तामछ्यो‌ओ*मा बाह्र तामाङ गणराज्यका *ह्रुओछेन च्योप्गे* (अठ्ठार महा गोत्र/थर/वंश) को

उत्पत्ति र उदगम *ठुङह्राप, फाह्राप, केह्राप दोङह्राप*का साथै यसैसँग जोडिएर आउने *ठुङसा, बाब्सा* र *केसा*का वर्णन गरिएको हुन्छ । साथै यस्ता ग्रन्थहरूमा तामाङ आदिवासी समुदायको विवाह तथा अन्य *रीमठीम*का विषय वस्तुहरू पनि समेटिएको हुन्छ ।

यी विषयवस्तु समेटिएका *जीक्तेन तामछ्यो‌ओी*को मूल रुप सबै तामाङहरूको *तामयीग* अर्थात् उच्चेन बौद्ध धर्म लिपिवद्ध शास्त्रीय भाषाको लिपिमा लेखिएको पाइन्छ भने ई. १९५६ यी नै ग्रन्थहरूको देवनागरी लिपिमा खस भाषामा दार्जीलीङका बुद्धिमान मोक्तानले *जीक्तेन तामछ्यो‌ओी* र ई. २००५ मा डा. मुक्तसिंह तामाङको सम्पादकत्वमा देवनागरी तथा *तामयीग* परम्परागत लिपिमा प्रकाशनमा आएका छन् । यस्ता पुराना ग्रन्थहरू तामाङ समुदायमा पारखाङमा 'हाते प्रेस' काठको फलेकमा अक्षर कुँदेर बनाएको ब्लकबाट *छ्रीबा* गरेको र हातैले *ब्रिबा* गरेको गरी दुई प्रकारको पाइन्छ ।

यस्तो *जीक्तेन तामछ्यो‌ओी* एक दर्जनभन्दा बढी सङ्ख्यामा हस्तलिखित ग्रन्थको छायाँ कपि सङ्कलन हुन आएको छ । यो ग्रन्थहरूको अध्ययन गर्दा यसमा प्रस्तुत विषयवस्तुको काल क्रमलाई हेर्दा छैटौ सातौ शताब्दीदेखि नै प्रचलनमा रहेको आधार भेटिन्छ ।

ताम्बा काओीतेन

विशेष गरेर तामाङ आदिवासीको रीतिथिति, संस्कारलगायत विभिन्न *रीमठीम*का विषय वस्तुहरूलाई प्रचलित *ताम्बा* भाखामा *व्हाओी*को रुपमा प्रस्तुत गरिने ग्रन्थलाई *ताम्बा काओीतेन* भनिन्छ । *ताम्बा काओीतेन* ग्रन्थ पनि *तामयीग* (बौद्ध धर्म लिपिबद्ध) मौलिक लिपिमा हस्त लिखित ग्रन्थको रुपमा पाइने पुराना ऐतिहासिक ग्रन्थ नै हो । यस ग्रन्थमा पनि संसार सृष्टिका गाथा, धर्मको कुरा नेकोर 'तीर्थयात्राको कुरा', तामाङ *रीमठीम*का कुरालाई गीतको माध्यमबाट व्यक्त गरिएको हुन्छ । यो ग्रन्थ प्रायः तामाङ आदिवासीले आफैले बनाएको *तावा स्योस्यो* हाते कागतमा लेखिएको हुन्छ । यस्ता *ताम्बा काओीतेन* ग्रन्थहरू पुराना ग्रन्थहरू तामाङ समुदायमा *पारखाङ*मा 'हाते प्रेस' काठको फलेकमा अक्षर कुँदेर बनाएको ब्लकबाट *छ्रीबा* गरेको र हातैले *ब्रिबा* गरेको दुई प्रकारको पाइन्छ । ई. १९५७ मा सन्तवीर पाखिनले *ताम्बा काओीतेन व्हाओी रीमठीम* नामक देवनागरी लिपिमा दार्जीलिङबाट प्रकाशनमा ल्याएका थिए । नेपालमा ई. २००० मा *ताम्बा काओीतेन* देवनागरी र हस्तलिखित रुपको

For Library Purpose

छायाँप्रतिसहित प्रकाशनमा आएको थयो । यसको पनि विभिन्न संस्करणहरू हस्तलिखित स्वरुपमा *तामयीग* लिपि नै पाइन्छ ।

अन्य लिखित सामग्री

तामाङ आदिवासी समुदाय धर्म संस्कृतिसँग सम्बन्ध राख्ने विवरणहरू *काछ्यांग* देव 'स्मृति, स्मारिका ग्रन्थ', *लोर्ग्यु* 'पुरान' हरू, *राङज्युङ छ्योर्तेन* 'स्वयम्भूको वृत्तान्त', *बालयुलकी नेकोर* -नेवार देशको तीर्थ, मानी गाम्बु, त्यसैगरी शिलालेख, सनदपत्र, ताम्रपत्र, इस्तिहार, लालमोहर, तमसुक, भर्पाई गुम्बा, स्तूप, कानी, स्तम्भ अभिलेख आदि पनि तामाङ आदिवासीको लिखित इतिहासका स्रोत तथा सामग्रीहरू हुन् । यस्ता सामग्रीहरू यो अध्ययनको क्रममा पनि सक्कल प्रतिहरू पनि सङ्कलन भएका अनुसूची छन् ।

२.३ *ठुङसा, बाब्सा थेन केसा* 'उद्गम इतिहास'

तामाङ आदिवासी जनजाति समुदायको इतिहासका स्रोतको रुपमा रहेका आधारभूत कुराहरू *दोङह्राप, फाह्राप* र *केह्रापको* मूल केन्द्रहरू *ठुङसा, बाब्सा* र *केसा* रहेका हुन्छन् । यी नै केन्द्रहरू आज पनि विभिन्न *हुअी*हरूको उद्गमसँग अविच्छिन्न सम्बन्ध रहेको हुन्छ । यसले तामाङ उदगम इतिहासको आधारभूत आधारको *ठुङसा, बाब्सा* र *केसा* रहेको पाइन्छ । यी तीन उद्गम भूमिहरू नै तामाङ आदिवासी जनजातिको उद्गम इतिहासका मूल बाटाहरू हुन् । तामाङ आदिवासी जनजातिको परम्परागत *ठुङसा, बाब्सा, केसा* र तामाङ उद्गम इतिहासका बारेमा हालसम्म प्राप्त प्रायः सबै मौखिक तथा लिखतमा तामाङ वंशावलीहरूमा उल्लेख भएको पाइन्छ ।

ठुङसा

त्यस्तै तामाङ *ठुङसा* भन्नाले तामाङ भाषामा *ठुङबा* शब्दले अलौकिक रुपमा जन्म भएको, आफै जन्मेको, आफै पहिल्यै उत्पन्न भन्ने बुझाउँछ । यहाँ *ठुङबा* शब्दले त्यो *हुअी*को मानव कसरी कहाँबाट आयो भन्ने कुरा कसैलाई थाहा नभएको, त्यो ठाउँमा पहिलेदेखि नै *ठुङसी* भएको थियो र त्यहाँ नै उत्पन्न भएको हो भन्ने बझाउँछ । तामाङ उद्गम इतिहासको सन्दर्भमा *हुअी*को जन्म/उत्पत्ति भएको र *सा* शब्दले 'भूमि/स्थान/देश' बुझाउने भएकाले *ठुङसा* भन्नाले पहिल्यैदेखि बसोबास रहिआएको भूमि/स्थान/देश हो भन्ने बुझाउँछ । तामाङ उद्गम इतिहासका सन्दर्भमा *ठुङसा* भनेपछि कहिले र कहाँ कुन देश/राज्य, मानव वंश, धर्म संस्कृति, परम्परा आदिको

उत्पत्तिको काल क्रम आदिको वर्णनसँग जोडिएर आएको हुन्छ। खास गरी तामाङ मौलिक भूमि हो *ठुङसा*। तामाङहरू आफैले खोरिया खनेर होस् वा पुस्तौं (पुस्तादेखि उर्वर भूमि बनाउने प्रक्रियामा सुरुदेखि नै एकलौटी भूमिका रहेको मानव सभ्यताको केन्द्रका रुपमा विकास गरेको तामाङ भूमि तामाङहरूको *ठुङसा* हो। आजको सन्दर्भमा सम्पूर्ण ताम्सालीङ तामाङ *युल्बा*को एउटा युगको *ठुङसा* हो। मुख्य *ठुङसा*बाट बसाइ सर्दै वा परिवारहरू विभाजन हुँदै गइ लामो कालखण्डपछि अन्ततः *ठुङसा बाब्सा*मा बदलिन्छ।

बाब्सा

बाब्सा भन्नाले *बाप्बा* र *बाप* शब्दहरूले दिने अर्थ 'उत्पन्न/उद्गम केन्द्रस्थल' भन्ने बुझाउँछ र *सा* ले 'भूमि/स्थान/युल्सा/ग्याल्सा देश/राज्य' भन्ने बुझाउँछ। यही *बाप्बा* र *बाप* शब्दसँग *सा* सन्धि भएर *बाब्सा* उद्गम भूमि बुझाउने शब्दको निर्माण भएको हो। त्यसैले तामाङ वंशावलीमा उल्लेख भएको *"स्याङ स्युङ युलरी स्याङबो बाब, मुगु ग्याल्सारी मोक्तान बाब, पुराङ च्यातरी पाखिन बाब, डुमा ग्याल्सारी डुमजन बाब"* भन्नाले *स्याङस्युङ* देशमा *स्याङबो*को *बाब्सा* हो, मुगु देशमा मोक्तानको *बाप्सा* हो, पुराङ देश पाखिनको *बाब्सा* हो, *डुमा* देशमा डुमजनको *बाब्सा* हो भनेर किटानीका साथ उल्लेख गरेको पाइन्छ। यसरी *स्याङस्युङ युलरी स्याङबो बाप* भन्नाले 'स्याङबोको उद्गम स्थान/देश *स्याङस्युङ* हो' भन्ने बुझाउँछ।

मुख्यतया *बाब्सा* भन्नाले 'आजको भूमि/स्थान/देशमा बसोबास गर्नहरूको पहिलेको पितृभूमि, मातृभूमि, तथा पुर्ख्यौली थलो' को लाई बुझाउँछ। यसरी प्रत्येक तामाङ *हुअी*को *बाब्सा* 'आएको देश' को नाम तामाङ वंशावलीहरूमा उल्लेख भएको पाइन्छ। तामाङ जातिको उद्गम इतिहासको सन्दर्भमा *बाब्सा*ले प्रत्येक तामाङ *हुअी*हरूको पुर्ख्यौली उद्गम भूमि/स्थान/देशका बारेमा बाताएको पाइन्छ।

केसा

तामाङ भाषामा *केबा* भनेको 'जन्मनु' लाई बुझाउँछ। यहाँ *केबा* र *सा* को सन्धि भएर *केसा* शब्दको निर्माण भएको हो। *केसा* भन्नाले 'जन्मभूमि' भन्ने बुझाउँछ। शब्दार्थको दृष्टिकोणले *केसा* भनेको पनि उत्पत्ति र उद्गमकै कुरा हो। तर कालको दृष्टिले *ठुङसा* र *बाब्सा* भन्दा 'पछिको हालको जीवनको जन्मस्थान' भन्ने अर्थ ज्ञात हुन्छ। आज अमेरिकामा गएर बसेका

तामाङले मेरो केसा नेपाल भन्न सक्छन् । त्यसरी नै स्पष्ट काल तोकेर *डाला केबा* रे भनिन्छ । यो *ठुङसा* जस्तो *केसा* अलौकिक रुपमा प्रयोग भएको पाइँदैन । तसर्थ तामाङ आदिवासीको उद्‌गम इतिहासमा *केसा* भनेको व्यक्तिको जन्म भएको स्थान वा देश भन्ने हुन्छ ।

२.४ उद्‌गमस्थलहरू

तामाङ आदिवासी जनजातिको वंशावली अनुसार प्रत्येक तामाङ *हुअी*हरूको *ठुङसा, बाब्सा* र *केसा*को वर्णन गरिएको पाइन्छ । तामाङ आदिवासीको प्राचीन उद्‌गम पुर्खौली पितृभूमिको रुपमा *बाब्सा*लाई चिनाएको हुन्छ । यसको साथै प्रमुख फोला *ज्योहो/चोहो* 'वंश/कूल/गोत्रको देव/देवी' पनि साथै बताइ दिएको हुन्छ । प्रत्येक *हुअी*को अलग-अलग *ठुङसा*लाई *बाब्सा*हरूको बयान अर्थात् तामाङ जातिको उद्‌गमस्थलहरूको वर्ण निम्नानुसार गरिएको पाइन्छ ।

तामाङ वंशावलीमा उल्लिखित उद्‌गमस्थलहरू

	हुअी (वंश/गोत्र)	*बाब्सा* र *फोला* (उद्‌गमस्थल पितृदेव)	स्रोत ग्रन्थ
१	*दोङ, बल, गोले, तीतुङ, ग्राङदान, दोङ बार्ना*	*दोङ ग्याल्साला मुरकुरी बाब्साला बाब, हुअीकी फोला मुर्क (मार्ग) थेन सीवा मन्डला तेन । ग्यामथान, गोले, ग्राङथान, गोमथान, गाङथान,गोङबा/गोङबो,दारताङ/दारथान, तीतुङ/तीदुङ यार नोन फाछेन मेमे गीकला फेबा हुअीकी फोला ग्यालबो व्हाअीबु नाङसारी हांमु खोरगी तेन ।*	*जीक्तेन तामछ्रयोअी र ताम्बा काअीतेन*
२	*योन्जन,*	*योन्जन बाब्ना नाक्पो च्यागी गोन्पो बाब्साला बाब, हुअीकी फोला छ्रयोजीक्योङ यीसे छ्रयासीपा (लामा कोन्ज्यो महाकाल) तेन ।*	*जीक्तेन तामछ्रयोअी र ताम्बा काअीतेन*
३	*मोक्तान*	*मुगु ग्याल्सारी मोक्तान बाब्साला बाब, हुअीला फोला तेनछ्रयाम ह्याब्जे ला (ना ग्यालबो थेन युम छ्रोमान ग्यालमो थेन गुरु चान्गी ज्योहो तेन ।*	*जीक्तेन तामछ्रयोअी र ताम्बा काअीतेन*
४	*ग्हीसीङ*	*ग्हीसीङ बाबना सेर गोङ स्यार गोसाला/ग्याल्सा बाब्साला बाब, हुअीकी फोला लु/लुगु चाङमारकी ल्हदाङ चाङरी ज्योहो तेन ।*	*जीक्तेन तामछ्रयोअी र ताम्बा काअीतेन*
५	*बल*	*बाल बाप्ना रुम्पाल गान्दी तेमाल गाङ बाब्साला बाब, हुअीकी फोला दो मारपोला तेन ।*	*जीक्तेन तामछ्रयोअी र ताम्बा काअीतेन*
६	*ग्रोपचान*	*ग्रोपचान बापना बान्डी ज्युङ बाब्साला बाब, हुअीकी फोला दोमारपो चान तेन ।*	*जीक्तेन तामछ्रयोअी र ताम्बा काअीतेन*

	हुजी (वंश/गोत्र)	बाब्सा र फोला (उद्गमस्थल पितृदेव)	स्रोत ग्रन्थ
७	लोप्चान	लोपचान बापना गीचाङ गोन्पो बाब्साला बाब, हुअीकी फोला लामा कोन्जयो दाङ अपी नारी ज्योहो(नाल्ज्योर) मेयी तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
८	डुमजान/डोम्बा/डोम	डुमजान/डोक्वा/डोम बाबना डुमा ग्याल्सा बाब्साला बाब, हुअीकी फोला लामा कोन्ज्यो थेन डाब्ला मी सेड्यान तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
९	बोमजन	बोमजन बाब्ना ङीली ब्राखररी (मीलीङ डाकार) बाब्साला बाब, हुअीकी फोला दोङ मार्चान (दोमारबो) तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१०	थीङ	थीङ बार्ना युलकी अुअी यालुङ (याले/र्यारले) सोअीकार बाब्साला बाब, हुअीकी फोला ङीमामेर्पा चाङरी की ग्याल्बो ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
११	ड्यासुर	ड्यासुर बाबना चाङ कोङ ग्याल्सा बाब्साला बाब, हुअीकी फोला चान सेर्पोकी ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१२	ग्याबा	ग्याबा बाबना ग्यानाक ग्याल्सा बाब्साला बाब, हुअीकी फोला ग्यालाकी गोङला (ग्यालबोला गुरला) दाङ मेन्गी (माङला) फोला तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१३	ड्याङजो	ड्याङजो बाबना नुप गाङरी बाब्साला बाब, हुअीकी फोला नुपकी ज्योहो सीङल्हा कार्पो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१४	थोकोर/थोकार थोक्रा/थोकर	थोकोर बाबना थोथोअी ह्रि ड्यान स्यालला थोकार्पो दाङ ख्युङला ग्युद बाब्साला बाब, हुअीकी फोला थोअी कार्पो डाग(ब्रा) मार चान दाङ थोअीला याङबा थोअीचन कार्पो याबला नामथोअी कार्पो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१५	तोअीसाङ	तोअीसाङ बाबना स्याङच्ये थो बाब्साला बाब, हुअीगी फोला डुकी ग्यालबो ङीङज्ये/ङीङला दाङ अुअीकी ग्याल्सा ङीङचे लाअी फोला तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१६	पाखिन	पाखिन बाबना पुराङ च्यो/चे/च्यात हीद बाब्साला बाब, हुअीकी फोला चाङरी दाङ सेङले/स्हेङल्हे कार्पो (गुरु चन चन) स्यारकी ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१७	वाअीबा	वाअीबा बाबना सेरकी मण्डल बाब्साला बाब, हुअीकी फोला कारपो चाङरी/स्हाङरी छ्युमेन/छेमेन ग्यालमो दाङ नुपकी ज्योहो याबला कार्पो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१८	रुम्बा	रुम्बा बाबना रुम्गी/रुम्बा थाङला थोथो बाब्साला बाब, हुअीकी फोला हुअीछेन जीम्बाला फोला कार्पो लाहु/लाअु ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
१९	मारपा	मार्पा बाबना चीता ग्याल्सा बाब्साला बाब, हुअीकी फोला बोअीला ग्यालबो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
२०	जीम्बा	जीम्बा बाबना खोर्लो ग्याल्साला पाल्गी अुअी सामय/सामये/साम्ये गोन्पा बाब्साला बाब, हुअीगी फोला पोअीथाङ ग्यालबो दाङ बाल्पोअी चान तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन

	हुजी (वंश/गोत्र)	बाब्सा र फोला (उद्गमस्थल पितृदेव)	स्रोत व्यक्ति
२१	ग्रोपचान	ग्रोपचान बाबना अुअी सामये गोन्पो बाब्साला बाब, हुअीकी फोला दो मारबो चान तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
२२	टुपा	टुपा बाब्ना टुकु ग्याल्सा बाब्साला बाब, हुअीकी फोला ड्यानचान म्हामु दुअी छ्योअी तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
२३	लो	लो बाब्ना लो ग्याल्सा बाब्साला बाब, हुअीकी फोला ज्याम्पाल सेङ्यन सीन्जे/सीन्चे दाङ लामा कोन्ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
२४	येलला	येलला बाबना सीङकारथाली बाब्साला बाब, हुअीकी फोला ङीमा होअीसेरला ल्हा तेन ।	जीक्तेन तामछ्योअी
२५	च्याङबा/ स्याङबो	च्याङबा बाब्ना स्याङ ग्याल्सा बाब्साला बाब, हुअीकी फोला अुअीकी ज्योहो दाङ गुन्थाङकी ज्यहो दाङ थाङबालकी ज्योहो दाङ याब्जे ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
२६	डोन	डोन बाबना डोबो गोन्पो बाब्साला बाब, हुअीकी फोला याब्जे ल्हना ग्यालबो दाङ युम ङी दाङ मन ग्यालमो दाङ से छीपचान ग्यालबो दाङ गाबचान ग्यालबो ल्हा तेन ।	जीक्तेन तामछ्योअी
२७	गोमछ्योअी	गोमदेन/ गोम्जा/ गोमदेन/गोम्छ्योअी बाबना गोमा ग्यास्यी तोडला/ग्याल्थोङ बाब्साला बाब, हुअीकी फोला ज्याम्पाल फुर्बा ठीलेन/ठीन्ले लाछो दाङ ग्याकार नेला लाछो ग्याल्तेद थाम्जे तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
२८	सीङकार, सीङगार, ङोअी सीङकार	सीङकार बाबना ब्राखर (ङाकार) गोन्पो बाब्साला बाब, हुअीकी फोला ङीमा याङ सेर्पो लु दाङ रीग हुअीला फोला तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
२९	बाच्यु/ बाज्यु	बाच्यु बाबना सुमपा/सुपा ग्याल्सा बाब्साला बाब, हुअीकी फोला सर्माअी बोन दाङ चाङरीकी ग्यालबो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
३०	लुङबा	लुङबा बाबना ल्हुङकी खोर्ल गोन्पो बाब्साला बाब, हुअीकी फोला ख्युङछेन ब्ली ल्हा दाङ सेङले कार्पो ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
३१	मीक्चान, ङीछेन	मीक्चान बाबना चाङ्ये स्हीङकाअी बाब्साला बाब, हुअीकी फोला चाङरी ल्हा तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
३२	स्याङतान	स्याङतान बाबना छीन्याङ ग्याल्साला स्याङ गोन्पो बाब्साला बाब, हुअीकी फोला जामरीङ कार्म/चाङरी कारमो दाङ युमचान मारमो दाङ साबसीङ ज्योहो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
३३	ब्लोन	ब्लोन बाबना ङोन्कार गोन्पो बाब्साला बाब, हुअीकी फोला याबचे ल्हामी ग्यालबो दाङ ग्यालमो सेरगी चान तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
३४	ग्लान	ग्लान बाबना मीलीङ ब्राखार दाङ सेरकी मण्डल बाब्साला बाब, हुअीकी फोला चाण्डीज्युङ दाङ पेकार्पो ग्यालबो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
३५	ख्युङबा	ख्युङबा बाबना डुकु ग्याल्सा बाब्साला बाब, हुअीकी फोला ड्यानचान दाङ दोअीकी म्हामो तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन
३६	डेके?	डेल्ला डेके बाबना सीङकार थली/थो बाब्साला बाब, हुअीकी फोला ङीमा होअीसेर ल्ह तेन ।	जीक्तेन तामछ्योअी र ताम्बा काअीतेन

	हुजी (वंश/गोत्र)	बाब्सा र फोला (उद्गमस्थल पितृदेव)	स्रोत ग्रन्थ
३७	ख्युल्वा	ख्युल्वा बाबना सीङका थाङ बाब्साला बाब, हुअीकी फोला ङीमा होअीसेर ल्ह तेन ।	जीक्तेन तामछ्योअी
३८	ग्राङदाङ	ग्राङदाङ बाबना ग्यानाक ग्याल्सा बाब्साला बाब, हुअीकी फोला अुअी ग्यालबो ज्योहो तेन ।	जीक्तेन तामछ्योअी
३९	डेल, ख्युत्पा	डेल बाबना सीङकार थोरी दाङ सीङकार थाङछी बाब्साला बाब, हुअीकी फोला ङीमा होअीसेर तेन ।	ताम्बाकाअीतेन

२.५ महत्त्वपूर्ण तामाङ पुर्खाहरूको

तामाङ आदिवासी जनजातिका पौराणिक तथा ऐतिहासिक पहिचानहरूसँग गाँसिएका ज्याम्पेयाङ, हुङ्गाराजा, रीन्जेन दोर्जे, दगुर वाअीबा, देअुसीङ बारु र पेङदोर्जे जसले डाम्फा बाजाको सृजना गरेका थिए । यी व्यक्तित्त्वहरूको वर्तमान परिवेशमा अत्यन्त महत्व मानिन्छ ।

तामाङ वंशावलीअनुसार तामाङका पुर्खाहरू दोङका पुर्खा दोङछेन्बो मेमे थेन माम वाली साङमोको पाँच सन्तानहरू विभिन्न देशहरू बङ्गालीङ, बेतालीङ, अुर्गनलीङ, खामस्योअी लीङ, अमरलीङ, साङालीङ, खामछ्योअीलीङ, ङीन्दालीङ पुगेको थियो । एक भाइ पुर्खा सामदेनलीङ 'मङ्गोल' भन्ने देशमा बस्नु भएपछि सात नातीहरूको मध्ये जेठो (आगेन/आपाग्रेन) को महा चक्रवर्ति दुङदुल नामको पुर्खाको युम डु (६ श्रीमती) थियो । छ वटै बाट निःसन्तान भएपछि याङरु नामको कान्छी युम ल्याएपछि भने तेनदेअु नामको छोराको जन्म भयो । पिता जस्तै शक्तिशाली तेनदेअुले २५ वर्षमा सीङ्गी देवाला जामे चाङ मीमन नामको म्हेरी बनाए । तेनदेअुको छोरा सोङदेअु जन्मे र उनको तीन सय नातीहरूमध्ये तेनदेअुका नाती सेले रुङ्ग र दामछीमानबाट छोरा पाँच जना र छोरी तीन जना जन्मेका थिए । उनीहरू गएको देश र नाम निम्नानुसार रहेको छ ।

१. **थेबा** - लुङगुपाल, खामछ्योलीङमा पुगे ।
२. **पाराङ** - सीङगीपाल, याम्बु देशमा बसे ।
३. **साँजी** - रालुङपाल, अमरलीङमा गए ।
४. **काँजी** - मीनगीपाल, बाङ्गालीङमा गए ।
५. **च्याङबा** - दुङदुपाल, मोन्पालीङ (किरात) पुगे ।

यसैगरी तीन छोरीहरूमा

१. **माअी थेबा** - अीरुङ पुगेको ठाउँको नाम पनि अीरुङ रह्यो ।

२. **माञी पाराङ** – म्हेरुङ पुगेको ठाँउको नाम साओलुङ रह्यो ।
३. **माञी च्याङबा** – केरुङ पुगेको ठाउँको नाम केरुङ रह्यो ।

भनेर तामाङ च्युङनीला ठीम तेन *तामछ्यो*ओमा उल्लेख गरिएको छ ।

यस्तै तामाङ वंशावली *जीक्तेन तामछ्यो*ओमा तामाङ म्हेमे पुर्खाहरूको नाम यसरी उल्लेख भएको पाइन्छ । *दोङ म्हेमेला छ्यान दोङछेन्बो रेम्बोर्छ । मोक्तान रेम्बोर्छेला म्हेमेला छ्यान सेमछ्यु रेम्बोर्छे । योन्जन रेम्बोर्छेला म्हेमेला छ्यान हुँगाराजा । ग्हीसीङ रेम्बोर्छेला म्हेमेला छ्यानगोबग्यु रेम्बोर्छे । बल रेम्बोर्छला म्हेमेला छ्यान पाल्देन रेम्बोर्छ । ग्रोपचान रेम्बोर्छेला म्हेमेला छ्यान सायीबु रेम्बोर्छे ।*

यसरी तामाङ हुआ (वंश) अनुसारको प्रत्येक *हुआ*को *म्हेमे* पुर्खाहरूको नाम *हुआ*को *फोला* र *डाब्ला* पूज्ने समयमा जप्ने/फलाक्ने वा भन्ने गरिन्छ ।

२.६ तामाङ स्थान नाम

तामाङ आदिवासीको भाषामा संसार, संसारमा रहेका महाद्वीपहरू, देशहरू, मानव उत्पत्ति भएका स्थानहरूदेखि वन जङ्गल, डाँडो, ब्रम्हाण्ड आदिका बारेमा मौलिक नामहरू रहेको पाइन्छ । तामाङ भाषामा पृथ्वीलाई *जाम्बुलीङ* भनिन्छ ।

तामाङ आदिवासी भाषामा *सामदेनलीङ* 'मङ्गोलिया', *ग्यानाक* 'चीन', *बोद ग्यात्सा* 'तिब्बत' *साहोरलीङ, अुरग्यानलीङ* 'पाकिस्तान', *ग्याकार* 'भारत' *अमरलीङ* 'बर्मा', *कमरलीङ* 'असम', *बेतालीङ* 'बेतीया', *बङकालीङ* 'बंगलादेश' आदि देशका नामहरू तामाङ जाति *साछ्या नाम्छ्या*को वणनमा लोकप्रिय छन् ।

यसरी नै *साह्रिकी कीलखोर* 'ब्रह्माण्ड अन्तरिक्ष', *मु* 'आकास', *सार कार्मा* 'तारा नक्षेत्र' आदिका *ज्युङचीखोर* 'तत्वीय खगोलशास्त्र' आदिको पनि छुट्टै मौलिक नामहरू रहेका छन् । तामाङ आदिवासीको उद्गम तथा उद्भवस्थलको वन जङ्गल पाखा पर्वहरूको नाम पनि तामाङ भाषामा पाइन्छ । जस्तैः विश्वको सवोच्च शिखरलाई *चोमोलुङमा* (किराँती भाषामा पनि) भनिन्छ । तामाङ भाषाको यस नामले यस्तो अर्थबोध गराउँछ *चो* भन्नाले 'प्रमुख टुप्पो, अग्लो, टाकुरा', (जामाचो, पुल्चो (क), *पालान्चो* (क), *कालिन्चो* (क), *डाप्साङचो*, बुझाउँछ, *मो* ले धर्तीमाता, *लुङ*ले 'पर्व, डाँडो र मा' हरू बुझाउँछ र समग्रमा धर्तीमा भएका पर्वहरू मध्येमा अग्लो अर्थात् *सर्वोच्च* भन्ने अर्थ लाग्छ ।

यसले तामाङ आदिवासी जनजातिलाई यसको वैज्ञानिक आधुनिक उचाइको मापन गर्न पहिले नै विश्वकै सर्वोच्च शिखर पर्व हो भन्ने ज्ञान थियो भन्ने कुरा यो विश्वको सर्वोच्च पर्वको तामाङ आदिवासी भाषामा रहेको नामले दर्शाउँछ ।

यसप्रकार तामाङ स्थान नामहरूको खोजी गर्दा अन्तर्राष्ट्रिय रुपमा पश्चिममा पाकिस्तानको *सहोर* तथा *अुरग्यान लीङ*, तामाङ आदिवासीको उद्गमस्थल *स्याङस्युङ युल, पुराङ* आदि नेपाल बाहिर पर्दछ । *ग्यानाक, ग्याना बोद*, चीन र मुगु, *पुराङच्यात* 'मुस्ताङ', *नीलीब्राखर* 'ब्राका मनाङ' हुँदै नेपालको हाल तामाङ बाहुल्य क्षेत्र ताम्सालीङ हुँदै पूर्वमा *दोर्जेलीङ* 'दार्जीलिङ', *बेतालीङ*, *ग्याकार* 'भारत', *साङ्गालीङ* 'श्रीलङ्का' *अमारलीङ* 'म्यान्मार', *कामरुपलीङ* 'असम', *बंगालीङ* 'बंगलादेश', आदि अन्तर्राष्ट्रिय भूमिका समेत स्थान नामहरू तामाङ आदिवासीको भाषामा रहेको पाइन्छ । यी स्थान नामहरूलाई *ताम्बा काअीतेन*मा यसरी वर्णन गरेको छ *अे माहो देही स्यार छ्योनी बङ्गालीङ, लोछ्योनी बेतालीङ, नुब छ्योनी अुर्गेनलीङ, ज्याङ छ्योनी खाछ्योअीलीङ । देही स्यारलो छ्यामानी खाम्बुलीङ (भेतनाम, लावोस, थाअी), लोनुब छ्योनी साङ्गालीङ, नुबज्याङ छ्योनी सहुरलीङ, ज्याङस्यार छ्यामानी कामरुपलीङ दाङ डीन्दालीङ, सामदेनलीङ हीनो बीसी सान्सी स्युबागा* भनेर उल्लेख गरिएको छ ।

यसैगरी ग्याकारला ने दोर्जेदेन ने, बानारासी ने, छ्यामजेठुङ ने ग्याकाररी नेसुम हीनो । रोङला ने ज्यारोङ खास्योर ने, फाबा सीङगोन ने, ताक्मा ल्हुअीच्यन ने नेसुम हीनो । बोअीला ने कुअीने गाङकार तेजा सुम्गी ने, ल्हाप्ची छ्युकार थुङगी ने, चीरी ज्याङ ने नेसुम हीनो । ग्याकाररी ने सुम छ्यामु, बोअीरी ने सुम छ्यामु, रोङरी नेसुम छ्यामु बीसी मान्सी स्युबा गा भनेर *ताम्बा काअीतेन*मा उल्लेख गरिएको पाइन्छ ।

यस प्रकार नेपालको तामाङ आदिवासी जनजातिको मौलिक र आदिवासीयपनको इतिहासका पक्षहरू भेटिएका छन् । यहाँ तामाङ आदिवासीको उद्गम *बाब्सा*, उत्पत्ति *ठुङसा*, जन्मभूमि *केसा*देखि सामाजिक, सांस्कृतिक रुपमा मौखिक रुपमा भएका तथा लेखिएका इतिहासको स्रोत सामग्रीहरूले उपलब्ध गराएका परम्परा भूमि, वन जङ्गल, र अन्तर्राष्ट्रिय पहिचानका स्थान नामसम्मका कुराहरू अंश रुपमा अवशेषको रुपमा तामाङ आदिवासीको इतिहासका केही पक्षहरूको मात्रै प्रस्तुति गरेको छु ।

❑❑

३. तामाङला सा 'तामाङ भूगोल'

नेपाल एक मात्र जाति, भाषा, संस्कृतिको देश होइन । नेपालमा धेरै मानव समुदायहरू बसोबास गर्छन् । यसमध्ये नेपाल सरकारले ५९ जातिहरूलाई आदिवासी जनजातिको सूचीमा सूचीकृत गरेको छ भने छुट्टेकाहरू थप सूचीकृत हुने प्रकृयामा रहेका छन् । नेपालमा तामाङ, नेवार, मगर, थारु, कॉइच (सुनुवार) राई, लिम्बूलगायतको जाति वा राष्ट्रहरूको मौलिक प्राचीन सङ्घीय राज्यहरू थिए ।

उनीहरूको आदिम कालदेखि छुट्टै बसोबास रहेको निश्चित भूगोल क्षेत्र छ, जहाँ उनीहरूको एउटा साझा भाषा (तर बहुभाषी किराँतीहरू) छ । अनि मौलिक पहिचान युक्त रीतिरिवाज, नियमन, संस्कारहरू तथा आर्थिक उपार्जन प्रणाली प्राकृतिक स्रोत र साधनहरूको मौलिक व्यवस्थापन, उत्पादनका विधिहरू सीप, कला कौशलतालाई आदिवासी ज्ञानको रुपमा आज पनि चिनिन्छ । त्यो थियो र छ । तसर्थ, यो कविलाइ र गोत्रपछिको विकसित मानव समाज अर्थात् राष्ट्र वा जातीय भूगोल हो ।

त्यसकारण नेपालको सन्दर्भमा विशेषतः तामाङ, थकाली, गुरुङ, मगर, थारु, कॉइच (सुनुवार), लिम्बू तथा खम्बु (राई) आदि मात्र कविलाई र गोत्रबाट विकास हुँदै राष्ट्र (nation) अर्थात् जातिको अवस्थामा पुगेको तर पुँजीवादी समाजसम्म नपुगेको सङ्गठित समाजको रुप राष्ट्र अर्थात् जाति हो । यसको आफ्नो साझा भाषा (किराँत बहुलभाषा), संस्कृति र आफ्नै आर्थिक व्यवस्थापन प्रणाली तथा विधि, प्राकृतिक स्रोतसाधनको व्यवस्थापन र उत्पादनका विधिहरू भएको छुट्टै भूमि अर्थात् भूगोल छ । नेपालको यो तामाङ राष्ट्रलगायत अर्थात् आदिवासी जनजातिहरूको ऐतिहासिक राजनीतिक भूगोलको खोजी गरी हेर्ने हो भने मगरहरूको बाह्र मगरात, अठ्ठार मगरात, तमुवानको बाह्र गाउँले, ताम्सालीङको बाह्र गोर्स्याङ,

बाह्र लच्याङ र बाह्र तेमालका बाह्र तामाङ, खम्बुवान, कोँइचवान १२ थुम १८ गाउँ तथा लिम्बुवानका दस लिम्बुवान अनि तराईका थरुहटका *सौराठ* अर्थात् सभा (Council) हरू प्राचीन गणतान्त्रिक गणराज्यका मौलिक स्वरुपका भूगोलहरू हुन्।

यी गणराज्यको पुष्टि ई. पू. तेस्रो शताब्दीका प्रथम मौर्य शासन कालका कौटिल्यका अर्थशास्त्रको वृत्तान्तले नै गर्छ। मौर्य सम्राट चन्द्र गुप्त (इ.पू.२९७-२३१) का मन्त्री कौटिल्यले बनाएको 'कारण तामाङहरू पृथ्वीलाई *सासी* आमा, *साब्सीडोल्मा* र *ब्रह्माण्ड*लाई बुझाउनु पर्दा *साह्रीखोर/साह्री* भनेर भन्छन्। यहाँ *सा* ले 'मानवजातिको पहिचान भूमि र माटो अर्थात् भूगोल' लाई बुझाउँछ। तामाङ *साम्ही* 'आदिवासी' हो भन्ने कुराको पुष्टी उसको हरेक पक्षहरू सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, राजनीतिक, जीवनमा सुरुदेखि अन्तसम्म *सा*/माटो/धरतीसँग कुनै न कुनै रुपमा साइनो जोडिएकै हुन्छ। तामाङ *साम्ही*को समग्र क्षेत्रको पहिचानहरू *सा* ँग एकाकार भएर आएको पाइन्छ।

त्यसले तामाङ *साम्ही* 'आदिवासी' हरूमा *साछ्या* 'जमिनको उत्पत्ति', *नाम्छ्या* 'आकासको उत्पत्ति' *क्युअीछ्या/छ्युछ्या* 'जलको उत्पत्ति', *लुङछ्या* 'वायुको उत्पत्ति' त्यसपछि *म्हीछ्या* 'मानव उत्पत्ति', *ला-लु छ्या* 'देव नागको उत्पत्ति', *लीङछ्या* 'द्वीपको उत्पत्ति', *गान्दीछ्या* 'समुद्र, सागरहरूको उत्पत्ति', *गाङछ्या* 'पर्वहरूको उत्पत्ति' आदि भौतिक जगत तथा संसारको उत्पत्तिकै बारेमा पनि मौलिक अवधारणाहरू पाइन्छ। तसर्थ तामाङ *साम्ही* 'आदिवासी' को आफ्नो भूगोलका बारे वर्णन गर्दा पनि तामाङ वंशावलीहरूमा यस्तो सबै *छ्याबा* 'उत्पत्तिका' वृत्तान्तहरू सहित उल्लेख भएको पाइन्छ।

जसअनुसार *ठुङसा, बाब्सा, केसा* र *दुरसा* 'उत्पत्ति, उदगम, जन्म र मृत्युपछि अन्त हुने भूमि' को सम्बन्ध जीवनको सम्पूर्ण कृयाकलापहरूमा हुने भएकाले पनि तामाङ *साम्ही* 'आदिवासी' हो। किनभने उसको हरेक कृयाकलाप कतै न कतै सा-भूमिसँग जोडिएकै हुन्छ। *सा* सँगको सम्बन्धलाई *ठुङह्राप, दोङह्राप, फाह्राप* र *केह्राप* वृत्तान्तहरूमा व्याख्या गरिएको हुन्छ। त्यो उत्पत्ति, उद्गम, फैलावट तथा जन्म भूमिको सम्बन्धको कुरा तामाङ किपट वा भूगोल *खीम्सा, नाम्सा* र *युल्सा/ग्लेसा/ग्याल्सा*मा फेरि व्यक्त गरिएको हुन्छ। त्यसकारण तामाङ साम्ही (आदिवासी) को उत्पत्ति, उद्गम, जन्म, फैलावट र मृत्युको बखतसम्म सा (भूगोल) को उसको जीवनको हरक्षेत्रमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ।

यहाँ *ठुङसा* भन्नाले प्रारम्भको पुर्खाको प्राचीन भूमि वा भूगोल, त्यसपछि *बाब्साहरूसँग* सम्बन्धित समग्र भूगोल र हाल कायम भएको *केसा*को रुपमा रहेको भूगोल गरी तीन कोटीमा तामाङ भूगोलको वर्गीकरण गर्न सकिन्छ । यस वर्गीकरणलाई निम्नानुसार तामाङ आदिवासी जनजातिको भूगोललाई विश्लेषण गर्न सकिन्छ

३.१ *जाम्बुलीङ थेन तामाङला सा* 'विश्व र तामाङ भूगोल'

तामाङ भाषामा विश्व वा सम्पूर्ण पृथ्वीको भूगोललाई *जाम्बुलीङ* र ब्राह्मण्डसहितको समग्र संसार भन्नु पर्दा *साह्री* शब्दको प्रयोग गरेको पाइन्छ । विश्वको भूगोलको सृष्टि तथा उत्पत्तिका बारेमा तामाङ आदिवासीको आफ्नो परम्परागत अवधारणालाई *साछ्या नाम्छ्या* भनिन्छ । तामाङका मौखिक आख्यानकार *ताम्बाले* गद्यात्मक शैलीमा *साछ्या नाम्छ्या* बारे प्रस्तुत गरेर आएको धारणा निम्नानुसार पाइन्छ

साछ्या नाम्छ्या 'सृष्टिबारे तामाङ धारणा'

पृथ्वीमा माटो, जल, वायु, ताप, आकाशको कसरी निर्माण भयो भन्ने सम्बन्धमा तामाङ समुदायमा सृष्टिगाथाका गीत सुन्न पाइन्छ । यो *ताम्बा काओतेन* परम्परामा मौखिक र लिखित दुवै रुपमा पाइन्छ । यसमा धर्तीको सृष्टिका सम्बन्धमा तामाङ भाषामा यसरी भनेको पाइन्छ । *आमाओले होओ आमाओले । आमाओले होओ आमाओले । ठीगी डाप्ता आहीन डा । दोन्गी दोप्ता आहीन डा । ताम्बा काओतेनसे खाम्ला । ब्रासीङ बुल्वा फुल्खाम्ला । कुक्पा खाछ्योओ ठोल खामला । बीसी चोवा आहीन डा । दाङबो ताम्बासे लेङमा ताम । ग्याल्साम बीसाम पाङला ताम । म्हीछेन नोर्बु स्त्राल कार्पो । गान्बा गान्सुम फ्याफुल्लो ।*

दाङबो तोङबा राङसीङरी । दोर्जे ग्याडाम लुङ छ्याजीम । लुङला थोरी मे छ्याजीम मेला थोरी कुओ छ्याजीम । कुओला ग्योहीरी बोप्स्या छ्याजीम बुप्स्या थोरी सा छ्याजीम । रीग्याल लोन्बो गाङछ्याजीम । लीङसी लीनठान गे छ्याजीम । स्यार लो नुबज्याङ छ्योब्लीरी । डुवा ह्रिङुक म्ही छ्याजीम । तोर्से तेङरी ला छ्याजीम, मार्से होगरी लुछ्याजीम । तोर्से बाररी चान छ्याजीम ।..... " (*ताम्बा काओतेन व्हाओ रीमठीम* बाट)

अर्थात्

पूर्वदक्षिण पश्चिम उत्तर कहीँ पनि उत्पत्ति नभएको बेलामा । जमिन खाली, आकाश खाली भएको निराकार (शुन्य) बेलामा हावा रानी बेगले बगेको

बेलामा हावाको बज्राकार हावा बसेछ । हावाको माथि आगो बसेछ । आगोको माथि पानीको तलाउ बसेछ । तलाउमाथि पानीको फिंज बसेछ । फिंजमाथि पानीको तर बसेछ । पानीको तरमाथि धर्तीको माटो बसेछ । धर्तीको माटोमाथि सुमेरु पर्वत बसेछ । पूर्व दक्षिण पश्चिम उत्तर चार दिसामा ६ लोकमा मानव सृष्टि भएछ । माथि देवताहरू बसेछ । तल पातालमा नागराज बसेछ । अन्तरिक्षमा सिकारी देउताहरू बसेछ भनेर सृष्टि बारे बताएको पाइन्छ ।

३.२ *लीङछ्या, युल छ्या* 'द्वीप र राष्ट्रहरूको स्थापना'

तामाङ आदिवासी धारणा अनुसार पहिले धर्तीको सृष्टि भई सकेपछि पृथ्वीमा विभिन्न भूगोलहरूको उत्पत्ति भयो । त्यसपछि *लीङ-ब्रे ब्रे-छ्योरी* 'आठ दिशामा आठ-द्वीप' को रुपमा *युल्सा* 'राष्ट्र' तथा देशहरूको स्थापना भयो । देशहरूको महिमा फरक-फरक रह्यो भनेर यसरी बताएको पाइन्छ ।" *स्यार दोर्जेसेम्बा, लो रीन्जेन ज्युङने, नुब नवाथाय, ज्याङ दोयन डुब्बा अुअी नाम्बार नाङज्ये साङग्ये डानुन छोक्पा छोखाङ, डुप्पा डुब्खाङ दोर्जेदेन छ्याजीमाअी दाङबो ।*

१. *दोर्जेदेनला स्यारगाअी छ्योरी बाङ्गालीङ* 'बङ्गाल *छ्याजीमाअी दाङबो* ।
२. *लोगाअी छ्योरी बेतालीङ* 'बेतीया' *छ्याजीमाअी दाङबो* ।
३. *नुबगाअी छ्योरी अुर्ग्यानलीङ* 'पेशावर' *छ्याजीमाअी दाङबो* ।
४. *ज्याङखाअी छ्योरी खाछ्योअीलीङ* 'कस्मीर' *छ्याजीमाअी दाङबो* ।
५. *स्यारलो छ्यामरी खाम्बुलीङ* 'खाम तिब्बत' *छ्याजीमाअी दाङबो* ।
६. *लोनुब छ्यामरी साङ्गालीङ* 'सिलोन' *छ्याजीमाअी दाङबो* ।
७. *नुबज्याङ छ्यामरी साहुरलीङ* 'काबुल' *छ्याजीमाअी दाङबो* ।
८. *ज्याङस्यार छ्यामरी कामरुपलीङ, डीन्दालीङ थेन सामदेनलीङ छ्याजीमाअी दाङबो । देने म्हीककरी म्ही डाक्पो लीङ ब्रेचाम छ्याजीमाअी दाङबो थेचा लीङ ठीनला गुङरी...."* (*ताम्बा काअीतेन क्हाअी रीमठीम*, पृष्ठ-५० र *मोक्तान हुअीकी फोला छ्योअी* बाट) भनेर तामाङ वंशावलीमा *जाम्बुलीङ* 'विश्व' र आठ द्वीप रुपी *युल्सा* 'देश' हरू यसरी बने ।" भनेर हालको अफगानिस्तानको कान्दाहार, काबुल, पाकिस्तानको पेशावर, भारत-पाक कास्मीरदेखि चीनको भित्री मङ्गोलिया (Inner Mongolia), खाम तिब्बत, भारतको बेतीया, सिलोन, असम, बंगलादेश, बर्मा (म्यान्मार) ब्रह्मपुत्रको आसपासको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभ्यता तथा भूगोलको तामाङ वंशावलीले वर्णन गरेको पाइन्छ ।

३.३ *खीम्सा, नाम्सा, युल, युल्सा, ग्याल्सा थेन कीपट सा*

'तामाङ राष्ट्र र किपट भूमि'

विश्व र तामाङ भूगोलको सृष्टि गाथापछि मौलिक तामाङ *युल्सा* 'राष्ट्र', *ग्याल्सा* 'राज्य', *युल* जिल्ला-क्षेत्र वा धेरै गाउँहरूको सङ्घ', *नाम्सा* 'विभिन्न *हुअीहरू*को थलो' र *खीम्सा* 'हुअी विशेषको थलो' का रुपमा तामाङ भूगोलको वृत्तान्त तामाङ वंशावलीमा पाइन्छ । यसमा तामाङ आदिवासी जनजातिको पुर्ख्यौली थलो (ancestral land) को रुपमा *ठुङसा, बाब्सा* र *केसा* भूमिहरू रहेका छन् । यस्ता तामाङ भूमिका आधारमा तामाङ राष्ट्रको मौलिक तथा प्राचीन भूमि वा भूगोलको प्रशस्त आधारहरू पाइन्छ ।

युगौंयुगको कालखण्डको परिवर्तनसँगै आज ती भूगोलहरू कतिपय अर्को मुलुकको भूमिमा पर्छन् । तापनि धेरैजसो नेपालको सीमाभित्रै पर्दछन् । तसर्थ, तामाङ वंशावलीमा वर्णन गरिएका तामाङ पुर्ख्यौली थलो र प्राचीन *युल्सा*को भूगोल हालको नेपाल तथा हाम्रो छिमेकी चीनमा समेत पर्दछ भने तामाङ आदिवासी/जनजातिको *ग्याल्सा* 'गणराज्य' नेपालको हालको ताम्सालीङ क्षेत्र हो । यो भूगोलमा तामाङहरूको उपस्थिति ऐतिहासिक त्यो कालखण्डदेखि आजसम्म निरन्तर रहेको कुरा यो भूमिमा भूमिसँगको तामाङ आदिवासीको यस प्रकारको मौलिक सम्बन्धले नै पुष्टि गर्दछ । त्यो निम्नानुसार रहेको पाइन्छ ।

तामाङ वंशावलीमा उल्लेख भएका *साङ्बो*को *बाब्सा* 'पुर्ख्यौली थलो' *स्याङस्युङ युल्सा*, त्यसैगरी पाखिनको *बाब्सा पुराङ च्यो, थीङको बाब्सा अुअी यालुङ, ङ्यासुर*को *बाब्सा चाङकोङ, ग्याप्बा*को *बाब्सा ग्यानक* चीन, *जीम्बा*को *बाब्सा पाल्गी अुअी सामय, सीङगार*को *बाब्सा डाकार, ग्राङदान*को *बाब्सा ग्यानाक युल्साहरू* चीनको भूभागमा पर्दछ भने मोक्तानको मुगु *ग्याल्सा, बोमजान*को *बाब्सा डीलीब्राखर, बल*को *बाब्सा तेमाल रुम्पाल ग्याल्सा* नेपालकै हिमाली तथा उच्च पहाडी भूभागमा पर्दछ ।

यसरी तामाङ आदिवासीले पुर्खौली प्राचीन थलो र जमिनलाई उर्बर बनाउँदै पहिलो चोटि आवादी बसाल्दै आएको *नाम्सा, युल, युल्साहरू*को परम्परागत भौगोलिक क्षेत्र (Traditional Geographic Territory) तामाङ भूमि अर्थात् किपटको रुपमा रहेको छ । प्रत्येक किपटका किपटिया एउटा हुअीको तामाङको हुन्छ । एउटै *हुअी*का तामाङहरूको एकैभन्दा बढी किपटहरू हुन्छ । तामाङ किपटहरू वंशावलीमा यसरी उल्लेख भएको छ ।

"बल कीपट तेमाल, बोमजन कीपट हैबुङ, कामकोल, नामलाङ, ग्हीसीङ कीपट आन्द्राबुङ, कार्ज, मोदी, फेटाली, ब्याँसी, मीर्गी, नाजली, ताल्ज्यु । मोक्तानको कीपट बारखानी, कामन, फस्कु, रीप्ते, ब्हाँसा, मार्गा, पोपोटि, थाप्कान, मारखानी, राओगा । ग्रोपचान कीपट सिन्धुपाल्चोक । योन्जन किपट द्हादीङ, डाहु, फुलबुङ, रीस्याङगु । (मोक्तान : १९५६:१९) आदि तामाङ आदिवासी जनजातिको कीपट भूमिको रूपमा भएको कुरा उल्लेख छ । यस्तो प्रायः सबै तामाङ *हुओ*हरूको आ-आफ्नै किपटहरू रहेको हुन्छ । यसलाई तामाङ भाषामा *नाम्सा* तथा *खोर* भनिन्छ । अहिले पनि तामाङ गाउँहरू आधारभूत रुपमा हेर्दा प्रायः प्रत्येक *हुओ*को एउटा खोरको कायम रहेको पाइन्छ । यही किपटहरूको साझा संयुक्त भूगोलको आधार १२ गाउँ या १२ किपटहरूको साझा भूगोलको रुप १२ तामाङको संरचना हुनसक्ने अनुमान लगाउन सकिन्छ । किपट अर्थात् साझा भूगोलको अवधारणा तामाङ आदिवासी समुदायमा निम्नानुसार वर्गीकरण र विकास भएको पाइन्छ ।

खीम्सा

तामाङ भाषामा *खोर* भन्नाले एउटा *हुओ* वा परिवार वा वंश वा गोत्रको बसोवास क्षेत्रको न्यूनतम इकाई हो । यसलाई एउटा *हुओ*को आधारमा योन्जन *खोर*, पाखिन *खोर*, मोक्तान *खोर*, थीङ *खोर* आदि भनिन्छ । यस्तै लामाहरूको बसोबास भएकोलाई लामा *खोर*, *बोन्बोखोर*, भन्ने सानो भूगोलको नामाकरण गरिएको हुन्छ । यो सानो या न्युनतम भूगोलको इकाईला *खीम* 'दीम/तीम' अर्थात् घर को वरिपरिको भूमि जहाँ प्राय एउटै *हुओ*का 'एउटै वंश वा गोत्रीय' *थेमे* तथा *थेत्मा*को तामाङहरूको बसोबास रहेको हुन्छ यसलाई हिजोआज हामी *खोर* 'टोल' भन्छौं । त्यही *खोर*को भूमिसँगको पारिवारिक सम्बन्ध जनाउने भौगोलिक नाम तामाङ भाषामा *खीम्सा* 'खीम वरिपरिको' भूगोल हो । यो तामाङ आदिवासीको किपटको न्युनतम इकाई हो । यो संगठित भूगोल हो भन्ने कुराको पुष्ट्याइ तामाङ समाजको *म्ही ठीम* अर्थात् मानवी आचरणको नियम र *खीमठीम* 'घरको परिवारको आचरणको नियम' भन्ने रहेको पाइएकाले *खीम्सा* सानो संगठित इकाई हो भन्न सकिने आधारहरू छन् ।

नामसा/नाम्सा

तामाङ भाषाको गाउँ *नामसा* शब्दले एक ठाउँमा उभेर बस्दा चारैतिर आकाशसँग *सा* भूमिसँग जोडिएको देखिन्छ । त्यो ठाउँबाट अनुभूत गरेको

त्यो सम्पूर्ण सग्लो भूमिलाई *नाम्सा* भनिन्छ। यहाँ *नाम* भनेको आकाश क्षितिज हो र *सा* भनेको भूमि हो।

यसैको आधारमा तामाङ भाषामा *खीम्सा* भन्दा पनि ठूलो भूगोलको इकाई बुझाउने *नाम्सा* शब्द प्रयोग भएको पाइन्छ। तसर्थ, *खीम्सा*का भूगोलहरू मिलेर *नाम्सा*को भूगोल बन्छ। *नामसा* भनेको 'गाउँ' हो। *नामसा/नाम्साहरू* एउटा *हुअी* विशेषको मात्र बसोबास हुन्थ्यो र हुन्छ। आजको बदलिँदो परिस्थितिमा पनि नामसामा एउटा *हुअी* विशेषको *थेमे* वा *थेत*हरूको नै बाहुल्यता छ।

उदाहरणका लागि आज पनि सिन्धुपाल्चोकको *ह्रिस्याङगु* भनेपछि योन्जन र *अत्तरबुङ* भनेपछि मोक्तान *हुअी*को मात्र, रसुवाको *चीलतीङमो* 'चीलीमे' को मोक्तेन *नाम्सा* मोक्तान *हुअी*को मात्र, रामेछापको ताल्ज्यु भने पछि *ग्हीसीङ हुअी*को, काभ्रेको *तेमाल* भनेपछि दोङ *हुअी*को *नाम्सा* वा 'गाउँ' भन्ने बुझिन्छ।

त्यसकारण तामाङ भाषामा *नाम्सा* भनेको एउटा *हुअी* विशेषको सग्लो र साझा भूगोल थियो अर्थात् *खीम्सा*पछिको अर्को ठूलो भौगोलिक किपटको इकाई हो जो सुसंगठित थियो र छ। त्यसकारण *म्हीठीम, खीमठीम* पछि *नाम्साठीम* भनेर नाम्सालाई सन्चालन गर्ने थिति वा प्रणाली बसालेको पाइन्छ। *नाम्सा* ठीममा एउटा *नाम्सा*को वनजङगल, पानी कुलोको स्रोत अर्को *नाम्सा*काले प्रयोग गर्न पाउँदैन। *नाम्सा* तामाङ आदिवासीको किपटको एउटा इकाईको छुट्टै पहिचानको रुपमा भन्ने कुरा स्पष्टसँग बुझ्न सकिन्छ।

युल/युल्सा

नाम्साहरू मिलेर बन्ने भूगोललाई *युल* भनिन्छ। *खीम्सा* र *नाम्सा*को स्तरबाट बढ्दै संयुक्त *नाम्साहरू*को योग सग्लो अझ सङ्गठित भूगोल हो *युल/युल्सा*। तसर्थ *नाम्सा* एउटा *युल*को एउटा इकाई हो। युलको स्तरमा आई पुग्दासम्मको भौगोलिक सीमा, सीमाधिकार, प्राकृतिक स्रोतको परिचालन अधिकार आदिलाई *युलठीम*को रुपमा व्यवस्थित पाइएकाले *युल*ले तामाङ आदिवासीलाई राष्ट्रको स्तरमा विकास भएको कुराको पुष्टि गर्दछ। तसर्थ *युल/युल्सा* भनेको शासकीय भौगोलिक रुपमा सङ्घात्मक इकाई जिल्ला, अन्चल, क्षेत्र, राष्ट्र, देस, मुलुक आदि स्वरुपका तामाङ भूगोलहरूलाई बुझाउने नाम हो। *युल*मा बस्ने जनतालाई *युल्बा* भनिन्छ। *युल*को भाषालाई *युलकाअी/युलग्योत/युलकी ग्योअी* भनिन्छ। त्यसैगरी *युल*को प्रमुख शासकलाई *युल चोहो, युल्ला नेबो,*

युल छेन्बो, युल्ला भनेर सम्बोधन गरेको पाइन्छ । त्यसैगरी प्राकृतिक स्रोत साधनहरू *युल्ला गान्दी, युल्ला ने, युलकोर/खोर* परिधी सिमाना, *युलदीम/खीम* र *युलला जोङ* आदि *युल* भौगोलिक संरचनाका लागि आवश्यक विषय वस्तुहरूको तामाङ वंशावलीहरूमा उल्लेख गरेको पाइन्छ । तामाङ आदिवासीका विभिन्न *ह्युमी*का तामाङ *युलबा*को विभिन्न *युल* 'राष्ट्र' हरूको वर्णन पाइन्छ । उदाहरणका लागि *स्याङबो*को *बाब्सा स्याङ स्युङ* वा *स्याङ युल, ग्याबक ग्यानाक* 'चीन' *युल्सा, गोङबा*को *गोङ ग्याल्सा,* मोक्तानको मुगु *ग्याल्सा, ख्युङबा*को *डुकु ग्याल्सा* आदि । यसरी नै अन्तर्राष्ट्रको रुपमा *उर्गेन युल, सहोर युल, डुक युल, बोद युल, माङयुल, ग्याकार युल* 'भारत' भनेर तामाङ वंशावलीहरूमा *युल/युलसा*को वर्णन पाइन्छ ।

३.४ तामाङ *च्युङनीला सा* '१२ तामाङको भूगोल'

तामाङ आदिवासी समुदायमा *रीमठीम*को कुरा गर्दा सबैभन्दा पहिले झट्टै तामाङ *च्युङनीला ठीम* वा *रीमठीम* भनेर आउने गर्दछ । यो पनि अधिकांश नाम्साहरूमा आजका पिँढीले त नसुनेका पनि भन्न थालेका छन् । तापनि तामाङ *रीमठीम*ले समग्रमा तामाङ न्यायप्रणाली, संस्कार प्रणाली, दन्डप्रणाली, शासकीय प्रणालीको रुपमा *खीम्सा, नाम्सा*देखि *युल/युल्सा*सम्मका राजनैतिक भूगोलभित्रको *ठीम* बसालेको पाइन्छ । यस्तो *ठीम*हरूमध्ये सबैभन्दा मर्मस्पर्शी *ठीम* तामाङ *च्युङनीला ठीम* हो । त्यसकारण यहाँ तामाङ *च्युङनी* भनेको के हो ? भन्ने कुरा मुख्य प्रश्नको रुपमा आएको छ ।

तामाङ *च्युङनी*ले पहिलो पटक तामाङ आदिवासी समुदाय राष्ट्रको रुपमा विकास भएको थियो र छ भन्ने दह्रो प्रमाण दिएको छ । तामाङ *च्युङनीला ठीम* भन्ने बित्तिकै *च्युङनी* (बाह्र) जना तामाङले बनाएको *ठीम* भन्ने हुन्छ । ती बाह्र जना तामाङ को को थिए भन्ने कुराको खोजी गर्दा तामाङ समाजमा *खीम्सा, नाम्सा, युल्सा*को सङ्घात्मक मौलिक *युल्सा*हरूको तत्कालिन समयमा प्रचलनमा रहेको सङ्घात्मक संरचना र इकाईको नयाँ आधार १२ *नाम्सा* अर्थात् १२ गाउँको संयुक्त रुप प्रयोगमा व्यवहारमा आउनुले त्यो बेलामा पनि नेपाल विभिन्न जाति/राष्ट्र/Nation को रुपमा सग्लो नै थियो । प्रत्येक जातिको छुट्टै अलग-अलग स्वायत्त र स्वतन्त्र सङ्घात्मक गणराज्यहरू समेतको नेपाल थियो भन्ने दह्रो सङ्केत मिलेको छ । किनभने १२ गाउँको सङ्घात्मक धारणा तामा, *च्युङनी*मा मात्र सीमित नरहेर पश्चिम नेपालको १२ मगरात, मुस्ताङको १२ गाउँ, १३ गाउँ, ५ गाउँ, ३ गाउँ, काठमाडौं उपत्यकामा पनि

नेवारहरूमा झीन्हीम्ह थकुरजुजु, पूर्वमा १० लिम्बूवान र तराइमा थारुको *सौराठ* 'सभा' आदि शासकीय संरचनायुक्त राजनीतिक भूगोल रहेको पाइन्छ। यसैको आधारमा १२ वटा तामाङ *नाम्साहरू* मिलेर तामाङ *च्युङनी* (१२ तामाङ) को एउटा सङ्घात्मक भूगोल बनेको कुरा अब ठोकुवाका साथ भन्न सकिन्छ।

जसरी एउटै ह्युीका तामाङको किपट एकभन्दा बढी छन् त्यसरी नै यस्ता तामाङ किपट *नाम्साहरू*को साझा र संयुक्त *नाम्सा*को स्वरुप सङ्घात्मक रुपमा विकास भई तामाङ *च्युङनी* बनेको देखिन्छ। र यही आधारमा तत्कालीन समयमा सङ्घात्मक स्वरुपको साझा आधारको रुपमा १२ गाउँहरूलाई गाउँको सङ्ख्याका आधारमा संयुक्त गाउँ सङ्घ निर्माण गरिएको देखिन्छ। यसमा मूल आधारको रुपमा १२ गाउँलाई मानिएको देखिन्छ। किनभने नेपालका यी १२ गाउँको कुरा ईशाको दोस्रो शताब्दीका अर्थशास्त्री कौटिल्यको अर्थशास्त्रमा समेत उल्लेख गरिएको छ। त्यसकारण तामाङ *च्युङनी*को *ठीम* (१२ तामाङको प्रथा), बाह्र तामाङ किपट/बाह्र तामाङ गाउँ वा बाह्र तामाङ *युल*का १२ जना प्रतिनिधिहरू रहेको *छोक्पा/जोम्सा* या सभाको शासकीय राजनैतिक भूगोल तामाङ आदिवासीका प्राचीन सङ्घात्मक *युल* वा *ग्याल्सा* 'गणराज्य' हरू हुन्।

हालसम्म जानकारीमा आएको यस्तो तामाङ *च्युङनी* 'बाह्र तामाङ' सङ्घ नेपालमा तीन वटा भएको सूचना प्राप्त भएको छ।

(क) पूर्वमा १२ *तेमाल ग्याल्सा* 'जोङ' क्षेत्र

(ख) मध्यमा १२ लाच्याङ ग्याल्सा 'जोङ' क्षेत्र

(ग) पश्चिममा १२ गोरस्याङ ग्याल्सा 'जोङ' क्षेत्र जसलाई प्राचीन कालदेखि तामाङहरूले '१२ तामाङ' को सङ्घात्मक स्वरुपको राष्ट्रकैस्तरमा भौगोलिक, सांस्कृतिक, प्रथा, परम्परा र संस्कारहरूलाई तामाङ *च्युङनीला ठीम* तथा *रीमठीम*को मूल्य र मान्यतामा विकास गरी व्यवहार आजसम्म आफू र आफ्नो समाजभित्र प्रयोग गरी समाजमा स्थापित गरी ल्याएको पाइन्छ।

तसर्थ तामाङ आदिवासी जनजातिको भूगोल तथा राष्ट्रको प्राचीनताको एउटा महत्वपूर्ण आधार १२ गाउँको सङ्घ अर्थात् तामाङ *च्युङनी*को भूगोलहरू बाह्र *तेमाल*, बाह्र *लच्याङ* र बाह्र *गोर्स्याङ ग्याल्सा*का बारेमा मौखिक तथा लिखित तामाङ इतिहासका स्रोत सामग्रीहरूमा पाइन्छ।

तामाङ जातिको वंशावली तथा *ताम्बा काअीतेन* जस्ता लोक साहित्यहरूमा उल्लेख भएको तामाङ भूगोलको विश्लेषण गरेर हेर्दा तामाङ जातिका भूगोल वर्तमान चीनको दक्षिण पश्चिम तिब्बत आसपास *यार्लुङ* 'यालुङ/येलुङ', *स्याङस्युङ, पुराङ* हुँदै नेपालको मुगु, मुस्ताङ, मनाङको ब्राखर (ब्राका), बारपाक *सेमजोङ* हुँदै अहिलेको *तेमालसम्म* रहेको कुरा उल्लेख गरेको पाइन्छ। गौरवशाली यो ऐतिहासिकतासँगै नेपालमा तामाङ जातिको भूगोल पछिल्लो अवस्थासम्म पनि निम्न मौलिक १२ गाउँका १२ तामाङ सङ्घात्मक भूगोलहरू रहेका छन्।

३.५ तामाङ *च्युङनीला सा बोद ग्लाखोर (बोद् सङ्घात्मक भूगोल)*

तामाङ शब्द प्रयोगका दृष्टिले मुख्यतया नेपालको राजधानी वरिपरिको र उपत्यकामा प्रथम आवाद गर्न मंगोल मूलको मानव जाति वा समुदायलाई बुझाउन प्रयोग भई आएको छ। तामाङ शब्दको प्रयोग विदेशी विद्वान् म्याक्डोनाल्डका अनुसार हालको "मुस्ताङ जिल्लाको गुन्थाङ जो पुराङ राज्यको एक भाग थियो।" त्यहाँका राजा बुम ई. १२५३ देखि १२८० सम्म राज्य गरेका थिए। उनको वंशावलीमा तल्लो मुस्ताङमा रहेका "से मोन शेरिब अधिराज्य" का तामाङहरूलाई दबाउन मुक्तिनाथमा किल्ला बनाउन लगाएको भन्ने वृत्तान्त उल्लिखित छ। सो वृत्तान्तले तामाङ शब्दलाई राष्ट्रको रुपमा र जाति (राष्ट्र) वाचक संज्ञाको सूचकको रुपमा ७०० वर्षदेखि प्रयोग भएको तथ्यको उजागर भएको छ। किनभने एउटा राज्य/राष्ट्र वा मुलुकलाई डर अर्को राज्यबाटै हुन्छ। त्यो कुरा यहाँ झल्किन्छ। तसर्थ, यो नै नेपालमा भेटिएको तामाङ राष्ट्र (जाति) लाई बुझाउन तामाङ शब्दको प्रयोग भएको एकमात्र सबैभन्दा पुरानो अभिलेख हो भने यो क्षेत्रलाई माथिल्लो मुस्ताङ भोटको रुपमा चिनिन्छ। यही क्षेत्र तिब्बतमा सबैभन्दा पहिले बौद्ध धर्म फैलिनुमा महत्व राख्ने *अुअीसाम्य* (सामय) *गोन्पा* बन्नु पहिले बनेको भन्ने विश्वास गरिएको *लोगेकर* (लोग्यागार) *गोन्पा* छ। अनि यही क्षेत्रमा नेपालकै सबै भन्दा पुरानो मानव वस्तीको पुरातात्विक अवशेष भेटिएको छ। तामाङ जातिको लिखित वंशावलीमा यो क्षेत्रलाई तामाङ जातिको उद्गमस्थलको रुपमा उल्लेख गरिएको छ र उत्तरी बौद्ध सम्प्रदाय सबै भन्दा पुरानो मत *डीङमा* सम्प्रदायका अनुयायी सबैभन्दा पुरानो (३० हजार वर्षअघिको मानव समुदाय) र धरै जनसङ्ख्या भएको आदिवासी समुदाय पनि तामाङ नै हुनुले पनि त्यो क्षेत्र तामाङ जातिको *बाब्सा* उद्गमस्थल हो भन्ने कुराको पुष्टि हुन्छ।

तामाङ वंशावली अनुसार हुम्ला, जुम्लाभन्दा माथिका चीनको तिब्बतको दक्षिण-पश्चिमको मानवसरोवर भन्दा मुनितिरको उर्वर प्रदेशलाई *स्याङस्युङ युल* भनिन्छ। हाल यो चीनको दक्षिण-पश्चिम तिब्बतमा अर्थात् माथिल्लो मुस्ताङको उत्तर पश्चिमतर्फ पर्छ। तामाङ वंशावलीमा तामाङ जातिको *स्याङबो* थरको *बाब्सा* उद्गमस्थल *स्याङस्युङ* हो अर्थात् *स्याङस्युङ युलरी स्याङबो बाब* तथा नेपालका हालको मुगु जिल्लाको कर्मारोङ क्षेत्र, जहाँ अझै आफूलाई तामाङ भनेर चिनाउनेहरू छन्। वंशावलीमा *मुगु ग्यात्सारी मोक्तान बाब* अर्थात् मुगु राज्य मोक्तानको उद्गम स्थल हो भनेर वर्णन गरिएको पाइन्छ।

यही क्षेत्र आसपास *स्याङस्हुङ युल्टी स्याङबो बाब, मुगु ग्यात्साटी मोक्तान बाब*, र *पुराङ च्यात्टी पाखिन बाब* तामाङ वंशावलीअनुसार प्राचीन तामाङ *बाब्सा* अर्थात् वासस्थान *पुराङ* हो। मुक्तिनाथ क्षेत्रको नाम मुक्तिनाथसँग नजोडिँदा ताका *पुराङ*कै अधीनस्थ क्षेत्र थियो र आज पनि स्थानीय वासिन्दाको भाषामा यस क्षेत्रको स्थान नाम *पुराङ* नै भनेर भनिन्छ। *पुराङ* गाउँ नै छ। पुराङ तामाङ वंशावलीअनुसार तामाङ जातिको उद्गमस्थल हो। आजसम्म मुक्तिनाथदेखि मुनीतिरका बासिन्दा त्यस्तै छुट्टै राष्ट्र/आदिवासी जाति जो मातृभाषामा आफ्नो जातिलाई बुझाउन *तामङ* शब्दको प्रयोग गर्छन्। *रीमठीम*लाई *रीमठीम* नै भनिन्छ। थकालीहरूको मूल थलो कागबेनी, ठीडी, जोमसोम, मार्फा आदि स्थानहरू रहेका छन्। थकालीहरू माझ आफ्नो जातीय चिनारी दिँदा थकालीभित्र पनि आफूलाई आफ्नो भाषामा चिनाउनु पर्दा *तमाङ* भनेर चिनाउनुमै गर्व गर्नेहरू आज पनि जोमसोम, ठीनीलगायत गाउँहरुमा पाइन्छन्।

त्यसो मात्र होइन १२ गाउँको ऐतिहासिक सङ्घात्मक शासकीय प्रणाली र राजनैतिक सङ्घात्मक भूगोलको अभ्यास आजसम्म ज्युकात्युँ यही थाक खोलामा मात्र छ। जसलाई ३ गाउँ, १२ गाउँको रुपमा अर्थात् मगरातका १२ मगरात, ताम्सालीङका १२ तेमाल, १२ गोर्स्याङ, १२ लच्याङ समेतलाई हेर्दा प्राचीन विशाल *बोद* सङ्घीयताभित्रको गणराज्यहरूको अवशेषको हुन कि भन्ने सङ्केत पनि दिएको छ।

त्यसैगरी गुरुङ समुदायमा हिजोआज गुरुङ भन्नुमा भन्दा बेसी *तमु* भन्नुमा गर्व गर्दछन्। हुम्लाका लामाहरू पनि पहिले हुम्ली तामाङ भनेर चिनाउने

गर्दथे । मुगु कार्मारोङ क्षेत्रकाहरूको पाय.त्र्च पुस्तासम्मका लेखोटमा आफ्नो जातिगत वंशका रुपमा तामाङ लेख्न गरेको अभिलेख पाइन्छ । उनीहरूले पनि हिजोआज आफ्नो छुट्टै पहिचानको खोजीमा *लामा* भन्नुमा गौरव गर्न थालेका छन् । तापनि नेपालको राजधानीलाई नेपालको सिमानाको उत्तर हिमाल, दक्षिणमा चुरे, तराई या पूर्व (पश्चिम चारैतिर घेरेर घना बसोवास रहेको तामाङ जाति जसलाई यहायत्र्का सामन्ती शासकहरूले भोटे, लामाभोटे, घलेभोटे, घले, लामा भनेर विदेशी वा फरक राष्ट्रको अर्थमा हेयभावले सम्बोधन गर्ने गरेका थिए । आज पनि छ । यही कुरा हाम्रो आधारभूत राष्ट्रिय पहिचानको आधार भएको छ । यहाँ सामन्ती सत्ताधारीबाट भोटेको संज्ञा पाएका हामीहरूको भाषा, संस्कृति र भेषभूषा एकरुपता र समता पाइन्छ ।

हाम्रो प्राचीन पहिरन मुख्य रुपमा उनबाट बुनेको-बनेको हुन्थ्यो । यसमा हिजोआजको भाषामा *स्योल्दो* 'छ्युपा', *वख्खु, आङदुङ, पाङदेन, कीटी* आदि मुख्य मौलिक पहिरन *सम्पूर्ण बोद* 'भोट' क्षेत्रमा भेटिन्छ । त्यो हुम्लाका हुम्ली वा मुगुका मुगाली होस् अथवा मनाङका मनाङगे, रसुवा, सिन्धुपाल्चोकका तामाङ, सोलुका स्यार्पा, संखुवासभाका सिङसा, ताप्लेजुङ ओलाङचुङ गोलाका तोप्गोगोला सबैको एउटै हो । त्यस्तै मुगुका कार्मारोङबाहरूको या हुम्ली तामाङको भाषा आज पनि नुवाकोट, रसुवा, धादिङका तामाङ जातिको विभिन्न परम्परागत सांस्कृतिक अवसरहरूमा नाच्ने *स्याब्रु* नृत्य शैली र गाउने *बोमसाङ* गीत अर्थात् *लु* को भाषासँग ठ्याक्कै मिल्छ । कतिपय गीत त उस्तै पनि हुन्छ । यसो हुनाको मुख्य कारकतत्व *बोद* केन्द्रकृत सङ्घीयता नै हो । त्यसकारण हामीलाई *बोद* अर्थात् भोट जाति (राष्ट्र) र राष्ट्रियताका नेपाली भएकाले नै भोटको भोटे भनेर हेय रुपको सम्बोधन मुख्य गरेर सामन्ती खस राष्ट्रवादीहरूले गर्ने गरेका हुन् ।

तसर्थ, तामाङ, तमाङ र तमु भनेको मनदेखिका भावनात्मक रुपमा गौरवपूर्ण मौलिक अभिव्यक्तिसहितको एउटै जाति वा राष्ट्रको पहिचान हो । १८ औं शताब्दी अघिसम्म तामाङ भनेपछि हालको चिनिया तिब्बतको अधिनस्त क्षेत्र बाहेकका सबै *बोद* वा जडान हिमालय शृङ्खलामा बसोबास गर्नेहरू *बोद* अर्थात् भोट राष्ट्र वा जातिको नै हुन् । जबदेखि भोट राष्ट्रको सङ्घात्मक स्वराज्यहरू खस अधिनायकत्वको मुठ्ठीमा पऱ्यो तबदेखिका जडान हिमालय शृङ्खलाका सबै जाति वा राष्ट्रहरूलाई लामा, लामा भोटे भनी हेयको दृष्टिले सम्बोधन गर्ने गरिएको हो । यसरी सम्बोधन गरेबाट *बोद* 'भोट' भन्नुले छुट्टै

गराज्य (भारती, अमेरिकी भने भैं) हो भन्ने कुरोको पुष्टि हुन्छ । एकै चोटी द् राष्ट्रवादको नामनिसाना मेट्न कठिन भएकै कारण गोर्खा राज्यका दय र अवसानपछि पनि तामाङ जातिलाई भोटे, लामा, लामा भोटे, घले, ले भोटे, आदि संज्ञा दिएर छुट्टै राष्ट्र र राष्ट्रियता व्यवहार गरेको छ । त्यसैले मामाङ जाति लार्के, मुस्ताङ, दोल्बो, मुगुलगायत माथिल्लो *बोद्* 'भोट' क्षेत्रका ादिम बासिन्दा हुन् ।

र आजका तामाङहरूले त्यस ताका आफूलाई "हामी बाह्र तामाङ" भन्नुमा बढी गर्व गर्ने गर्दथे । तापनि आफ्नो सङ्घीय गणराज्य जाति वा राष्ट्रकै मा "बाह्र तामाङ" (३ गाउले, १२ गाउँले अर्थात् १२ तेमाल, १२ गोर्स्याङ, २ लच्याङ) भन्ने सङ्घीयताको अवशेष अध्यावधि पाइन्छ । जहाँ प्राचीन णतान्त्रिक सङ्घात्मक सामाजिक राजनीतिक व्यवस्था थियो । यसको ाचीन अवशेष तामाङ जातिमा १२ तामाङको रुपमा (१२ तेमाल, १२ लच्याङ र १२ गोर्स्याङ) छ ।

हामी तामाङ नै होऔं भन्ने दावी जहाँनीया तानाशाही राणा शासनकालमा पनि तत्कालीन ब्रिटिस सरकारका ठूला कमान्डरको अङ्गरक्षक तथा सेवक तामाङ सरदार बहादुर जंगवीर तामाङले आफूहरू पहिलेदेखि नै तामाङ भनेर चिनिने कुरा "हामी बाह्र तामाङ" भन्ने दाबीका साथ बाह्र तामाङलाई लामा भोटे नभनी आफ्नो थर लेख्दा तामाङ नै लेख्न पाउँ भनी तत्कालीन नेपाल सरकारलाई निवेदन लेखेका थिए । उनको यो निवेदनको सुनुवाइ स्वरुप वि.सं. १९८९ भाद्र ६ का दिन तामाङलाई "लामा भोटे" नभनी "तामाङ" नै भनी बोलाउनु र लेख्न लगाउनु भन्ने लिखित आदेश समेत भएको थियो ।

बहादुर जंगबीरले "हामी बाह्र तामाङलाई" भनी दाबी गर्नले शासकहरूले "लामा भोटे" भनेर संबोधन गर्न गरे तापनि आफूभित्र पहिलेदेखि नै जातिवाचक नाम "तामाङ" राष्ट्र र राष्ट्रियताको पहिचान थियो भन्ने कुराको यस तथ्यले पुष्टि गर्छ । तामाङ शब्दले ठूलो जनसङ्ख्या भएको अर्थात् एउटै भाषा, धर्म संस्कृति भएको जनसमुदाय भन्ने बुझाउँछ । तामाङ जातिको *ता* ले 'महान', 'ठूलो', 'वृहत', 'विशाल' आदि अर्थ बुझाउँछ भने *माङ* शब्दले पनि 'धेरै सङ्ख्या भएको जनसमुदाय' भन्ने अर्थ बुझाउँछ । त्यसकारण 'तामाङ' शब्दले केन्द्रकृत सङ्घीय विशाल र महान गणराज्य अर्थात् विशाल तामाङ

राष्ट्र र राष्ट्रियताको पनि सङ्केत गर्दछ । यही *बोद्* 'भोट' जाति वा राष्ट्रको अर्को पर्याय विशाल, महान् सङ्घ र बृहत्तर जनसङ्ख्या भएको राष्ट्र (जाति) को ऐतिहासिकता र महत्वलाई नबुझ्ने र जानाजान तामाङ जातिको ऐतिहासिक तथा प्राचीनताको अस्तित्व नस्वीकार्न र तामाङ जातिको महानतालाई होच्याउने नियतले कोहीकोहीले *तमक* बाट *तामाङ* भए भन्ने सङ्कोचित र कल्पित अर्थात् तामाङ शब्दलाई अर्थ्याउने गरेको पनि पाइन्छ ।

तामाङ वंशावलीमा तिब्बतीलाई बुझ्काउन *बोद* वा *बोअी*, चीनलाई *ग्यामी* वा *ग्यानाक*, भारतलाई *ग्याकार*, पाकिस्तानलाई *सहोरलीङ*, *अुरगेनलीङ*, बर्मालाई *कामारलीङ*, लङ्कालाई *बेतालीङ* भनिन्छ । बरु खस भाषी सामन्तहरूले आधिपत्य कायम गरेपछिको गोर्खा राज्यको तथाकथित एकीकरणको नाममा औपनिवेशिक विस्तार, सांस्कृतिक दमन, उपेक्षा र हस्तक्षेपपछि स्थापित गरेको गोर्खा राज्यको गोर्खा भाषा उर्फ खस नेपाली भाषामा तिब्बत र तिब्बतीलाई बुझ्काउने 'भोट' शब्दको निर्माण तामाङ भाषाको *तोर्ब*, *तोरबोद*, तथा *बोत* (बोद) शब्दबाट भएको हो । अर्थात् "भोट" भन्ने शब्द तामाङ भाषाको माथिल्लो क्षेत्र बुझ्काउने *तोर* र बस्ने वा बासिन्दा बुझ्काउने *बोद* वा *बोत* शब्दबाट व्युत्पत्ति भएर बनेको हो । त्यसैले तामाङहरू आजका चिनियाँ-तिब्बती भूमिका तिब्बती होइनन् । तिब्बतीलाई बुझ्काउन तामाङ भाषामा *बोद*, *बोअी* तथा *बोदकी म्ही* वा *बोअीम्ही* र *बोत्पा* वा *बोअीपा* आदि शब्दहरूको प्रयोग गरिन्छ । यिनै तथ्यहरूले जुन बेलादेखि उपर्युक्त देश वा राज्यहरू अस्तित्वमा आए त्यतिखेरदेखि नै तामाङहरूको स्वराज्य गणराज्य जनपदहरूको रुपमा *ताम्सालीङ* भूगोलमा थियो । यसलाई खसहरूले एउटै मानव सभ्यताका वा नश्लका भएकै कारण हामीलाई उनीहरूले हालको चिनीयाँ तिब्बतीको रुपमा व्यवहार गरेको पाइन्छ । यसले वास्तवमै हामी पहिले छुट्टै राष्ट्र र राष्ट्रियता बोकेको गणराज्यका बासिन्दा हौं भन्ने कुराको सोझै पुष्टि हुन्छ ।

जबकी तिब्बतलाई बुझ्काउने तामाङ भाषाको शब्द *बोद* लाई नै तिब्बतीहरू *बोअी* भनेर उच्चारण गर्दछन् भने तामाङ भाषामा *बोद* नै उच्चारण गरिन्छ । यसले पनि तिब्बतीको तुलनामा तामाङ भाषा पुरानो भएको सङ्केत गर्दछ । अर्को कुरा तामाङ भाषाको *तोर्पो बोद* बाट *तोर्बद* अर्थात् माथिल्लो भोट अर्थात् प्रयोग हुने शब्दको उच्चारण तथा व्युत्पत्तिबाट *तोबात*, *तुबात* हुँदै *तिबात* बाट हालको "तिब्बत" शब्दको निर्माण भएको पाइन्छ । आज पनि

नेपालमा लार्के, माथ्लो मुस्ताङ, माथ्लो दोल्बु(तामाङ वंशावली अनुसार वर्णनमा उल्लेख स्याङस्युङ, मुगु ग्याल्सा, पुराङक आदि) क्षेत्रलाई माथ्लो भोट क्षेत्र भनेर स्थानीयस्तरमा भनिन्छ । यसले के सिद्ध गर्दछ भने बोद (बोअी) वा तिब्बती बुझाउने शब्द यथार्थमा प्राचीन होस् या आजको तामाङ भाषामा आफ्नै एउटै भू-क्षेत्रको तल्लो वा माथिल्लो भू-भाग भन्ने अर्थ बुझाउने शब्द भएकाले नेपालको भूगोलभित्रको तल्लो *मार्पा, रोङपा बोद* या माथिल्लो भोट *तोर्पा तोयपा बोद* (भोट) यो क्षेत्र नै प्राचीन ताम्सालीङ सङ्घीय गणराज्यको भू-भाग हो ।

विशाल र ठूलो समुदायलाई जनाउने "तामाङ" शब्द स्वयम्ले तामाङ राष्ट्र (जाति) को महान् तथा विशाल ऐतिहासिक भाषिक, सांस्कृतिक एकरुपतामा सङ्घीय अनेकता र ऐतिहासिक जाति अर्थात् राष्ट्र र राष्ट्रियताको रुपमा बुझाउने भएकाले *बोद* 'भोट' प्राचीन सङ्घीय जनपदीय संरचनाभित्रको एक बृहत्तर गण तामाङ राष्ट्र (जाति) र जातीयता वा तामाङ राष्ट्र र राष्ट्रियता एउटै हो ।

ताम्सालीङ ग्याल्सा 'सङ्घीय ताम्सालीङ गणराज्य'

ताम्सालीङ भन्नाले तामाङ जाति वा राष्ट्रियताको भूगोललाई बुझाउँछ । यहाँ "राष्ट्र" वा "जाति" बुझाउने तामाङ शब्द र *लीङ* अर्थात् तामाङ राष्ट्र भाषामा गाउँ जिल्ला, क्षेत्र वा अन्चल भन्दा ठूलो भू-क्षेत्र वा प्रदेश वा महाद्वीप र उपमहाद्वीप वा महादेशलाई बुझाउन प्रयोग भई आएको शब्द हो । यो तामाङ राष्ट्र वा जातिवाचक शब्द "तामाङ", मातृभूमि बुझाउने शब्द *सा* 'भूमि' र विशाल र निर्धारित भूगोललाई जनाउने शब्द *लीङ* । यी तीन तामाङ भाषाका शब्दहरूका बिचमा भाषाविज्ञानका ध्वनी परिवर्तनसम्बन्धी सिद्धान्त तथा सन्धिका नियमानुसार सन्धि हुँदा (तामाङ+सा+लीङ=ताम्सालीङ) ताम्सालीङ शब्द बनेको हो । यहाँ तामाङ राष्ट्रवाचक शब्दको नासिके ध्वनिमा र /ङ/ दुवै एकै ध्वनि समूह (न म) का भएकाले यी दुईमा र /ङ/ ध्वनि मध्ये /ङ/ लोप अर्थात् विस्थापित भई तामाङ+सा=ताम्सा (तामाङ भूमि) बनेको हो र यहाँ "तामाङ" शब्द *सा* सँग संन्धि हुँदा तामाङ शब्दको स्वरुप *ताम* मात्र रहन्छ । यसको अर्थ तामाङ राष्ट्र (जाति) भन्ने नै हुन्छ यस्तो अन्य राष्ट्र (जाति) मा पनि प्रयोग भएको पाइन्छ । जस्तै इङ्लिश जाति+ल्याण्ड=इङल्याण्ड (इङलिश भूमि/भूगोल) बनेको छ । यहाँ पनि इङ्लिशको इङ भूमि (ल्याण्ड) सँग जोडिएर इङल्याण्ड राष्ट्रवाचक

शब्दको निर्माण भएको पाइन्छ। तसर्थ, तामाङ राष्ट्रवाचक शब्द भूमि र भूगोल क्षेत्र बुझाउने शब्द *लीङ* बिचको सन्धि तथा संयोजन भएर दुई चरणमा (१) तामाङ + सा = ताम्सा (तामाङ मातृभूमि) र ताम्सा + सा + लीङ = ताम्सालीङ *ताम्सा* र *लीङ* संयोजन भएर ताम्सालीङ (तामाङ राष्ट्रिय भूगोल) बुझाउने शब्द बनेको हो। यस्तो शब्द निर्माण प्रकृया संसारका अरु भाषाहरूमा पनि आफ्नै परिवेशमा निर्माण भएको प्रशस्त उदाहरण पाइन्छ। जस्तै अङ्ग्रेजहरूको भूमि एङ्ला + लोण्ड = इङ्ल्याण्ड, इस्कटिस+ ल्याण्ड = स्कटल्याण्ड, फिनिस + ल्याण्ड = फिन्याण्ड हुन्छ। तापनि यो तामाङ भाषाको तामाङ राष्ट्र (जाति), *सा* (भूमि) र *लीङ* (भूक्षेत्र, निर्धारित विशाल भूगोल) बुझाउने यी तीन शब्दको तामाङको *मा* ले नै "तामाङ" शब्दको /ङ/ ध्वनिको प्रतिनिधित्वको *ताम्सालीङ* बनेको हो। त्यसकारण तामाङ भाषामा ताम्बा परम्परामा पनि प्राचीन जम्बुद्वीपलाई *जाम्बुलीङ*, मध्ये पूर्वलाई *उरगेनलीङ* तथा *सहोरलीङ*, *मङ्गोलिया* आसपासलाई *समदेनलीङ* आदि *लीङ* प्रत्यय वा सर्ग जोडेर ठूलो भूगोललाई बुझाउने शब्दको निर्माण भएको पाइन्छ। कसैकसैले *ताम्बासालीङ* भने पनि *ताम्बा* शब्द वर्तमान ताम्सालीङकै सबै तामाङ समुदायमा प्रचलनमा छैन। त्यसकारण विशाल तामाङ भूगोल तथा प्राचीन सङ्घीय तामाङ गणराज्यलाई बुझाउने शब्द *ताम्सालीङ* नै वैज्ञानिक र तामाङ जातिको ऐतिहासिकतासँग गहिरो सम्बन्ध राख्ने तामाङ भाषाको शब्द हो।

तामाङ जातिको केन्द्रिकृत राज्यको बारेमा स्पष्ट किटानी तथ्य फेला नपरे पनि आदिवासी जनजातिहरूको सङ्घीय सभाहरूको अवशेष भने अझै पाइन्छ। तराईका दनुवार, थारुलगायतमा पाइने *सौराठ* जातीय सभा हो। त्यस्तै तामाङहरूको 'बाह्र तामाङ', लिम्बूको 'दश लिम्बूवान', मगरको 'बाह्र मगरात', मुस्ताङे थकालीको 'बाह्र गाउँले' आदि नेपालका जाति जनजातिहरूको सङ्घीय गणराज्यका अवशेषहरू हुन। यही अवधारणका आधारमा तामाङ जातिको बाह्र *तेमाल*, बाह्र *लच्याङ*, बाह्र *गोर्स्याङ* आदि सङ्घीय केन्द्रिय गणराज्यहरूका अवशेष हुन भन्ने आधार पाइन्छ। यी नै बाह्र *तेमाल*, बाह्र *लच्याङ*, बाह्र *गोर्स्याङ* आदि आजका तामाङ राष्ट्रियता ताम्सालीङ भूभाग हो अर्थात् नेपालमा तामाङ जातिले चाहेको ताम्सालीङ राज्य यही हो। यहाँ *ताम्सालीङ* राज्य भन्नाले छुट्टै तामाङ मुलुक भन्न खोजेको होइन सङ्घीय नेपालको एउटा गणराज्य *ताम्सालीङ*को कुरो गरिएको हो।

ताम्सालीङ भूगोलभित्र केन्द्रीय सङ्घीय तामाङ गणराज्यका अवशेष

ताम्सालीङ भूगोलभित्र अझै प्राचीन गणराज्यका थोरै अवशेषहरू पाइन्छन् । त्यो आधार भनेको तामाङ वंशावली हो । तामाङको छुट्टै राज्य देश न हुँदो हो त तामाङ वंशावलीहरूमा तामाङ भाषामा छिमेकका देशहरुको नाम र उनीहरूको वृत्तान्त तामाङ नहुनु पर्ने हो । तामाङ जातिको वंशावलीमा वस्तुगत रुपमा आजभोलि दरबारका भग्नावशेष भेटिएका भन्दा पनि थुप्रै राज्य र राजाहरूसँग तामाङभित्रका विभिन्न थरका उत्पत्ति तथा राजघरानाको वृत्तान्त पाइन्छ । राज्यको स्वरुप र राजाको स्वभाव भने सामन्ती स्थानयि प्रकृतिका भएको अनुमान गर्न सकिन्छ । तामाङ वंशावलीमा तिब्बतीलाई बुझाउन *बोद* वा *बोअी*, चीनलाई *ग्यामी* वा *ग्यानाक*, भारतलाई *ग्याकार*, पाकिस्तानलाई *सहोरलीङ*, *अुरगेनलीङ*, बर्मालाई *कामारलीङ*, श्रीलङ्कालाई *बेतालीङ* भनिन्छ । बरु गोर्खा राज्यले औपनिवेशिक विस्तारपछि स्थापित गरेको गोर्खाभाषा उर्फ खस नेपाली भाषाको तिब्बत र तिब्बतीलाई बुझाउने 'भोट' शब्दको निर्माण तामाङभाषाको बोत (बोद) शब्दबाट नै भएको हो । अर्थात् भोट' भन्ने शब्द तामाङ भाषाको बोद वा बोत शब्दबाट व्युत्पत्ति भएर बनेको हो । त्यसैले तामाङहरू आजका तिब्बती भूमिका तिब्बती होइन, तिब्बतीलाई बुझाउन तामाङ भाषामा बोद, बोअी तथा बोदकी म्ही वा बोअीम्ही र बोत्पा वा बोअीपा आदि शब्दहरूको प्रयोग भएको छ । यिनै तथ्यहरूले जुन बेलादेखि उपरोक्त देश वा राज्यहरू अस्तित्वमा आए त्यतिखेर नै तामाङहरूको स्वराज्य गणराज्य जनपदहरूको रुपमा 'ताम्सालीङ' भूगोलमा थियो भन्ने कुराको सोझै अनुमान लगाउन सकिन्छ । यसको दसीको रुपमा मुस्ताङको जोङसोमलगायत धादिङ जिल्लाको सेमजोङ, सल्यानटारका याबेङ खोलाको नजिकका ग्ले (घले) राजाका भग्नावशेष, रसुवाका गोलजोङका ग्ले (घले) राजाको दरबार र किल्लाहरूको भग्नावशेष, नुवाकोट ककनीका रुम्बा राजाको दरबार, तेमाल काभ्रेका रीन्जीन दोर्जेको दरबार, रामेछापको ताल्ज्युका ग्हीसीङ राजाका दरबारका भग्नावशेष आदि तामाङ गणतन्त्रात्मक स्वराज्यहरूको पुरातात्वीक अवशेष भेटिन्छन् । यी नै प्राचीन ताम्सालीङ क्षेत्रदेखि वर्तमान ताम्सालीङ क्षेत्रहरूमा बाह्र साना गणराज्यहरूको जनप्रतिनिधिमूलक १२ तामाङको केन्द्रिय सङ्घीय राज्य प्रणालीको अवशेषका रुपमा (१२ जनाको जनपद वा सङ्घीय स्वरुप) जन समिति वा सभा वा परिषद् वा सङ्गठन पूर्वमा '१२ तेमाल', मध्येमा '१२ लच्याङ', '१२ गोर्स्याङ' र पश्चिममा मुस्ताङ जोङसोम भेगमा '१२ गाउँले' (थकाली तमङहरूको १२

गाउँको प्रतिनिधि रहेको जन सङ्गठन आज पनि छ। आदि अभैसम्म सङ्घीय प्रणालीका राज्यको अवशेषका रुपमा रहेको पाइन्छ। त्यस कारण ताम्सालीङ पनि प्राचीन सङ्घीय गणराज्यको स्वरुपको अवशेष हो।

तामाङ भूमि *ताम्सालीङको* प्राचीन भूगोल

भाषिक आदि रूपको अध्ययन गर्दा पहिले तामाङ जाति *जाम्बुद्वीप*को हिमवत् खन्डको पूरै भूगोल ओगटेर बसेको देखिन्छ। त्यो आज जडान हिमाली उजाड उपत्यकामा सीमित भएको छ। प्राचीन *ताम्सालीङ* राज्यको रूपरेखाको खोजी गर्दा तामाङ वंशावली अनुसार *सामदेनलीङ* 'मङ्गोलीया', अफगानिस्तानको काबुल *कमरलीङ*, पाकिस्तानको पेशावर, अनि काश्मीर, ल्हासा *खामछ्योबोअीलीङ*, बेतीया *बेतालीङ*, लंका *सांगालीङ*, बर्मा *अमरलीङ*, बंगाल *बंगालीङ* सम्म कुनै न कुनै रूपमा सम्बन्ध रहेको वर्णन पाइन्छ। यो भू-भागलाई *जडान* नामले चिनिन्छ। यही *जडान* नै तामाङ जातिको भूमि प्राचीन *ताम्सालीङ* हो। त्यसकारण आज पनि खसहरू तामाङलाई "जाडे भोटे" भनेर सम्बोधन गर्न गर्दछन्। तसर्थ, सम्पूर्ण "जाडे" भूमि नै प्राचीन ताम्सालीङ हो। तामाङ वंशावलीमा तामाङ थरहरूको उत्पत्तिका बारे वर्णन गरिएको वृत्तान्तहरूमा यिनै भूगोलका पश्चिममा ब्रम्हपुत्र नदीको उद्गमस्थल आसपास *स्याङस्युङ युल* वर्तमान चीनको दक्षिण-पश्चिम तिब्बत मानसरोवर क्षेत्र), हुम्ला, मुगु *ग्याल्सा, पुराङ* (मुस्ताङ) देखि पूर्वमा ब्रम्हपुत्र नदीले बनाएको मैदानसम्म अर्थात् *ताम्सालीङ* तामाङ जाति फैलिएको थियो। आजभोलि पनि भाषिक दृष्टिकोणबाट अध्ययन गर्दा तामाङीक परिवारको भाषाको यो क्षेत्रमा बाहुल्यता छ। ब्रम्हपुत्र नदीको सम्पूर्ण सभ्यता क्षेत्रको धर्म भाषा, लिपि र संस्कृतिको एक रूपतालाई आधार मान्दा त्यही भू-क्षेत्रलाई *ताम्सालीङको* प्राचीन भूगोल मान्न सकिन्छ। किनभने वर्तमान नेपालको हिमाली जनसमुदाय मनाङबा, मुस्ताङीहरू आफ्नो वास्तविक र यथार्थ पहिचानलाई त्याग्दै गुरुङ जाति हुन थालेका र पूर्वमा सिन्धुपालचोकको ह्योल्मोदेखि ओलाङचुङ गोलासम्मकाले शेर्पा लेख्न र भन्न थालेको भर्खर मात्र हो। किनभने पश्चिमी तामाङमा गुरुङलाई छुट्टै जातिको रूपमा लिइँदैनथ्यो। तामाङ जातिको ग्रोङ (Grong) वा रोङ (Rong) अर्थात् *माम्बा, डीमडुङ, दोङ, गोले* थरको परिवारकै मानिन्थ्यो। त्यसैगरी तामाङ भाषामा पूर्वमा बस्नेलाई *स्यार्पा* भनिन्छ। अहिले पनि काठमाण्डौदेखि पूर्वमा तामाङलाई *स्यार्पा* तामाङ, उसको भाषालाई *स्यार्पाग्योत* भनिन्छ। यसरी तामाङ जातिको

प्राचीन बाहुल्य भूगोल बिस्तारै संकुचन हुँदै अहिलेको नेपालको मानचित्रमा हुम्ला, जुम्लादेखि रामेछाप, ओखलढुंगा, उदयपुर जिल्लासम्म अझै कायम रहेको पाइन्छ। अहिले पनि यो भूगोलमा आफूलाई तामाङ भनेर भनी आएका नेपाली हिमाली भूमिपुत्रहरूकै बहुल पकड रहिआएको छ।

ताम्सालीङको वर्तमान भूगोल

वर्तमान नेपालको पूर्वमा कोँइचवान, खम्बुवान, लिम्बुवान, अनि पश्चिममा मगरात भने झैं तामाङहरूको मुख्य बसोबास क्षेत्र तथा मौलिक भूमि *ताम्सालीङ* हो भन्ने कुरा ई. २००२ मा सम्पन्न प्रथम अन्तर्राष्ट्रिय तामाङ सम्मेलनको काठमाडौं घोषणा (ई. २००३) मा समेत उल्लेख भएको छ।

अहिले राज्यबाट तामाङ जातिको प्रत्येक क्षेत्रमा भएको उत्पीडन दमन र हस्तक्षेपका कारण *ताम्सालीङ* साँघुरिदै गएको छ। राज्यका एउटा जाति र वर्गमा समुदायले "भोटे" भनेर घृणा गर्ने भएकाले भेषभूषा, भाषा, लिपि र संस्कृतिको सामीप्यताको कारण पश्चिमतिर मनाङ, मुस्ताङ, मुगु, हुम्लातर्फ आजभोलि आफ्नो पहिचान लामा, गुरुङ बताउने र पूर्वमा भिन्नता नछुट्टिने हुनाले शेर्पा बताउने र लेख्ने लेखाउने प्रवृत्तिले जातिय सङ्घीयतालाई टुक्र्याउँदै नयाँ जातिको निर्माण हुने क्रमलगायत थुप्रै कारणबाट प्राचीन ताम्सालीङको भूगोल र हिमाली जातिको राष्ट्र सङ्कुचन भई विभिन्न जाति उप-जातिमा विभाजन हुने क्रमः झनझन बढिरहेको छ।

यसका मूल कारण गोर्खाली उपनिवेशीकरणले अहिन्दू जनसमुदायलाई हिन्दूकरण गर्न र गोर्खाली भाषा, संस्कृति लाद्ने उही युरोपका बेलायती, स्पेनिस, फ्रेन्च र जर्मन उपनिवेशका प्रतिरूप अनुरूप नेपाललाई तथाकथित 'चार जात ३६ वर्णको साझा फूलबारी' बनाउने कलुषित एक जातीय सङकीर्ण र सामन्ती केन्द्रिकृत राज्य प्रणालीका कारणले गर्दा *ताम्सालीङ* आज नेपालका दश जिल्लाहरूबाट पनि अरु संकुचन हुने अवस्थामा पुगेका छन्।

तर तामाङ जातिको बाहुल्य रहेको धादिङ, रसुवा, नुवाकोट, मकवानपुर, चितवन, काभ्रेपलान्चोक, सिन्धुपलान्चोक, दोलखा, रामेछाप (पूरानो नाम लेङलेङ, किराँतीछाप) सिन्धुली आदि जिल्लाहरू अहिलेको *ताम्सालीङ*को मुख्य भूगोल हो। *ताम्सालीङ* विभिन्न कारणले संकुचन भए तापनि तामाङ जाति आज पनि नेपालको हिमालय महाभारत पहाड शृङ्खलासम्म र कर्णाली

अञ्चलदेखि पूर्वमा दूधकोसी (बनेपा तामाकोसी देखि दूधकोसीसम्म ओल्लो किर ँत पनि) सम्म एउटा ऐतिहासिकता बोकेर फैलिएको छ । यी जिल्लाहरू भाषिक, धार्मिक, सांस्कृतिक र भौगोलिक रूपमा नै तामाङ जातिको पकड रहेको छ ।

यही राष्ट्र/जातिको (राष्ट्रिय) मुक्ति साथै वर्गीय मुक्तिसँग एकाकार गर्दै राजनीतिक मुद्दाको रूपमा वर्तमान नेपालको १० जिल्लाहरूलाई मुख्य तामाङ भूमिको मान्यता दिएर तामाङ राष्ट्रिय मुक्ति मोर्चाले तामाङ जातीय वा प्रान्तीय स्वायत्त शासन सन्चालन हुन सक्ने तामाङ आधार क्षेत्रको रूपमा यही *ताम्सालीङ* (तामाङ भूमि) लाई अघि सारेको थियो र छ ।

हालको *ताम्सालीङ*को मुख्य भूमि वा क्षेत्र पनि यही हो । यसले गर्दा नयाँ नेपालको पुन संरचनाको अभियानसँगै नेपालमा जाति, भाषा तथा क्षेत्रीयताका मूल सिद्धान्तका आधारमा तामाङ भाषा तथा जातिको सङ्घीय राज्य *ताम्सालीङ*को संरचनालाई नेपाल कम्युनिस्ट माओवादीले आफ्नो पार्टी संरचनामा छुट्टै *ताम्सालीङ* राज्य समितिलगायत अन्यलाई पनि सङ्घीय संरचनामा ढाल्नुले नेपालमा जाति तथा भाषाको आधारमा पनि *ताम्सालीङ* स्वायत्त राज्यको एकखाले वैधानिकता स्थापना भएको छ ।

यसरी तामाङ जातिको मौलिक भाषा, लिपि, भेषभुषा, संस्कृति छुट्टै राष्ट्रियता आज भर्खर मात्र सृजना भएको होइन । यो कैयौं युग र जुग पार गरेर अनेकौं फेरबदलका साथै उत्पीडन, दमनका बाबजुद पनि *ताम्सालीङ* राष्ट्रियता तामाङ जाति र *ताम्सालीङ* भूगोलको रूपरेखामा बाँचेको छ ।

३.६ पौराणिक तथा धार्मिक थलोहरू

तामाङ आदिवासी जनजातिको परम्परागत र मौलिक पौराणिक तथा धार्मिक स्थलहरूलाई *ताम्बा काअीतेन*मा *नेछ्या* तीर्थको उत्पत्ति तथा महिमा गाथाका वर्णनमा उल्लेख गरेको पाइन्छ ।

ग्याकारला नेः दोर्जेदेन ने, वारणासी ने, थेन चाम्जे ठुङ ने, नेसुम हीनो ।

रोङला नेः ज्यारोङ खास्योर ने, फाबा सीङगोन ने थेन तारमो ल्हुअीच्यान ने, नेसुम हीनो ।

बोअीला नेः कुअीने गाङकार, लाप्ची ग्याकार तेजासुङगी ने, थेन चरीगाङ बोअी ने, नेसुम हीनो ।

यसरी तामाङ आदिवासी जनजातिमा धार्मिक तीर्थहरुको वर्णन भएको पाइन्छ भने तीर्थको फलहरूका बारेमा पनि बताएको हुन्छ । जस्तैः

(*"....तारमो ल्हुअीच्यान ज्यालसामी ल्हुअीला डीप दाला रो, फाबा सीम्बुग्याल्सामी छेला ब्रजा सीप्ला रो, ज्यारोङ खास्योर ग्याल्सामी सेमरी मान्वा डुब्ला रो।"*)

...अर्थात् "नमोबुद्धको दर्शन गरेमा शरीरको अशुद्धि पखालिने छ, बौद्धको दर्शन पछ्याएमा मनले चिताएको पुग्नेछ। स्वयम्भूको दर्शन गरेमा आयुको वृद्धि हुनेछ" भनेको पाइन्छ।

यीदेखि बाहेक गणेश हिमाल, लारी, लारुलुरुङ, लामटाङ, क्याङजेन, दूधपोखरी, गोसाइँकुण्ड, कीस्पाङ, सैलुङ, दामन, तेमाल नारायणस्थान आदि स्थानहरू पनि तामाङ आदिवासीको महत्वपूर्ण स्थलहरू हुन्। *ताम्सालीङ* क्षेत्रको अर्को महत्वपूर्ण मनोरम प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय गन्तव्य स्थानहरू र प्राकृतिक सम्पदा हिमालय पर्व शृङ्खलाहरू प्रशस्त छन्। मुख्य हिमालय पर्वत शृङ्खलाहरूमा बपिल, लारी, लाराङलुरुङ, दोर्जेलेर्पा, दामोदर, गौरीशङ्कर आदि *ताम्सालीङ*का उल्लेख गर्न योग्य हिमालय पर्व शृङ्खलाहरू हुन्।

भौगोलिक रूपमा प्राकृतिक गन्तव्यको रूपमा नेपाल सरकार पर्यटन बोर्डले निर्धारण गरेको रसुवाका लामटाङ क्षेत्रको एक हप्ते ट्रेकिङ गन्तव्य "तामाङ हेरिटेज ट्रेल", गोसाइँकुण्ड, दोलखाको कालिन्चोक, मकवानपुरको दामन, पालुङ, दोलखा, रामेछाप, सिन्धुपाल्चोकको सैलुङ, पाँच पोखरी, रसुवा, नुवाकोट, धादिङका *सीङल्हा, फीकुरी* र *बुङताङ*को *सेरकाङ* 'गुफा', *कारकानी* 'ककनी' आदि *ताम्सालीङ*का महत्वपूर्ण पर्यटकीय गन्तव्य ऐतिहासिक स्थानहरू हुन्।

३.७ परम्परागत भूस्वामित्त्व

तामाङ आदिवासी जनजातिको परम्परागत भू-स्वामित्त्व *खीम्सा, नाम्सा*मा निश्चित *ह्युअी*हरूको अधिनस्थ रहेको हुन्छ। *नाम्सास्तरमा* त्यही *ह्युअीको थेमे थेत्माह*रूको *चोहो* अधिनमा रहेको हुन्छ। *युल युल्सा*मा *युल चोहो*को अधिनस्थ भू-स्वामित्व रहेको भएता पनि हाल यो पूरै व्यक्ति व्यक्तिमा जग्गाधनी पुर्जा बनाइ रैकर भइसकेको अवस्था छ।

तामाङ आदिवासीका भूमिहरू गोरखालीहरूले पल्टनलाई दिएको र पल्टन ल्याएर धादिङ सेर्तुङमा ४० गाउँ, लापा र कुकुमा गुरुङ, नुवाकोट सामरीमा खडका मगर, नुवाकोटकै किस्पाङमा पनि गुरुङ पल्टन ल्याएर तामाङका खेतहरू विर्ता दिएका छन् भने नुवाकोटको भैरवी गुठी, देवीघाट जलपादेवी, काभ्रेको पलान्चोक भगवती, दोलखाका दोलखा भिमसेन, स्वयम्भूका घ्याङ,

बौद्ध घ्याङ आदि गुठीलाई र नुवाकोट, धादिङ, रसुवा, मकवानपुरमा सेरा राजदरवारका लागि तामाङ भूमि खोसिएका छन् । पछिल्लो समयमा निकुन्ज, जलाधार संरक्षण आदिले पनि तामाङ तरण, खर्क तथा वन पैदावरमाथिको पहुँचलाई रोकेको छ ।

३.८ भूमिहरण र विस्थापन, बसाइ सरेर बसोबास भएको ठाउँहरू

राज्य पक्ष तथा राजनीतिक परिवर्तनको कारण तामाङहरू तामाङ बस्तीबाट विस्थापित भएर हाल पश्चिममा कैलाली, कन्चनपुर, नवलपरासी र मध्येमा बाराका सिमरा, चितवन, पर्सा, सर्लाही, महोत्तरी, सिराह, धनुसा आदि स्थानसम्म पुगेका छन् भने विगतमा सिक्किम दार्जीलिङ, कालिङपोङ, असम, मेघालय आदि भारतमा र बर्मा, भुटान, थाइल्याण्डसम्म पनि करिव १०० वर्षअघि नै तामाङहरू आफ्नो मूल थलोबाट बसाइ सरेका छन् । हाल अमेरिका, बेलायत जस्ता समुद्र पारीका मुलुकमा समेत उल्लेख्य तामाङहरू बसाइँ सरेर पुगेका छन् ।

❑❑

४. तामाङ *चीछोकची छोक्पा थेन ब्रेल्बु* सामाजिक संरचनाहरू र सम्बन्ध

४.१ तामाङ *स्हीमखाङ मुबा ग्ला* 'बासस्थान'

तामाङ समुदायको बासस्थान जलवायुका दृष्टिले हिमालय उच्च पहाडी भू-भागदेखि महाभारत र चुरे पर्वतमाला हुँदै दून प्रदेशसम्म क्रमशः फैलिएर रहेको पाइन्छ। तामाङ बस्ती या गाउँहरू प्राय एकै ठाउँमा गुचमुच्च बाक्लो रहेको हुन्छ।

गाउँको सिरमा गुम्बा रहेको हुन्छ। उत्पादन स्थानहरू गाउँदेखि माथि र तलतिर गरी दुईतिर रहेको हुन्छ। गाउँदेखि उच्च हिमालयतर्फ लेकका खर्कहरूमा प्राय गोठहरू र एक मौसमको खेती हुने बारीहरू मात्र हुन्छ।

धादिङ *युलला कुकु* तामाङ *नामसा* त्यहाँ बाली पाक्न ६ महिनादेखि नौ महिनासम्मको समय लाग्दछ। खर्कहरूदेखि मुनितिर गाउँको नियन्त्रणमा रहेको वन जङ्गल हुन्छ। तामाङ पुरानो बस्तीमा घरहरू एकै स्थानमा गुजमुच्ज र एकपछि अर्को घरको गारो लहरै जोडिएको हुन्छ। घरहरू कुनै पनि क्षेत्रमा एकै स्थानमा बनाइएको हुन्छ।

गाउँमा प्रवेश गर्न मुख्य द्वार हुन्छ, यसलाई *कानी* भनिन्छ। कानीलाई कतै *काकलीङ* पनि भनिन्छ। *कानी*बाट छिरेपछि बाहिरको नराम्रो कुराहरू *कानी*मा कुँदिएको मन्त्र तथा देवहरूले त्यही रोकेर फर्काई दिन्छ जसले गर्दा गाउँमा नराम्रो वा अनिष्ट नहुने विश्वास गरिन्छ। त्यसैगरी गाउँ पस्ने वा गाउँबाट निस्कने स्थानहरूमा मानी पर्खालहरू बनाइएको हुन्छ। यस्ता पर्खालहरू भएका ठाउँमा प्रायः दाहिने पारेर आवत जावत गरिन्छ।

४.२. दुरसा

मानिसको मृत्यु भएपछि अन्तिम दाहसंस्कार गर्ने स्थानलाई *दुरसा* भनिन्छ। तामाङहरूको *दुरसा* गाउँदेखि सिरानमा वा डाँडोमा नै हुनु पर्दछ। तामाङको *दुरसा* खोला वा नदी दोभानमा हुँदैन। तामाङको अन्तिम संस्कारमा प्रायः जलाउने गरिन्छ।

४.३ *बु/व्हारी/म्राङ*

तामाङहरूको मुख्य जीविकोपार्जनको आधार खेतीपाती नै हो। तामाङहरूको खेतीयोग्य भूमि तीन प्रकारका छन्।

बु

खेतीपातीको निम्ति सबैभन्दा उत्तम भूमि सिचाइ लाग्ने, खनजोत गर्न सजिलो, माटोको गुणस्तर पनि असाध्य राम्रो खेती योग्य भूमिलाई *बु* भनिन्छ। *बु* शब्दले मानवसभ्यताको विकासको केन्द्र तथा ऐतिहासिक रुपमा उच्चकोटीको जमिनको वर्गीकरणमा भूमिका निर्वाह गरेको पाइन्छ। त्यसकारण उपत्यकालाई तामाङ भाषामा *याम-बु* भनिन्छ। यसको एउटा सरल अर्थ राम्रो र हाम्रो खेत भन्ने हुन्छ। यस्तै काठमाडौ उपत्यकाभित्र *खुसी-बु, सँय-बु* (सैँबु=भोटेको बस्ती/खेत), *गोङग-बु, लु-बु, बलम-बु* आदि स्थानहरू तामाङ *साम्ही*को सभ्यताको रुपमा *बु-खेत*/असल भुमि) रहेको पाइन्छ। तामाङ भाषामा *बु सुबा*, खेत रोप्ने, बुग्यात 'खेतको काम' *बुरी सुन सुबा, बुरी व्हा/ग्वा सुबा* आदि भनिन्छ। तामाङहरू *बु* मा धान, मकै, गहुँ, आलु आदि खेती गर्दछन्।

म्राङ

म्राङ भनेको पानी नलाग्ने, माटोको दृष्टिकोणबाट पनि अलि कमसल र उत्पादन पनि कम दिने खेती योग्य भूमिलाई तामाङ भाषामा *म्राङ/म्राङव्हारी* 'बारी' भनिन्छ। *म्राङ* 'बारी' मा *साङा* 'कोदो', मकै, जौ, फापर, घैया, आलु, आदि अन्न बालीहरू लगाउने गरिन्छ।

दीमव्हारी

बसोबास गर्न घरसँगै जोडिएको वा घर नजिकको करेसा बारीलाई तामाङ भाषामा *दीमव्हारी* भनिन्छ। *दीमव्हारी*मा *खु* 'तरकारी', *डापडुप* 'साग

सब्जी', *मर मसाला न्हो, छ्यापी, मार्चा* 'खुर्सानी', *नोस्याङ डाप, लङाअी, तोरयाङ* आदि रोप्ने वा खेती गर्ने गरिन्छ ।

४.४ *थेत्मा/थेमे* (परिवार) नाता कुटुम्ब

तामाङ आदिवासी समुदायमा आफ्नो रगतको नाता तथा गोत्र कूलको नाता आदिको निर्धारण *हुअी*ले गर्न हुन्छ किनभने एउटा *हुअी*को तामाङ र अर्को *हुअी*को तामाङ नाता विवाहबाट सुरु हुन्छ । त्यसको निमित्त आफ्नो सगोत्र *हुअी* प्रत्येक तामाङलाई थाहा हुनुपर्ने हुन्छ । थाहा हुन्छ । त्यसकारण तामाङको *हुअी* व्यवस्था निम्नानुसार सङ्गठित हुन्छ ।

डाहुअी जेहुअीकी ब्रेल्बा

तामाङ जातिभित्र विभिन्न सयभन्दा बढ्ता *हुअी थर*' हरू हुन्छन् । यही *हुअी*हरूको सगोत्रीय जतिको अलग एउटा समूह हुन्छ त्यो समूहलाई *डारुअी* भनिन्छ । यी सगोत्रीय *हुअी*हरू मुख्य रुपमा *डाहुअी* अर्थात् पाँच वटा *हुअी*हरूको एउटा समूहमा हुन्छ । उदाहरणका लागि योन्जन, लोपचन, बमजन, डुमजन, मीक्चन यी पाँच *हुअी*हरू एउटा *डाहुअी* हुन् । यसरी नै दोङ, गोले, बल, ग्राङदान र तीतुङ/तीदोङ यी पाँच *हुअी*हरू अर्को *डाहुअी* हो । यही *डाहुअी*को अन्य हाँगाबिँगा *हुअी*लाई एउटै *हुअी*को नजिकको *हुअी* जे *हुअी* पनि भन्ने गरेको पाइन्छ । यस्तो *डाहुअी* समूहहरू धेरै छन् । यस कुरा *डाहुअी, थेतगी* र *स्वाँगी* को तालिकाबाट अझ बढी स्पष्ट हुन सकिन्छ ।

थेतगी/थेमेगी हुअी

डाहुअी भित्रका पनि विभिन्न हाँगो बसोबासको स्थान विशेष, पेशा, सुरुफुरुका नियम आदिले पैदा भएको *थेतगी/थेमेगी हुअी*हरू जो एउटै परिवारको अर्थात् सगोत्रीय नै मान्दै आइएको छ त्यस *हुअी*लाई 'थेतगी/थेमेगी' भनिन्छ । जस्तैः एउटा स्वाँगीको *डाहुअी* भित्रको एउटा सदस्य *हुअी* लोप्चन *हुअी* अन्तर्गतका हाँगो *चो/जो/थो* मा बस्ने चोथेन, ब्लेमा बस्ने ब्लेन्देन, स्योङको किनारमा बस्ने स्योङथेन, गाङमा बस्ने गाङथेन आदि *हुअी*हरू लोप्चन *हुअी*कै हाँगोहरू *थेतगी/थेमेगी* हो । *थेतगी* भित्र पर्ने *हुअी, डाहुअी*कै एउटा *हुअी* भएकाले तिनीहरू एक आपसमा स्वाँगी *हुअी* हुन् । कुटुम्बेरी चल्दैन । तसर्थ, त्यो हुअीहरूको बिचमा विवाह हुँदैन ।

स्वाँगी हुअी

यी *डाह्रुअी* र *थेतगी/थेमेगी* लाई एउटै सुत्रमा बाँध्ने सजातीय (एउटै *ह्रुअी*को) वा सगोत्रीय मान्दै आएको जति सबै *ह्रुअी*हरूको सग्लो समूहलाई *स्वाँगी* भनिन्छ । एउटा *डाह्रुअी* समूहमा पर्ने सम्पूर्ण *ह्रुअी*हरूको पनि हाँगो *थेत/थेत्मा/थेमे ह्रुअी*हरू समेतको एउटा सग्लो परिवार जसको नाता दाजुभाइ/दिदीबहिनीका रुपमा हुन्छ । यस्तो नाताको एउटा समूहमा पर्ने *ह्रुअी*लाई *स्वाँगी* भनिन्छ । *स्वाँगी ह्रुअी*हरू *डाह्रुअी* र *थेतगी* ह्रुअीहरूको समेत एउटै सगोत्रीय *ह्रुअी* हुने भएकाले तिनीहरू बीचमा कुटुम्बेरी चल्दैन र बिहेवारी हुँदैन । अर्को भाषामा भन्नुपर्दा *डाह्रुअी* अन्तर्गतका सबै *ह्रुअी*लाई *स्वाँगी* भनिन्छ । यी एउटै *स्वाँगी* अन्तर्गतका *ह्रुअी*हरूको बीचमा अर्थात् स्वाँगेहरूको बीचमा कुटुम्बेरी हुन सक्दैन र विवाह हुँदैन । भएमा समाजबाट वर्जित र बहिष्कृत गर्ने कठोर ठीम रहेको छ । तामाङ समुदायमा आजसम्म पनि यो ठीमलाई उल्लङ्घन भएको पाइँदैन । उदाहरणका लागि तामाङ जातिका *डाह्रुअी* योन्जन, लोप्चन, बमजन, डुमजन, मीक्चन यी *डाह्रुअी*हरूका बीचमा बीचमा विवाह हुँदैन । त्यसैगरी दोङ, गोले, बल, ग्राङदान, तीदुङ/तीतुङ यी *डाह्रुअी*हरूका विचमा विवाह हुँदैन र *डाह्रुअी*का पनि *थेत* अर्थात् *स्वाँगे ह्रुअी*हरू एक आपसमा सगोत्रीय हुने भएकाले यी *ह्रुअी*हरूका बीचमा पनि विवाह हुँदैन ।

तालिका-२

स्वाँगी हुअी -१

क्र.सं.	डाह्रुअी	थेत ताबा ह्रुअीहरू		
१	योन्जन			
२	लोप्चन	चोथेन, ब्लेन्देन, स्योङथेन, गाङथेन		
३	मीक्चन			
४	बमजन			
५	डुमजन			

स्वाँगी हुअी -२

क्र.सं.	स्वाँगी-डाहुअी	थेत ताबा हुअीहरू		
१	दोङ	माम्बा, डीम्दोङ, हीम्दोङ ? गाङथेन दोङ, होपथेनदोङ, ब्लेन्देनदोङ, बाज्यु/बाच्यु		
२	गोले			
३	बल			
४	ग्राङदान ?			
५	तीदुङ/तीतुङ			

स्वाँगी हुअी -३

क्र.सं.	स्वाँगी-डाहुअी	थेत ताबा हुअीहरू		
१	वाअीबा			
२	रुम्बा			
३	जीम्बा	फ्युबा, टुबा		
४	गोङबा			
५	छ्याल्बा/ग्याबक/ग्याबा			

स्वाँगी हुअी -४

क्र.सं.	स्वाँगी-डाहुअी	थेत ताबा हुअीहरू		
१	ग्हीसीङ/घीसीङ			
२	लो			
३	र्लान			

स्वाँगी हुअी -५

क्र.सं.	स्वाँगी-डाहुअी	थेत ताबा हुअीहरू		
१	र्याङदान/सीङदान?			
२	मोक्तान			
३	पाखिन			
४	थोकार			
५	स्याङबो?			

स्वाँगी हुअी -६

क्र.सं.	स्वाँगी-डाहुअी	थेत ताबा हुअीहरू		
१	स्याङदान/सीङदान			
२	मोक्तान			
३	पाखिन			
४	थोकार			
५	स्याङबो			

स्वाँगी हुअी -७

क्र.सं.	स्वाँगी-डाहुअी	थेत ताबा हुअीहरू		
१	थीङ	सीङदोङ थीङ, र्याबनखोर, गाङथान थीङ		
२	डेसुर/र्यासुर			

स्वाँगी हुअी -८

क्र.सं.	स्वाँगी-डाहुअी	थेत ताबा हुअीहरू		
१	ब्लोन			
२	च्याङबा			

तामाङ *हुअीहरू*को निम्नानुसार *डाह्रुअी, थेत्गी* र *स्वाँगी हुअी* (सगोत्रीय समूह) रहेको पाइन्छ ।

स्वाँगी, डाह्रुअी र *थेत/थेमे*भित्र एक आपसमा *थेत, थेमे* अर्थात् दाजुभाइ दिदीबहिनी नाता प्रदान गर्न भएकाले यी *हुअीहरू* बीचमा विवाह हुँदैन । उदाहरणका लागि योन्जन, बमजन, लोप्चन, डुमजन, मीक्चन र यी प्रत्येक *हुअी*को *थेत* वा *थेत्मा/थेमे स्वाँगी* भाइहरूको बीचमा कुटुम्ब चल्दैन । कथंकदाचित विवाह भएमा हाडनाता फोरुवाका रुपमा समाजबाट दण्डित गर्छ एउटै *थेत/थेमे, डाह्रुअी* र *स्वाँगी हुअी*भित्रका बीचमा कुटुम्ब नचल्ने भएकाले विवाह वर्जित गरिएको हुन्छ ।

वाअी थेन्बा

रसुवा, नुवाकोट, धादिङ, गोरखा, लमजुङका तामाङ समाजमा बालक जन्मेपछि *थापसाङ/डीपसाङ* गर्ने बेलामा नाम राखिन्छ । बालक वयस्क हुँदै गएपछि युवा तथा युवतीहरूले कुटुम्बेरी चल्ने र नचल्ने स्पष्ट छुट्याउन सकिने गरी आफैले आफ्नो उपनाम राख्नुपर्दछ । यसरी उपनाम राख्ने कार्यलाई *वाअी थेन्बा (थान्बा)* भनिन्छ । हाल यो *वाअी थेन्बा* प्रचलन तामाङ गाउँहरूमा हराउँदै गइरहेको अवस्था छ ।

यसरी *वाअी थेन्बा* गर्दा दोङ, गोले, बल, तीदुङ, गाङदान *डाह्रुअी* र यी *हुअीहरू*को पनि सम्पूर्ण *थेतगी/थेमेगी हुअीहरू*का तामाङहरूले आफ्नो *वाअी* 'उपनाम' सँगै पुरुष भएमा ग्रोङ (गुरुङ) जोड्ने गरिन्छ भने महिला भएमा वाती जोडिन्छ । उदाहरणका लागि उर्चा ग्रोङ, मार्चा ग्रोङ, सेर्चा ग्रोङ, गेजा ग्रोङ, खेचा ग्रोङ, टेर्चा ग्रोङ, पेग्रोङ आदि र महिलाहरूले उर्चा वाती, मार्चा वाती, सेर्चा वाती, तार्चावाती आदि *वाअी* राख्ने गरिन्छ ।

यसैगरी योन्जन, बमजन, डुमजन, लोप्चन *डाह्रुअी* र यी *हुअीहरू*का पनि *थेतगी हुअीहरू*को पुरुष भएका आफ्नो *वाअी*को पछाडि लामा र महिला भएमा लामो जोडेर *वाअी* राखिन्छ । उदाहरणका लागि पुरुषहरूको मार्चा लामा, सेर्चा लामा, उर्क लामा, गेजा लामा र महिलाहरूको भए मार्चा लामो, सेर्चा लामो, सीर्चा लामो आदि *वाअी* राखिन्छ । यसै गरी अन्य *डाह्रुअी*काहरूले भने *वाअी*को पछाडि भने पुरुषहरूले *रोङ* र महिलाहरूले *वाती* नै जोड्ने गरेको पाइन्छ ।

यहाँ यो *वाअी* 'उपनाम' प्रथा भएका स्थानहरूमा पुरुषको *वाअी*को पछाडि जोडिएको ग्रोड, रोङ र लामा का आधारमा आफ्नो कुटुम्ब हुने नहुने *हुअी*को बारे ज्ञात हुन्छ। त्यसकारण यो *वाअी* 'उपनाम' राख्ने परम्पराले आफ्नो *डाहुअी* र *थेतगी*भित्रको *स्वाँगी* छुट्याउन र आफूभित्र हाडनातामा पर्लाकी भनेर चोरी, लुकिछिपी हुने विवाहहरूमा समेत युवा युवतीहरूलाई सचेत गराइराखेको देखिन्छ।

थेत्मा/थेमे (परिवार)

तामाङ आदिवासी समुदायमा *थेत्मा/थेमे* भन्नाले एउटै चुल्होमा पाकेको भात खाने सगोलको ३ पुस्ताभन्दा परका ठूलो संयुक्त परिवार र सामान्य *माम मेमे* 'बाजे बज्यै', आपा-आमा, *ज्योज्यो च्योन/दाजी आले* 'दाजुभाइ', *नाना* 'दिदी', *आङा* 'बहिनी', छोराको विवाह भएको छ भने *चाङ* 'बुहारी', छोरा बुहारीको नाति नातिनीसम्मका सानो परिवारलाई *थेमे/थेत्मा* भनिन्छ। एउटै *हुअी* 'वंश' भित्रका लाई *थेतगी, स्वाँगी* तथा एउटै बाजेको सन्तान भएमा पनि *थेत* तथा *दीमगी/खीमगीला* भनिन्छ। सुख, दुखका सबै संस्कारहरूमा *दीमगी*कालाई अनिवार्य सहभागी गराउनु पर्ने हुन्छ। खबर गरेपछि अनिवार्य उपस्थिति हुनुपर्छ यो *दीमगी/खीमगी*का *थेत*हरू पनि सामाजिक परिवार *थेमे/थेत्मा* नै हो।

४.५ *थुर्बा-थुअीबा डेनकी ब्रेल्बा* 'कूल कुटुम्बको नाता सम्बन्ध'

तामाङ आदिवासीमा *थुर्बा डेनकी ब्रेल्बा* कुटुम्बको नाता सम्बन्ध भनेपछि लोग्ने स्वास्नी, पुर्ख्यौली वंशज सम्बन्ध, वैवाहिक सम्बन्ध, सामाजिक सम्बन्ध विभिन्न प्रकारका नाताका सम्बन्धहरू हुन्छन्।

म्रीङ थेन रेम्बोला ब्रेल्बा 'लोग्ने स्वास्नीको नाता सम्बन्ध'

आखेमाम, आपा आमा, जा चाङ, ज्योज्यो चाङ, आले चाङ, आस्याङ आङी, आपाग्रेन आमाग्रेन, आपाराङ आप्पाराङ, आपाच्याङ आमाच्याङबा, केन स्युमी, आगु आसु, जामे म्हा, कोन/छाया चाङ, छुया/कोन्मे म्हा, जेठाजु जेठानीकी ब्रेल्बा आदि म्रिङ थेन रेम्बोला ब्रेल्बा हील्ना (लोग्ने स्वास्नीको नाता सम्बन्ध हुन्।

थेत्गी/थेमेकी ब्रेल्बा 'पुर्ख्यौली वंशज नाता सम्बन्ध'

ज्योज्यो-आले/च्योनकी ब्रेल्बा, नाना-आङा/बुरीङकी ब्रेल्बा, जा-जामेकी ब्रेल्बा, कोन-कोन्मेकी ब्रेल्बा, छ्याया-छुयाकी ब्रेल्बा, साङपो -नन्दकी ब्रेल्बा, नाना आलेकी ब्रेल्बा, आले-आङा/च्योन थेन बुरीङकी ब्रेल्बा, मायुङ-बुरीङकी ब्रेल्बा आदि पुर्खौली नाता सम्बन्ध हुन्।

***जोम्पाकी ब्रेल्बा* 'विवाहको नाता सम्बन्ध'**

म्हा-स्याङबोकी ब्रेल्बा 'साला-भेनाको सम्बन्ध', *साली-म्हाकी ब्रेल्बा* 'साली भेनाको सम्बन्ध', *आस्याङ-कोनकी ब्रेल्बा* 'मामा-भान्जाको सम्बन्ध', *आडी-कोनकी ब्रेल्बा* 'माइज्यु र भान्जाको समबन्ध', *आस्याङ कोन्मेकी ब्रेल्बा* 'मामा भन्जीको सम्बन्ध', *आडी कोन्मेकी ब्रेल्बा* 'माइज्यु र बान्जीको सम्बन्ध', *म्रिङ-रेम्बोकी ब्रेल्बा* 'लोग्ने स्वास्नीको सम्बन्ध' आदि विवाहबाट बनेको नाता सम्बन्धहरू हुन् ।



तालिका ३

४.५.४ आमा र बुबापट्टिको नाता सम्बन्ध

नाता	आपा	आमा	ज्योज्यो/दाजी	आले/च्योन	नाना	आङा/बुरीङ
आमा	मेमे	माम	आस्याङ	आस्याङ	आमाग्रेन	आसु
आपा	मेमे	माम	आगु	आगु च्याङबा	आङी	आङी

४.३.५. आस्याङ र आङीपट्टिको सम्बन्ध

नाता	आपा	आमा	ज्योज्यो	आले/च्योन	नाना	आङा/बुरीङ
आस्याङ	मेमे	माम	आस्याङग्रेन च्याङबा	आस्याङ	आसु	
आङी	मेमे	माम	आङी	आङी		

नाता	श्रीमती	साली	सासु	ससुरा	जेठान	सालो
आस्याङ	आङी	आङी	माम	मेमे	ज्योज्यो	हाँ?

४.६. *थेमे/थेत्मा छोक्पा* 'सङ्गठन'

तामाङ परिवारको परम्परागत हाडनाता पिताको कायम हुन्छ। आमा हाडनाता *मायुङ्पट्टिकै* पिताको कायम हुन्छ। त्यसैले विवाह भएर आउने बुहारीको *हुअी* 'हाडनाता/वंश/गोत्र' पिताको नै कायम हुन्छ। किनभने तामाङ विवाहमा छोरी ज्वाइँलाई सुम्पनुअघि सम्पन्न गर्न संस्कारमा माइतपट्टिकाले यस्तो बाचा बन्धन गरेको हुन्छ *".....ज्हामे बुसीङला स्याअे प्रात्ची, काअे प्रात्ची, बुअे प्रात्ची.....डा फाचेनला हुअीबा चा म्हा फाचेनदा प्रात्सी पीन्बा आरे।... सीलाअी-म्हालाअीनु याङ मायुङला या ग्याम्से कोल्बे मे थेन यार मीन्ज्याङ थान्बाला मुला।* अर्थात् 'हामीले हाम्रो छोरीको मासु, रगत र प्राण वायु स्वास महापुरुष ज्वाइँलाई हस्तान्तरण गरे पनि हाम्रा महान पितृ हाडनाता *हुअी* भने सुम्पेका छैनौ। चाहे मृत्यु होउन, चाहे हराउन हाम्रो चेलीको चीतामा आगो दिन र मीन्ज्याङ हामीले हाम्रैमा राखेका छौं।' त्यसकारण क्षेत्री बाहुनको जस्तो विवाह गरेर ल्याउँदा या आउँदा लोग्नेपट्टिको हाडनातामा बुहारीको हाडनाता *हुअी* बदलिँदैन। यही कारण गर्भाधान प्रकृयाबाट सन्तान छोराछोरी जन्मिँदा उसको शरीरको बनोट आमापट्टिको ४ बाट रगत, मासु, प्राण वायु सरेको हुन्छ भने पिताको तर्फबाट शरीरको मूल आधार हाड/हड्डी अर्थात् *हुअी*को सर्ने वा बन्ने विश्वास भएकाले मानवको रुपमा उभिने, ठडिने मूल आधार पिताको हाडलाई मानी सन्तानको हाडनाता पिताको हुन्छ। यही कारण आमा आपाको खास गरी समान अधिकार भएपनि आमापट्टिको हाडनाता माइतीले नै राखेकाले हाडको नाता *आपा* 'पिता' को हुन्छ। यही आधारमा घरको मूली पिता हुन्छ। त्यसपछिको आमा, त्यसपछि जेठो छोरो, जेठी छोरी, छोरीहरू विवाह भएर गएमा माइलो छोरो हुँदै जिम्मेवारी र दायित्व सर्दै जाने हुन्छ। घरको सम्पत्तिको भोग चलनमा पनि यसरी नै क्रमसँग अधिकार कायम हुँदै जान्छ। छोराछोरीको हकमा नाबालक भएका काकाहरू, मामाहरूले अभिभावकत्व लिएका हुन्छन्।

४.७ नाता सम्बन्धलाई क्रियाशील बनाउने

तामाङ समुदायको प्रत्येक संस्कार अनुसार नाता सम्बन्ध सकृय हुन्छ। जस्तै : भान्जाको *टाप्चे/छेवरमा* मामा अनिवार्य हुन्छ। विवाह र जन्म मृत्यु ज्वाइँले ससुरालीमा श्रम सघाउ पुऱ्याउनुपर्छ।छोरी चेलीको मृत्युको दाह संस्कारमा माइती खलकको उपस्थिति अनिवार्य हुन्छ।

नाता सम्बन्धको विनिमय प्रणाली

विवाहमा बुहारी ल्याउन उनको माइतमा *केगा* 'कोसेली *राडाङ, मुअीडाङ, गेङ बोखाल कु, आअीराग ग्योङ*' लैजानुपर्छ ज्वाइँले श्रम दिनुपर्छ । सुरुमा माग्न जाँदा *स्यालगार कार्स्योल पोङ, द्विर्पा पोङ* लैजानुपर्छ ।

४.८ नाता सम्बन्धको महत्व

तामाङ आदिवासी समुदायमा विभिन्न संस्कारहरू बिना नाता सम्पन्न हुँदैन । मामा विवाह छेवरमा । माइती छोरीचेली, बुहारीको मृत्यु संस्कारमा । *रीमठीम* सम्पन्न गर्दा ज्वाइँको श्रम सहयोग गर्न मृतक लास बोक्न पनि ज्वाइँ नाता पर्नेले मात्रै बोक्ने अधिकार राख्छ । त्यसकारण तामाङ आदिवासी समुदायमा नाता सम्बन्ध तथा कुटुम्ब प्रणालीको अहम् महत्व मानिन्छ ।

❑❑

५. तामाङ *छ्योजी रीमठीम* 'धार्मिक परम्परा'

५.१ *छ्योजी* 'धर्म'

तामाङ आदिवासीको मौलिक परम्पराहरूमध्ये *छ्योजी* 'धर्म' पनि एउटा पहिचान हो । तामाङ समाजमा धर्म दुई प्रकारको रहेको पाइन्छ । प्राकृतिक परम्परागत मौलिक रूपमा गर्दै मान्दै आएको धर्म र मानवसभ्यताको विकाससँगै विकास भएर आएको ज्ञानमार्गमा आधारित बौद्धधर्म ।

यही कारण धार्मिक मान्यताहरूको विविधता र महत्वलाई सन्मान आदर गर्दै तामाङ राष्ट्रभित्र धार्मिक छुट्टै व्यवस्थापन इकाई *छ्योजी ठीम* भनेर धर्मको परम्परा या धर्मले बसालेको राम्रा पक्षहरूलाई सँगालेर नियमनका रूपमा सधैं श्रद्धा गर्ने गरेको पाइन्छ ।

तामाङ समाजमा परम्परागत रूपमा रहेको यी दुई धार्मिक अभ्यासलाई चरणबद्ध रूपमा अध्ययन गर्न सकिन्छ । स्थानीय सिमे, भूमेपूजा, *सीङो सान्डे* 'प्रेत-प्रेतात्मा', *म्हाङ* 'भूत', *खार्ता* 'विशाल पोखरीका मालिक', *सेर्काङ* 'दुलो सुरुङका मालिक' आदिलाई धुप, धुँवा, फूल अक्षता, दूध चढाउने, बलि दिने आदि धार्मिक कार्य प्रारम्भिक धर्मका कृयाकलापहरू हुन् ।

यी धार्मिक कृयाकलापहरू सम्पन्न गर्ने स्थानीय मौलिक धार्मिक परम्पराअनुसार *लाम्बु, लाप्ताबा, साङदुङ* आदि पुजारीहरूले पूजा सन्चालन गर्न गर्दछन् भने सङ्गठित र संस्थागत रूपमा पनि यही प्राकृतिक धर्मलाई *बोन्बो*को परम्पराले आजसम्म प्रभाव जमाउँदै आएको छ । मूलतः यो प्रकृति पूजासँग सम्बन्धित रहेको धर्म हो ।

त्यसैगरी संसार अनित्य छ भनेर परिवर्तन प्रगतिका पक्षमा ज्ञान मार्ग बताउने लामा गुरु पुजारी हुने बौद्ध धर्म आजको तामाङहरूको जीवन

चक्रसँग जोडिएको धर्म हो । बौद्ध धर्मको प्रत्येक तामाङ गाउँमा लामाहरूको सङ्गठित *गोन्पा* रहेको हुन्छ । *गोन्पा*लाई धार्मिक मात्र नभएर धर्म शिक्षाको साथै मानव आचरण आदिका बारेमा सिकाउने शिक्षा केन्द्रको रूपमा सन्चालन गरेको हुन्छ । तामाङ समाजमा यी दुवै खालका परम्परागत तामाङ धर्महरूको संयोजन तथा व्यवस्थापन गर्न *छ्योअी ठीम*को प्रवर्द्धन गर्न संरक्षक संस्थाको रूपमा *ताम्बा* प्रथा वा परम्परा रहेको हुन्छ । यसरी तामाङ आदिवासी समुदायमा प्राकृतिक तथा आधुनिक वैज्ञानिक धर्महरूलाई समान भावले अवलम्बन तथा व्यवहारमा अनुशरण गर्दै आएका धर्म र धार्मिक आस्थाहरू हुन् ।

***ङोन्की बोन छ्योअी* 'स्थानीय देवीदेवता पुज्ने धर्म'**

सबैभन्दा पुरानो पुर्खादेखि परम्परागत रूपमा मान्दै आएको अझ *बोन्पो*को रूपमा संस्थागत हुनुअघिको देवता तथा भूतप्रेत मान्ने परम्परा वा धर्म नै तामाङ *युल्बाको बोन ङोन्की छ्योअी* हो । यो परम्परा मुख्यतया बलि प्रथामा आधारित छ ।

स्थानीय गाउँघरको भूतप्रेत, दोबाटो, पानी मुहान, हिमाल तथा डाँडोहरू ज्योहो, ज्यो, चोहो (प्रमुख/प्रधान) भन्ज्याङ, देवदेवीको थान बनाएर गर्ने मन्साउने, *नाम्सा, युल, युल्सा*को चौबाटो, दोबाटोहरूमा *साङ* धुपधुँवार गरेर *ला थेन लुह*रू पुज्ने गरिन्छ । यसमा लामा वा *बोन्बो* पुजारी नभएर *लाप्ताबा, लाम्बु, साङदुङ्ह*रू पूजारी हुन्छ । साथै वर्षको एक पटक भूमे पुजा होस् या कूलपूजाहरू गर्दा उनीहरू अगुवा भएर धार्मिक कार्यहरू सम्पन्न गर्दछन् । तसर्थ, तामाङ समाजमा गाउँ या टोलभित्रको या वरिपरिको देवीस्थान तथा अन्य स्थानीय भूतप्रेत मन्छाउने पन्छाउनेलगायतको स्थानीय धार्मिक परम्परा चलाउने पुरोहितहरूलाई स्थान विशेष तथा गाउँ विशेष फरक-फरक नामले पुकारिन्छ । मुख्यतया यस्तो पुरोहितहरूमा *लाप्ताबा, लाम्बु, साङदुङ्का* रूपमा तामाङ समाजमा प्रचलनमा रहेको पाइन्छ । यस्तो पुरोहितहरू मुख्यतया पुरुष नै हुने गर्छ ।

लाप्ताबा

तामाङ समाजमा आदि कालदेखि सामाजिक संस्कारहरूमध्ये आफ्नो पुर्ख्यौली थलो, पुर्खाहरू सम्झना, कुलका देवहरू *फोल्हा* र *डाब्ला* आदिको आदर सम्मान गर्नको साथै वर्षको एक पटक पुज्ने गरिन्छ । यो *फोला डाब्ला*को पूजा गर्दा *लाप्ताबा*ले गर्न गरिन्छ । *लाप्ताबा* को अर्थ *ला 'ल्हा'* देव *ताबा* हुनु वा चढ्नु हो । अर्थात् पुजाको बेला शरीरमा देव चढ्नु भन्ने हुन्छ । *लाब्ताबा*

दोलखाका सोक्लाका पाखिन गाउँको बाटोको घेरउमा मानी पर्खालमा राखिएको ढुंगामा कुँदिएको बौद्ध चित्र

सबै *ह्युअी*को आ-आफ्नै हुन्छ । किनभने कुनै पनि तामाङ फोला पूजा गर्दा पूजा गर्नेको शरीरमा *ला* नचढेसम्म त्यहाँ थपना गरिएका चन लगायतमा देवताहरू नआउने हुनाले शरीरमा *ल्हा* चढ्नु पर्छ । शरीरमा देव चढिसकेपछि मात्र उसले देवहरू, आफ्नो पितृ पुर्खाहरूको नाम, रहेका स्थान आदिबाट बोलाएर आज हामीले तपाई पुर्खाहरूको सम्झना गरी पूजा, सम्मान गर्दै गरेको पुर्खाले थपना गरेको परम्परालाई पूरा गर्दै आइरहेको कुरा देवको भाषामा नै फलाक्ने गरिन्छ । *लाप्ताबा*को *बोन्पो*को जस्तो *ङ्हा* 'ढ्याङग्रो', रुद्राक्ष माला र *फूर्बा*हरू पनि हुन्छ । तर *बोन्पो*ले गर्न जस्तै अरु कामहरू पनि गर्छ । आफूलाई *बोन* हो पनि भनेको पाइन्छ । तर *बोन्पो*ले जस्तो नेकोरहरूमा *युल्बा*लाई लिएर जाँदैन । तर *बोन्पो*ले जस्तै पितृदेवहरू बुझाउन बली पूजाहरू पनि गर्दछ । गाउँघरमा परम्परागत औषधो मूलोका कामसमेत *लाप्ताबा*हरूले गर्ने गरेको पाइन्छ । *लाप्ताबा*कै मृत्युमा *लाप्ताबा*ले पनि आफ्नो तर्फबाट गर्न पर्न विधि विधान हुन्छ ।

फेरि *बोन्पो* कुलको पूजा गर्न पुजारीको रूपमा सबै *ह्युअी*ले चलाउँदैन पनि किनभने कूलपूजा त्यही *ह्युअी*को नै जान्ने *लाप्ताबा* चाहिन्छ । यसले *लाप्ताबा*लाई कूलको पुजारी बन्दा उपयुक्त हुन सक्छ । *लाप्ताबा* आजको समयमा मानिसले पूजा आजा र शरीरमा देवता जाग्ने, चढ्ने कुरामा विश्वास गर्न छाडे पनि यो परम्पराले भने आदिवासी तामाङहरूको इतिहास, उद्गम थलो, पौराणिक परम्परा आदि थाहा पाउनका लागि मुख्य स्रोतको भूमिका निर्वाह गरिरहेको छ । यो परम्पराले तामाङ आदिवासी जनजातिको उद्गम इतिहासको संरक्षणसमेत गरिरहेको कुरा तल प्रस्तुत उदाहरणबाट पुष्टि हुन्छ । उदाहरणका लागि यहाँ मोक्तान *ह्युअी*को फोल्हा बुझाउँदा *लाप्ताबा*ले पुजामा देव चढेपछि

फलाकेको अंश यस्तो पाइन्छ । *"म्हेमे ह्रिगच्यान दाङ म्हेमे छ्रीरीङ दोर्जे, म्हेमे तामाग्याला, आ व्हाया हीरा, अल्टे, ह्युलसे व्हाङ हो, खोर्सो, झेकोक, जीनीङ ह्युलरी, ख्याम्सी स्हुबा, म्हेमे गर्जा गुमाअी । ह्वाङ हो खोर्सो झेकोग, जीनीङ ह्युल्से, गुगे स्याङस्युङ , बोत ह्युलरी ख्याम्सी स्हुबा, म्हेमे लाह्युल दोर्जे । गुगे ह्युल्से, थीकु छ्योङदी ह्युलरी ख्याम्सी स्हुबा म्हेमे मादाअु दोर्जे । थीखु छ्ययोङदी बोत ह्युलसे मुगु ह्युलसारी ख्याम्सी स्हुबा म्हेमे चाङरी बोन, म्हेमे झङगै झोराल, ग्याल्बो, म्हेमे ताजन ताजेन ग्याल्बो । मुगु ग्याल्साला तेमाला अुना स्ह्युबा ग्याल्बो न्होर्बु साङबो, मम्मी तेजेन ग्याल्मो । मम्मी अीङमेन ग्याल्मो, मम्मी गाङमेन ग्याल्मो । मुगु ग्याल्सा से, बोथाङ गोम्बोरी ख्याम्सी स्हुबा म्हेमे चन्दा खोर हुट्ठा । मुगु ग्याल्सा से, गागल, पोताला गोम्बोरी ख्याम्सी स्हुबा, म्हेमे बोङरा खोर हुट्ठा । मुगु ग्याल्सा से, अन्दरबुङ गोम्बोरी ख्याम्सी स्हुबा म्हेमे छ्रयोअीसाङ खोर हुट्ठा । मुगु ग्याल्सासे, छ्रयोङ छ्रयोङ (छ्रोमदी) गोम्बोरी ख्याम्सी स्हुबा, म्हेमे बाबसाङ, खोर हुट्ठा । छ्रयोङ छ्रयोङ (छ्रेयादी) स्ह्युबा म्हेमे ग्याल्सीङ ग्याल्डु, म्हेमे सेमछ्रयु दोर्जे म्हेमे हुट्ठा न्हाम्दा, साङराप ग्यारी फुल्गो, केवा बाङसे, फोलाअीनु, दालीङ स्युक्पा पोअीमा कुसे साहङो । म्हेमे म्राजीन देवा, म्हेमे लानम दोर्जे, म्हेमे गोपीरामा, आन्दरबुङ गोम्बोसे कालचे ओखरे ह्युलरी ख्याम्सी स्हुबा, म्हेमे सुपाअी, ग्युअीला लाय बोन म्हेमे ह्रिकच्यान नामदा साहङो ।"*

अर्थात्

'*मेमे रीग्जेन* र *मेमे छ्रीरीङ दोर्जे*, पुर्खा *तामा ग्याला, आव्हाया हीरा अल्टे* देशबाट *व्हाङ हो, खोर्सो ज्हेकोक, जीनीङ* देशमा आएर बस्नु भएको, *मेमे गर्जा गुमाअी व्हाङ हो खोर्सो ज्हेकोक* देशबाट *गुगे स्याङस्युङ बोद* देशमा आएर बस्नु भएको, *मेमे लाह्युल दोर्जे गुगे स्याङस्युङ* देशबाट *थीखु छ्योङदी ह्युलमा* आएर बस्ने भएको, *मेमे मादाअु दोर्जे थीखु छ्योङदी* देशबाट मुगु *ह्युल्सा*मा आएर बस्नु भएको, *मेमे चाङरी बोन, मेमे ज्हाङगाअी ज्होरालका* राजा/सङ्घनायक, *मेमे ताजेन* राजा/सङ्घनायक, मुगु *ग्याल्सा*को *तेमाला अुना* बस्नु हुने राजा/सङ्घ नायक *न्हुर्बु साङबो, माम* 'बज्यै' हरू पनि तेजेनकी रानी, बज्यै *अीङमेन* रानी, बज्यै *गाङमेन* रानीखा। मुगु देशबाट बोथाङ गोन्बोमा आएर बस्नुभएको *मेमे चर्दाखोर हुट्ठा* । मुगु देशबाट गागल पोतल *गोन्पो*मा आएर बस्नुभएको *मेमे बोङरा खोर हुट्ठा, मुगु* देशबाट *आन्दरबुङ गोन्पो*मा आएर बस्नु भएको *मेमे छ्रयोअीसाङ खोर हुट्ठा, मुगु* देशबाट *छ्रयोङ छ्रयोङ* (*छ्रोङदी* भनेको व्यापारिक केन्द्र) *गोन्पो*मा आएर बस्नुभएको *वाबसाङ खोर हुट्ठा, छ्रयोङ छ्रयोङ* 'छ्रोङदी' बस्नु हुने *मेमे*

ग्यालसीङ ग्याल्डु, मेमे सेमछ्युं दोर्जे, मेमे हुट्टा नाम्दालाई सयौ साङ धुपहरू चढाउँदछु । जन्म मरणको अनित्य भएकाले पितृदेवहरूलाई पनि नौ प्रकारका *दालीङ* धुपीहरूको धुप चढायौं । *मेमे म्राजीन देवा, मेमे लानम दोर्जे, मेमे गोपिराम, अन्दरबुङ गोन्पोबाट काल्चे ओखरे* प्रदेशमा आएर बस्नु भयो । *मेमेहरू* बस्नु भएको लोकका देवहरूको पनि *बोन मेमे ह्रिरच्यान नाम्दालाई साङ* चढाऔं' (मोक्तान, २०६५:१४:१७)

लाम्बु

तामाङ आदिवासी जनजातिको परम्परागत धर्मका पुजारीहरूमध्ये *लाम्बु* पनि एक हो । *लाम्बु*ले प्रकृतिसँग जोडिए हुने धार्मिक बलि पूजा पूरा गर्ने पुजारी हो । *लाम्बु*ले *नेदा* र *सीब्दा*लाई गरिने पूजा, *लु तेन्बा*, ठूला पोखरीहरूको *नाग खार्ता*, गाउँका स्थानी भुत-प्रेतहरू *नाख्ले म्हाङ, खोरा म्हाङ, गाङ स्युब्बा म्हाङ* आदि मन्साउने बुजाउने गर्दछ । यो पनि देव वा देवता बुझाउने शब्द *ला ल्ह* बाटै बनेको छ । *ल्हा* देउता र *ल्हाम* बाटो र *बु* पुरुष मान्छे अर्थात् देउताको बाटो बुझाउने पुरुष मान्छे भन्ने हुन्छ । तामाङ समाजमा यो धर्तीमा देव, मानव र भूतप्रेतको बासस्थान अलग-अलग भएपनि कहिले मानिसले बिराएर त कहिले भुतप्रेत, देउताले बिराएर एक अर्काका स्थानमा पुग्दा पिर्ने, दुःख दिने र त्यही कारणबाट बिरामी हुन्छ, रोगव्याधि लाग्छ भन्ने परम्परागत विश्वास भएकाले मानिसलाई भुत प्रेत र देवताको भाषा बुझ्ने मानिसको आवश्यकता हुन्छ ।

भूतप्रेतभन्दा शक्तिशाली देवता हुने भएकाले देव मान्छेको रूपमा *लाम्बु*लाई लिइन्छ र उसले देवताको शख्ति प्राप्त गरेर भूतप्रेतलाई तह लगाउन तथा चित्त बुझाउन कुनचाहिँ भूतप्रेत तथा देवता पिरोलेको हो, बिरामी पारेको हो बिरामीलाई सोधपुछ गरी बिरामीको पूरै लक्षण हेरिबुझी सकेपछि त्यो देवता वा भूतप्रेत पत्ता लगाउँछ र त्यो देवता वा भूतप्रेतको नाममा के गर्नु पर्ने हो । गर्नका निमित्त कुखुरो, बाख्रो या अन्डा या फूल अक्षता के के चाहिने हो त्यो अनुसारको पूजा गरी दिने गरिन्छ । त्यसैले बस्नेसँग जोडिएको *लाप्ताबा*को जस्तै भूमिका निर्वाह गर्नु गर्दछ । *लाम्बु* प्रत्येक तामाङ बसोबास रहेको थलोको खोरमा *खीम्सा*मा एक जना हुन्छ भने *नाम्सा*मा धेरैजना *लाम्बु*हरू हुन्छ । *लाम्बु*ले पनि *लाप्ताबा*ले जस्तै आफ्नो खोर *खीम्सा*भन्दा अरुको खोर वा *खीम्सा*मा गएर पूजा गर्दैन । किनभने एउटा *खीम्सा*मा एउटा *ह्रुँ*को मात्र बसोबास र हकअधिकार हुन्छ । तर अलि टाढाका *खार्ता, म्हाङ*हरूले बिरामी बनाएको छ भने उसको पूजा सबै *खीम्सा* र खोरका

पुजारी *लाम्बु*ले आफ्नो अनुकूलमा त्यो भूतप्रेतलाई खुसी पार्न, मन्साउने काम गरेकै हुन्छ । त्यो अर्कै खोरको *खार्ता* भए पनि आफ्नै *खीम्सा*को खोरको *लाम्बु*ले पूजा गर्न भने पाइन्छ । त्यसका लागि अर्को खोरको *लाम्बु* नै ल्याउनु पर्छ भन्ने हुँदैन । सामान्यतया यसरी *लाम्बु* तथा लाम्ताबाको पनि आफ्नो कार्य क्षेत्राधिकार भने छुट्टिएको हुन्छ । *लाम्बु* वास्तवमा स्थान विशेषका आधारमा फरक नाम भए पनि काम भने *लाप्ताबा*को जस्तै नै हो । अचेल यो परम्परा पनि बिस्तारै लोप हुने अवस्थामा रहेको छ । आज *लाम्बु* बन्ने सिक्ने व्यक्ति पाउन मुस्किल भइसकेको छ । *लाम्बु* परम्परा रसुवा नुवाकोटका केही गाउँहरूका अझै रहेको पाइन्छ ।

साङदुङ

हिमाली तथा उच्च पहाडी क्षेत्रमा प्रकृति पूजक पुजारीलाई *साङदुङ* भनिन्छ । *साङदुङ*ले पनि *लाप्ताबा* र *लाम्बु*ले जस्तै गाउँमा बिरामी, रोगी भएकाहरूको प्राकृतिक तथा दैवी शक्तिको आडमा औषधोपचार गर्ने गर्दछ । *साङदुङ*ले *बोन्पो* जस्तो *ह्याङग्रो, फूर्बा, स्याङस्याङ रोल्मो* आदि बिना नै स्थानीय भूगोल वरिपरिका सिमेभूमे देवता, भूतप्रेत आदि पन्छ्याउने मन्साउने गर्दछ । *साङदुङ*ले लाप्ताबा र *लाम्बु*ले जस्तै गाउँमा बिरामीको अध्ययन गरी कुन देवी देवता वा भूतप्रेतले गर्दा भएको सो निमित्त कुखुरा वा भेडा, बाख्रा के चाहिने हो त्यसको निर्क्योल गरी बलि पूजा गर्दछ ।

कुखुराको बलि पूजा दिँदा कुखुराको कलेजो तथा पित्तमा परेको प्रभावबाट मानिसलाई यो भूत वा प्रेत या *सीङो सान्डे*ले छुएको वा बिगार गरेको रहेछ भन्ने विश्वास गरिन्छ । यसरी परम्परागत रूपमा बिरामीको उपचारमा *साङदुङ* संलग्न हुने गरेको पाइन्छ । *साङदुङ* परम्परा *ताम्सालीङ*का रसुवा, धादिङको हिमाली भेगमा अझै जीवन्त रहेको पाइन्छ ।

तामाङ बोन्बो

बोम्बो वा *बोन्पो* भनेको बोन धर्मको गुरुलाई बुझाउने शब्द हो । वन जङ्गल, जमिन, पानी, आकाशको वायु आदिका कारण मानव जीवनमा कुनै बाधा, विघ्नहरू आइपरेमा यस्ता विघ्नबाधाहरूलाई हटाउन र त्यसबाट बिरामी परेमा उपचार गराउन तामाङ समाजमा *बोन्बो*लाई बोलाइन्छ ।

बोन परम्परा तिब्बतको दक्षिण-पश्चिम *स्याङस्युङ* अर्थात् प्राचीन तिब्बतबाट बोन धर्म फैलिएको मानिन्छ । बोन धर्मको यो थलोमा बोन धर्मलाई विकास गर्न श्रेय *सेरब मीबो*को रहेको छ । तिब्बतमा कुल देवता मान्ने परम्परा

रहेको बोन धर्मका तीन शक्ति देवहरूमा (१) प्रज्ञादेव *सेङला* ओद कार (Gshen-lha-od-dkar), (२) संसारलाई अधिनमा राख्न सक्ने शक्तिशाली साङपो बुम खि (Sang-po-bum-khri) र (३) बोन धर्मका प्रवर्द्धक गुरु *शेरब मीबो* (Gshe-rab-mi-bo) कुल देवतामा प्रकट हुन्छन् । नेपालमा पनि तामाङ आदिवासी समुदायमा अझै फोला 'कुल देवता' को पूजा गर्ने गरिन्छ ।

कुल देवता पुज्ने बेला *लाप्ताबा*मा देव प्रकट भई आफ्नो सबै पुर्खाहरूको भावना अनुरूप पुज्ने गरिन्छ । त्यही *स्याङस्युङ* भन्ने स्थानमा मोक्तानहरूको पुर्खाहरू *क्वाङ हो* भन्ने स्थानबाट बसाइ आएको कुरा मोक्तानहरूको कुल पूजा गर्दा देव चढेपछि बक्ने गर्दछन् । यी तथ्यहरूले पनि तामाङ (धादिङ जिल्लाको उत्तर पश्चिम लापा गाविस कुकु *नाम्साका* तामाङ *बोन्बोहरू*) समाजमा *बोन* धर्मशेरब मीबोको पालादेखि आजसम्म निरन्तर मानिआएको पुष्टि हुन्छ । तामाङहरूमा पनि पहिले बोनकार र बोन नाग दुई खालको बोन भएको कुरा सुन्नमा पाइन्छ । तर बोनकारचाहिँ लिखितशास्त्र भएको, बलि पूजाको विपक्षमा रहेको र बौद्ध धर्मसँग उसको हरेक कुरा निकट राख्ने हुनाले तिनीहरू पछि तामाङ बौद्धमा घुलमिल भएर गए भने बलि पूजालाई मान्ने बोन नाग (कालो बोन) हरू हिजोआज पनि अस्तित्वमा रहेका छन् ।

तर तामाङ समाजमा बोन र बौद्ध धर्मलाई समानान्तर लगेको पाइन्छ । मानिस जीवित छँदा *बोन्पो*ले ओखतीमुलो उपचार गर्न र मृत्युपश्चात् मृत्यु संस्कार लामाले गर्ने गर्दछ । यो *बोन्पो* र लामा सम्बन्धमा थुप्रै भनाइ तथा आख्यानहरू पनि पाइन्छ (हेर्नुहोस् तामाङ संस्कार; पृष्ठ (६-७) । तामाङ कुल पूजा गर्दा *ला छ्यावा* देवको उत्पत्तिको सन्दर्भमा *बोन छ्याको* पनि वृत्तान्त पाइन्छ । *बोन्छ्याको* वृत्तान्त अनुसार तामाङहरू विभिन्न दिशामा पाँच प्रकारको *बोन*को उत्पत्ति भएको बताइन्छ । जसमा निम्नानुसार उल्लेख भएको हुन्छ ।

*रसुवा **गोल्जोङका साङदुङ***

स्यार छ्योरी लाबोन सेल्कार बोन । छ्याजी माओ दाङबो, (पूर्वदिशामा सेलकार बोन सृष्टि, उहिले ।) ल्होछ्योरी युरीङ बोन । छ्याजी माओ दाङबो (दक्षिण दिशामा युरीङ बोन सृष्टि, उहिले)

न्हुब छ्योरी सारमाअी बोन नु । छ्याजी माअी दाङबो (पश्चिम दिशामा सार्माअी बोन सृष्टि, उहीले)

ज्याङग्राअी छ्योरी नाह्रु बोन नुन । छ्याजी माअी दाङबो (उत्तर दिशामा गाह्रु बोन सृष्टि, उहिले)

सापचे तीङरी पाहु बोन । छ्याजी माअी दाङबो । (धर्तीको मुटुमा पाहु बोन सृष्टि, उहिले)

छ्याबाम छ्याजीम जामाका तीङ दोना । (सृष्टि त भएछ मनसम्म पुग्ने गरी) *सेमलेन माछ्रोर्बा, मीगलान माथुङबा दुअीरी ।* (मनमा सम्झना नआउने आँखाले नदेख्ने समयमा)

ल्हु ग्याल्मो चन ग्याल्बो ब्रेल्बा नालबा । (नागरानी सिकारीराजा सम्भोग (सम्बन्धको समयमा ।)

जुबा दुअीरी होनालु बर्ना चान छ्याजीमाअी दाङबो । होना नाग र बर्न सिकारी सृष्टि, उहिले ।)

धादिङ जिलला उत्तर पश्चिम लापा गाविस कुकु नाम्साका तामाङ बोन्बोहरू

होना लु बर्नचन ब्रेल्बा नालवा दुअीरी । (होना नाग र बर्नचनको सम्भोग सम्बन्धको समयमा)

डीमा दावा छ्याजी माओी दाङबो । (सूर्य र चन्द्रमाको सृष्टि भएछ।)

स्यारगाओी छ्योसे डीमा होओीसाल, दावा होओीसाल । (पूर्वबाट सूर्यको प्रकाश चन्द्रमाको प्रकाश)

स्योङसाम मीगला थुङला, सेमला छ्योर्ला । (आँखा देर्ला, मनमा सम्झना आउला ।)

सुङला स्युसी लाबोन सेलकार बोन्से । (भनेर लाबोन सेलकारले भन्नुभएको ।) *चोदे खाओीसो दोन्र्बा दुओीरी* (यति मुखर दिनुभएको समयमा) *दीन्से डीमा होओीसाल स्योङना दानचीम ।* (दिनमा सूर्यको प्रकाश फैलिएपछि) *दीन्से म्हुन्से दावा होओीग्याल स्योङबा दुओीरी ।* (दिन रातमा चन्द्रमाको प्रकाश फैलिएपछि)

दीन थेन म्हुन्ला छ्यो फेना दानजीमाओी दाङबो । (दिन र रातको फरक फरक समय बसेछ, उहिले।)

मीगला थुङजीम सेमला छ्योर्जीम । (आँखाले देखे छ मनमा सम्झना भएछ ।) *साङसा, याङयाङ छ्येजी माओी दाङबो ।* (*छ्याङछ्याङ* ती उज्यालो उठेछ, उहिले ।) (मोक्तानः२०६५:३४)

तामाङ समाजमा गोले *बोन्बोहरू* गोसाइँकुण्ड जान नहुने, *थीङ हुओी*का *बोन्बोहरू*ले योल्मो हुँदै भक्तपुरको दत्तात्रयसम्म भैरवकुण्डको *खार्तासँग* लडेको आख्यानहरू पनि सुन्न पाइन्छ । अरु *हुओी*का तामाङ *बोन्बोहरू*ले काभ्रेको तिमाल ग्योओीकार, सिन्धुपाल्चोक, दोलखा, रामेछापको सैलुङ, सिन्धुपालचोकको दूधपोखरी, नुवाकोटको दुप्चे आदि स्थानहरू राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा लोकप्रिय स्थलहरू हुन् भने विभिन्न गाउँहरूमा सयौं यस्ता नेकोरहरू रहेका छन् ।

तामाङ *बोन्बोहरू*को बौद्धहरूको स्तूप *छ्योर्तेन* जस्तै *कुङकार* हुन्छ । *लुङता* जस्तै *जीन्दा* (जजमान) को घरमा विभिन्न नराम्रा भूत प्रेतबाट रक्षार्थ *पासाम* गाड्ने प्रचलन छ भने *बोन्बोले* वर्षमा एकचोटि *लासोल* 'देव बुझाउने' गरेर आफ्ना सबै *जीन्दा*लाई *छ्यो* 'प्रसाद' स्वरूप पुजामा बोलाउने गरिन्छ । मुख्यतया तामाङ समाजमा *बोन्बो*को भूमिका नयाँ जन्मेको बालकको चोख्याउने, वर्षभरिको अन्न बाली राम्रो होस्, भूक्षय नहोस्, भनेर *नेदा सीब्दा* 'भुमेस्थान' मा पूजा गर्न, ठूलो र लामो ओढार तथा सुरुङ *सेरकाङ*हरूमा बस्ने *म्हाङ*हरूबाट रक्षार्थ पूजा गर्न, *म्हामो फाङसी* गर्न, ठूला पोखरीहरूको

खतरनाक नाग *खार्ता* तथा स्थानीय कुवा, पँधेरा, पानीका मुहान वरिपरी दिसा पिसाब गरेमा लागाउने *लु* आदिको पूजा आजा गरी दिने जस्ता परम्परागत विश्वासको आधारमा औषधोपचार आदि मानवजीवनमा जीवन रक्षाका सबै खालका उपाय तथा उपचारहरू गर्ने रहेको छ ।

तामाङ *नाङबा साङग्ये छ्योजी* (बौद्ध परम्परा)

तामाङ आदिवासी समुदायले बौद्धधर्मलाई आफ्नो पुख्यौंली धर्मको रूपमा मानिआएका छन् । नेपालको सबैभन्दा ठूलो बौद्ध जनसमुदायमा तामाङ आदिवासी नै हो । तामाङ भाषामा बौद्ध धर्मलाई *नाङबा साङग्ये छ्योजी* भनिन्छ । नेपालमा तामाङ भाषामा बुद्धलाई *साङग्ये* भनिन्छ । सिद्धार्थ गौतमलाई *साङग्ये स्याक्या थुबा* भनिन्छ । जगतको सर्वज्ञ *साङग्ये च्योमदान्दे* पनि भनेर भनिन्छ । त्यसकारण तामाङहरू बुद्धको वन्दना गर्दा *साङग्ये च्योदान्देला छ्याकछ्यालो* भनेर वन्दना गर्दछन् ।

प्रायः तामाङ *नाम्सा*हरूमा अनिवार्य रूपमा एउटा *गोन्पा* रहेकै हुन्छ । नेपाल सरकारको स्थानीय विकास मन्त्रालय अन्तर्गत रहेको गोन्पा विकास समिति तथ्याङ्कअनुसार नेपालको १६ सयभन्दा बढी *गोन्पा*हरू दर्ता भएका छन् । यसमध्ये ७० प्रतिशतभन्दा बढ्ता *गोन्पा* तामाङहरूका छन् । तामाङ घरहरूमा शान्ति र सर्वप्राणी जगतको सुःखका निमित्त *लुङदार दार्ज्यू* गाडेकै हुन्छ । तामाङ बौद्ध धर्ममा ग्रन्थहरू *उचेन* नामको लिपिमा शास्त्रीय तिब्बती *यीगी*मा प्रशस्त पाइन्छ । नेपालमा भएका साहित्यका ग्रन्थहरूको साँच्चै नै लेखाजोखा गर्न हो भने सर्वाधिक सङ्ख्या, धेरै भाषा र लिपिमा साथै सर्वाधिक पुरानो ग्रन्थ बौद्धधर्मका छन् । कयौं पुरातत्विक महत्वका ग्रन्थहरू संरक्षणको अभावमा नेपालका गोन्पाहरूमा कुहिएर खेर गइरहेका छन् ।

तामाङ गाउँमा पस्ने बाटोमा एउटा *कानी/काकलीङ* द्वार बनाएको हुन्छ । यो *कानी*को भित्रपट्टि विभिन्न देवी तथा देवताहरूको लुरी भिते चित्र र मन्त्रहरू कुँदिएका हुन्छन् । जसले गर्दा गाउँका मानिस बाहिरबाट आउँदा बाहिरका सबैकाले नराम्राहरू हाम्रो शरीरसँगै आउने भएकाले त्यस्तो नराम्रो भुतप्रेत तथा विचारहरूले गाउँमा नछिरिउन र छिर्न सक्दैन भन्ने नै विश्वासका साथ *कानी*हरू बनाएका हुन्छन् । त्यस्तै गाउँको वरिपरि वा डाँडोमा माने अर्थात् *छ्योर्तेन*हरू बानएको हुन्छ । *छ्योर्तेन*हरू पनि दुई खालको बनाएको हुन्छ एउटा खाले मरेका मानिसको अस्तु राखेर उनको स्मृतिमा बनाएको हुन्छ भने अर्का थरी बुद्धको जीवनसँग सम्बन्धित विभिन्न

आठ *छ्योर्तेन*हरूको प्रतिरूप निर्माण गरिएको हुन्छ; जसको दाहिने पारेर चंकमन परिक्रमा गरिन्छ ।

तसर्थ, तामाङ समाजमा मानव जीवनको हरेक सांस्कृतिक पाटो बौद्ध धार्मिक सांस्कृतिक संस्कारहरूसँग जोडिएका हुन्छन् । सबै बौद्ध धर्मको अनुष्ठान विधिअनुसार नै गर्ने गरिन्छ । यसमा मानवजीवनको आरम्भ गर्भाधान प्रकृयाबाट गर्भमा प्रवेश, गर्भधारण गरी सकेपछि बालकको जन्म जन्मपछि न्वारन, *टाप्चे, छेवर*, विवाहदेखि अन्तिम मृत्य संस्कारका बेलासम्म बौद्ध पुरोहित लामाबाट बौद्ध धर्मका परम्परा अनुसार संस्कार अनुष्ठान सम्पन्न गर्ने गरिन्छ ।

नेपालमा रहेको ठूला महाचैत्यहरू *फाबा सीङगोन* 'स्वयम्भू', *ज्यारोङ खास्योर* 'बौद्ध' र *ताग्मो ल्हुइच्यान* 'नमोबुद्ध' लाई क्रमशः तामाङ भाषामा *फाबा सीङगोन* र *ज्यारोङ खास्योर* भनिन्छ । यी दुई *छ्योर्तेन छेन्पो*हरूको निर्माण सम्बन्धमा तामाङहरूमा छुट्टै धारणा पाइन्छ । तामाङहरूको विश्वासअनुसार बौद्ध *छ्योर्तेन* निर्माण कार्य तामाङ तत्वीय सम्वत् *ज्या ल्हो* 'चरा वर्ष' मा बनेको हो र सो *छ्योर्तेन* बनाउन तत्कालीन राजासँग स्वीकृति लिन जाँदा राजाले "हुन्छ बनाउनुस्" भनेर मौखिक स्वीकृति प्रदान गरेको हुनाले यसको नाम *ज्यारोङ खास्योर* रहन गएको हो भन्ने पाइन्छ । किनभने राजाको स्वीकृतिले छ्योर्तेन बनाउन थालेपछि अरु मान्छेहरूले विरोध गरेको थियो र राजाले "मबाट मेरो बचन फुत्किएको (खास्योरबा) हुनाले म राजा भएकाले त्यो वचन फिर्ता लिन सक्दिन, त्यसैले त्यो रोक्न हुन्न" भनेकाले यो *छ्योर्तेन* बनाउन थालेको *साल ज्या* 'चरा वर्ष' ल्हो भएकाले बनेको वर्ष *ज्या*, यो भोगोल *बोदपाहरू*को धारणाअनुसार *रोङ* क्षेत्रमा परेको र राजाको वचन फुत्केको *खा-स्योर्बा* यी यीन *ज्या+रोङ+खास्योर= ज्यारोङ खास्योर* नाम रहन गएको हो भन्ने भनाइ पाइन्छ ।

यसरी नै तामाङहरूको माझमा *राङज्युङ फाबा सीङगोन छ्योर्तेन छेन्बो* 'स्वयम्भू महा चैत्य' को बारेमा पनि मौलिक धारणा पाइन्छ । यस सम्बन्धमा तामाङहरू काठमाडौँ उपत्यका पूरै जलासय थियो र यो जलासयलाई *ङ्याम्बु ग्योही* भनिन्थ्यो । यो *ङ्याम्बु ग्योही*को भित्र *राङज्यु राङज्युङ छ्योर्तेन*माथिबाट पेमाग्यासार म्हेन्दो उम्रेको हुनाले यही पेमाग्यासार म्हेन्दोको मात्र *ज्याल्सी* गर्नु पर्दथ्यो । त्यो पनि जामाचो, फुल्चोलगायतका डाँडोहरूबाट टाढैबाट *ज्याल्सी* गर्नुपर्ने भएकाले *राङज्युङ छ्योर्तेन*कै फेदबाट *ज्याल्सी* (

दर्शन) गर्न पाए सबैलाई सजिलो हुने सोची चीनको पन्च शीर्ष चाडबाट पाल्नुभएका *फाबा ज्याम्पाल याङ्ले* आफ्नो *राल्डीबाट ङ्याम्बु ग्योअी*को पानी *ग्योअी*को *ल्होन्हुब छ्योतिर*को किनार काटी *ङ्याम्बु ग्योअी*को पानी सुकाएको हुँदा यहाँको बस्तीसमेत उनले बसालेका थिए । यो वर्ष *सीङ* (फो खामको फाग ल्हो बँदेल वर्ष भएकोले यो *छ्योर्तेन*) लाई तामाङहरूले *फाबा सीङ्गोन* भने हो भनेर सुन्न पाइन्छ । हाल पनि यस कुरालाई पुष्टि गर्न पुरातत्विक महत्वको यो *फाबा सीङ्गोन*को पूर्वअभिमुख फेदमा मल्लकालमा ठूलो बज्रसहितको मण्डलाको आधार छ; जो त्यो बज्रस्थापना गर्नुभन्दा पहिले नै वागीस्वर मण्डला थियो । यस मण्डलाको वरिपरी परिधिमा तामाङ तथा चिनिया तत्वीय खगोलशास्त्र तथा तत्वीय वर्षको सङ्केतहरू अङ्कित गरिएको छ । यो *छ्योर्तेन* 'चैत्य' को पूर्व मुखपट्टिको सबैभन्दा महत्त्वको प्रवेशको मुखैमा यो तामाङ तथा चिनिया तत्त्वीय वर्षको सङ्केत अङ्कित छ । यस तत्त्वीय वर्षको गन्ती जीवा 'मुसा' बाट हुन्छ । तर प्रवेशको मुखपट्टि बिचमा पारेर *फाग* 'बँदेल' ल्हो तत्त्वीय वर्ष चिन्ह' अङ्कित गरिएको छ । जो कोही पनि यस स्वयम्भू (तस्बीर नं. ४) को टुप्पोमा पुग्नासाथ यो बँदेलको चित्र पहिले देख्न पुगिन्छ । तसर्थ यसले नेपालमा लिपिको विकास हुनु पूर्वतत्त्वीय वर्ष तथा सम्वत्को प्रचलन थियो जो हालसम्म पनि छ । त्यसै बेला यो स्वयम्भूको निर्माण भएकाले यो तामाङ तथा चीनियाँ तत्त्वीय सम्वत्को प्रयोग यहाँ भएको हो । त्यसकारण तामाङहरूले आजसम्म पनि यो स्वयम्भू महाचैत्यलाई *फाबा सीङ्गोन* भनेर भनी आएका छन् । यसरी नै काभ्रेको *ताग्मा ल्हुइच्यान* 'नमोबुद्ध' का सन्दर्भमा पनि तामाङ बौद्धहरूको आफ्नो मूल्य र मान्यताका आधारमा यस स्थानको श्रद्धा गरिन्छ ।

यसमा *डीङताग छेन्बो* भन्ने राजकुमारले भर्खरको सुत्केरी बघिनीलाई आफ्नो शरीरको मासु दान गरेकोले ठूलो महिमा राख्दछ । यही महादानको पुण्यले जो पछि लुम्बिनीमा सिद्धार्थ गौतमको रूपमा जन्मनु भई शाक्यमुनी बुद्धको रूपमा लोककल्याणका लागि आउनुभएको विश्वास गरिन्छ । तामाङ समाजमा यी तीन महान् *छ्योर्तेन*हरूको आफ्नो धारणा मात्र होइन हरेक साल तामाङहरूले एकपटक मेलाको रूपमा तीर्थ भर्ने गर्दछन् । यी तीन तीर्थको तामाङ समाजमा अलग-अलग महिमा रहेको छ । *ताग्मो ल्हुअीच्यान*को दर्शन गरेमा हामी क्लेसहरूबाट मुक्त हुने छौं । *ज्यारोङ खस्योर*को दर्शन गरेमा मनले चिताएको पुग्ने छ । *फाबा सीङ्गोन*को दर्शन गरेमा आयु वृद्धि हुने छ भन्ने विश्वास गरिन्छ । त्यसकारण तामाङहरू तामाङ पात्रोको *बोअीतापा-ला*को *ङ्ह्या* अर्थात् कार्तिक पूर्णिमाका दिन ताग्मो *ल्हुअीच्यान*मा

तामाङहरूको मेला नै लाग्दछ। यहाँ आफ्ना पिता पुर्खा तथा विगतमा बितेकाहरूको पुण्य लाभका लागि *ङेवा* गर्न, *म्हारमे नाङसाल* बाल्ने परम्परा रहिआएको छ भने तामाङ पात्रोअनुसार *नाम्दुङ ङह्या* अर्थात् चैत्र पूर्णिमाका बेला एकदिन अगाडि बौद्धमा र पूर्णिका दिन स्वयम्भूमा बुद्धजयन्तीका रूपमा तामाङहरूले *तेमाल जात्रा* भनेर लगातार दुई दिनसम्म एकएक दिन जाग्राम नै बसेर तामाङहरूले धर्मको मेला भर्छन्।



तामाङ वंशावलीहरूमा उल्लेख भएको *बोद* 'तिब्बत', *बालयुल* 'नेपाल' र *ग्याकारयुल* 'भारत' बौद्ध तीर्थस्थलहरूको वर्णन गरेको *लोर्ग्युं* 'आख्यान' पाइन्छ। तामाङ भाषामा तीर्थका गीतहरू, धर्मका गीतहरू *काल्पा ल्होग्युही मानी काबुम* जस्ता *जीक्तेन तामछ्युयो* आदि तामाङ बौद्धसाहित्य आदिवासी परम्परा मौखिक तथा लिखित पाइन्छन्। नेपालमा भएका हिमाली बौद्ध परम्परामध्ये सबैभन्दा पुरानो सम्प्रदाय *ङीङमा* सम्प्रदाय हो। नेपालका तामाङहरूमा सबैभन्दा बढी यही सम्प्रदायको लामा तथा *गोन्पाहरू* रहेका छन्। तामाङहरू *गोन्पा*मा बस्ने नियमित पूजाआजा चलाउने लामालाई *कोङ्यार* वा *कोङ्यार्बा* लामा भनिन्छ। यसदेखि बाहेक हरेक तामाङ गाउँमा लामा रहेकै हुन्छ। नभएमा छिमेकी गाउँका लामा बोलाउने गरिन्छ।

तामाङ लामाहरू पहिले निकै नै प्रभावशाली थिए भन्ने कुरा काठमाडौँका *बैखुला* लामाहरू ठमेल भगवान् बहालदेखि कीर्तिपुरसम्मका जनता लामा पाथी उठाउन पाउने सरकारी इस्तिहार जारी भएको कुरा बैखुका शम्भु लामाले बताए। उनका अनुसार हिउँदमा धान पाक्ने बेलामा असिना परेर धान नोक्सानी नहोस् भनेर *सेर्बा/सेरा* असिना रोक्न लामाहरूले *सेर्तो* 'फिरफिरे' हावाले पङ्ख बतास चल्ने स्थानमा बौद्ध विधिअनुसार गाडेर राखिन्थे। यसले असिना पर्नबाट रोक्थ्यो। यो काठमाडौँको चपली भद्रकाली, बैखु, कीर्तिपुर, लगनखेल आदि इलाकामा आजसम्म चलिआएको छ भने

दोलखाको चरिकोट (किराँती-कोँइच भाषामा होमाचिरिकोटबाट चरिकोट बनेको) सदरमुकामको चरिघ्याङ *गोन्पाका* लामा यही असिना रोक्नका लागि प्रतिस्पर्धाबाट त्यहाँ खेत तथा बारी बिर्ता गुठी दिएर राखेको परम्परा आजसम्म त्यसरी नै चलिरहेको अर्को उदाहरण हो। यस्तो उदाहरण नेपालमा तामाङ *गोन्पा* भएको स्थानहरूमा आजसम्म पनि कायम नै रहेको छ।

यसरी तामाङ आदिवासी समुदायको मुख्य धर्मको रूपमा नेपालमा बौद्ध धर्मको विकास तथा विस्तार भएको पाइन्छ। बौद्ध धर्मको अनुयायी वा भिक्षुलाई मात्र लामा भनिन्छ। तामाङ लामाहरू धेरै *डीङमा* मतका भएकाले *डीङमा* मतको गृहस्थी पनि लामा हुने परम्पराले अन्य समुदायले तामाङहरूलाई लामा भोटे भनेर भनिन्छ। तर तामाङ समुदायमा गृहस्थी बाहेक पनि *गेलोङ* भिक्षु भएकाहरू पनि पाइन्छन्। हाल *डीङमा* बाहेक अरु सम्प्रदायका पनि

प्रशस्त तामाङ लामाहरू छन्। तर विगत २४० वर्षभन्दा बढी समयदेखि राज्यमा एउटै धर्मका शासकहरूको बोलवाला भएकाले र राज्यले दमन तथा तामाङ *गोन्पाका* गुठीहरू, बिर्ता जग्गाहरू शासकहरूको जागिरदार तथा दोलखा भिमसेन, पलान्चोक भगवती, पशुपतिलगायत हिन्दू मठमन्दिरको नाममा गरिदिएकाले पनि तामाङहरूको *गोन्पाले* तिब्बतीहरूको जस्तो संस्थागत रूपमा सङ्गठित हुन पाएका छैनन्। तरपनि ठूलो जनसङ्ख्या र तामाङ गाउँहरू राजधानीबाट अलि टाढा भएको कारण सिधै र तुरुन्तै राज्यको शासकहरूको प्रभाव नपरेको कारण तामाङहरूले आफ्नो पुरानो बौद्ध मूल्य र मान्यताहरू बचाउँदै ल्याएको पाइन्छ।

ताम्बा परम्परा

तामाङ आदिवासी जनजातिको परम्परागत दुई धार्मिक मान्यताहरूको संयोजनकर्ताको रूपमा ताम्बा सङ्गठित परम्परा रहेको पाइन्छ । ताम्बाको तामाङ समाजमा दायित्व, काम प्रकृति आदिको विश्लेषण गरी हेरेमा ताम्बा शब्दको शाब्दिक अर्थ *ताम* समग्र तामाङ दर्शनलाई *पानतीबा* मिलाउने दुई शब्दहरूको संयोजनबाट (ताम+पानतीबा=ताम्बा) बनेको अनुभूति गर्न सकिन्छ ।

*ताम्बा*लाई तामाङ संस्कृतिको संवाहक एवं तामाङ श्रुति परम्पराको संरक्षक प्रवर्धनका रूपमा लिन सकिन्छ । तामाङ विद्वान परशुराम तामाङले आफ्नो पुस्तक तामाङ संस्कारमा *ताम्बा*लाई 'तामाङ संस्कृतिको मर्मज्ञ र प्रतिपालक' र 'वंशावलीकार (इतिहासकार)' र 'तामाङ सामाजिक धार्मिक कर्मकाण्डका अगुवा, निरीक्षक र मूल्याङ्कनकर्ता' का रूपमा व्याख्या गर्नुभएको छ ।

तामाङ धार्मिक परम्परा बौद्ध परम्परामा लामा र *बोन्पो*मा *बोन्बो*को भुमिका रहे पनि यी दुवैको धार्मिक संस्कारहरूलाई संयोजन तथा यी दुवै परम्पराभन्दा फरक र थप मौलिक तामाङ रीमठीम संस्कार, परम्परा, प्रथाहरूको अगुवाई *ताम्बा*ले गर्न गरिआएको पाइन्छ । त्यो मौलिक तामाङ आदिवासीय *रीमठीम*हरूको निरन्तरता तथा पुस्तान्तरण हस्तान्तरण गर्दै पछिल्लो युगमा यो तामाङ आदिवासीय ज्ञान र कलासँग जोडिएको मानवदेखि विश्व सृष्टिका गाथाकार, मौखिक परम्पराका आख्यानकार, मौखिक इतिहासका इतिहासकार, संस्कार सन्चालक, वंशावलीका अभिलेख राख्ने वंशावलीकार आदिको रूपमा *ताम्बा* एउटा आदरणीय ओहदाको रूपमा तामाङ समाज स्थापित बौद्धिक व्यक्तित्वको रूपमा सम्मानित सङ्गठन हो । यही *ताम्बा*ले मौखिक रूपमा चलाइल्याएको परम्परालाई अभिलेखको रूपमा पहिले तामाङ आदिवासीको धार्मिकशास्त्रीय बौद्ध धर्मलिपिबद्ध भएको *उछेन* लिपिमा लामा तथा *ताम्बा*को भूमिका गर्नेहरूले "*ताम्बा*ला *ताम, जीक्तेन तामछ्र्योअी*" आदि ग्रन्थहरूको रचना गरे । पछिल्लो समयमा देवनागरी लिपिमा पुरानो तामाङ लामा लिपिमा लेखिएका *जीक्तेन तामछ्र्योअी*लगायत ग्रन्थहरूको लिप्यान्तर गरी दार्जीलिङबाट बुद्धिमान मोक्तानले सन १९५६ मा *ज़ीक्तेन तामछ्र्योअी* र ई. १९५७ कर्णेल सन्तवीर लामाले *ताम्बा काअीतेन क्हाअी रीमठीम* नामक पुस्तक प्रकाशनमा ल्याएका थिए । यी पुस्तकहरूको अध्ययन गरेर पछि तामाङ समुदायमा *ताम्बा*को भूमिका कस्तो थियो र छ भन्ने स्पष्ट पार्दछ ।

परम्परागत धार्मिक संस्थाहरू

तामाङ आदिवासी जनजातिको धार्मिक संस्कारहरू सम्पन्न गर्न थुप्रै मानिसहरू संलग्न हुन्छ । कतिपय एउटा व्यक्ति भए पनि आफैमा संस्थाको रूपमा स्थापित छ । जस्तो *ताम्बा, बोन्बो,* लामा यी तीन व्यक्तित्वहरू आफैमा सङ्गठन हुन् । देख्नमा तामाङ लामाहरूको अझ बढी सङ्गठित देखिन्छ । छ पनि । तर पनि अन्य तिब्बती *गोन्पा*का लामाहरू हेरिकन तामाङ लामाहरू असङ्गठित देखिन्छ ।

गेवा ग्हेदुङ

तामाङ समाजमा मरौ, बिहे, *छेवर* आदि जुनसुकै धार्मिक तथा सामाजिक कर्मकाण्ड पूरा गर्न सङ्गठनको आवश्यकता हुने गर्दछ । तर अचेल सहरी तथा ग्रामीण क्षेत्रहरूमा पनि क्याटरीङले यसको विस्थापन गर्न खोजेको पाइन्छ । तर पनि तामाङ समाजमा सामाजिक काममा हुने *ग्हेदुङ* निम्नानुसार पाइन्छ ।

(क) लामा : बौद्ध धर्मको पुरोहितहरूले सम्पूर्ण धार्मिक कार्य पूरा गर्दछ । लोवेन *टुल्कु, दोर्जेलोपन, रोल्मो, उमजे, कोङ्ग्यार* अन्य लामाहरू रहेको हुन्छ ।

(ख) बोम्बो : *ग्हेवा*को काम आरम्भ गर्नु पहिले स्थानीय सीमे भूमे, *सीङो, सान्डेहरू*लाई नपिरोल हाम्रो *त्युल*मा यस्तो *ग्हेवा*को पुण्य कर्महुँदै छ भनेर बुझाउन ।

(ग) *माम्बा* : धेरै अनुभव भएको सर्वमान्य व्यक्ति ।

(घ) *ताम्बा* : संस्कारका विधि विधानहरूको अनुगमनकर्ता, संस्कार ज्ञाता ।

(ङ) *कटाउके* : सम्पूर्ण कामको व्यवस्थापनको जिम्मा लिएको व्यक्ति ।

(च) *लाइबा* : खानपिनको भन्डारबाट ल्याई दिने ।

(छ) *छ्याङबास्या* : पिउने, पानी, जी, आइराग दिने चेलीहरू ।

(ज) *छ्याबा* : प्रायः ज्वाईंहरू हुन्छ । दाउरा, पानी, कतैबाट ल्याउनु परे ल्याई दिने ।

(झ) *ब्योन ह्राबादोर्जेहरू* : बनाउन, गाड्न, काट्न, बाँध्न सबै खाले काम गर्ने युवाहरू ।

५.२ तामाङ *ब्रेन छ्योईतेन थेन प्रिबा* 'प्रमुख धार्मिक चाड तथा चाडहरू'

तामाङ जातिको मौलिक चाडहरू प्रायः तामाङ पात्रोअनुसार तामाङ पहिलो महिलो महिना खेलामा *ल्होछ्यार*, यही महिना देशैभरि रामेछ्याप, दोलखा, सिन्धुपाल्चोकको सैलुङको लेकमा, दोलखाको कालिन्छोकमा, त्यसै गरी नाम्दुङलाको ङ्हेप्या

(पूर्णिमा) मा तेमाल जात्रा स्वयम्भू बौद्धमा, *दुगुला* मा *नाङबा साङग्ये* (बुद्ध पूर्णिमा), त्यसपछि *गोने लामा ग्योओीकार* जात्रा तेमाल काभ्रे, दुधपोखरी जात्रा (सिपा), नुवाकोट, धादिङका त्रिशुली बजारमा सिन्दुरे जात्रा, हिलो जात्रा र *किस्पाङ* जात्रा, *छेदीङमो* जात्रा, गोसाइँकुण्ड जात्रा (रसुवा) आदि थुप्रै जात्रा तथा चाडहरू तामाङ पात्रोअनुसार मनाइआएको पाइन्छ।

यो देखि बाहेक *ङ्हुओी*हरूको आफ्नो घरमा *छ्योसाम*, *छ्योओीखाङ*, *ल्हाखाङ*मा पनि दैनिक पूजा आजा गरिन्छ भने गाउँले वा वंशअनुसार एकैस्थान *बोन्बो*बाट गर्न *नेदा सीब्दा* (पूजा भूमेस्थान) पूजा गरिन्छ। यसरी नै आफ्नो परम्पराअनुसार प्रत्येक *ङ्हुओी*काले आफ्नो पुर्खा, कूल देवताको पूजा नियमित तालिकाअनुसार गर्ने गर्दछन्। यसमध्ये निम्न चाडहरू राष्ट्रिय महत्वका साथ मनाउँदै आएको पाइन्छ।

ल्होछ्यार प्रिबा 'नया' वर्ष उत्सव'

नेपालका तामाङ आदिवासीको सबैभन्दा ठूलो चाड *ल्होछ्यार* हो। यो चाड तामाङलगायत सिङ्गो हिमाली तथा पहाडी भू-भागको आदिवासी जनजाति समुदायको ऐतिहासिक र सबैभन्दा ठूलो चाड तामाङ जातिको तामाङ भाषामा वर्ष फेरिनुलाई *ल्होछ्यार* भनिन्छ। यहाँ *ल्हो* शब्दको शाब्दिक अर्थ परम्परागत रूपमा प्रचलनमा रहेको चिनिया तत्त्वीय खगोलशास्त्र अनुसारको चन्द्रपात्रो मुताविकको नयाँ वर्ष परम्परासँग मेल खाने भाले र पोथी (*यीङ* र *याङ*) पाँच तत्वहरूको संयोजन रहेको विभिन्न १२ वटा जीवजन्तुहरूको नाममा नामकरण गरिएको *ल्हो खोर्लो* 'वर्षचक्र' लाई बुझाउँछ। यसैलाई तामाङ भाषामा *ल्होखोर्लो* वा *ल्होखोर* वा *ल्होकोर* वा *ल्होखोर च्युडडी* (१२ वर्ष चक्र) भनिन्छ।

यही *ल्होकोर*को एउटा *ल्हो* वा वर्षत्त्वबाट अर्को फेरिनु वा बद्लिनु वा नयाँ आरम्भ हुनुलाई *ल्होछ्यार* भनिन्छ। यो *ल्हो* वा *लो* प्रथम चन्द्र महिनाको पहिलो तिथिका दिन आरम्भ हुन्छ र बाह्रौं चन्द्र महिना पूरा भएपछि अर्को *ल्हो* 'वर्ष' फेरिन्छ। तामाङ भाषामा *ल्हो* शब्दले 'वर्ष साल, सम्वत, सम्वत्सर,

ऋतु, उमेर' र छार शब्दले 'नयाँ' भन्ने बुझाउँछ अर्थात् *ल्हो* र *छार* (वर्ष र नयाँ) दुई भिन्दाभिन्दै शब्दहरू मिलेर *ल्होछार* नयाँ वर्ष बुझाउने शब्दावली निर्माण भएको छ। तामाङ भाषामा यही *ल्होछार*लाई बुझाउन विभिन्न शब्दावलीहरूको प्रयोग भएको पाइन्छ।

ल्हो दोबा

ल्हो ले वर्ष र *दोबा*ले 'फर्कनु', *ल्होदोबा* 'वर्ष फर्कनु' किनभने १२ वटा जीवजन्तुहरू प्रत्येक १२ वर्षपछि फेरि त्यही *ल्हो* फर्कन्छ। यस्तो वर्ष फर्कने प्रकृया भिन्दाभिन्दै दुई चरणमा १० पटक फर्केको हुन्छ। प्रत्येक १२ वर्षमा एउटा *ल्हो* फेरि फर्कन्छ। प्रत्येकको पाँच वटा भाले र पोथी खामको पालो आउँदा ६० वर्ष भाले खाम र ६० वर्ष पोथी खाम गर्दा १२० वर्षमा १० पटक एउटा *ल्हो* विभिन्न तत्त्वहरूको साथमा फर्कन्छ। जस्तैः ई. २००९ को वर्ष माटो स्त्री गोरु वर्ष हो। यो अबको १२० वर्ष (ल्होखोर, १२ जीवजन्तु X रु ५ खाम, काठ, आगो, माटो, फलाम, पानी X २ *यीङ* र *याङ* (भाले पोथी) = १२०) पछि मात्र फर्कन्छ। त्यसकारण तामाङहरू *ल्होछार*लाई *ल्होदोबा* अर्थात् वर्ष फर्केको दिन भनेर पनि भन्दछन्।

ल्हो पोबा

यस्तैगरी तामाङहरू *ल्हो* वर्ष र *पोबा* फेरिनु एउटा *ल्हो*बाट अर्को *ल्हो*मा प्रवेश गर्नलाई एउटा *ल्हो*बाट नयाँ फेरिने हुनाले *ल्होछार*को दिनलाई *ल्हो पोबा रे* वर्ष फेरिने दिनको रूपमा पनि लिने गरेको पाइन्छ।

छारदीङ

त्यसरी नै *दीङ* शब्दले तामाङ भाषामा साल, सम्वत्, वर्ष ऋतु पनि बुझाउँछ। *छार* शब्दसँग विन्यास भई *छारदीङ* शब्दको निर्माण भएको पाइन्छ। यो *छारदीङ* शब्दले तामाङ भाषामा 'नयाँ ऋतु, नयाँ साल वा नयाँ सम्वत्' भन्ने बुझाउँछ। त्यसैकारण यो *ल्होछार* चाडलाई विगत ६००० वर्षदेखि चिनियाहरूले ऋतु परिवर्तनको चाड वसन्त उत्सव (Spring Festival) को रूपमा पनि मानाउँदै आएका छन्। यो उत्सव तामाङ, *त्योल्मो, तीजीरोङ, कार्मारोङ, किरोङ* समुदायले *ल्होछार* '*लोसार*' मनाउने समयमा नै पर्दछ। तसर्थ, यसलाई तामाङहरू *छारदीङ* भन्दछन्। यसप्रकार तामाङहरू नयाँ वर्ष *ल्होछार* चाडलाई तामाङ भाषामा *ल्होदोबा* एवं *ल्होपोबा* र *छारदीङ* पनि भन्दछन्।

ल्होछार वा *लोसार* के हो

नेपालका सम्पूर्ण उच्च पहाडी हिमालय क्षेत्रको हुम्ली तामाङ, मुगाली, डोल्पाली, मुस्ताङ्गी, तामाङ, ह्योल्मो, तमु, गुरुङ, मनाङगे, याक्खा, थकाली, दुरा, जिरेल, लोमी, लेप्चा, भुटिया, तोप्केगोला, ओलाङचुङ, होलुङ, भोटे, शेर्पा, लामाभोटे, तिब्बती आदि जातिहरूले आ-आफ्नो परम्पराअनुसार *ल्होछार* 'लोसार' चाड मनाउँछन् । मुस्ताङ, डोल्पाको तिजिरोङ, मुगुको कर्मारोङलगायत क्षेत्रहरूमा यो उत्सवलाई रुङ चाडको रूपमा पनि मनाइन्छ । मुख्यरूपमा परम्परागत चिनिया तत्त्वीय खगोलशास्त्रको तत्वीय आधारमा प्रभाव रहेको पाँच तत्त्वहरूको (१. काठ, २. आगो, ३. पृथ्वी, ४. धातु, ५. पानी) भाले र पोथी/यीङ र याङको संयोजन गरेर गणना गरिने वर्षहरू विभिन्न १२ वटा जीवजन्तुहरू १. मुसा, २. गोरु, ३. बाघ, ४. खरायो, ५. ड्रागन, ६. सर्प ७. घोडा, ८. भेडा, ९. बाँदर, १०. चरा, ११. कुकुर, १२. बँदेलका नाममा नामकरण गरिएका वर्षहरूको *ल्होखोरलो* 'वर्षचक्र' हुन्छ । यही वर्षचक्रको एउटा वर्षबाट अर्को वर्ष फेरिने दिननाई नै *ल्होछार 'लोसार'* भनिन्छ । तसर्थ यो तत्त्वीय खगोलशास्त्र (इलिमेन्टल एस्ट्रोलोजी) अनुसारको पाँच *खाम* तत्वहरूसँग कृयात्मक सम्बन्ध रहने वर्षचक्रको तत्त्वीय *ल्हो* वर्ष फेरिने दिन हो । तत्त्वीय खगोलशास्त्र बमोजिमको वर्ष महिना, दिन, समय आदि गणना गर्ने परम्परालाई तामाङ भाषालगायतको तिब्बती भाषाहरूमा *ज्युङ ची* भनिन्छ । यही वर्ष फेरिने दिन नै *ल्होछार* वा *लोसार* हो । तसर्थ, यहाँ तिब्बती भाषाको नयाँ वर्षलाई बुझाउने *लोसार* शब्द र तामाङ तथा गुरुङ भाषाको *ल्होछार* शब्दले एउटै *ज्युङ ची* तत्त्वीय खगोलशास्त्रअनुसारको नयाँ वर्ष उत्सवलाई बुझाउँछ ।

चीनमा यही दिनमा वसन्त उत्सव तथा परम्परागत *सिननियन* नयाँ वर्ष चाडको रूपमा मनाइन्छ । चीनमा यो नयाँ वर्ष मनाउने परम्परा आजभन्दा ४७०० वर्षअघि सिया साम्राज्यकालमा प्रचलनमा रहेको कुरा इतिहासमा उल्लेख छ भने चीनको तत्त्वीय खगोल तथा ज्योतिषशास्त्रको इतिहास अझै त्यो भन्दा पनि पुरानो मानिन्छ । नेपालमा पनि स्वयम्भूको ठूलो बज्रमुनीको तत्त्वीय वर्षको सङ्केत चिन्हहरूले स्वयम्भूको निर्माण कालको सङ्केत गर्दछ जो माथि चर्चा गरिएझैं यसले यो तत्त्वीय खगोल शास्त्रीय परम्परा रहेको कुरा उजागर गरेको छ र त्यो परम्परा पुरानो हो भन्ने प्रमाण यसले दिएको छ ।

ल्होछार वा *लोसार* अन्तर्राष्ट्रिय चाड हो । नेपालमा मात्र होइन *ल्होछार* वा *लोसार* नयाँ वर्ष उत्सवलाई धार्मिक, सांस्कृतिक चाडको रूपमा मनाउने

परम्परा संसारभर नै पाइन्छ । तत्त्वीय खगोलशास्त्रको प्रयोग तथा यसको आधारमा *ल्होछार* वा *लोसार* नयाँ वर्ष उत्सव मनाउने प्रचलन नेपालको सम्पूर्ण उच्च पहाडी हिमालय क्षेत्र, चीनको स्वशासित प्रदेश तिब्बत, मङ्गोलिया, सिंगापुर, मलेसिया, कोरिया, जापान, लाओस, भियतनाम, कम्बोडिया, थाइल्याण्ड, बर्मा, भूटानलगायत भारतको लद्दाख, दार्जीलिङ, सिक्किम, अरुणान्चल प्रदेश, हिमाचल प्रदेश आदि स्थानमा पनि बडो महत्त्वका साथ मनाउने गरेको पाइन्छ । त्यसकारण यो नेपालमा मात्र नभएर अन्तर्राष्ट्रिय रूपमा नै मनाउने उत्सव हो ।

ल्होछार वा *लोसार* तत्त्वीय वर्षचक्रको नयाँ वर्ष परम्परा

ल्होछार वा *लोसार* परम्परा अहिलेको गणितीय खगोलशास्त्रसँग समेत मेल खाने तत्त्वीय खगोलशास्त्र *राब्ज्युङ* 'बाह्र जीवजन्तुहरूको नाम र तिनमा प्रभाव पार्ने पाँच भौतिक तत्वहरूको आधारमा सृजित' *ल्होखोर* ६० वर्ष वृहस्पतीय वर्षचक्रमा आधारित विश्वको सबैभन्दा पुरानो पात्रो परम्परा हो । यो आजभन्दा ४७०० वर्ष अगाडि सुरु भएको तथ्य चिनिया तत्त्वीय खगोलशस्त्रको इतिहासमा पाइन्छ । यो खगोलशास्त्र तथा ज्योतिषशास्त्र एवं पश्चिमी ग्रेगोरिएन पात्रो र भारतीय कालाचक्र परम्पराअनुसारको चन्द्र, सूर्य तथा ग्रह, नक्षेत्र आदिमा आधारित आधुनिक गणितीय खगोलशास्त्रको प्रयोग तथा व्याख्याको नतिजासँग पनि यसले दिने नतिजाले मेल खान्छ ।

यो परम्परा तत्त्वीय खगोलशास्त्र *राब्ज्युङ* 'बाह्र जीवजन्तुहरूको नाम' र तिनमा प्रभाव पार्ने पाँच भौतिक तत्त्वहरूमा आधारित यो वर्ष गणना प्रणालीमा १२ जीवजन्तु र पन्छीहरूको नामबाट वर्षहरूको नामाकरण गरिएको हुन्छ र यो वर्ष चक्र परम्परामा एक वर्षलाई १२ चन्द्र महिनाहरूमा विभाजन गरिएको हुन्छ । अधिक मास भएको बेला भने १३ वटा महिना हुन्छ ।

सामान्यतया एक चन्द्रमास (चन्द्र महिना) लाई दुई भागमा औंसीको भोलिपल्ट परेवादेखि पूर्णिमासम्म र पूर्णिमाको भोलिपल्ट परेवादेखि औंसीको दिनसम्म विभाजन गरिएको हुन्छ । यसलाई नेपालीमा 'शुक्लपक्ष' (प्रतिपदा परेवादेखि पूर्णिमासम्म) र 'कृष्णपक्ष' (पूर्णिमादेखि औंसीसम्म) भनिन्छ । यो अवधि अर्थात् एक चन्द्र महिनामा २९.५ दिनको हुन्छ । सौर्यत्रोमा ३६५ दिनको एक वर्ष हुने भएकाले चन्द्र वर्षमा ३५४ दिनको एक वर्ष हुन्छ । यहाँ ११ दिनको भिन्नता रहेको हुन्छ । यसले गर्दा यसलाई मिलाउन चन्द्र वर्ष प्रत्येक तीन

वर्षमा एक पटक 'अधिकमास' जोडिन्छ । यसरी 'अधिकमास' जोडिएर हुने वर्षलाई 'चन्द्र मलमास वर्ष भनिन्छ । यस्तो अधिकामास पात्रोमा जोड्ने कार्यको भिन्नताले गर्दा *ल्होछार* चाड एउटै आधारभूत सिद्धान्त तत्त्वीय खगोलशास्त्र अनुसारको नयाँ वर्ष परम्परा भएपनि एक महिना अगाडि या पछाडि मनाउने गरिएको हो । यसप्रकार *ल्होछार* चाड तामाङ आदिवासी समुदायको साथै नेपालको थुप्रै आदिवासीहरूको साझा चाड पनि हो ।

तेमाल जात्रा प्रिबा

तामाङ समुदायको उपत्यका हुने चाडहरूमध्ये *तेमाल* जात्रा एउटा महत्त्व पूर्ण जात्रा हो । यो जात्रामा खास गरी धेरै तामाङहरू काभ्रेको तेमाल भेगबाट आउने भएकाले स्थानीय तामाङहरूले नै यो *नाम्दुङ ङ्इत्या*को चाडलाई *तेमाले*को जात्रा भनेर नामाकरण भएको बताउँछन् बौद्धका स्थानीय तामाङहरू । जे होस्, यो चाड तामाङ पात्रोअनुसार *नाम्दुङ ला* अर्थात् चैत्र पूर्णिमाका एक दिन अगाडि र एक दिन पछाडि गरी दुई दिनसम्म यो चाड मनाइन्छ । चैत्र पूर्णिमाको एक दिन अगाडिको दिन बिहानको १० बजेपछि *ज्यारोङ खास्योर* 'बौद्ध स्तुप' मा भएको काठमाडौंका वरिपरिका *ताम्सालीङ* क्षेत्रका जिल्लाहरूबाट तामाङहरूको ओइरो लाग्न थाल्दछ । दिउँसोको मध्यान्ह कटेर अपरान्हतिर त बौद्ध *छ्यार्तेन* वरिपरी तामाङहरूको घुइँचोले खुट्टासम्म टेक्ने ठाउँ पाउन कठिन हुन्छ ।

तर पनि पुर्खौंदेखि चलिआएको चाडमा दिन तामाङहरू ठेलमठेल गरेर भए पनि बौद्धस्तुपाको माथि पुग्छन् । आफ्नो साथमा गाउँबाट आएका जजमानी लामाहरूले आफ्नो जजमानको चाहनाअनुसार डोवा, मानी मण्डल, *म्हारमे नाङसाल* बालेर बितेका पितृजनको सम्झनामा तथा मनोकांक्षा पूरा होस् भनि आराधना गर्दछन् । पूजा-आजा सकिएपछि गाउँबाटै जोडी कसेर आएका तथा कोही जात्रामा नै आफ्नो जोडी मिल्ने खोज्दै सुरिलो र मिठो भाषा र भाखामा तामाङ *फाबरे* गीत गाउन थाल्छन् । दिनभरी र रातभरी नै पुरुष र महिलाबीच दोहोरी नै चल्छ । कोही भने *नाङसाल* बालेर मानी *मोलम* पूजा गराउन लामालाई सघाइरहेका हुन्छन् ।

भोलिपल्ट बिहान भएपछि भने कोही बूढानीलकण्ठको *साङग्ये तोप्लेङ* हुँदै *लाङरा लुङ* भनिने बालाजुको नागार्जुनमा पुगेर २२ धारामा नुहाई *फाबा सिङगोनत*र्फ हानिन्छन् । *सिङगोन*मा पनि बौद्धमा जस्तै गरी बितेका परिवारजनको नाममा *म्हारमे नाङसाल* बाल्दै आफ्नो *छेको ब्रज्या सील्खाही*

भने पूजा आराधना गर्दछन् । जात्रामा आएका *डाम्फुरे* र दोहरी गीत तामाङ भाषामा गाउनेहरूको गीत सुनी साँझ परेपछि बिस्तारै आ-आफ्नो आफन्तजन तथा बासस्थान खोज्दै जान्छन् । यसरी *नाम्दुङ ङ्हय्या*का अधिल्लो र भोलिपल्ट दुई दिन तामाङहरूले *नाम्दुङ ङ्हय्या* मनाउँदछन् ।

दुगु ङ्हय्या साङग्ये केबा प्रिबा

तामाङ पात्रोअनुसार *दुगु* महिनाको *ङ्हय्या*का दिन *साङ्ग्ये च्योम्देन्दे साक्या थुबा*को जन्म, बोधिसत्व ज्ञान प्राप्तिको दिन *ज्याङछ्युब सेमकेबा/कीन्बा* र निर्वाण प्राप्ति (*ग्रोङबा/डोङबा*) दिनको रूपमा अत्यन्त पवित्र दिनको रूपमा मनाउँदै आइरहेको छ ।

यो दिनलाई संयुक्त राष्ट्र सङ्घले अन्तर्राष्ट्रिय रूपमा र नेपाललगायत सबै बौद्ध मुलुकहरूले समेत आफ्नो राष्ट्रको राष्ट्रिय चाडको रूपमा मनाई आइएको छ । तामाङ समुदाय मुख्यतया *डीङमा* सम्प्रदायको भएकाले यो सम्प्रदायमा मुख्य स्थान *उरगेन पेमा ज्युङने* गुरु पद्मसम्भव भएकाले प्रत्येक तामाङ महिना *चापा च्यु* 'दशमीका' दिन भव्य पूजा गरि मनाउँदै आएकाले पहिले यो दिनको महिमालाई ओझेलमा पारिएको थियो । नेपालमा बहुदल आएपछि धार्मिक स्वतन्त्रताको कुरा उठेपछि चेतना बढ्दै गएपछि *दुगु ङ्हय्या*का दिन पहिले मनकामना तथा *नाम्सा, युल क्योङबा*को नाममा बलि पूजा गरिँदै आएकोमा त्यसलाई ढोगेर बुद्ध पूर्णिमाको रूपमा *साङ्ग्ये केबा ठूङबा, ग्रोङबा थेन साङग्ये थु थोब्बा रे* को रूपमा मनाउँदै आइएको हो ।

सोकराती ङ्हय्या ताम्मो ल्हुअीच्यान प्रिबा 'कार्तिक पूर्णिमा'

नेपाल तथा तिब्बतमा समेत चर्चित बौद्ध तीर्थ *ताम्मो ल्हुअीच्यान*मा तामाङ पात्रोअनुसार *सोकराती ला* 'कार्तिक' महिनाको *ङ्हय्या*का दिनदेखि पाँच दिनसम्म तीर्थमेला लाग्ने गर्दछ । तामाङ समुदायको सघन बसोबास क्षेत्रमा रहेकाले तामाङ भाषामा यस स्थानलाई *ताम्मो ल्हुअीच्यान* अर्थात् बघिनीलाई शरीर दान दिएको स्थान भनेर भनिन्छ । यहाँ आएर पूजा आराधना गरेमा *दान पारमित* पूरा हुने तथा प्रेरणा मिल्ने विश्वास गरिन्छ ।

त्यसकारण तामाङ साहित्यमा *ताम्मो ल्हुअीच्यान ग्याल्सा मी ल्हुहीला डीप (क्लेस) दाला रो* भनेर सम्पूर्ण क्लेसहरूबाट मुक्त हुन पनि *ताम्मो ल्हुअीच्यान* दर्शनीय रहेको विश्वास गरिन्छ । तामाङ समुदायको मुख्य धार्मिकस्थलको रूपमा *ताम्मो ल्हुअीच्यान* प्राचीनकालदेखि नै रहेको हुनाले नै *ताम्मो*

*ल्हुअीच्यान*मा आफ्नो शरीरको मासु दान गर्ने दान बीर डीडताग छेन्बो हुन भनेर *ताग्मो ल्हुअीच्यान* मन्दिरमा बस्नु हुने पुजारीहरू बताउँछन् ।

५.३ आदिवासी धर्म र लैङ्गिक सम्बन्ध

तामाङ आदिवासी समुदायमा कुनै धर्मको कार्यमा महिला वा पुरुष भनेर भेद्भाव गरिँदैन । समाजका प्रत्येक सदस्यको पहिले नै जिम्मेवारी छुट्याइएको हुन्छ । खास लैङ्गिक रूपमा जिम्मेवारी छुट्याएको हुँदैन । तर खुवाउने, पिउने कुराको वितरण आदिमा भने स्वतःस्फूर्त रूपमा तामाङ महिलाहरू अगुवा भएर काम गर्ने गरेको पाइन्छ ।

५.४ धार्मिक परिवर्तनहरू, गैर परम्परागत धर्महरूको प्रभाव

नेपालमा २४० वर्ष खस जातीय हिन्दू वर्णाश्रम धर्मको केन्द्रिकृत शासनसत्ताको कारण नेपालको अन्य धर्म तथा संस्कृतिहरूले राज्यबाट न्यायोचित संरक्षण नपाएको कारणले धार्मिक तथा सांस्कृतिक विकास, आर्थिक विकास, राजनीतिक विकासमा अवरुद्ध भई तामाङ समुदायको धर्म संस्कृतिले विभिन्न प्रकारको बाह्य दवाबमा आफ्नो मौलिक धर्म र संस्कृतिलाई छाडेर हिन्दू धर्म र संस्कृति अपनाउन बाध्य पारिएको थियो । तामाङ समाजमा यसले पारेको धार्मिक परिवर्तनलाई निम्नानुसार हेर्न सकिन्छ ।

हिन्दूकरण

राज्यका शासकहरूले राज्यको कानुन नियमहरू सबै हिन्दू धर्म र संस्कृतिको आधारमा सं. १९१० को मुलुकी ऐन र त्यो भन्दा पहिलेका बल मिच्याइँ प्रवृत्तिले तामाङ आदिवासी जनजाति समुदाय नै हिन्दू धर्म र हिन्दूकृत भएका छन् ।

(क) तामाङ समुदायको मौलिक चाड *ल्होछार*, *तेमाल* जात्रा, आदिमा सरकारी सन्चार माध्यम तथा राजकीय मान्यता नभएकाले दसैं, तिहारमा पाउने सरकारी बिदा तथा सम्मानले आफ्नो चाडप्रति धारणा हिनताबोध हुने भएकाले हिन्दूधर्मको संस्कृति अधकल्चो सिकेका छन् । किनभने तामाङहरूले दसैंमा हिन्दूले जस्तो सम्पूर्ण थिति पूरा गर्दैनन् । अझ हिमाल तथा लेकतिरका तामाङलाई त थाहा नै छैन । त्यसकारण दसैं, तथा तिहार तामाङहरूले सिको गरेको हिन्दू चाड हुन् ।

(ख) त्यस्तै पश्चिम भेग, तामाङहरूमा आफ्नो घरमा मरौ परेमा क्रिया पुत्र/पुत्री बस्ने तथा बरखी बार्ने भन्ने कुरो थाहै छैन । तर तराई तथा

पूर्वतर्फका कतै बरखी समेत बारेर क्रिया बस्ने गरेको सुनिन्छ । तर बरखी बार्ने, क्रिया बस्ने आदि मृत्यु संस्कारको तामाङ परम्परा होइनन् । यो हिन्दू राजाहरू मर्दा जबरजस्ती कपाल मुण्डन गर्नल गाउने क्रिया बस्ने हिन्दू धर्मले सयौं वर्ष लगाएर सिकाएको झेली प्रथा मात्र हो । आदि (मूल) बासी तामाङ प्रथा होइन ।

(ग) घरमा सत्य नारायणको पूजा लगाउने, विभिन्न देवीदेवताको नाममा ब्रत बस्ने, महिलाहरू नछुने भएमा बार्ने परम्परा पनि तामाङ समुदायको होइन । हिन्दूधर्म संस्कृतिको सिको मात्र हो ।

(घ) तामाङहरूको मुख्यतया यो जनावरको मासु खान हुने र यो जनावरको मासु खान नहुने भन्ने तामाङ धर्ममा छैन । बरु बौद्धहरू प्राणी हत्या तथा हिंसा चाहँदैनन् । तर तामाङहरूमा गोरु लगायत कुनै पनि मासु उत्पादनमा खपत हुने जनावरको मासु खान बर्चित वा बन्देज लगाएको हुँदैन । यो पनि हिन्दू धर्मले सिकाएको आस्था र विश्वास मात्र हो ।

(ङ) तामाङ समाजमा हाडनाताको साइनो पर्ने गरी राज्यको नागरिकता वितरण गर्न कार्यालयले तामाङका श्रीमतीहरूको नागरिकता बनाउँदा र श्रीमतीको *हुअी* 'थर' लेख्दा श्रीमान्को थर लेखी दिनाले तामाङ समाजमा एउटै हुई *कुटुम्बेरी* नचल्ने र छोरीको विवाह गरेर पठाउँदा ज्वाँइलाई मासु, रगत र प्राण वायु स्वासबाहेक हाडा नसुम्पने भएकाले छोरीको *हुअी* विवाह भएर जाँदा पनि लोग्नेको *हुअी*मा जाँदैन र परिवर्तन पनि हुँदैन । तर स्व.गोपाल योन्जनकी श्रीमतीलाई रीनछीन योन्जन भनि दिँदा गोपाल योन्जन जस्तो प्रतिष्ठित व्यक्तिलाई समेत तामाङ समाजको मौलिक संस्कृति नै थाहा नभएको जस्तो परिस्थिति सृजना भएको छ । त्यस्तै वरिष्ठ गायिका कुन्ति मोक्तान भनेर भनिरहँदा उनी शिलाबहादुर मोक्तानकी श्रीमती होइन आफ्नै बहिनी पो रहेछ भन्ने भ्रम सृजना भएको छ । किनभने तामाङ समाजमा मोक्तानले मोक्तानसँग बिहे गर्न सक्दैन । गरेमा हाडनाता फोरुवा, पातकीको सजायँ भोग्नुपर्छ र समाजबाट बहिष्कृत हुन्छ । तर नगरिकता बनाउने फाँटका कर्मचारीले तामाङ *रीमठीम*माथि हिन्दू परम्परा लादेपछि समाजमा यस्ता घटनाहरू हुने सम्भावना धेरै बढेको छ । त्यसकारण सरकारी कार्यालयले पनि यसरी तामाङहरूलाई हिन्दू संस्कार लाद्ने काम गरेको छ ।

५.५ गैर परम्परागत धर्महरूको प्रवेश

देशमा आफ्नो भाषा संस्कार संस्कृतिले अवसर नपाउँदा र राज्यले तामाङ मूल्य र मान्यताहरूको उपेक्षा गर्नाले आर्थिक, राजनीतिक कारण उत्पीडनमा परेकाले मातृभाषामा शिक्षा-दिक्षाको अभावमा चेतनाको स्तर विकास नभएकाले लोभ तथा विभिन्न कारणले तामाङहरू गैर परम्परागत धर्मतर्फ आकर्षित हुन बाध्य भएका छन् । लगभग ई. १९७० को दशकपछि नेपालमा तामाङहरू पनि आफ्नो परम्परागत धर्मबाट इसाई धर्ममा प्रवेश गरेका छन् ।

५.६ परम्परागत धर्म मान्ने चलनमा आएका परिवर्तनहरू

नयाँ सामाजिक परिवर्तनले तामाङ समाजमा मौलिक रूपमा चलिआएको पोङ पठाएर निमन्त्रणा दिनुको बदलामा हिजोआज निमन्त्रणा कार्ड, फोन, सुपारी दिने जस्ता परिवर्तनहरू आएका छन् । तामाङ मौलिक भेषभूषाको बदलिमा दौरासुरुवाल र पाइन्टमा नै राम्रो लाग्न थालेका छन् भने धर्ममा पनि घरैमा गर्ने *ग्हेवाहरू* गोन्पामा गर्न थालेका छन् भने तीन दिन लगाएर गरिने *ग्हेवा* तीन घन्टामा सक्ने आदि खालका आधुनिकतम परिवर्तनहरू भएका छन् ।

५.७ सांस्कृतिक/धार्मिक पुनर्जागरणको अवस्था

नेपालमा सं. २०४६ सालको परिवर्तनपछि आदिवासी जनजातिको नवीन चेतनाले आन्दोलनको रूप लिएपछि तामाङ आदिवासी समुदायमा पनि भाषा तथा धार्मिक, सांस्कृतिक पुनःजागरणमा वृद्धि भई *ल्होछार* जस्तो ऐतिहासिक र मौलिक चाडहरू बिर्सिसकेका तामाङहरूसम्म पुग्न सफल भएको छ ।

त्यस्तै तामाङहरूले घरघरमा *लुङता* राख्न छोडिसकेको अवस्थाबाट आज पुनर्स्थापना भई सर्वत्र सांस्कृतिक पुनर्जागरणका रूपमा तामाङ जनजातिको राष्ट्रिय पहिचान दिने धार्मिक सांस्कृतिक जागरण आएको भेटिएको छ ।

यसप्रकार समग्रमा तामाङ धर्म संस्कृतिले एउटा इतिहास बनाउँदै विभिन्न उतार चढावका बीच आफ्नो मौलिक पहिचानलाई आजको दिनसम्म आई पुग्दा धार्मिक, सांस्कृतिक पुनरजागरणको अभियानबाट स्थापित गर्दै तामाङ आदिवासी पहिचान जोगाउन तामाङ धर्म र संस्कृतिले नेपालको छुट्टै र मौलिक नेपाली तामाङको पहिचान बनाउन सकेको छ ।

❑❑

६. तामाङ रीमठीम 'संस्कार रीतिरिवाज'

तामाङ समाजमा पनि अन्य प्राणी तथा मानव समुदायमा झैं समग्र जीवन र जगतको निरन्तरता लागि *म्हीठीम*ले व्यक्तिगत जीवन र *युलठीम* र *छ्योअीठीम*ले सामाजिक जीवनलाई बाँधेको पाइन्छ। मानिसको हरेक कृयाकलापहरू उसको जीवनसँग गाँसिएको हुनाले त्यो मानिस शारीरिक तथा मानसिक हरेक दृष्टिकोणबाट शुद्ध, चोखो, तन्दुरुस्ती अर्थात् स्वस्थ रहन आवश्यक हुन्छ। यसका लागि तामाङ समाजमा पुर्खाहरूले अनेकन मानवीय धार्मिक, सामाजिक अनुष्ठानहरू संस्कार तथा सृजना गरेर राखेका छन्। संस्कार भनेको परिमार्जन, प्रशोधन तथा परिवर्तन अर्थात् नयाँलाई स्वीकार्न वा मान्यता प्रदान गर्ने कार्य हो। तसर्थ, समुदायले आफ्नो स्वराष्ट्रियता स्वीकार्य बनाउन लागि तामाङ संस्कार, क्षेत्री ब्राह्मणको संस्कार, नेवार संस्कार भनेर अलग-अलग रुपमा संस्कार सृजना गरेको पाइन्छ। त्यसैले होला खस भाषी बृहत् शब्दकोशले "वैदिक विधिअनुसार गरिने ब्राह्मण जातिका सोह्र संस्कार वा कृत्य" भनेर भनेका छन्। यसरी नै तामाङ समाजमा "बाह्र तामाङ" को *रीमठीम* भनेर *तामाङ च्युङनीला ठीम थेन तामछ्योअी* भनेको पाइन्छ। यो १२ तामाङ प्रतिनिधिहरूको सामूहिक निर्णय वा नियम वा विधि १२ वटा गाउँहरूको साझा संस्कार अर्थात् १२ तामाङ गण राज्य वा राष्ट्रको संस्कार भनेको हो। यो कुरा तामाङ लोकसाहित्य *ताम्बा काअीतेन*मा "१२ *तामाङला काअी थेमा। योल्मो गाङला क्युअी लिङमु*" भनेर, १२ तामाङको *रीमठीम*लाई शक्तिशाली *रीमठीम*को रुपमा अभिव्यक्त गरेको पाइन्छ।

तामाङ समाजमा घटित हुने नयाँ घटनाहरू मानवको जन्म, त्यसपछिको शुद्धी चोख्याउने कार्य *थाप्साङ, ठुअीसाङ*, समाजमा योग्य मानवको रुपमा स्वीकार गर्ने कार्यको रुपमा *टाप्चे/छेवार*, संसारिक प्राकृतिक परम्परालाई धान्ने कार्य *जोम्पाकी/ब्रेल्बा* (विवाह) तथा जीवन र जगत अनित्य छ भन्ने कार्य *सीवाङ*

मावाङ 'मृत्यु संस्कार' आदि सबै खाले शुद्धीकरणको कार्यहरू नै तामाङ *रीमठीम* (संस्कार) हो । यसरी मानवजीवनमा जीवनको सुरुवातसम्बन्धी विश्वास (Beliefs regarding origin of life) जन्मदेखि वयस्क हुनुभन्दा अगाडि, विभिन्न समय र उमेरहरूमा गरिने चोख्याउने, नाम राख्ने, अन्न/भात खुवाउने, छेवर, गुनियो चोलो दिने आदि सबै कार्यहरू संस्कार हुन् । यी सबै संस्कारहरू आरम्भ र सम्पन्न गर्न तामाङ समाजमा बाचा बन्धनको प्रतीक *पोङ* अनिवार्य हुन्छ । प्रत्येक संस्कारका लागि *ग्हेदुङ छोक्पा* रहेको हुन्छ । जसमा मुख्य गरेर *लामा, बोम्बो, चोबो, गाअुरुङ, मुल्मी, ताम्बा, गान्बा, डाम्फुरे, छ्याङबा, काटाअुके, लाइबा* आदि रहेको हुन्छ ।

६.१ *कोलाकेबा वा कोला न्हाबा* 'जन्म'

समान्यतया मानिसको जन्म जसरी भएको हुन्छ, त्यसैलाई तामाङ समाजमा जन्म पछिको जन्मिएको मानिसको व्यवहारको आधारमा जन्मलाई दुई प्रकारले वर्गीकरण गरिएको हुन्छ ।

(क) कोला न्हाबा/कोला याङबा

आमाको कोखबाट सामान्य किसिमले जन्मनुलाई *कोला न्हाबा* वा *कोला याङबा* भनिन्छ । यस्तो साधारणतया नियमित र निरन्तर दैनिक रूपमा भइरहेको मानिसको सामान्य जन्म प्रकृया हो । यसरी जन्मेको बालकमा उसको बाल्यकालमा कुनै फरक खालको चरित्र, अनौठो स्वभावहरू देखा पर्दैन । यो सामान्य *फो पुअीबा/ फोन्हाबा* बाट *न्हाबा* अर्थात् बालको जन्म दिने भन्ने नै हुन्छ ।

(ख) *केवा खाबा*

कुनै मानिसको मृत्युपश्चात् दोहोरिएर कसैको कोखबाट जन्मेको अर्थात् पुनर्जन्म भएको छ भने फलानोको *केवा खाबा* 'पुनर्जन्म' भएको/आएको भनिन्छ । गर्भाधान र जन्मको प्रकृया सामान्य बच्चा जन्मेको जस्तै भएपनि त्यो बालकमा विशेष लक्षणहरू कुनै स्वर्गीय भइसकेको व्यक्तिहरूको चरित्र, व्यवहार तथा उनले पहिले जीवित छँदा प्रयोग गरेका सामग्री, त्यो मानिसको जीवनमा घटेका विभिन्न घटना, परिघटना आदिको स्पष्टसँग बताउने, पहिचान गर्ने स्वभावहरू देखाउने हुन्छ जुन मृत्यु भईसकेको मानिसको यस्तो केवा खाबा पहिचान भएपछि त्यो बालकलाई टुल्कु अर्थात् कसै-कसैले *तारी* 'देवताको अवतार' भन्ने गर्दछन् । यस्तो *केवा* अर्थात् अवतार प्राय बोधिसत्व मार्गमा लागेका ठूला लामा गुरुहरूको मात्र आउने विश्वास

गरिन्छ। यसरी *केवा* आएको घटना तामाङ समाजमा यदाकदा भएको उदाहरणहरू पाइन्छ। उदाहरणका लागि धादिङ जिल्ला *तीप्लीङ* गाउँका *गोन्पा*का प्रमुख लामा *ग्ले*को माहिलो छोरोको पुनर्जन्म भएर स्थानीय हाल इसाई धर्ममा विश्वास गर्ने एक दम्पत्तिको कोखमा जन्मेका बालक हिजोआज भारतको मैसुरस्थित *डीङमा* इस्च्युटमा अध्ययनरत छन्। यही इन्स्टिच्युटमा अध्ययनरत रहनुभएका काभ्रे बालुखानी घर भएका लामाको छोराको रूपमा पूर्व मकवानपुर जिल्ला पशुपतिनगरस्थित गोन्पा ज्याम्याङ कुस्योको पुनर्जन्मका भएको थियो।

आमाला कुरीकेबा 'गर्भधारण'

मानिसको जन्म प्रकृयामा पहिले महिलाको गर्भमा सम्भोग वा अन्य कुनै माध्यमबाट गर्भधारण भयो भने तामाङ भाषामा *आमाला फोरी केबा* वा *कुरी केबा/फोरी केबा* भनिन्छ। कतै गर्भधारणलाई *फोनाबा/फोपुअीबा* 'पेट बोकेको' पनि भन्ने गरिन्छ।

गर्भधारण भइसकेपछि गर्भको "बालक र आमा समेतलाई मङ्गल होस्" भन्नाको खातिर तामाङ समाजमा बौद्धधर्मको *दोमाङ* 'परित्राण' शुत्र घरमा समय समयमा पाठ गर्न गरिन्छ। त्यसैगरी आफ्नो घरका *फोला* 'कुल देवता' तथा *डाब्ला*लाई शान्तिका रक्षार्थ *साङसेर्केम* धुप-धुँवार पूजा गर्ने गरिन्छ। तामाङ समाजमा यस्तो बेला गर्भवतीले प्रायः लास हेर्नु हुँदैन भन्ने चलन छ। किनभने बच्चा पेटमा भएको बेला आमालाई जस्तो प्रभाव पर्छ बच्चमलाई समेत त्यो प्रभाव पर्ने विश्वासको कारण लास नहेर्न राम्रो मानिन्छ। बच्चा पेटमा भएको बेला आमा नराम्रा तथा अपसकुन हुने, मसानघाट आदिमा पुग्दा डर, त्रास हुने, झस्किने र तर्सिने हुन सक्छ। त्यसकारण बच्चा डरपोक र कमजोर हुन सक्छ भन्ने विश्वास गरिन्छ।

गर्भवती महिला र बच्चाको रक्षाका लागि *ल्हेकाप* (?) गरिन्छ। गर्भवती अवस्थामा श्रीमान्श्रीमती दुवैले कुनै पनि जीवित प्राणीको काटमार, हत्या आदि गर्नु हुँदैन भन्ने गरिन्छ। तामाङ समाजमा गर्भवती महिलालाई कुनै पनि शुभ-अशुभ कर्मकाण्डको कार्यहरू गर्नबाट भने वञ्चित गरिदैन। गर्भवती महिला र बच्चाको मङ्गल कामना गरी पटक-पटक *साङसेर्केम* 'पूजाआजा' गर्ने चलन छ। गर्भवती महिलाको अघिल्लो बच्चा खेर गएको छ भने लामा अथवा *बोन्बो*बाट फेरिखेर नजाओस् भनेर 'रीसाप' अथवा मोच मार्ने चलन छ।

कोला न्हाबा 'जन्म'

गर्भधारण गरेको निश्चित अवधिपछि बच्चा जन्म हुनुलाई *कोलान्हाबा* भनिन्छ । कतै *कोला याङबा* पनि भनिन्छ । तामाङ जातिमा गर्भवती महिलाले बच्चा जन्माउँदा बच्चा पैदा हुनासाथ नुहाई धुवाई सफा गरी सकेपछि जाँड, रक्सी, घिउ झानी सुत्केरीलाई खुवाउने चलन छ । साथै सुत्केरी हुँदा पहिलेदेखि पालेर राखेको कुखुराको भाले काटेर त्यसको मासु भात सुत्केरीलाई पोषण ख्वाइन्छ । यो तामाङहरूमा पहिलेदेखि नै भएको पुरानो रीतिथिति मानिन्छ ।

दोमाङको सुत्र पाठ गरी आमा र बच्चाको सुरक्षार्थ लामाद्वारा छेडुप, मङ्गलशुत्र र ध्वजाको सुत्र *ग्याल्छेन चेमो पुङगेन* समेत पाठ गर्ने चलन छ । साथै लामाद्वारा जन्तरबुटि पनि लगाई दिने चलन छ । जन्मी सकेपछि रक्षार्थ कतै कतै *बोम्बो*द्वारा जन्तरबुटी बनाएर लगाई दिने चलन छ । गर्भधारण गर्न महिलाले बच्चा जन्माउँदा छरछिमेकी, मामाहरू भेला हुन्छ र बच्चा जन्मेपछि बच्चाको आमाले नालाविठ्याउ नसके मामाहरूले विठ्याउने चलन छ । नालचाहिँ टपरीमा टपरीले राम्रोसँग छोपी केराको झाङमा बोटको फेदमा खाडल खनेर पुर्ने चलन गरिन्छ र सहयोगी मामाहरूले यस समयमा अन्नको बीउबिजन छुन हुँदैन भनिन्छ ।

नाल बिठ्याई सकेपछि बच्चा नुहाई धुवाई गरी आमालाई दिइन्छ र सेकताप गर्न र चोखो *च्यानच्यान* 'पाति' ले आमाको दूध सफा गरी सकेपछि मात्र बच्चालाई दूध खुवाउन लगाइन्छ ।

थाप्साङ, डीपसाङ, युलसाङ, ठुअीसाङ पेरीम्बा

बच्चा जन्मिसकेपछि *लामा, बोन्बो, लाप्तावा, साङदुङ* आदि संस्कार देवीदेवता पुज्ने पुजारीहरूले नयाँ बालक र आमालाई *ठुअीसाङ/थाप्साङ/डीपसाङ* तथा *युलसाङ* चोख्याउने गरिन्छ । यो पाँच दिनमा न्वारान गर्न बुद्धचार्य नामक पुस्तकमा उल्लेख भएको कुरा तामाङ लामा पुरोहितहरूले दावी गर्दछन् । अधिकांशले *नामज्युङ, थाप्साङ/डीपसाङ/ठुअीसाङ* तथा न्वारान छोरीको भए ५ दिनमा र छोराको ७ दिनमा *थाप्साङ/ठुअीसाङ/डीपसाङ* 'न्वारान' गर्ने गरिन्छ, । कतै कतै यो प्रकृया पूरा नगरेसम्म निजलाई कूल पूजाआजामा समेत चलाईदैनथ्यो र दोमासे बार्ने चलन थियो । तर हिजोआज यस्तो बार्ने चलन छैन ।

तामाङ समाजमा यो *थाप्साङ/डीपसाङ* वा *युलसाङ* 'न्वारान' गर्दा पुरोहित *लामा* वा *बोन्बो*लाई निम्तो दिन खादा र *सगुन पोङ* वा चढाउने मण्डल पठाउनुपर्छ। *थाप्साङ/डीपसाङ*मा लामाद्वारा सम्पन्न हुन्छ। यसमा *साङवुम्बा छ्योओी दोर्जे नाम्ज्युङ* पाठ गरिन्छ। यसरी *थापसाङ/डीपसाङ/युलसाङ* गर्दा *दोर्जे नामज्युङ* ग्रन्थ पाठ गरिने भएकाले यो *काज्याई नामज्युङ* गर्ने पनि भनिन्छ।

कथंकदाचित लामा नभएको अवस्थामा *मान्छाङ न्वारान* गर्ने चलन छ। कतै लामा नपाइएको खण्डमा मात्र *गान्बा, ताम्बा*, भानिज ज्वाइँ, चेली-माइती, *आखेमाम* आदि व्यक्तिहरूको भेला गराई *नामज्युङ/थापसाङ/ठुअीसाङ* न्वारान गरिन्छ। *यसलाई मामसाङ* भनिन्छ। *खाङ वुम्बा, ठुअी* आदिको प्रयोग गरी न्वारान सम्पन्न गरिन्छ। मामाद्वारा गरिने न्वारानलाई *सीङ्ने नर्ग कु* भनिन्छ। यो कार्यमा लामाले *साङ छु, छ्योप्पा, टासी चेक्पा* 'मङ्गलसुत्र' पढ्ने गर्दछन्। *ग्रेसीङ* र *दलसीङ* ढुङ्गा पोल्ने चलन छ। तर शास्त्रमा उल्लेख छैन।

थाप्साङ/डीपसाङ/ठुअीसाङ, युलसाङ अर्थात् न्वारानको दिन *नाग्ची* अर्थात् तत्त्वीय खगोल तथा ज्योतिषशास्त्र तथा धर्मशास्त्रको परम्पराअनुसार बच्चाको नाम राख्ने गरिन्छ। यही तत्त्वीय ज्योतिषशास्त्रको आधारित *ची* अनुसार ग्रह, नक्षेत्र, वर्ष महिना, दिनको खाम, पार्ख तथा मेवा हेरि लामाले शास्त्रीय भाषामा दिन, वार, ल्हो, खाम र मेव्रा आदि मिलाएर नाम राख्छन्। यो कार्यमा लामाले *साङ, छ्यु छ्योप्पा, टासीचेक्पा* 'मंगलसुत्र' पाठ गरिन्छ। कसैले *साङसँगै ग्रेसिङ* र *दलसीङ* ढुङ्गा पोल्ने चलनलाई निरन्तरता दिएका छन्।

अन्तर जात/जातिको महिला तामाङ जातिले विवाह गरेमा बाह्र तामाङको स्वीकृति लिएर कुनै कुटुम्बेरी चल्ने तामाङ वंशको *बुरीङ* 'चेली' बनाइएको हुन्छ। यस्तो गरिएमा *ह्रुअीस्याल* गर्नुपर्ने हुन्छ र त्यस्ती महिलाले बच्चा जन्माएको बालकलाई तामाङ समाजमा सामाजिक संस्कारहरू सम्पन्न गर्न वा *थाप्साङ/डीपसाङ/ठुअीसाङ* वा न्वारान गर्न कुनै बाधा हुँदैन। कुनै प्रकारको प्रक्रियामा समेत फरक पर्दैन। बच्चाको न्वारान प्रायः बौद्धधर्म गुरुहरू 'लामा' द्वारा नै गराइन्छ। गोर्खाका तामाङहरूमा भने पानी नचल्ने जातको महिलाले जन्माएको बच्चाको न्वारान लामा, झाँक्री, *लाप्तावा*, नभएमा कुटुम्ब सो पनि नभए परिवारद्वारा पनि गरिन्छ। तर ६ वर्षपछि मात्र दूध चोखाइन्छ।

लामाको विधि

नेपालको तामाङहरूको सङ्गठन नेपाल तामाङ *घेदुङ* का भातृ सङ्गठन नेपाल तामाङ लामा घेदुङ, केन्द्रीय समितिले सरल र एकरूपताका लागि यससम्बन्धी संस्कार देहाय बमोजिम गर्नू भनेर निर्धारित गरेको छ ।

कुनै *डीपसाङ/थाप्साङ/युलसाङ* अर्थात् न्वारानको लागि लामालाई निमन्त्रणा आएमा कार्यशील धर्मठानी न्वारान गर्ने र बुद्ध क्षेत्र प्रवेश गराउने । न्वारानमा अपनाउनु पर्ने नियम र विधि *डीङमा* बौद्ध सम्प्रादायको परम्पराअनुसार हामी तामाङ लामाहरूले पहिलेदेखि हालसम्म गरिआएका छन् । *साङ*को सामानहरू अनिवार्य हुनुपर्दछ । यसमा (१) *कारसुम* (२) *ङारसुम* र न्वारन गर्दा *साङ*को दालामा पुगेपछि *देप्के सेर्केम* गर्ने । *देप्के सेर्केम* सकेपछि *ढालसाङ* गर्न त्यसपछि *दोर्जे नाम्च्युङ* पढी नवजात शीशुलाई *ठुई* गर्ने र 'चीखोर' जन्म कुण्डलीअनुसार आफ्नो जातीय पहिचानको नाम राख्ने गरिन्छ ।

यो संस्कार सम्पन्न गर्दा न्वारानमा आफ्नो वंश, आफन्त, मावली एवं *गान्बा, आखे माम, लामा* पुरेत, चेलीमाइतीलाई बोलाई आफ्नो आर्थिक क्षमताअनुसार डोन 'भतेर' ख्वाउने चलन छ ।

न्वारान गर्दा तितेपाती लगायतको साङहरू बालेर *साङसाङसी* गरिन्छ र *ठुअी* 'बुम्बाको पानी' लामाले सबैलाई खानु दिएर शुद्ध पार्ने कार्य हुन्छ । त्यसपछि मात्र चोखिएको मानिन्छ र बेसारले रंगाएको धागो लामाले बायाँ हातमा डोरो बाँधी दिन्छन् । साथै एक माना जति चामल मण्डल थालमा राखी *नाङसाल म्हार मे* बत्ती बालेर एक *पोङ* सगुन 'रक्सी वा जाँड' राखिन्छ । यसलाई *मान्दी पोङ* भनिन्छ । सो *पोङ*को वरिपरि *कोकोम्हेन्दो* राखिन्छ र त्यही सगुनलाई लामाले *छ्योत्सी* गरेर दक्षिणा ग्रहण गर्नुगर्छ ।

यस्तो *डीपसाङ/थाप्साङ/ठुअीसाङ* अर्थात् न्वारनका लागि चाहिने सामग्रीहरूमा तितेपाती, *स्युक्पा, क्वाअीरुङपाती, बारुलु साङ,* सेतो ढुंगा, आगोमा पोल्ने, भलायो काठ पोल्ने र गाईको दूधले बच्चालाई नुहाई सुत्केरी आमा र सुडेनीहरूलाई *बुम्बा*को *ठुअी* ले शुद्ध गर्ने चलन छ ।

झाँक्रीको विधि

उपरोक्त *साङ*हरू बालेर घर *साङ साङसी* गर्ने । *ब्हुम्बा* शुद्धि गर्नुपर्छ । *ब्हुम्बा* शुद्धि गर्न तामा बाहेक अन्य धातुको भए *ब्हुम्पा*मा सुनपानी र तामाको पैसा

हाल्नुपर्छ । त्यसपछि *ब्हुम्बा* (कलश) मा *ल्वाङ*, सुकुमेल, श्रीखण्ड, पाँचऔले र सिउरीको धुपभित्र हाली त्यसलाई शुद्ध पारी छोको रुपमा राखेको फलफूल तथा परिवारका सबैलाई छर्किने र खुवाई शुद्ध पार्न गरिन्छ ।

यसरी सुत्केरी चोख्याउने कामको सँगसँगै या अलिपछि जुन बेला शिशुको बारेमा मनोवैज्ञानिक ढंगले यो शिशु यस्तो छ भन्ने अनुमान लगाउन सकिने उमेर पुगेपछि घरको पाको व्यक्तिद्वारा नाम चयन गरी राख्ने गरिन्छ । यसरी नाम राख्दा स्वभाव, बानी बेहोरा, चलखेल, शारीरिक तन्दुरुस्ती आदिको आधारमा मौलिक नाम छोरीको भए मार्क, सेलजोम, पोटी, सेल्कु, *याङजोम, डेमालासी, पेमावाङच्यु* आदि र छोराको भए प्लेडेक, *स्युर्लु, लाछीरीङ*, सार्की, कामीटासी, *दोम्बले, गुर्लु, नोर्बु, रेप्पा* आदि प्रकारको नाम राखिन्छ ।

लामा वा झाँक्री, लाप्ताबा, लाम्बु, साङदुङ नहुँदा

कुनै बेला लामा, झाँक्री कोही पनि नभेटिएमा निश्चित् अवधि सुत्केरी ५ र ७ दिन पुगेको अवस्थामा घरको मुली अथवा सबैभन्दा जेठोबाठीले पनि आफ्नै ढङ्गले *थाप्साङ/डीपसाङ/युलसाङ* गरी सुत्केरी चोख्याउने काम हुन्छ ।

*थाप्साङ*को दिन बिहान सखारै नुवाइ धुवाई गरी चोखो चनाखो भई साफ *ब्हुम्बा* वा *लोटा ब्हकुना*मा धाराबाट चोखो पानी ल्याई पहिले आफ्नो युलको सबै गोन्पाका देवगण, गाउँका भूमिदेवता, कूल देवता, महत्वपूर्ण पर्व, नदीनाला, खोलाखोल्सीका सबैलाई आशीर्वाद दिन बोलाइन्छ । त्यसपछि क्रमैले सबैलाई धन्यवाद दिएर *साङ साङ्सी* गरेर तथा *ठुअीले छ्योत्सी* गरेर बिदा बारी गरिन्छ । त्यही पानीले शिशु र आमालगायत घरका सबै परिवारजनलाई पनि शुद्ध गरेपछि *थाप्साङ/डीपसाङ/युलसाङ*को रीत पूरा हुन्छ ।

६.२ *कान/केन ख्वाबा* (भात खुवाई) *पेरीम्बा*

छोरा अथवा छोरी *कोला न्हाबा* भएको ६ महिना भएपछि *कानख्वाबा रीमठीम* गरिन्छ । तामाङ समाजमा लामाद्वारा ची हेराएर राम्रो साईत जुराएर गरिन्छ । शिशुलाई भात खुवाउनुभन्दा अगाडि *ताम्बा* वा *लाप्ताबा 'बोन्बो वा साङदुङ'* द्वारा आफ्ना गाउँका देवीदेवताहरू साथै घरका कुल देवताहरूलाई *कानख्वाबा* कार्यको जानकारीको साथै नपिरोल्नु *जीन्लाप* दिनु भनेर *साङ सेर्केम* गराइन्छ । त्यसपछि लामाद्वारा विधिवत् *साङ सेर्केम*को साथै *टासी च्येप्के* पाठ गरी पूजापाठ गरिन्छ । लामाबाट शुद्ध अमृतरूपी *ठुअी* खुवाइन्छ ।

त्यो दिन शिशुलाई खुवाउन प्रायले *डेकान* पकाएको हुन्छ। त्यस दिनमा बच्चालाई नुवाई धोई गरी नयाँ लुगा पनि लगाई दिन्छ। *साङ सेर्केम* सकिएपछि घर परिवारमा सबैभन्दा जेठो पाको बाजे बज्यै, आमा बुबाको हातबाट साइत जरेको समयमा पहिले नै पकाएर तयार पारी राकेको *डेकान* भात खुवाउने गरिन्छ। यसरी भात ख्वाउँदा पाएसम्म चराको चुच्चो *ख्युङ* र त्यो नपाएमा चाँदीको सिक्काले ख्वाइन्छ। खाना खुवाउँदा क्रमशः ठूलो साइनोदेखि आमन्त्रित सबैले भात ख्वाउने *जीन्लाप* दिने गरिन्छ। हिजोआज आफ्नो नजिकको *गेलोङ लामा* अथवा कुनै *तुल्कु* लामा जो बोधिसत्व मार्गमा लागेका व्यक्ति शुद्ध मानि पहिले लामाको हातबाट *कानख्वाबा* गरिन्छ। यो दिन *आस्याङ*द्वारा शिशुको हातकोप नाडीमा खुट्टामा *म्हुअीकी माठी* र कानमा समेत *म्हारला बोटील* लगाई दिने चलन छ। कतै लामाले साङ गरेपछि मामाद्वारा पैसामा गोडा टेकाएर मह, दुध, घ्यू आदि मिसाएर खुवाइन्छ।

घरको मुली लोग्नेमानिस घर गाउँदेखि टाढा रहेको अवस्था पनि यो रीत गरिन्छ। समाजमा बच्चाले सामाजिक मर्यादा र दायित्व बोधको साथै उनलाई हीनता र उपेक्षा बोध नहुने गरी *ताम्बा, आस्याङ*, आमा बाबाको आवश्यकता पर्दछ। भात खुवाईमा आमा (बाबु, लामा, आखेमाम मेमे र छिमेकी भद्र भलादमी, *ताम्बा, आस्याङ*, गाउँका बुढापाका इष्टमित्र, मावालीहरूलाई समेतलाई निम्तो गरिन्छ र सबैलाई *डोन सोल* खुवाउने गरिन्छ।

भात खुवाई सुरु गरेपछि गाउँका *ताम्बा* र *आस्याङ*हरू डम्फुरेहरू एकापसमा डम्फु बाजा बजाएर तामाङ गीतमार्फत् सांस्कृतिक कार्यक्रमहरू गरी खुसियालीका गीतद्वारा नै शिशु बखान गर्दै राजकुमार जस्तो, डाँफे जस्तो स्वभावको आदि प्रकारले वर्णन गरी *जीन्लाप क्हाअी*द्वारा शुभ आशीर्वाद दिने गरिन्छ। यो परम्परा तामाङ समुदायमा परापूर्वकालदेखि चलिआएको विश्वास गरिन्छ।

६.३ *टाप्चे/छेवार पेरीम्बा/पेठीम*

तामाङ समुदायमा मानिस जन्मेर *थापसाङ रीमठीम*पछि बृहत् रुपमा गरिने *रीमठीम*मध्ये मामाले कपाल काट्ने अर्थात् *छेवार* भनिन्छ। यो *पेरीमठीम/पेठीम* छोराको मात्र गरिन्छ। छेवर, बालकको उमेर ३ वर्षदेखि ११ वर्षभित्र गर्ने गरिन्छ। यसमा विशेष गरेर आमाका दाजुभाइ बालकको

*आस्याङ*को भूमिका प्रधान हुन्छ। यो *पेरीम्बा*मा अबदेखि बालकको एउटा सङ्क्रमणकाल पूरा भयो भनेर अबको दिनदेखि दीर्घायु रहने छ - छे-*थोर्खाओी छेरीडखाओी* भनेर *छे आयु*को *जीन्लाप* दिने उत्सव भएकाले यसलाई *छेवाङ* वा *छेवार* भनिन्छ। यो कर्मको सँगै कपाल काट्दा टुपी नराखी काट्ने भएकाले यो दिनदेखि बौद्ध धर्मअनुसार धर्ममा समेत प्रवेश भएको दिनका रुपमा पनि लिइन्छ। यो कर्मलाई तामाङहरूले *टाप्चे लाबा* थेन *छेवार* पनि भनिन्छ। हुन त *टाप्चे* भनेको बौद्धधर्ममा लामा हुँदा गुरुले टुपी काटेर भिक्षुमा प्रवेश गराउँदा वा प्रवजीत हुँदा गरिने रीत हो।

यो *पेरीमठीम* पूरा गर्नु पहिले *चीपा लामा*लाई *ची* हेराएर साइत जुराइन्छ। साइत जुराएर सबै तयारीका साथ *टाप्चे* र *छेवार*को *पेरीम्बा* गर्न कुराको टुङ्गो लागि सकेपछि पहिले बालकको *आस्याङ दीम*मा सगुन पोडको साथमा *थोडसे*, कुखुराको *डाङ, गेड*समेत लगेर *आस्याङ*लाई जानकारीको लागि *छोछ्याङ पोड* दिइन्छ।

पहिले *ताम्बा* तथा *गान्बा*ले बच्चाको बाबु र समाजलाई "यो बच्चा फलानाको हो, यसको न्वारान भयो, छेवार भयो तैँले (बाबु) र समाजले मेरो छोरा होइन अथवा कुनै पनि ठाउँमा कुल कुटुम्बसँग थुनछेक गर्न पाउने छैन" भनी *ताम्बा* र *गान्बा*ले सपथ खुवाइन्छ। *छेवार* गर्दा *बोन्बो, ताम्बाहरू*ले *साङ सेर्गेम* गर्छन् र सबै चिजबीज चढाउँछन् र त्यसपछि मात्र कपाल काट्छन् र *छो* खानपिन गर्दछन्। *छेवार*मा कसै-कसैले पुरोहित लामा लगाएर *साङ सेर्गेम* गरिन्छ। *छेवार* गर्दा लामाद्वारा साइत जुराएर मामाद्वारा कपाल काटिन्छ। *छेवर*मा बाबियोको दाम्लोले बाँधी, मुखमा दुबो च्याप्न लगाउने, हातमा फलफूल राखी कपाल काट्ने गरिन्छ। फुपुद्वारा काटिएको कपाल टपरीमा थाप्ने चलन छ। कपाल काट्दा पहिला दीयो-कलश पुजेर र घडी थापी ठीक साइत जुराई ठीक समय मिलाई पहिलोपल्ट काटेको कपाल पूर्वदिशाको देवतालाई चढाइन्छ र क्रमशः चारै दिशाको देवतालाई चढाइन्छ र आकाशका देवतालाई चढाइन्छ। पातालका देवतालाई पनि चढाइन्छ र कपाल कैँचीले मेलैले काटिन्छ र दाहिनेपट्टिको कानको छेउमा थोरै कपाल बाँकी राखिन्छ र खाना खुवाइन्छ। कपाल काटी सकेर मामाले *तागी/कुलागि/*टोपी *क्राइयोओी* फेटा लगाई दिन्छन्। *आस्याङ आङीहरू*ले बालकलाई नयाँ कपडा दिने गरिन्छ। त्यसकारण जन्म दिने आमा र टोपी दिने मामा भन्ने भनाइ पनि छ। आफ्नै मामा नभएमा अरु नाता पर्ने मामाबाट कपाल कटाइन्छ। कतै मामा नभएमा लामा *मेमे*द्वारा कटाइन्छ।

*छेवार*मा काटेको कपाललाई चोखो रुखको टोड्कामा अथवा ढुङ्गाको आडमा राख्ने, पानीमा लगेर सेलाउने, काटेको कपाललाई चोखो ठाउँमा फूलको रुखको फेदमा वा कसैले पनि नकुल्चने ठाउँमा राख्ने चलन छ ।

*छेवार*को शुभ कर्मकाण्डमा *लामा, बोम्बो* र *ताम्बाह*रूको आ-आफ्नै विधिअनुसार गर्नुपर्ने हुन्छ । *छेवार*को अवसरमा करणमरण *रेम* बाँडिन्छ र बाँड्नुभन्दा अगाडि सगुन *स्यालगर* देवी-देवतालाई चढाई *छ्योत्* गरिन्छ । बनाइएको *थोडसे* र चेलीबेटीहरूले *फो दोङपोङ* ल्याएको हुन्छ । सबै चीजबीज बाँडिन्छ ।

*छेवार*मा कपाल काट्ने कार्य चलिरहेकै बेला पनि *ताम्बा* तथा *डम्फु*रेहरूले *डम्फू* बजाएर *क्वाअी*मार्फत् छेवार गरिएको बालकको बखन गर्दै पुर्खाले गरिआएको *पेरीमठीम* भएकाले "आज हामी पुर्खाको मार्ग निर्देशनको रुपमा *टाप्चे छेवार* गर्दै छौं" भन्ने भावको *क्वाअी*को माध्यमबाट जातीय पहिचान र जातीय संस्कृतिको जागरण गर्न खालको *क्वाअी* रहेको हुन्छ । *छेवार*को यो शुभकार्यमा *ताम्बाह*रूद्वारा 'डम्फू' बाजा बजाएर जातीय सांस्कृतिक कार्यक्रमहरू गरिने चलनका साथै *डम्फू*को तालमा गीतमार्फत् *छेवाङ* शुभ आशीर्वाद दिइन्छ । आज यो परम्परा गौरवका रुपमा स्थापित भइसकेको छ ।

*छेवार*मा विशेष *आस्याङ, आङी,* मावाली *मामआखे, गान्बा, ताम्बा, वोम्बो* आदिलाई निम्तो दिइन्छ । निम्तालुहरूले उपहार स्वरुप जुत्ता, कपडा, छोपी, दक्षिणा, चरेसको थाल आदि दिइन्छ । निम्तालुहरूले उपहार स्वरुप दही अक्षेताको *डोच्यान* लगाई *छेरेङगाअी* आशिष दिने र नगद दक्षिणा दिने चलन छ । *छेवार*मा *आस्याङ*को साथै *आङी*हरूको पनि भूमिका हुन्छ । *आङाह*रूको विशेष भूमिका रहन्छ । *छेवार*मा बोलाइएको आफन्तहरूलाई खानपिनको व्यवस्थामा *म्हा ज्वाइँ*हरू र उनीहरूले गर्नुपर्ने हुन्छ । निम्तालुहरूलाई खाना पिना गराएर दिनभरिमा बिदाई गर्न गरिन्छ । बिदावारीको बेलामा अलिअलि *सगुनपोङ*को सट्टा *पोङ* र दक्षिणा भेटी दिने, आफ्नो साइनोअनुसार *फेछ्याङ फेप्सीङ* सगुन र ढोगभेट गरी बिदाई गरिन्छ । मामालाई बिदावारी गर्दा अर्सल विर्सल भयो कि भनी *स्यालगर पोङ फेछ्याङ* राखेर गरिन्छ ।

तामाङ लामाहरूको सङ्गठनले भने *टाप्चे* र *छेवार* गर्दा जन्मजात हामी बौद्धमार्गी भएकोले शुभसाईत निकाली लामाबाट *टासी* चेर्क्या 'मंगल सुत्र' पाठ गरी बच्चाको *टाप्चे* बौद्धधर्ममा प्रवेश 'टुपी काट्ने' गराउनु पर्छ । बच्चा लामागुरुले जप्न दिएको मन्त्र जप्न सक्ने उमेरको हुनुपर्छ । यसमा पनि

लामा अयोग्य हुनुहुँदैन । *छेवार* भनेको पनि आयुलाई वार भन्ने भएकोले टाप्चे सकेर त्यही दिन या आफ्नो अनुकूलको दिन मिलाई गर्न सकिन्छ । *टाप्चे छेवार*भन्दा अगाडि हुनुपर्दछ भनेर आफ्नो मातहातबाट यसै अनुरुप गराइरहेको बताउँछन् ।

६.४ रजस्वला कर्म संस्कार

आज पनि तामाङ समुदायको विकट गाउँहरूमा कुनै पनि देव-देवी स्थान तथा कुल, धार्मिक कार्यहरूमा रजस्वला भएका महिलाहरूलाई वर्जित गरिँदैन । तर तामाङ समुदायमा हिन्दू धर्म र हिन्दू समुदायको संस्कारको प्रभावमा परेर रजस्वला/महिनावारी भएको समयमा महिलाहरूले देवताको थान, *छ्योअीखाङ, लाग्याम*मा पूजा-आजा नगर्ने र तीन दिनसम्म बार्ने गरेको सुनिन्छ । तर तामाङ बौद्धहरूमा यसरी रजस्वला भएका र नभएका समयको आधारमा महिलाहरू कहीँ कतै वन्चित र वर्चित गरिँदैन । यो बौद्धधर्मको आधारभूत सिद्धान्त विपरित कार्यभएको र तामाङ जातिमा महिनावारी भएको महिलाले बार्नुपर्ने त्यस्तो कुनै चलन परम्परादेखि चलिआएको देखिँदैन । यसमा बार्नुपर्ने कुनै कारण औचित्य पनि देखिदैन भनेर तामाङ *ताम्बा* तथा लामाहरू बताउँछन् ।

६.५ टाटु खोप्ने र नाक छेड्ने

तामाङ समुदायले छुट्टै मान्यता र मूल्यका आधारमा आफ्नो शरीरमा देवी-देवताको चित्र खोपाउने चलन छैन । तर प्रायः गाउँहरूमा च्यापु, हातको बूढी औंलाको छेउमा चन्द्रमा आकारको टाटु परम्परागत पद्धतिबाट खोपेको पुराना पुस्तकहरूमा पाइन्छ । हिजोआज त्यस्तो देखिँदैन । टाटु जस्तै तामाङ जातिको महिलाहरूले नाक छेड्ने साथै चुरा पोते सिन्दुर लगाउने चलन पनि परम्परादेखिको होइन । तर विदेशमा लाहुर तथा हिन्दू धर्मको प्रभावले गर्दा यस्तो गरिएको देखिन्छ । तर अति विकट क्षेत्रका तामाङ गाउँहरूमा नाक छेडने, सिन्दुर पोते लगाउने गरिदैन । त्यसकारण यो प्रथा तामाङ जातिको मौलिक होइन भन्ने पुष्टि हुन्छ ।

६.६ *स्यामा हाङरे पीन्बा* 'गुन्यु चोलो दिने'

छोराको *टाप्चे* तथा *छेवार* जस्तै छोरीलाई पनि *चीपा*लाई साइत जुराएर छोरीको उमेर ७, ९ र ११ वर्षसम्ममा *स्यामा हाङरे पीन्बा पेरीमठीम* गरिन्छ । यसमा पहिले सुतिको छिपाको *स्यामा* र *हाङरे पीन्बा* गरिन्छ । *छेवार*को बदला छोरीलाई सुरुको पहिरन वस्त्र दिने गरिन्छ । छोराको *छेवार*मा जस्तो छोरीको

यस *रीमठीम*मा मामा तथा अरू कसैको खास र महत्वपूर्ण भूमिका पनि रहँदैन ।

६.७. *जोम्पाकी/ब्रेल्बा पेठीम* 'विवाह'

पुरुष/केटा र महिला/केटीलाई एक अर्कोमा *ग्रीङ* र *रेम्बो*को भन्न पाउने अधिकार प्राप्त गर्ने कार्यलाई तामाङ भाषामा *जोम्पाकी/ब्रेल्बा* 'मिलन/भेट' भनिन्छ । *जोम्पाकी/ब्रेल्बा* तामाङ समुदायमा विभिन्न प्रकारले हुने गरेको पाइन्छ ।

जोम्पाकी/ब्रेल्बाला दुई 'योग्यता'

केटा र केटीलाई एक अर्कोमा अभिन्न अङ्गको रूपमा बाँध्न, जुटाउन वा संयोजन हुने कार्यलाई तामाङ भाषामा *जोम्पाकी/ब्रेल्बा* 'मिलन/भेट' भनिन्छ । तामाङ समुदायको विवाह गर्नहुने र नहुने विशेष सीमा तामाङ १२ तामाङले निर्धारित *रीमठीम*अनुसारको *हुअी*हरूका बिचमा मात्र *कुटुम्बेरी* चल्छ अर्थात् विवाह हुन्छ । तामाङ समाजमा विवाह *स्वाँगी, थेतगी* तथा *डाहुअी* भित्र अर्थात् सगोत्रीय वंशभित्र हुँदैन ।

*जोम्पा/ब्रेल्बा ब्रेल्साङ*का निमित्त तामाङ समाजमा ठ्याक्कै यति वर्ष भन्ने किटानीका साथ तोकेको पाईँदैन । तामाङ समाजमा प्रायः छोरोको उमेर पुगेपछि घरमा काममा सघाउ पुग्ने उद्देश्यले बुहारीको खोजी विवाहको जमर्को गरिन्छ । सामान्यतया छोरा होस् वा छोरी १५-१६ देखि २५-३० वर्षसम्मका उमेरमा विधिवत् विवाह गर्ने गरेको पाइन्छ । उमेरको हकमा केटो र केटीको उमेर घटी हुनै पर्छ भन्ने छैन । एक दुई वर्ष जेठो र कान्छी भएमा बाधा मानिदैन । तामाङ समुदायमा बाल विवाहको प्रचलन छैन ।

तामाङ समाजमा विवाहका निश्चित् सीमाहरू रहेको हुन्छ । पुरानो प्रचलनअनुसार आफ्नो *डाहुअी* र *थेतगी*का *स्वाँगी*भित्र कुटुम्ब नचल्ने । अन्य बाहिरका जातिसँग पनि कुटुम्बेरी नचल्ने, बाहिरका जातिको महिला केही गरी ल्याइ हाले पनि त्यसलाई दण्ड तथा समाजमा स्थापित हुने र नहुने बेग्लाबेग्लै विधिहरू रहेका छन् । त्यसरी जायजन्म भएका सम्बन्धमा प्रथम त *हुअीस्याल* गर्नुपर्ने हुन्छ । *हुअीस्याल* नगरी कुनै पनि तामाङ *रीमठीम*मा चलाइँदैन । *हुअीस्याल* गरी सकेपछि मात्र तामाङ समाजमा सुरुफुरु चल्छ । उदाहरणका लागि नेवार महिला ल्याएमा उसबाट हुने जायजन्मको सन्तानलाई *डारबा* भनिन्छ र तीन पुस्तासम्म तामाङ जातिको कुनै पनि रीतिथितिमा सहभागी हुन नदिने प्रचलन छ । सगोत्रीय विवाह भएमा बहिष्कृत गरिन्छ

र *साङ्ग्री* भनिन्छ । तसर्थ विवाहका लागि कुटुम्ब चल्ने नचल्ने कुरा निर्धारण *डाह्रुअी, थेतगी/थेमेगीका स्वाँगी*को आधारमा गरिएको हुन्छ ।

*जोम्बा/ब्रेल्बा*को 'विवाह' को प्रकार

जोम्पाकी/ब्रेल्बा तामाङ समुदायमा विभिन्न प्रकारले हुने गरेको पाइन्छ । परम्परागत विवाह, विधिवत् मागेर गर्ने, चोरी अर्थात् जात्रा (मेलामा तानेर लैजाने, प्रेम गरेर भगाएर लैजाने, प्रेम र अरु परिबन्धबाट जारी वा अर्काको श्रीमती ल्याउने आदि प्रकारको विवाहका प्रकृयाहरूको प्रचलन पाइन्छ । यसलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

आस्याङ वा *आङी* मामा 'चेला/फुपू चेली'

परम्परागत रुपमा तामाङ समाजमा मामा वा फुपू चेली विवाह मौलिक मानिन्छ । यसरी मामा-फुपू-चेलीमाथि आफ्नो अधिकार रहने परम्परागत चलन रहेको छ । खुसी राजीले नै मामा वा फुपूको छोरीसँग नै विधिवत् विवाह गर्ने गरिन्थ्यो र गरिन्छ । मामाको छोरीमाथि भान्जाको अधिकार जस्तै रहेको मानिन्छ । मामा-माइज्यूले पनि "आफ्नै भान्जाले नै छोरी विवाह गरोस्" भन्ने चाहना राखेको पाइन्थ्यो । भान्जाले विवाह नगर्न भएमा मात्र मामाले आफ्नो छोरीलाई अन्यत्र विवाह गरी दिने गरिन्थ्यो । तर हिजोआज मामा र फुपूको छोरीसँगको विवाह पद्धतिको ठीक विपरीत खस जाति क्षेत्री बाहुनको विवाह परम्पराको प्रभाव बढेपछि भने मुख्यतया तामाङ बस्ती गाउँबाट विभिन्न अवसरको खोजीमा सहरी क्षेत्रमा बसाइँ सरेका शिक्षित तामाङहरूमा भने यो प्रथा हराउँदै गएको पाइन्छ । यसले गर्दा तामाङ जातिमा रहेको यो मौलिक विवाह परम्परा मामा-चेला-फुपू-चेला विवाह सङ्कटमा परेको छ ।

तामाङ समाजमा मामा र फुपू चेला विवाह परम्परा रहनुको मुख्य कारण विवाहपछि चेलीको *ह्रुअी* नफेरिने तामाङ परम्पराले गर्दा नै हो । मामा भनेको आमाको दाजुभाइ र फुपू पिताको दिदीबहिनी भएपनि विवाहपछि चेलीको रगत र मासु मात्र विवाह गरेर लाने पुरुष पक्षको हक हुन्छ हाडखोर *ह्रुअी*माथिको अधिकार माइतपट्टी नै रहन्छ । यही तामाङ *रीमठीम*ले छोरा छोरीको हाडनातामा पिता पट्टीकै हक रहन्छ र उसको *ह्रुअी* पिताकै कायम हुन्छ । त्यसैले फुपू आफ्नै पिताको दिदी या बहिनी भएपनि उसको छोरीको *ह्रुअी* पति पट्टिकै अर्थात् लोग्नेकै हाडनातामा रहने भएकाले फुपूको छोरी विवाह गर्दा तामाङ *रीमठीम* अनुसारको *डाह्रुअी, थेतगी* र *स्वाँगी* नमिचिने

हुन्छ। त्यसै गरी मामाको *हुअी* पनि भान्जा भान्जीको *हुअी* भन्दा फरक कुटुम्ब चल्ने *डाह्नुअी, थेतगी स्वाँगी*को *रीमठीम* नमिच्ने भएको कारणले *आस्याङ* (मामा) र *आङीको* (फुपूकी) छोरी विवाह गर्न तामाङ समाजमा तामाङ *रीमठीम*ले बन्देज नलगाएको देखिन्छ। यही कारणले गर्दा यो परम्परा तामाङ जातिको मौलिक परम्पराको रुपमा रहेको छ।

डुत्या/पुअीबा जोम्बा/ब्रेल्बा

तामाङ समाजमा विवाहका उमेर पुगेका युवायुवतीहरू साथीसँगीहरूको सहयोगमा गाउँघरमा लाग्ने विशेष उत्सवहरू, मेला, जात्रा जाँदा रमाइलो ठट्टा गर्दा गर्दै साथीहरूकै सल्लाहमा मेलाबाटै केटीको आमा बुबालाई थाहै नदिई समातेर वा बोकेर केटोको घरमा लैजाने चलन पनि छ। यसरी जबर्जस्ती तानेर वा बोकेर लगि सकेपछि हुने विवाहलाई चोरी विवाह पनि भनिन्छ। त्यसपछि केटो पिताले गाउँको अगुवाहरूसहित केटी पक्षको घरमा *पोङ* लिएर विवाहको विधि सम्पन्न गर्न चोरेर लगेकोमा क्षमासहित जिम्मेवारी वहन गर्दै उपस्थित हुन्छन्। दुवै पक्षको कुरो मिलेपछि तामाङ *रीमठीम* अनुसार विवाहका सम्पूर्ण विधिविधानहरू सम्पन्न गर्ने गरिन्छ।

ताङबा म्होअीबा जोम्बा/ब्रेल्बा

विवाहका उमेर पुगेका तामाङ युवायुवतीहरू गाउँमा घाँस दाउरा गर्न जाँदा, मेलापातमा जाँदा र जात्रामा भेट भएर एक आपसमा मन पराएर *आपा* आमाको राय सल्लाह विना नै आफुखुसी कतै भागेर साथीहरूको सहयोग लिएर लेक गोठ वा कतै जाने गर्दछन्। केही दिन गाउँबाट हराएपछि खोजविन हुन्छ। उनीहरूको साथी सङ्गीबाट थाहा भएपछि माता पिताले घरमा ल्याएर तामाङ *रीमठीम*अनुसार विधि विधान पुऱ्याएर विवाह गरी दिने गरिन्छ। कसै कसैको प्रेम भएको/रहेको दुवैको माता पिताले थाहा पाए भने पनि पछि विधि पुऱ्याएर विवाह गरी दिने गरिन्छ। यसरी भएको विवाहलाई तामाङ भाषामा *ताङबा/म्होअीबा जोम्बा/ब्रेल्बा* 'प्रेम विवाह' भनिन्छ।

डान्बा हुअीला जोम्बा/ब्रेल्बा

बाह्र तामाङको *रीमठीम* अनुसार तामाङ जातिमा *डान्बा हुअी थेन जोम्बा/ब्रेल्बा* 'अन्तर जातीय विवाह' लाई वर्जित गरेको पाइन्छ। त्यसकारण तामाङ समुदायको नजिकका अन्य जातिहरूको हकमा तोकेर/किटेर नै त्यो जातिको

महिला विवाह गरेर ल्याएमा बन्देज लाउने गरिन्छ । नेवारसँग विवाह भएमा *डार्बा* भनेर उसलाई समाजबाट बाहिर तामाङको अन्य कुनै *हुअीसँग* कुटुम्बेरी तथा कूल कुलायन नचल्ने गरी बन्देज गरिन्थ्यो । तर विभिन्न प्रकारले परिचय भई माया पिरती बसेर, प्रेम भई तामाङ समुदाय भन्दा बाहिरको अन्तर्जातीय महिलासँग विवाह हुने कुरालाई *च्यान*मा राखेर नै तामाङ समाजमा *हुअीस्याल, छार मायुङ* 'नयाँ माइती' बनाएर विवाहको आवश्यक सबै बाह्र तामाङको रीतहरू पूरा गर्न गरेको पाइन्छ । बाह्र तामाङको *रीमठीम*अनुसार सबै रीतभात पुरा गरेपछि तामाङ बाहेक *डान्बा हुअी*को म्रीङ ल्याएका वा *डान्बा हुअीकी म्रिङ ब्रेल्बा* लाई पनि स्वीकारेको एकाध पाइन्छ ।

ठीम जोम्पाकी 'मागी विवाह'

जोम्बा/ब्रेल्बा तामाङ समाजमा छोराको उमेर १८ वर्षदेखि माथि र छोरीको उमेर १६ वर्षभन्दा माथि पुगेपछि गाउँ घरमा विवाहको कुरो चल्न थाल्दछ । मन पराएर लैजाने, तानेर लैजाने, साथी बिचमा कुरो राखेर विवाह गर्ने गरिन्छ । जसरी विवाहर गरेर ल्याए पनि तामाङ *रीमठीम*अनुसारको विवाहको विधिविधानहरू भनेपछि पूरा गर्नै पर्ने हुन्छ । तामाङ समाजमा बहुपति (Fraternal Polyandry) विवाह परम्परा छैन । तर हुम्लाका हुम्ली तामाङ तथा मुगाली तामाङहरूमा भने यो प्ररम्परा थियो । बाल विवाह, एकजना भन्दा धेरै श्रीमती हुने तामाङ समाजमा पाईँदैन । लोग्नेको मृत्यु भएमा देवर वा उनको अन्य अविवाहित भाइसँग विवाह गर्ने र स्वास्नीको मृत्यु भएमा पनि उनकी अविवाहित दिदी वा बहिनीसँग विवाह गर्ने परम्परा पनि तामाङ समाजमा छैन । तामाङ समाजमा *आपा* आमाले नै छोराका लागि योग्य *सेमु* खोजेर तामाङ परम्पराअनुसार सबैखाले प्रकृया पूरा गरी गरिने प्रथालाई *जोम्पाकी/ब्रेल्बा* 'विवाह' *हित्जीम एङबा जोम्पाकी* भनिन्छ । यसका प्रकृया तथा विधि विधानहरू निम्नानुसार रहेका छन् ।

*जोम्बा/ब्रेल्बा पेरीमठीम*को सांस्कृतिक प्रकृया

तामाङ समाजमा विवाहका निम्ति योग्यता पुगेपछि माग्न जाने पोङ राख्ने, स्वीकार गरेमा फेरि थप भिन्नै पोङ लिएर जाने र र अन्तमा रीतभात लिने दिने कुराहरू टुङगो लागेपछि पहिलो चरणको प्रकृयाहरू पुरा हुन्छ । त्यो वैवाहिक सामाजिक रीतिरिवाज तथा प्रकृयाहरूमध्ये छोराको भए *छेवार* वा टाप्चे नगरेको भए त्यो गरेर मात्र विवाहको अन्य प्रकृया गर्न गरिन्छ ।

ड्योत्पा पोङ 'माग्न जाँदाको पोङ'

मुख्यतया तामाङ *रीमठीम*अनुसार हुने *जोम्पाकी/ ब्रेल्बा*मा पहिले केटा पक्षबाट केटी माग्न जाँदा *ड्योत्पा पोङ* 'सोधनी *पोङ*' *स्यालगार सगुन* लगिन्छ। *ड्योत्पा पोङ* भन्नाले तामाङ समाजमा केटी कुरा चलाउन जाँदा साथमा १ माना बराबरको १ *पोङ* रक्सी सगुन लिएर केटाको आपा र साथमा अर्को १ जना साथी लिएर केटीको घरतर्फ प्रस्थान गर्दछन्। केटीको घरमा पुगी सकेपछि एकापसमा यो *स्यालगार सगुन पोङ* राखी ढोगभेट गरिन्छ। त्यसपछि केटाको आपाले विस्तारै केटीको बुबालाई आफ्नो आउनु पर्नाको वृत्तान्त जाहेर गर्दछन्। अनि केटीको आपाले भन्छ की "मैले कुरो राम्रोसँग बुझिन, फेरि एकपटक राम्रोसँग मलाई बिन्तिहोस्" र फेरि केटा पक्षका *आपाले* सोधनी गर्दछन्। "तपाईको घरमा गुराँसको फूल फुलेछ मेरो घरमा टोटलाको फूल फुलेछ, आस्याङ अब यो टोटलाको फूल र गुराँसको फूललाई एउटै टोटलाको फूल बनाउँदा के होला, *आस्याङ ?*" भनेर अनुमति माग्दछन्। हाम्रो घरसल्लाह गरौंला भनेर आंशिक स्वीकार गरेमा दोस्रोपल्ट *तामछ्यालबा पोङ* लिएर फेरि जाने गरिन्छ।



तामछ्यालबा 'माग्ने पोङ'

तामछ्यालबा पोङ मागी विवाह सम्पन्न हुनुअघि विवाहको कुरो छिनोफानो गर्न लैजाने *पोङ*लाई *तामछ्यालबा पोङ* भनिन्छ। यो दुई पटक लगिन्छ। दुई वटा जोडी *पोङ* राखेर यो *पोङ*को रीतअनुसार *सगुन पोङ*को साथमा *कोकोम्हेन्दो* अनिवार्य लिएर जानुपर्छ। पहिलेदेखि तामाङ समाजमा बिभिन्न रीत लिने र खाने चलन भएकाले रीत के के छ ? कस्तो छ ? के के ल्याउनु पर्ने हो ? भनेर केटा पक्षले कुरो राखेर "ल हामी ढुक्क भएर गयौ है" भनेर *पोङ* छोडेर फेरि अर्को पटक गइन्छ।

दोस्रोपल्ट *तामछ्यालबा* माग्ने *पोङ* मा जाँड वा रक्सी लगिन्छ। यसरी माग्ने *पोङ* लगेपछि परिवारको सबै सदस्य बाजेबज्यै, मामा, माईज्यूसँग सल्लाह

गरी कुरो छिनोफानो गरिन्छ र सबैलाई विवाहको मञ्जूर भएपछि सो *पोङ* केटीको बाबु वा बाजेले *छ्यो‌त्सी* गरेर स्वीकार गर्छ ।

पेरीम पोङ 'रीतभातको पोङ'

केटी पक्षलाई के कति रीतभात खानु हुन्छ भनी सोधनी गर्ने *पोङ* हो । पहिलेको चलनमा धेरै रीत खाने र तिर्ने चलन थियो । केटीको घरमा खाली हात जान हुन्न । "*स्यालगार पोङ*चाहिँ लानु पर्छ" भनिन्छ । त्यस्तै विवाहमा *सेबु* पक्षबाट *सेमो* पक्षलाई रीतभात बुझाउनु पर्ने सम्बन्धमा (क) बीस सय पाल्चोकहरूले बीसै *गोङ्छा* (ख) बाह्र तामाङले बाह्रकै रीत *गोङ्छा* (ग) सात सय *ह्योल्मो*ले सातै गोङ्छ । रीत बुझाउनुपर्छ । त्यस्तै, तेस्रोमा "रीतभात कति कति खाने" भन्ने *पोङ* राखिन्छ । तीन पाथी चामल, तीन पाथी दाल, तीन धार्नी खसीको मासु, तीन पाथी कोदाको छोक्रा, तीनपाथी कोदोको रक्सी, तीन कोरी रोटी तीन ढक । तीनको ढकदेखि पच्चीसको ढकसम्म माग्ने वा लिने चलन छ । यसलाई *ताअीबा ज्युबा* भनिन्छ । चौथो पल्ट यी सबै सामानहरूसँग *पोङ* लगी बुझाईन्छ र विवाहको साइत लगन सबै हेरी कुराको छिनोफानो गरिन्छ । तामाङहरूको पुरानो रीतिरिवाजअनुसार तामाङको बाजा डम्फू बजाई तामाङ गीत गाएर नाच्दछन् ।

मयुङ काबा पोङ

मागी विवाहमा विवाह सम्पन हुनुभन्दा पहिलेको सगुनलाई *मयुङ काबा* भनिन्छ । त्यो पोङको रीतअनुसार १०० जति रोटी, एउटा भाले, १० माना रक्सी लानु पर्दछ ।

सेबु सेमु कीर्बारी नीमा कुनु सेबुला दीम ख्राङगारी

विवाहमा घरभित्रबाट बेहुला निस्कने समयमा आगनमा एक पोङ जाँडको सगुन राखिन्छ र वरिपरि मुखमा *कोकोम्हेन्दो*ले फूलले सजाएको हुन्छ । अनि *डम्फू* बजाउने र *ताम्बाह*रूको लागि १ माना रक्सी राखी स्वागत गरिन्छ र *ताम्बाह*रूले आफ्नो *डम्फू* बजाएर *ह्युल्सा*को *साङसेर्गेम* गर्दछन् ।

तामाङ समाजमा मागी विवाहमा भान्जाको विवाहमा मामाको भूमिका अति नै महत्त्वपूर्ण हुन्छ । भनिजलाई टोपी वा फेटा लगाई दिने आशीर्वाद दिने । मामाको उपस्थितिपछि मात्र केटीको घरमा जन्ती जानु अगाडि आफ्नो भान्जा बेहुलाको रूपमा सिङ्गार्ने र सिङ्गारी सकेपछि बेहुलालाई मामाको हातबाट टीका लगाई दिइन्छ र बेहुला घरभित्रबाट मामाले नै बोकेर आँगनमा निकालिन्छ । सबै जन्तीहरूलाई अलिअलि जाँडको सगुन दिएर

सम्पूर्ण जन्तीहरू र बेहुलाका साथमा १ जना चेलीलाई पनि बेहुलीका साथीका लागि लिएर बेहुलीको घरतर्फ प्रस्थान गर्न चलन छ। त्यसपछि सम्पूर्ण जन्तीहरूलाई त्यो सगुन दिइन्छ। अन्त्यमा ताम्बाहरूद्वारा डम्फू बाजा बजाउँदै केटीको घरतर्फ प्रस्थान गराइन्छ।

सेमुला दीम ख्राङ्गारी सेबु दोमा

जन्ती केटीपक्षको घरमा आई पुगेपछि केटीपक्षबाट बेहुलालगायत सम्पूर्ण उपस्थित जन्तीहरूलाई लामाद्वारा मङ्गल सुत्र *मोलम* पाठ गरी *बुम्बा*को पानीले छर्की या ताम्बाद्वारा सबैलाई गीतबाट मंगल कामनासहित स्वागत गर्दछन्। *सेबु*लाई *सेमु* 'बेहुली' को घर आँगनमा आई पुगिसकेपछि सर्वप्रथम *सेमु*को आपा, आमा वा जेठोबाठो अभिभावकले दही, *तार्डा*, मंगल सूचकहरू, *देर्मा*मा चामल मण्डल, *म्हारमे* र *स्यालगार* सगुन *पोङ* 'जाँड/रक्सीको कलश', *थोङसे* राखी स्वागत गरिन्छ। त्यसपछि सम्पूर्ण उपस्थित जन्तीलाई स्वागत गरिन्छ। त्यसदिन *सेमु* पक्षले *सेबु*को पक्षबाट आएको जन्तीहरू र निम्तालुहरूलाई *डोनसोल* खुवाइन्छ।

जोम्याकी/ब्रेल्बा जोम्जी होजी जोम्जी 'लगन/चारदाम'

त्यसपछि बेहुला र जन्तीहरूलाई *ताम्बा* डम्फुरेहरूद्वारा *डम्फू* बजाउँदै *ब्रेल्बा* विशेष गीतका साथ केटीको घर आँगनमा लगेर विशेष आसन ग्रहण गराइन्छ। अनि *सेमु*लाई *सेमु गोअीला*द्वारा सिङ्गारी सकेपछि *सेबु*को आसनसँगै आफ्ना माइतीहरूद्वारा भित्रबाट ल्याई राखिन्छ। यसपछि लामाले मंगल पाठ गरी "*सेबु सेमु* दुवैको मंगल होस्" भनेर आराधना गरी दिन्छन्। त्यहाँको परिस्थिति हेरी लगन गर्न चलन छ। त्यस समयमा सम्पूर्ण गन्यमान्य *ताम्बाहरू* जन्तीहरूलाई *सेबु* र *सेमु*का वरिपरि उपस्थित गराइन्छ। त्यसै समयमा उपलब्ध भएमा *सेबु*को पक्षबाट सगुनको शुभ साइतका लागि बढाइ *तुम्बक* पड्काइन्छ।

दिदीबहिनीले केटी पक्षबाट मगनी भएको सामान जाँच गर्दछन्। दाजुभाइले ज्वाइँहरूको खोजी गरी सामान बोकाउँछन्। दिदीबहिनीले स्वागतद्वारमा बत्ती कलश लिएर स्वागत गर्ने र दाजुभाइले सो कार्यमा सघाउने गर्दछन्। दिदी हुँदाहुँदै बहिनीको विवाह भएमा दिदीलाई एक मोहर र *स्यालगार* राखी शीर उठाउने र त्यसरी नै दाजुभन्दा अगाडि भाइको विवाह भएमा भाइले *स्यालगार* राखी शीर उठाउने चलन छ।

लगनको तयारीका लागि ताम्बाद्वारा उपस्थित सबैलाई एकाग्र भई सुनि दिन अनुरोध गरिन्छ। त्यसपछि *युलको गाङ, ल्हुङ* तथा *नाम्साका* देवीदेवता, वरिपरिबाट पाल्नुभएका *गान्बा, गान्सोमहरू* तथा उपस्थित सम्पूर्ण महानुभावहरूलाई "ध्यानपूर्वक यस शुभ कर्मकाण्डको बारेमा सुनी दिनुहोला भन्दै" *ताम्बाले लास्सो प्याफुल्ला* आत्मीय अभिवादन टक्राइन्छ।

बाह्र (१२) तामाङले बसाली राखेको तामाङ *रीमठीम*अनुसार छोरीको *हुअीबा* आफूसँग राख्ने भएकाले छोरी एक प्रकारले *च्योल्सी* गरेर मात्र पठाइने भएकाले चारदामको रीत अनिवार्य हुन्छ। चारदाम नगरी विवाह सम्पन्न हुँदैन। त्यसकारण *चारदाम* गरिन्छ। *चारदाम* दिने समयमा *ताम्बा* वा *लामाद्वारा* यसरी दिइन्छ- "आज मिति ..... साल ..... महिना ..... गते फलानाका छोरा श्री ..... लाई ..... की छोरी ..... की आजको मितिदेखि रगत, मासु, प्राण वायु र शरीर सबै कुटुम्बलाई जिम्मा लगाएका छौं। यसका साथी र प्रतिनिधित्वहरूको रुपमा निम्नबमोजिम रहेको जानकारी गराउँदछौं। यस गाउँका देवीदेवतालगायत भए शुभ विवाहमा उपस्थिति हुनुभएको सम्पूर्ण महानुभावहरू साथै हिमालमा डाँफे, मुनाल, तराईको मयुर, परेवा, कुखुराका भाले र जलजन्तुमा माछालाई राखेका छौं। आजको यस चारदाम समारोहमा हाम्रा चेलीको रगत, मासु र शरीर सबै फलानाका छोरा *कुटुम्बलाई* जिम्मा लगाएका छौं। तर *हुअीबा* हाडचाँहि माइतीसँगै राखिएको सन्देश उपस्थिति सम्पूर्ण भद्रगणहरूमा जाहेर गर्न चाहन्छौं। यहाँनेर चेलीलाई कुटुम्बको साथमा लगाइन्छ। तर *हुअीबाला चरीजा* 'हाडचाहिँ' माईतीसँगै छ है।" भनेर जानकारी गराइन्छ। यो तामाङ समाजमा परम्परागत रूपमा चलिआएको छ। *चारदाम* गरेर तामाङ रीतिअनुसार समाजमा मान्यता दिइन्छ।

अनि आजको .....*ल्हो* (मिति साल) .... *ला* (महिला) *छेपा* .... *कुनु* (गते) .... *रेरी* (बारका दिन) ..... *ला जा* (का छोरा) *थेबा/पाराङ/.....च्याङबा पाल* .....(मीन) *कोकोम्हेन्दो* थेन .....*ल्हो* (मिति साल) .... *ला* (महिला) *छेपा* .... *कुनु* (गते) ....*रेरी* (बारका दिन) ..... *ला जामे* (का छोरी) *थेबा/पाराङ/.....च्याङबा पाल्मो*.....(मीन) *पाडा म्हेन्दो मुबा हीन्ना*। (फलानोको छोरो..... केटा टोटलाका फूल र फलानो छोरी .... केटी गुराँसका फूल थिइन्)

तासाअी तीनी कोको म्हेन्दो थेन पाडा म्हेदो गीक्खेन दोङबो/दोङ कोको म्हेन्दो स्हेङबारी ताङबासे (तर आज यी २ फूलहरूलाई एउटै टोटलाको रुख

बनाउने निर्णय भएकोमा) यसका साक्षी उपस्थिति सम्पूर्ण महानुभावहरू यस गाउँका देवीदेवताहरू र धरातलका पन्छीगणहरूमा हिमालका डाँफे, मुनाल, मयुर कुखुराको भाले, परेवा अनि जलजन्तुमा माछा समेतलाई साक्षी राखी वैवाहिक सम्बन्ध गरिएको शुभ सन्देशसहित *जोम्जी होओ जोम्जी... जोम्जी होओ जोम्जी ...जोम्जी होओ जोम्जी* भनी ३ पटक भनिन्छ र ३ पटक सेबु र सेमुको टाउको विस्तारै ठोकाउने गरिन्छ ।

तामाङ जातिमा विवाहको अन्त्यमा सेबुको घरमा आइसकेपछि सबैलाई भोजभतेर खुवाइन्छ र सम्पूर्ण जन्तीका बिचमा *सेबु सेमु*लाई राखिन्छ र *ताम्बाहरू* र डम्फुरेहरूद्वारा *ह्रामा ताम्बा काओीतेन क्वाओी* गाइन्छ । नाङलामा १ पाथी धान, थालमा १ माना चामल र बत्ती बाली नाङ्लो र थाललाई टोटलाका फूलले सजाएर *सेबु*का र *सेमो*का अगाडि राखिन्छ । त्यहाँ उपस्थित सबैका लागि १ *पोङ* जाँडलाई टोटलाका फूलद्वारा सजाएर *सगुन* स्वरुप राखिन्छ । *ताम्बा*द्वारा *सेबु* र *सेमो*लाई आशीर्वाद दिने कार्य सुरु गरिन्छ । यस गाउँका देवीदेवताहरू र यहाँ उपस्थित हुनुभएका सम्पूर्ण भद्रगण महानुभावहरू साथै "म आफूलगायत सबैका तर्फबाट पाई २ जनाको दाम्पत्य जीवनमा चिरन्जीवी आशीर्वाले कल्याण गरुन् साथै ५ छोरा २ छोरीका धनी वा आमा बुबा चाँडै बनून्" भनेर आशीर्वाद दिइन्छ ।

*सेबु*की आमा (सासु) ले आफ्नी बुहारीलाई त्यहाँ आँगनमा भएको टोटलाको फूलले सजाइएको थाल चामल र बत्ती बुहारीका हातमा बोकाई सासुमार्फत् घर भित्र्याईने गरिन्छ र त्यो थाललाई नयाँ बुहारीद्वारा घरमा ढुकुटी मानी राखिने चलन परम्परागत रुपमा चलिआएको छ । त्यसपछि अन्त्यमा आशीर्वाद दिनेले *सेबु* र *सेमो*का आफ्नो इच्छाअनुसार दान नगद दिइन्छ ।

तामाङ जातिको शुभ विवाहमा केटाले लगाउने फेटा आफ्नो मामाले बाँधि दिन्छन् र विवाहको अन्तिम दिनमा यसलाई डम्फू बजाई *ताम्बा क्वाओी* गाएर फेरि मामाबाटै फुकाइन्छ र विवाह सम्पन्न भएको घोषणा गरिन्छ ।

कार्स्योल/कर्जेल

१ पाथी रक्सी, १ कुखुरा, १ *पेरुङ* रोटी, १ रुपैयाँ दाम, १ *रोप्टे पोङ* र *कर्जेल पोङ* तीन ठाउँमा घिउ लगाउँदछन् । १ माना चामल, १ रुपैयाँ दामसम्म खान्छन् । यसको साथमा १ घैटो जाँड, सितन (पकाएको कुखुराको मासु वा सागसब्जी) । आमा *साओी* 'आपाको दुधतार' १ रुपैयाँ, १ पोङ, १ पेरोङ रोटी,

माइती 'भाइ वाङदी' १ पोङ, १ *पेरोङ* रोटी, १ रुपैयाँ पैसा। यसैगरी दिदीबहिनी, बाजे बज्यै, फुपूलाई यसैअनुरुपको कोसेली र दाजुभाइहरूलाई १ डालो रोटी तथा १८ माना रक्सी, बाह्रा भाइलाई १ बाखा, त्यसलाई पकाउन आवश्यक सामग्री, ५ पाथीचामल र *गान्बा* र *ताम्बा*को लागि १ *पोङ* रक्सी र १ *पेरोङ* रोटी दिइन्छ।

विवाहमा *सेबु* पक्षबाट *सेमो* पक्षलाई पहिलेको रीतिरिवाजअनुसार विभिन्न तरिकाले रीत तिर्ने चलन छ। चारदाम, आठदाम, मावली, फुपूली, दुधौली, ढोगौलीलाई समेत साधरण *स्याल्गार* राखेर चारदाम माग्ने चलन छ।

विभिन्न कामको *कार्स्योल/कार्ज्योल स्यालगार पोङ*

तामाङ समाजमा शुभ अशुभ, लडाइँ झगडाको मिलापत्र, गल्ती गरेर क्षमा माग्न, निमन्त्रणा दिन, स्वागत गर्न, बिदाई गर्न आदि बेला एउटा *स्याल्गार पोङ, कार्स्योल पोङ* राख्नुपर्छ। त्यसकारण जानकारीमा आएसम्मका विभिन्न *पोङ*हरूका बारेमा निम्नानुसार चर्चा गरिन्छ।

रीत्पारी बोर्बा पोङ

"फलानोको छोरी विवाह गर्न लायकको छ" भन्ने थाहा पाएपछि छोराको लागि बुहारी माग्न जाँदाको लैजाने *पोङ*लाई *रीत्पारी डीबा पोङ* भनिन्छ। यसैलाई ठाउँ विशेष *ड्योत्पा पोङ* पनि बनिन्छ। विवाहको निम्ति विधिवत् कुरा राख्नुपर्दा केटोलाई टोटलाको फूल र केटीलाई गुराँसको फूलको संज्ञा दिई "यी दुवैलाई एउटै टोटलाको रुख बनाउने कि" भनेर प्रस्ताव गर्ने गरिन्छ।

छोर्छ्याङ पोङ

निम्तो दिने पोङलाई *छोर्छ्याङ पोङ* भनिन्छ। *छेवर*मा मामाको उपस्थिति अनिवार्य र अहम् भूमिका हुने भएकाले मामालाई *छोर्छ्याङ पोङ* पठाइन्छ। मराउ पराउमा लामा बोलाउन तथा चेलीको माइतीलाई खबर पठाइन्छ।

वाङदेखोन्सोरोङ अर्थात्चार दाम गर्दा

मागी विवाहमा जन्ती लिएर *सेमु* 'दुलही' पक्षको घरमा पुगेपछि वा अन्य प्रकारको विवाहमा पछि यो प्रकृया पूरा गर्ने गरिन्छ। यो बेला नौ विसा रोटी, बीस माना *आओराग पोङ* लानुपर्छ। यही समारोमा छोरी पक्षले "छोरीको मासु, रगत, प्राण वायु शरीर सबै जिम्मा लगायौं। तर हाम्रो *हुअी* (हाडनाता)

भने दिएको छैनौं" भनेर भनिन्छ। यही कारण तामाङ महिलाको विवाह भएर जाँदा लोग्नेको *ह्युअी*मा बदलिँदैन। आफ्नै *ह्युअी* कायम भई बस्छ।

देर्मा/खार्बा, तो थेन व्हारे/ग्वारे पीन्बा पेठीम

छोरीलाई विवाह गरेर पठाउँदापछि केही गरेर तलमाथि पऱ्यो भने छोरीको संस्कार गर्न जिम्मा आपा मायुङसे 'बाबु माइती' हुने भएकाले *मयुङपट्टिबाट* छोरीलाई खाने थाल, कोदालो, हँसिया दिने चलन छ। यदि यो विवाह भएको बखत दिन नसकेको नल्याएको भएमा पछि पुऱ्याई दिनुपर्छ। यदि मृत्यु भई दिन पाएको छैन भने पनि *दुर्सा* 'च्यान'मा अन्तिम संस्कारको बेला भए पनि पुऱ्याउनुपर्छ।

साल स्हेङबा

गाउँ बाहिर वा भगाएर छोरी विवाह भएको छ भने पछि तामाङको *रीमठीम* अनुसार रीतभात छिन्नुलाई साल *स्हरङबा* भनिन्छ। खासगरी नुवाकोट जिल्ला तथा धादिङ जिल्लाको उत्तर भेकमा यो चलन रहेको पाइन्छ।

सेमु दोबा (दुलही फर्काउँदा)

जोम्बा विवाह गरेर दुलही भित्र्याएको भोलिपल्ट *सेबुसेमु* केटीको घरमा फर्किने चलन छ। यसलाई नै *सेबुसेमु सेमुला दीमरी दोबा* भनिन्छ।

जोम्बा/ब्रेल्बा 'विवाह' पछिको नव दम्पत्तिको बसाइ नियम

विवाहपछि *म्हा* 'ज्वाँई' भएपछि ज्वाइँले ससुरालीमा हरेक प्रकारको सघाउका कार्यहरू गर्नुपर्छ। जसमा दाउरा टिप्ने, हलो जोत्ने, मरौ परौमा पनि पूरै काममा सघाउने गर्नुपर्छ। मान्छे मरेको खण्डमा लास बोक्ने काम ज्वाइँले अनिवार्य गर्नुपर्छ।

सीङका थाबा 'पारपाचुके'

विवाहपछि दम्पती बिचमा मिल्नै नसक्ने अवस्था सृजना भएमा छुट्टिने अधिकार हुन्छ। यसलाई *सीङका थाबा* भनिन्छ।

विवाह खर्च फिर्ता

कसैको श्रीमती पारपाचुके नभई विवाहपछि अर्को पुरुषले विवाह गरेर लगेमा उसले पहिलेको श्रीमानलाई विवाह गर्दा लागेको सम्पूर्ण खर्च फिर्ता गर्नुपर्ने हुन्छ।

जोम्बा/ब्रेल्बा 'विवाह' मा आएको परिवर्तन, सांस्कृतिक पुनर्जागरण

छोर्छ्याङ पोङको ठाउँमा चकलेट बाँड्ने, कार्ड छापेर निम्तो दिने, ज्वाइँहरूले पकाउने खुवाउने बदलीमा क्याटरिङतिर आदि।

६.८. *सीवाङ मावाङ पेरीठीम* 'मृत्यु संस्कार'

तामाङ समाजमा जन्म, विवाहपछि मृत्यु संस्कारको पनि त्यत्तिकै महत्त्व हुन्छ। *सीबा ल्हुअी*लाई घरमा राख्दाको विधि :

मृत्युलाई तामाङ समाजमा निर्वाण प्राप्तिको रूपमा लिने गरिन्छ। त्यसैले तामाङ भाषामा मृत्युलाई *ग्रोङबा/डोङबा* भनिन्छ। यसको अर्थबौद्ध धर्मको निर्माण मार्गमा पुगेको गएको भन्ने हुन्छ। मानिस मृत्यु भएको घरकालाई शोक (दुःख) को रुपमा *दु मुबा* भन्ने गरिन्छ। शोक मुक्त हुनलाई *दु ख्लाबा* भनिन्छ। मृत शरीरलाई *दुर्सा* 'अन्त्येष्टि स्थान' मा लास राखेर लैजाने बनाउने खट बनाउने कार्यलाई *सीबा खोस्हेङबा* भनिन्छ। यो काम *म्हा* ज्वाइँहरूले गर्ने सामाजिक अभिभारा रहेको हुन्छ। बोकेर लाने जिम्मा पनि ज्वाइँहरूकै हुन्छ। आफ्नै घरको ज्वाइँ नभएपनि नातामा ज्वाइँ पर्नेहरूले नै लास बोक्नु पर्ने परम्परा छ।

कोयोल नीबा 'मलामी जाने'

मृत शरीरलाई लामा पुरोहितहरूले बौद्ध विधि विधानअनुसार *दुर्सा* 'च्यान' मा लैजाने मलामी जानुलाई *कोयोलरी निबा* भनिन्छ। यसरी *कोयोल*मा जाँदा सानो एक मानाको *पोङ र छो* 'प्रसाद' को रूपमा भात, तरकारी *सितन* आदि लैजानुपर्छ छरछिमेक तथा आफन्तजन घरको एकजना महिला वा पुरुष अनिवार्य उपस्थित हुने गरिन्छ।

सीबा डेर्बा 'मृतकलाई बाटो देखाउने '

मृत शरीरलाई घरबाट निकालेपछि *सीबा खोमा ल्हामतेन* बाँधेर अघिअघि मुख्य लामाले तानेर लैजाने बाटो देखाउने गर्दछन्। यसरी लैजाने कार्यलाई सीबा डेन्बा भनिन्छ।

सीबा ख्राङबा 'दाहा संस्कार गर्ने'

मृत शरीरलाई लामाहरूले *फोवा* गरी सकेपछि *जिन्सेक* गरिन्छ। सो गरी सकेपछि *सीबा* पोल्ने चितामाथि लगेर राखिन्छ।

सा लाङसी गर्न

चिता बनाउनु अगाडि मृत शरीरलाई जलाउने भूमिको छनोट तथा खोजी गरिन्छ। लामाले उपयुक्त ठहराएको जमिनमा चिता बनाइन्छ। छनोट भएको जमिनमा लामाले नै मण्डला बनाएपछि मात्र चिता बनाइन्छ। लामाबाट चिताको लागि जमिन छनोटको प्रक्रियालाई *सा लाङसी* भनिन्छ।

जिनसेक गर्न

मृत शरीरलाई लामाहरूबाट *दुर्सा*मा चिताको माथि राखेर विभिन्न १०८ वटा धुप, तथा *कर्च्ये मार्च्येहरू*बाट होम गर्ने गरिन्छ। यही होम गर्ने कामलाई *जीन्सेक* भनिन्छ। यो चितामा *मेपीन्बा* गरिसकेपछि पनि पूरै *जीन्सेक* गर्ने गरिन्छ।

मेपीन्बा 'दाग बत्ती दिने'

लामाले मृतकको *फोवा* निकाली सकेपछि लासलाई चितामा लगेर राखिन्छ। र *मे* 'आगो' दिइन्छ। आफूलाई जन्म दिने माता पिता, अथवा सन्तानलाई आफैले आगो दिन नहुने भएकाले चोखो क्लेसरहित लामा गुरुबाट *मे पिन्बा* गरिन्छ। तामाङ समुदायमा हिन्दू धर्मको प्रभावले परिवारकै सदस्यहरूले *मेपीन्बा* गरेको सुनिन्छ। तर त्यो तामाङको परम्परा होइन।

साङ ठुजी लिने

*दुर्सा*मा लास जलाइसकेपछि घरमा फर्के बेलामा हात मुख धोईवरी धुपी तथा तितेपातीको धुप साङ बास्ना लिएर मात्र फर्कनु पर्छ र घरमा पुग्दा पनि *साङ* धुप लिई चोखो पानीले छर्केर मात्र घरमा छिर्ने गरिन्छ।

म्हाने कुल्बा 'आर्यवलोकेश्वरको आराधना गर्न'

रसुवा नुवाकोटतिर मृतकको नाममा घरमा अस्तु र *नाङसाल म्हारमे* बालेर राखेरको स्थानमा लामा गुरुहरू भए लामा गुरुहरूको निर्देशनमा र नभएमा आमा समूहको अगुवाइमा आर्य अवलोकेस्वरको आराधना मानी पाठ गर्ने गरिन्छ। अनेत्र लामा गुरुहरूबाटै यो काम सम्पन्न गर्न गरिन्छ। यसले "मृतकको *से*मलाई राम्रो सद्मार्ग अर्थात् दुर्गतितर्फ नजाउन्" भन्ने विश्वासले *स्याङ्छयो मोलम* पाठ गरी *डोवा* गरिन्छ। *डोवा*लाई शास्त्रीय रुपमा भन्नु पर्दा बोधिपरिणाम व्हार्दोको पूजा तथा पाठ गर्ने हो। *डोवा*मा मुख्यतया *ज्याङतेर ङाच्छेर, थुग्जेछेन्बु, थोक्डोल, नेलुङ, सेर्ङा* आदि ग्रन्थहरू पाठ गर्ने गरिन्छ। यो *डोवा* बौद्ध परम्पराअनुसार सात सात दिनमा गर्नुपर्छ। ४९ दिन पुगेको दिनमा *ग्हेवा* 'ग्राल' गर्ने परम्परा छ। तर हिन्दूधर्मको प्रभावले गर्दा अचेल तीन दिन, सात दिन, तेह्र दिन र बाइस दिनमा पनि गर्ने गरिन्छ।

रीङसाल 'अस्तु सेलाउने'

*दुर्सा*बाट ल्याएको अस्तुलाई स्वयम्भू, बौद्ध तथा नमोबुद्धमा लगेर सेलाउने गरिन्छ। कोहीले हिमालयको चोखो डाँडोमा लगेर धुलो बनाएर *म्हारमे*सँगै

बाल्ने पनि गर्दछन् । उपत्यका वरिपरिकाले *नाम्दुङ इह्याको* अवसर पारेर *ज्यारोङ खास्योर* र *फाबा सीङगोन*मा यसरी नै बत्ती बनाएर बाल्ने गरिन्छ ।

ग्राल/ग्हेवा 'अन्तिम संस्कार'

तामाङ समुदायमा मानिसको मृत्युपछिको अन्तिम संस्कारलाई *ग्हेवा* तथा *ग्राल* पनि भनिन्छ । *ग्हेवा* भनेको पवित्र कार्य चोख्याउने मङ्गालिक कार्य भन्ने हुन्छ । तामाङ समाजमा *ग्हेवा* जीवितै चँदा गरिने र मृत्यपछि गरिने दुई प्रकारका *ग्हेवा* छन् ।

सो ग्हेवा

आफ्ना अभिभावक नभएका निःसन्तानहरूले आफ्नो जीवनकालमा नै जिउँदै अन्तिम मृत्युसंस्कार *ग्हेवा* गर्ने गर्दछन् । यस्तो जीवितै छँदा गरिने *ग्हेवा*लाई नै *सो ग्हेवा* भनिन्छ । अचेल भने सम्पन्न र सम्भ्रान्तहरूले *सो ग्हेवा* गर्ने गरिन्छ । यस्तो *ग्हेवा*मा मृतकको नाम लेखेर जलाइने *मीनज्याङ ज्याङपार* बनाईंदैन ।

ग्हेवा 'अन्तिम संस्कार'

तामाङ समुदायमा साधारणतया *ग्हेवा* ४९ दिनमा लामाबाट सम्पन्न गरिन्छ । कोही कोहीले समयको अनुकूलताले सात दिन १३ दिनमा पनि *ग्हेवा* गर्ने गरिएको पाइन्छ । *ग्हेवा* खेतीपातीको समयाभावले गर्दा गाउँघरमा मङ्सिर पुसमा मृत्यु भएको एक वर्षपछि मात्र पनि गर्न गरिन्छ । *ग्हेवा* संस्कार सम्पन्न गर्न मूल लामाको घरमा *स्यालगार पोङ* लिएर लामा कहाँ गएर *ची* हेरेर *ग्हेवा*को तिथि तय गरिन्छ । *ग्हेवा* छिटो छरितो र पूरै विधि पुऱ्याएर गर्न *ग्हेवा*का आधारमा तीन प्रकारले गरिन्छ ।

(क) *ग्हेवा* तीन दिने *ग्हेवा* :
(ख) *दुइपाः* दुई दिने *ग्हेवा*
(ग) *डीडपाः* एक दिने *ग्हेवा*

ग्हेवा ठूलो वा सानो खर्चमा गर्न सकिन्छ । सम्पन्नहरूले ठूलै धनरासी खर्चेर गर्छन् । *ग्हेवा* केटा केटीको *ग्हेवा* ज्यादै निकटका आफन्तको मात्र उपस्थितमा नै गरिन्छ भने सानो न्वारान नभएका शिशुको नाम नभएकाले उसको

मीनज्याङ नै बनाउनु नपर्ने हुन्छ। त्यसकारण उसको *ग्हेवा* गर्नु जरुरी छैन। मृतक पुरुष भए मावलीमा र महिला भए माइतीमा *स्यालगार पोङ* लगेर सूचना गरिन्छ।

*ग्हेवा*मा मलामीमा आइपुगेका, सबै नातागोता आफन्तजनहरूलाई *ग्हेवा*को समापनका दिन बोलाएर *छ्यो* प्रसाद ग्रहणका लागि बोलाइन्छ। *ग्हेवा*मा सङ्गठित रुपमा निम्नानुसार क्रियाशील रहेको हुन्छ।

(१) **लामा लोवेन** : दोर्जे लोपोन लामा, मूल लामा, उम्जे, ङा-रोल्मो ह्राप्वा लामा, कोङ्यार लामा।

(२) **चोहो** : गाम्साको अगुवा नेपो

(३) **मान्बा** : अनुभवी १२ तामाङको रीतिथिति जान्ने व्यक्ति।

(४) **ताम्बा** : तामाङ संस्कारको अनुगमनकर्ता, इतिहासकार।

(५) **काटौके** : भन्डारमा छ/छैन पुग नपुग हेरचाह गर्ने।

(६) **लाउीबा** : चाँजो पाँजो मिलाउने।

(७) **छ्याङबा** : पानी तथा जाँड वितरण गर्ने महिला।

(८) **कीसीङबा** : दाउरा, पानीलगायत काटकुट गर्ने।

(९) **बोम्बो** : स्थानीय नेदा सीब्दाहरूलाई ग्हेवामा नपिरोल्न अनुरोध गर्न पूजा गर्ने

(१०) **व्योन ह्राबादोर्जे** : गह्रुङ्गो बोक्न उचाल्न तथा अन्य ल्याउने लैजाने काम गर्ने।

(११) **म्हा** : घरको सबैखाले श्रममूलक कामहरू गर्ने।

*ग्हेवा*का लागि छुट्टै देवस्थान डाजाङ बनाउँछन्। त्यसैगरी खानपीन बनाउनको लागि सानो गोठ पनि बनाइन्छ। *डाजाङ*मा विभिन्न *पाल्दोर तोर्मा*हरू बनाएर राखेको हुन्छ। *डाजाङ*मा *स्हीपाखोर्लो*लगायत अन्य थाङकाहरू पनि झुन्डाइएको हुन्छ।

मृतकका सबै आफन्तजनलाई *ग्हेवा*को लागि विशेष रुपले बनाइएको *डाजाङ*मा *ग्हेवा*को पहिलो दिन साँझ उपस्थित गराइन्छ। सबैले *सगुन स्यालगार पोङ* राखिन्छ। अगुवा वा *ताम्बा*ले उपस्थित सबैलाई *ग्हेवा* कार्यको कामको दायित्त्व बताउँछ। सोही अनुसार *ग्हेवा* सम्पन्न गर्न सबै जना आ-आफ्नो

काममा तल्लिन भएर खट्छन् । *ग्हेवा*को सबै तयारी पूरा भइसकेपछि *बोम्बो*ले भूमिपूजा तथा सेरकेम गरिसकेपछि *ताम्बा* र घरको *नेबोले स्यालगार पोङ* राखी लामाको काम आरम्भ गर्न अनुरोध गरिन्छ ।

ज्वाइँहरूले मृतकका पुरानो कपडाहरू ल्याएर मृतकको स्वरुप महिला भए मृतकको गरगहनाहरूसमेत लगाएर महिलाकै अनुहार आउने गरी र पुरुष भए पुरुषकै आकृति आउने गरी मृतकको शरीरको स्वरुप *सीवा घुर* तयार गर्छन् । *सीवा घुर* तयार भएपछि लामालाई बोलाएर *घुर* बनाएको स्थानबाट धार्मिक विधि पुऱ्याएर *डाजाङ*मा लैजान्छन् र *सीबा*को प्रतिरुपमा प्राण प्रतिष्ठा गर्छन् । लामाले नै मृतकको अस्तुलाई विधिवत् *सीबा घुर*मा प्रतिस्थापित गरी *घुर*को शीरमा *गेवा रीङा* लगाई दिन्छन् । त्यसैगरी *ज्याङपार मीनज्याङ*लाई पनि *सीबा*को *घुर*मा राखिन्छ । *सीबा*को अगाडि खानेकुराहरू राखी मृतकको नाम गरी *नाङसाल* १०८ *म्हारमे* बालिन्छ । त्यसपछि अर्को दिन लामाहरूले लामा *खाणडोमा*को नाचसहित *सीबा घुर*लाई पहिले *दुर्सा*मा लगेको दिनमा जस्तै गरी लामाले *ल्हामतेन*ले तानेर निकाल्दछन् । *सीबा घुर*लाई ज्वाइँहरूले नै बोकेर ल्याएका हुन्छन् । मृतक झाँक्री भएमा झाँक्रीहरू पनि आफ्नो ढ्याङ्ग्रो बजाउँदै *सीबा घुर*को पछिपछि लाग्दछन् । *सीबा घुर*लाई *डाजाङ*मा राखी सकेपछि लामाहरूले *च्योओी* गरिन्छ । त्यसपछि विभिन्न विधिहरू पूरा गरी सकेपछि कालभैरव *बाक्पा* नाच नाच्ने गरिन्छ । यसपछि लामाहरूले *ह्रदुक* ग्रन्थ पाठ गर्दछन् । *ताम्बा*ले *थुन्दा सोर्बा* मृतकलाई सामल पठाउने कार्य गरिन्छ । यसमा मृतकको नातागोताहरूले माना चामल र पैसा दिएर बिदाइ गरिन्छ । *थुन्दा सोर्बा*को अन्तमा मृतकको जीवन चर्याको विषयमा गीतबाट *ताम्बा* र ज्वाइँले सुनाउँछ । यस्तो गीतलाई *काल्पाला क्हाओी* भनिन्छ । त्यसपछि ज्वाइँले *सीबा घुर*बाट *मीनज्याङ* झिकी अन्तिम कर्मकाण्ड गर्न लामालाई जिम्मा लगाइन्छ । *मीनज्याङ*मा मृतकको नाम लेखिएको हुन्छ । सो नाम भएको *हुओीबा* र *मीनज्याङ*लाई लामाले विधिवत् *पेम्परले* जलाउने कार्य गरिन्छ । *मीनज्याङ* पोल्दा एकाघरको

परिवारले हेर्न नहुने भएकाले सेतो कपडाले छोपेर मात्र *मीनज्याङ* पोलिन्छ। यसपछि लामाले अन्य विधिहरू पूरा गरी *नेलुङ* ग्रन्थ पाठ गरी *सीबा*को *छ्योपा* गरी खरानी भएको *मीनज्याङ*लाई माटोमा मुछेर *छापार*बाट माने बनाई *हुअी*को ढाप्ने गरी अग्लो डाँडो वा *गुम्बा* वा *माने छ्योर्तेन*मा राख्ने गरिन्छ। यसरी मृतकको अन्तिम संस्कार *ग्हेवा* कार्य सम्पन्न गरिन्छ।

***केवा खाबा* 'पुनर्जन्म'**

ग्हेवा/ग्राल सकिएपछि मृत व्यक्तिको चित्त प्रसार हुनुलाई *केनीबा* भनिन्छ। मानिस मरे पनि चित्त उसको शरीरबाट अन्त सर्छ अर्थात् प्रसार हुन्छ। त्यो *ग्राल* सकेपछि मृतकको चित्त एउटा संसारिक जीवन चक्रको अन्त्य भई उसको चित्तले नयाँ स्थानमा कि निर्माण मार्गमा पुग्छ कि त ६ लोकमध्ये कुनै लोकमा पुनः नयाँ जीवन चक्रको सुरु हुन्छ भन्ने विश्वास गरिन्छ।

फेलिएर टाँसिएको लोदो रेसा अब *स्योस्यो* कागत बनेको हुन्छ। नुवाकोट जिल्लाका *बोमताङ* गाविसका जनताले सं. २०१७ सम्म पनि *तावा स्योस्यो* बनाएर *कोरी गी* 'एक कोरी अर्थात् १८x२२ इन्चको २०० पाना' सरकारलाई बुझाउनु पर्दथ्यो। यसलाई कागजी रकम भनेर भनिन्थ्यो। कागत बनाउने भएकाले नै यस भेगका मानिसहरूलाई कागते पनि भनिदै आएको छ।

❑❑

७. *न्होरखोर* 'आर्थिक प्रणाली'

तामाङ समुदायको मुख्य आर्थिक स्रोत खेतीपाती नै हो। त्यसपछि वनजन्य प्राकृतिक साधनहरू नै तामाङ समुदायको आर्थिक स्रोतका आधार हुन्। यी नै प्राकृतिक स्रोत साधनमा आधारित विभिन्न सीप, शील्पकलाहरू तामाङ समुदायको आर्थिक आर्जनका मुख्य आधारहरू हुन्। नेपालमा गोर्खाली औपनिवेशिक तथा खस जात केन्द्रिकृत एकात्मक हिन्दू धर्ममा आधारित अढाई सय वर्ष लामो अवधिमा सरकारी सेवामा निषेधित गरिएको हुनाले तामाङहरूले विदेशमा/स्वदेशमा रोजगारीको अवसरबाट वन्चित गराएकाले तामाङ जातिको आर्थिक प्रणाली परम्परागत जीवन उपार्जनको पद्दति खेतीपाती तथा अन्य अतिरिक्त आर्थिक स्रोतहरूमा आधारित रहेको पाइन्छ। यसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

७.१ परम्परागत जीवन उपार्जन पद्दति

खेतीपाती

तामाङ समुदायको परम्परागत जीवन उपार्जनको परम्परागत स्रोत खेती नै हो। उच्च पहाडी हिमाली भेग उत्तरी धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा, रामेछापलगायतमा करु, उवा, *चीनी* 'कोदो जस्तो मसिनो दाना भएको', जौ, *क्वा* 'गहुँ', *तेमे* 'आलु' आदि खाद्यजन्य वस्तुको उत्पादन हुन्छ। *तेमे, करु*, जौ आदिलाई अन्य खाद्य तथा आवश्यक वस्तुसँग साट्ने अथवा बिक्री गरी नगद आम्दानी गर्ने गरिन्छ। यस्तो गर्नुलाई चुङ्बा देप्बा भनिन्छ। धेरैजसो क्षेत्रमा यी खाद्यान्न उत्पादन भए पनि वर्षभरि खानलाई भने पुग्दैन। त्यसरी नै पहाडी भेगमा भने मुख्य खाद्यान्नको रुपमा *केन्जोम* 'मकै', *साङा* 'कोदो', *तेमे, क्वा/ग्वा* र पहाडका बेँसीहरूमा *सुन* 'धान' खेती गरिन्छ। यही क्षेत्रहरूमा अन्य नगदे बालीहरू *नामनाम* 'तोरी', *ताम्रा* 'सिमी', *गियो* 'बोडी', अन्य

दलहनहरू र *केन्जोम, तेमे* जस्ता खाद्यान्नलाई स्थानीय बजारमा लगेर बिक्रीसमेत गर्न गरिन्छ। तसर्थ तामाङ समुदायको जीवन उपार्जनको परम्परागत पद्धतिमध्ये खाद्यान्न उत्पादन अर्थात् खेती एक महत्त्वपूर्ण पक्ष हो। खेती हिमाली भेगमा एक सिजनमा एक बाली हुन्छ भने पहाडी तथा पहाडका बँसीहरूमा दुई बालीसम्म खेती हुन्छ। हिमाली क्षेत्रमा खेतीको उत्पादनबाट मात्र तीन महिनालाई पुग्छ। बाँकी अवधिका लागि श्रम, व्यापार या अन्य कुनै अतिरिक्त आय आर्जनको उपायको खोजी गर्नुपर्ने बाध्यता छ। खेतीबाट आएको अन्नहरूमा धानको *सुन, साङा, क्वा/ग्वा, अुवा* आदि *म्हार, यूहोङ* आदि चोयाबाट बनेको स्थिर भकारी या काठको खोल्मोहरूमा भावी दिनमा खानका लागि खाद्य सुरक्षातर्फ तथा सञ्चयको लागि राखिन्छ। आलु तथा स्याउहरू पनि शीतभन्डारका लागि *खोल्मोहरू* बनाएर राख्ने गरिन्छ।

सेमच्यान न्हाबा (पशुपालन)

तामाङ समुदायको परम्परागत जीवन उपार्जनमा पशुपालन पनि हो। यो दूध जन्य तथा मासुजन्य खाद्य परिपूर्ति गर्न परम्परागत जीवन निर्वाहको यो पद्दतिलाई तामाङ भाषामा *सेमच्यान न्हाबा* 'पशुपालन' भनिन्छ। तामाङ बसोबास रहेको उच्च पहाडी हिमाली भेगका तामाङहरूको जीवन निर्वाहको एउटा आधार *ह्या* 'याक/चौरीगाई', *जोबो जोमो, ग्यु* 'भैंडा', *राग्यु* 'च्याङ्ग्रा' आदि *सेमच्यान न्हाबा* नै हो। तामाङहरूको मुख्य गरेर वा *जोबो जोमो गोदे, ग्युगोदे, म्हे गोदे, मुअी गोदे, आदि गोदे* 'गोठ' को परम्परा छ।

हिमाली क्षेत्रमा *ह्यान्हाबा, जोबो जोमो न्हाबा, ग्यु राग्यु न्हाबा* पहाडी क्षेत्रहरूमा *रान्हाबा, मुअी न्हाबा, तीली न्हाबा, नाका न्हाबा* गर्ने गरेको पाइन्छ। यसबाट दूध, दही, मोही, घिउ, छुर्पी आदि दूधजन्य उत्पादन र मासुजन्य खाद्यवस्तुको उत्पादन हुन्छ। रसुवाको गोसाइँकुण्ड, सिन्धुपाल्चोक पाँच पोखरी, दोलखा रामेछापको सैलुङ भेगमा उत्पादन भएको याकको छुर्पी त्यस क्षेत्रमा तीर्थ जाने तीर्थालुहरूको माझमा प्रसिद्ध छ भने आधुनिक पद्दति अपनाएर व्यावसायिक चीज उत्पादन तथा काठमाडौको बजारसम्म चीज आइपुगेको पाइन्छ। यसले आर्थिक आर्जन गरी अन्य वस्तुहरू विनिमय गर्नसहयोग गरेको पाइन्छ। यसरी *सेमच्यान न्हाबा*बाट थोरै परिमाणमा भए पनि दूधजन्य खाद्यवस्तुको आपूर्तिले जीवन निर्वाहको सहायक आधारको रुपमा भूमिका निर्वाह गरी रहेको पाइन्छ। यद्यपि, यो उत्पादनहरूको उत्पादन विधि परम्परागत पद्धतिमा आधारित भएकाले व्यावसायिक परिमाणमा उत्पादन

भने हुन सकेको छैन । यीदेखि बाहेक *सेमच्यान न्हाबा*बाट खेतीको लागि चाहिने कम्पोस्ट मल उत्पादनमा पनि सघाइरहेको पाइन्छ ।

७.२ परम्परागत अतिरिक्त आयआर्जन

तामाङ समुदायमा परम्परागत रुपमा गरिने खेतीपाती बाहेक जीविकोर्जनका लागि निगालो, काष्ठ, जडीबुटी सङ्कलन तथा वनजन्य अन्य विभिन्न कच्चा सामग्रीहरूमा आधारित *छ्याअीगे* 'डोको, नाम्लो', *वान/क्वान राबा* 'अल्लो, भाङग्रो, कापे तथा उनी कपडा', *स्योस्यो स्हेङबा* 'हाते कागत', *यागे/गेत* 'हस्तकला' *सीङ ठाबा, थाङका छ्रीबा ब्रिबा* आदि सामग्रीहरू अतिरिक्त वस्तुको उत्पादन गरी स्थानीयबजारमा वस्तु विनिमय गरिआएको पाइन्छ । यसको अतिरिक्त तामाङहरू परम्परागत आयका स्रोतहरूले जीवन निर्वाहको कठिन परिस्थिति आएपछि श्रमको खोजीमा नजिकका छिमेकी मुलुक भारतका विभिन्न श्रमका बजारहरू काठमाडौँदेखि नुवाकोट, धादिङ पश्चिमतिरका तामाङहरू हिमालचल प्रदेश तथा काठमाडौदेखि पूर्व दोलखा, रामेछ्रापबाट दार्जीलिङ तथा त्यस आसपास श्रमिकको रुपमा जाने गरेको पाइन्छ । तामाङ समुदायमा अतिरिक्त आयआर्जनको निम्ति श्रम गर्न जाने तथा खेतीपाती बाहेक थप उत्पादन तथा विवरण गर्न परम्पराहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

वान/क्वान राबा

तामाङहरूले आफ्नो समुदायलाई चाहिने लत्ता कपडाहरूलाई *वान/क्वान* भनिन्छ । आफूलाई आवश्यक पर्न *क्वान/वान* आफैले बुन्छन् । र बुन्न नभ्याउनेहरूका लागि बुनेर बेच्ने पनि गरिएको पाइन्छ । तामाङ समुदायमा पहाडी भेगमा *फेङका* अल्लो/भाङको बोक्राबाट *के, गातो ग्याका* कपडा, कापेबाट *पुका* 'खाँडी', *स्यामा, के, क्राकु, टोकोरो, गा-बार्कु, तोकोरोक* आदि पुरुष तथा महिलाले लगाउने कपडा बुन्ने गर्दछन् भने हिमालय क्षेत्रमा उनबाट *तोकाअीका सुरकाअी, तोक्काअी, बख्खु, स्याल्दो, स्योदे, तागी, ग्याप्टुल, थीमा* '*के* आदि बुन्छन् । *वान/क्वान राबा* 'घरबुना बुन्ने' गर्न गरेको पाइन्छ ।

सीङ ठाबा

तामाङ समुदायले वनजन्य कच्चा सामग्री काठ रुखको टीम्बाबाट आफ्नो घरको ढोका, झ्याललगायत अन्य धार्मिक समारोहहरूमा चाहिने काठका सजावटका सामग्रीलगायत घर घरायसी आवश्यक सामग्रीहरू म्राप, झ्याल तथा काठमा भाँडावर्तन *पोङ, ठेका, ग्यु, कोर्पालेक* 'खुर्पेठ्याक' आदि भाँडा कुँडाहरू आफैले उत्पादन तथा बिक्री वितरण गर्दै आइरहेको पाइन्छ ।

काठको भाँडा बनाउने कर्मीलाई *चुन्दारु* भनिन्छ । काठको मखुन्डो, झ्याल ढोकामा कलात्मक बुट्टा कुँद्नेलाई *सीङ खाअीबा* भनिन्छ । तामाङ काष्ठकलाका कुरा गर्नुपर्दा रसुवाका काष्ठकलाका झ्याल तथा ढोकाहरू अत्यन्त आकर्षक हुन्छन् । यही काठको कलात्मक तामाङ झ्यालहरूलाई काठमाडौँमा प्रयोगमा आएपछि नेवार समुदायले यसको नाम *सँय भ या* अर्थात् *सन्भ या* का नामले तामाङ भ्याल कलाका दृष्टिले आजसम्म प्रसिद्ध छ ।

स्योस्यो सेङबा

तामाङ समुदायको आधुनिक र सबैभन्दा पुरानो व्यावसायिक उत्पादन *तावा स्योस्यो* हाते कागत बनाउने सीप *स्योस्यो स्हेङबा* हो । *स्योस्यो लोक्ता दोङबो* काटेर बोक्रा निकाल्ने उक्त बोक्रा रेसा नआउने खालको बाहिरी भाग केलाएर खरानी राखेर उसिनेर रेसादार लोक्तालाई काठको मुङग्रोले कुटेर लेदो बनाएर त्यो रेशादर लेदोलाई पातलो मलमलको कपडाबाट बनेको *खो* 'फ्रेम' मा साफ पानीको *खो* अट्ने पोखरीमा फ्रेम डुबाएर फ्रेमभित्रको भागको पानीको तलाउमा कुटेर लेदो बनाइएको रेसादर लोक्ताको लेदो एक मुठी जति हालेर पानीमा घोलिदिने *खो*लाई उचालेर घाममा सुकाउने सुकेपछि त्यो *खो*को मलमल कपडामा फेलिएर टाँसिएको लोदो रेसा अब *स्योस्यो* कागत बनेको हुन्छ । नुवाकोट जिल्लाका *बोमताङ* गाविसका जनताले सं. २०१७ सम्म पनि *तावा स्योस्यो* बनाएर *कोरी गी* 'एक कोरी अर्थात् १८×२२ इन्चको २०० पाना' सरकारलाई बुझाउनु पर्दथ्यो । यसलाई कागजी रकम भनेर भनिन्थ्यो । कागत बनाउने भएकाले नै यस भेगका मानिसहरूलाई कागते पनि भनिदै आएको छ ।

थाङका छ्रीबा/ब्रिबा

तामाङ समुदायको पुरानो मौलिक कलाहरूमध्ये थाङका लेख्ने कला अपनाएर आएको पाइन्छ । तामाङ समुदायमा खास गरेर थाङका लेख्न सक्ने कलाकारलाई *खाअीबा* भनिन्छ । थाङका तामाङ बौद्धहरूले धर्म अभ्यासमा प्रयोग हुन्छ । तामाङ बौद्धहरूमा *स्हीपाखोर्लो, गुरुपेमा, चेङरेस्हीग* आदिको थाङका *खाअीबा*लाई लेख्न लगाएर लामा पुरोहितलाई दान दिने प्रचलन रहेको पाइन्छ । यो थाङका *छ्रीबा ब्रिबा* कलाकारिता आज व्यावसायिक रुपमा नेपालको पर्यटन क्षेत्रमा फस्टाएको एउटा उद्योगको रुपमा लिइन्छ तर यसलाई तिब्बती भनेर भनिन्छ । तामाङ समुदायमा रहेको थाङका कला तिब्बती थाङका कलामा आदि रुप मौलिकता र भिन्नता रहेको पाइन्छ । यसमा दाताको समेत चित्र उतारिएको हुन्छ ।

गैर परम्परागत पेशा

तामाङ समुदायका बस्तीमा जनसङ्ख्याको वृद्धि, वातावरणीय परिवर्तन, खेतीपातीमा रासायनिक मल तथा कीटनाशकको प्रयोग आदि कारणले खेतीयोग्य जग्गा जमिनको उत्पादकत्व घटेकाले खेतीले मात्र वर्षभरि खान लाउन नपुग्ने भएकाले छिमेकी गाउँ र विदेश भारतसम्म पनि अधिकांश श्रमिकको रुपमा श्रम गरेर अतिरिक्त कमाइका लागि जाने गर्छन् । मुख्य गरेर ताम्सालीङको पूर्वी भेग सिन्धुपाल्चोक, काभ्रे, रामेछाप, दोलखा, सिन्धुली भेगका तामाङहरू भारतको उत्तरपूर्वी चिया बगान तथा सहरहरू कामको खोजीमा जाने गरेको र ताम्सालीङका पश्चिम भेगका रसुवा, नुवाकोट, धादिङका तामाङहरू पश्चिम उत्तर भारतका हिमालचल प्रदेश, लदाख, कुलू मनालीतर्फ कामको खोजीमा जाने गरेको पाइन्छ । यसरी भारत तथा स्वदेशमै कामको खोजीमा जानेहरू खेतीपातीपछि र खेतीपाती सुरु हुनु अगाडि जाने र खेतीको समयमा धेरै थोरै जति कमाइ भए पनि घर फर्के गरिन्छ ।

सीपमुलक व्यवसाय

तामाङ समुदायका बस्तीहरूमा खास गरेर खेती सकेपछिको फुर्सदको समयमा सीपमा आधारित जङ्गली निगालो, बाँस आदिको घरेलु सामग्रीहरू डोको, *नाख्ले* 'नाङलो', *छदुन/कुरमाङ* 'थुन्से' *छाङ* 'डोको', *डा* 'नाम्लो' आदि *नाख्ले दागा, छदुन, छाङ, डा राबा* अर्थात् उत्पादन तथा बिक्री गर्न गरिन्छ ।

जडीबुटी व्यवसाय

तामाङहरू खेतीपातीको साथसाथै वनजन्य प्राकृतिक स्रोतहरूको प्रयोग तथा अतिरिक्त आयआर्जनको स्रोतको रूपमा बजारमा बिक्री हुने विभिन्न प्रकारका जडीबुटी संकलन गर्न गरेको पाइएको छ । यसमा तीर्ता, जाटामसी, नीरमसी, पदमचाल, *क्वेखुदु* 'भीर माहुरीको मह', *ब्रास्युन* 'सिलाजीट' मुख्य छन् । यसमा सबैभन्दा बढी तीर्ताको संकलन तथा बिक्री हुने गरेको छ । तीर्ता १ के.जी.को रु १२०।- सम्ममा स्थानीय व्यापारी सङ्कलकले किन्ने गरेको छ । जडीबुटी औषधोमूलक बाहेक अन्य उपयोगी ओखरका बोक्रा, सल्लोको खोटो, विभिन्न प्रकारका लेउहरू, जङ्गली स्याउ, निउरो आदि मौसमी वनजन्य नगद आम्दानीका स्रोतहरू हुन् । यसको सामान्यतया लेखाजोखा हुने गरेको छैन । अर्थात् पूर्ण व्यावसायिक नभएर यो पनि अतिरिक्त आयआर्जनको मासिक आयको रुपमा वर्षको एकपटक सङ्कलन तथा बिक्री वितरण गर्न गरेको पाइन्छ ।

७.३ तामाङ समुदायमा भूस्वामित्व

ताम्सालीङ क्षेत्र आदिम कालदेखि अर्थात् खेतीयोग्य र मानवसभ्यताको विकासमा तामाङ समुदायको भूमिका रहेको हुनाले ताम्सालीङ क्षेत्रको परम्परागत जमिन, जङ्गल, पानी, खानी तथा चरन आदि भूस्वामित्व तामाङहरूमा नै थियो र छ ।

तर राष्ट्रमा हुने राज्य सत्ता तथा शासकीय स्वरुपमा राजनीतिक परिवर्तन हुँदा तामाङहरूको भूमिको स्वामित्व बिर्ता, गुठी तथा अधिकरणका माध्यमबाट राज्यले विगतदेखि लगातार खोसेको थुप्रै उदाहरणहरू पाइन्छन् । राज्यबाट यस्तो भूस्वामित्व खोसेर खडा गरेका गुठीहरूमा रसुवा नुवाकोटको भैरवी गुठी, दोलखाको दोलखा भीमसेन गुठी, काभ्रे पलान्चोकको पलान्चोक भगवती गुठी, नुवाकोट सामरीका खडका मगरहरूलाई दिएको बिर्ता, काठमाडौको चपली खड्का भद्रकालीका खड्काहरूलाई दिएको बिर्ता आदि थुप्रै भूमि पहिले तामाङहरूको स्वामित्वमा रहेको थियो । हालको रानीवन तत्कालीन रानी बगैँचा बनाउन, शिवपुरी जलाधार, लामटाङ राष्ट्रिय निकुञ्जको निर्माण आदिले पनि तामाङ समुदायको परम्परागत भूस्वामित्व खोसिएका छन् । तामाङहरूमा बचेखुचेका भूमिको स्वामित्वको प्रणाली पहिले मातृसत्तात्मक थोरै झलक कतै-कतै देखिन्छ । तर नेपालमा भूमिसुधारलगायत नापी गरेर जमिनको भोग चलन गर्नुको नाममा जमिन दर्ता गर्ने प्रथाको आरम्भ भएपछि भूमिमाथिको स्वामित्व पुरुषमुखी हुन गएको देखिन्छ । यसरी समग्रमा तामाङ समुदायहरूमा भूस्वामित्वको चर्चा गर्नु पर्दा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

भूमिमाथिको सामुदायिक स्वामित्व

तामाङ सघन बसोबास रहेको गाउँ क्षेत्रहरूमा रहेको सार्वनिक वन जङ्गल, पानी, खानी, खर्क तथा घाँसे मैदान चरन तामाङहरूको फरक-फरक गाउँहरूको स्वामित्वमा रहेको पाइन्छ । यस्तो गाउँको स्वामित्वमा रहने *ल्हा, ह्री, खार्का* गाउँलेहरूले सामूहिक रुपमा नै प्रयोग गरिआएको पाइन्छ । हिजोआज भने गाविस तथा वडाको सामूहिक स्वामित्वको प्रयोगमा पाइन्छ । यसको भोगचलन सम्बन्धित गाउँका तामाङले बाहेक अरू गाउँमा बसोबास गर्नेले भोग चलन गर्न पाईँदैन । यसमा मुख्य रुपमा अचेल सामुदायिक वनका नामले व्यवहारमा सरकारले नै लागू गराएको छ । तर खानी तथा पानीमाथिको स्वामित्व भने सामुदायिक वनको जस्तो तामाङ समुदायको अग्राधिकार कायम नभएको देखिँदैन । सरकारले प्राकृतिक स्रोतसाधनमाथिको

आदिवासी तथा स्थानीय जनताको अग्राधिकारसम्बन्धी अन्तर्राष्ट्रिय आइएलओ सन्धि १६९ को विरुद्ध खानी, पानी र चरनमा हस्तक्षेप गरेर बाहिरकालाई लाइसेन्स दिएर हस्तक्षेप गरेको छ । उदाहरणका लागि गणेश हिमाल सिसाजस्ता खानी, ताम्सालीङका खोला नाला आज जलविद्युतको निम्ति सरकारले जथाभावी जोसुकैलाई लाइसेन्स दिने अर्थात् पानीको स्वामित्व सम्बन्धित तामाङ समुदायको अग्राधिकार राज्यले खोस्ने काम गरेको छ । ताम्सालीङ क्षेत्रमा मात्र लगभग १००० मेगावाट क्षमताको जलविद्युतको निकाल्न सरकारले स्थानीय समुदायभन्दा बाहिरका व्यक्तिहरूलाई विभिन्न कम्पनीहरूको नाममा लाइसेन्स दिइसकेको छ ।

भूमिमाथिको पारिवारिक स्वामित्व

नेपालमा २०२२ सालमा भूमिसुधार आरम्भ भएपछि तामाङहरूको परम्परागत भूस्वामित्व प्रणालीको अन्त भई नयाँ पद्धतिको आरम्भ भयो । त्योभन्दा पहिले कुनै व्यक्ति विशेषको नाममा भूस्वामित्वको परम्परा थिएन । एउटा परिवारको सामूहिक स्वामित्व हुन्थ्यो । अहिलेको जस्तो परिवारको मुख्य व्यक्तिको नाममा सानो-सानो रोपनी, आना भनेर भूखण्डीकरण हुँदैनथ्यो । एउटा सग्लो खेत या बारी परिवारको स्वामित्वमा हुन्थ्यो । त्यो घरको मुख्य मानिएका लोग्ने, श्रीमतीको नाममा भन्दा पनि उनीहरूको सिङ्गो *थेम्हे* को स्वामित्वमा हुन्थ्यो । अनि भनिन्थ्यो "*च्याङबा म्हेला बु* 'कान्छाको परिवारको खेत', *पाराङ म्हेला बु, ग्रेन या थेबा म्हेला बु* 'खेत' वा *म्राङ* 'बारी' भनिन्थ्यो । अहिले जस्तो *नोर्बुला बु, पासाङला म्राङ, डीम्हाला गोदे* भन्दैनथ्यो ।

खेतबाट उत्पादन भएको धान, मकै, गहुँ, फापर, अुवा, करुलगायत अन्नहरू घरमा भित्र्याई सकेपछि भने त्यो अन्नजन्य खाद्य सम्पत्ति माथिको विशेषअधिकार भने घरको महिला आमामा रहेको हुन्छ । आमाकै तजबीजमा अन्नपातमा अधिकार रहने हुनाले यस्तो अधिकारलाई *सुन, साङा, मकै, क्वा, बारकी-यावाङ* भनिन्छ । हिजोआज भने सत्ताले राज्यको भूमिसम्बन्धी प्रणालीको कारण सिधै भूस्वामित्व घर मूली अर्थात् घरको पिताको नाममा हुने परम्परा विगत ४० वर्षदेखि चलेको पाइन्छ । सं. २०२२ सालभन्दा पहिले सरकारले पनि भूमि कर ताम्सालीङका तामाङहरूलाई सामूहिक रुपमा "फलानू गाउँकालाई कागजी र झारो रकम (नुवाकोटका बोमताङलगायत गाउँका तामाङ), हुलाकी रकम (नुवाकोटकै गोर्स्याङ भेगका तामाङ), कसै कसैलाई देवीदेउताको जात्राको रथ बोकाउने (नुवाकोटको सिन्दूरे जात्राको बेला धामीको खट बोक्ने), सिलौटे रकम (बारुद खानामा गएर बारुद सिलौटोमा

पिँध्ने)" भनेर तोकेका हुन्थ्यो र श्रम गराउथ्यो । भूमिको छुट्टै कर तोकिएको हुँदैनथ्यो ।

७.४ तामाङ समाजमा श्रम विभाजन

तामाङ समाज मुख्यतया आर्थिक आयआर्जन हुने कार्य खेतीपाती वा अन्य सीपमूलक कार्यहरू गर्दा परिवारका सबै सदस्यहरूले आ-आफ्नो क्षमता अनुसार दैनिक कार्य गरिन्छ । मुख्य तथा खाना बनाउने, पस्केर दिने, खुवाउने कार्य आमाले गरिन्छ । खाना बनाउने समयमा पनि दाउरा, पानी तथा आगोको हेरचाह आपाले र आमाले नून खुर्सानीदेखि सबै मुख्य कुकको भूमिका निर्वाह गरेको हुन्छ । त्यस्तै आमा घाँस तथा वस्तुको चरी चरणमा गएको भए घरको *आपा* वनमा दाउराका लागि जाने गर्दछन् । सामान्य घाँस काट्ने काम छोरा वा छोरीले पनि १०-१२ वर्षपछि सघाउने गरिन्छ । बिहान खाजा *प्रो/दीगु* खाएर गएपछि दिउँसो खाना खान आउने र खानापछि फेरि खेतबारीमा काममा जाने गरिन्छ । विभाजन भएको हुन्छ । किनमेल आदिको लागि आमा र *आपा* दुवै *छोङदी* बजारमा जाने गर्दछन् । यस्तो प्रकारको पारिवारिक श्रम विभाजन रसुवा, नुवाकोट, धादिङ, सिन्धुपालचोकका दूर दराजका गाउँहरूमा अचेल पनि छ । तर बसाइँ सरेर ताम्सालीङका मुख्य क्षेत्र बाहिर हिजोआज अन्य पर्वेहरूको जस्तो घर पारिवारिक कार्यविभाजन गरेर काम गर्ने गरेको पाइन्छ । खस गरेर कपडाहरू तान लाउने, धागो झिक्ने विभिन्न परम्परागत तानहरूबाट कपडा, *स्यामा, के/फुकी* देखि राडी, पाखी आदि बुन्ने कामहरू आमा वा महिलाहरूले गर्न र डोको नाम्लो जस्ता चोयाका, काठका कामहरू, डकर्मी आदि कामहरू भने पुरुष घरको *आपा*ले गर्न गरिन्छ । यसदेखि बाहेक अन्य *ताङरी ङीबा, नाङ फाबा* 'पर्मा जाने' कामहरू भने पुरुष र महिला भनेर छुट्याउँदैनन् ।

७.५ तामाङ अर्थतन्त्रमा महिलाको भूमिका

तामाङ समाजमा मुख्यतया अर्थको सञ्चय गरेर राख्ने काम अहिले पनि घरको आमाले नै गरिरहेको हुन्छ । खासगरी आयआर्जन हुने काममा पनि आमा नै बढि सक्रिय भएको हुन्छ । त्यसरी नै खेती किसानहरूको मुख्य आयका आधार घरमा सञ्चित खाद्यान्नको भन्डारमा *यावाङ* 'हात लगाउन पाउने मुख्य अधिकार' घरको आमाको नै रहेको हुन्छ । आमाको स्वीकृति बेगर *म्हार*बाट अन्न झिक्न पाइँदैन । त्यसकारण बजारमा बिक्री वितरणमा लैजाने र बिक्रीबाट आएको रकम आमाले राख्ने र आमाले नै घर घरायसी लुगा-फाटा, मरमसला आदिलगायत अन्य आवश्यक खर्चबर्चको जोहो गर्न

गरेको हुन्छ। आमाले गर्न यस्तो खर्चमा बचत गर्नलाई *आमासे क्रिमलाबा* भनिन्छ। यसरी नै तामाङ महिलाहरूले नै घरमा अतिरिक्त आयको लुगा बुन्ने, *आओिराग* पार्न, वनमा गएर अन्य वनजन्य निउरो, कन्दमूल, *प्रुमो, स्यामो* 'च्याउ' सङ्कलन गरी बिक्री गरेर नगद आम्दानीका स-साना थप कामहरू गरिरहेको हुन्छ।

७.६ विकास आयोजनाहरूले पारेको प्रभाव

तामाङ बसोबास क्षेत्रहरूमा राष्ट्रिय विकासको नाममा बनेका विकासका निर्माणका राष्ट्रिय आयोजना, संरक्षणका नाममा रहेका आरक्ष तथा निकुञ्जहरूले आर्थिक जीवनमा ठूलो प्रभाव पारेको छ। काठमाडौँ नजिकको रानीवन उर्यान, शिवपुरी जलाधार संरक्षण तथा लामटाङ राष्ट्रिय निकुञ्ज आदिले तामाङ आदिवासीहरूको बृहत्तर क्षेत्रलाई ओगट्ने भएकाले नुवाकोट, रसुवा सिन्धुपालचोक जिल्लाका तामाङहरूको परम्परागत चरी चरण, खर्कहरू तथा वन जन्य त्यसै खेर जाने हरेक साल उत्पादन हुने वनस्पति, जडीबुटी निर्बाध रुपमा सङ्कलन, प्रयोग तथा उपयोग गर्नबाट रोकेको छ। यसले गर्दा त्यस क्षेत्रका तामाङ समुदायको परम्परागत आय आर्जनमा प्रभाव परेको छ। यसको वैकल्पिक व्यवस्था सरकारले गरेको छैन। तसर्थ विकास निर्माण तथा आयोजनाहरूले देहाएका मुख्य प्रभावहरू तामाङ समाजमा पाइन्छ।

सांस्कृतिक प्रभाव

सरकारले निर्माण गरेको विकासे योजना शिवपुरी जलाधार संरक्षणले तारे भीर, तौलुङका तामाङ बस्ती र लामटाङ राष्ट्रिय निकुञ्जले रसुवाका राम्चेलगायतका स्थानमा तामाङ बस्तीहरू नै उठाएको छ। यसले तामाङ जातिको मौलिक धार्मिक तथा सांस्कृतिक परम्पराहरू लोप हुने अवस्थासम्म पुगेको छ। अर्कोतर्फ धार्मिकस्थल प्राकृतिक पूजनीयस्थलहरूमा प्रवेशमा अनुमति लिइनु पर्नेजस्ता कारणले सांस्कृतिक परम्पराहरू नै हराइसकेका छन्।

❑❑

८. भौतिक संस्कृति

तामाङ जातिको मुख्य बसोबास स्थान हिमालय तथा पहाड भएकाले भौतिक संस्कृतिमा विविधता पाइन्छ । यसले गर्दा तामाङ जातिको भौतिक संस्कृतिलाई एउटा मात्र दृष्टिकोणबाट हेर्नु हुँदैन । त्यसकारण तामाङ जातिको भौतिक संस्कृतिसँग जोडिने घर घरायसी सामग्री, औजार, वेषभूषा, जीवनयापनसँग जोडिएका आदि भौतिक संस्कृतिमा पनि विविधता पाइन्छ ।

८.१ *तामाङकी दीम/खीम/खाङपा/स्हीमखाङ स्हेङबा* 'घरको संरचना'

तामाङ घरहरू प्रायः एक सय वर्ष अगाडिसम्मका एक तले हुन्थ्यो । घरमा मुनीतिर भुइँमा गाईवस्तु, बाखो, कुखुरो आदि राख्ने बाँध्ने गरिन्थ्यो । माथिको तलामा आफू बस्ने, चुलो, अन्नको भकारी भन्डार, देवस्थान *ल्हाखाङ* सबै त्यही तलामा हुन्थ्यो । यस्ता घरहरू हिजोआज धादिङका तिप्लीङ, सेरतुङ, लापा, नुवाकोटका किमताङ, स्हाङगाम, रसुवाका गालाङ, गोलजोङ, हाकु, थङमेन, मोक्तान *नाम्सा*, सिन्धुपाल्चोकका गुम्थाङ, लिस्तीकोट आदि स्थानहरूमा केही घरहरू अझै यो संरचनामा नै बनेको हेर्न पाइन्छ । यस्तो घर चार कुना मिलेको ढुङ्गाको सुक्खा गारो लगाएको हुन्छ । छाना काठको फल्याक *पाङलेप/पाङलीङको* हुन्छ । झ्यालढोकाहरू पनि कलात्मक हुन्छ ।

सिन्धुपाल्चोक नवलपुरको तामाङ दीम

वन विनाशले *पाङलेप* बनाउने *काल्ता* तथा बोथाङका रुखहरू

मासिएकाले अचेल करकट पाता, टिन तथा कतै पुरानै प्रकारको ढुङ्गाको छाना छाउने गरिएको पाइन्छ। अचेल दुईदेखि तीन तलासम्मको घर बनाउने गरेको पाइन्छ। सिन्धुपाल्चोक नवलपुरको तामाङ दीम रसुवा गोल्जोङको तामाङ दीम यस्तो घरमा सबैभन्दा माथिल्लो तलामा अन्नपात राख्ने, बिचकोमा आफू बस्ने, त्यही तला देवस्थान आदि रहेको हुन्छ।

रसुवा गोल्जोङको तामाङ दीम

भुइँतलामा चुलो, खाने पानी, कुटो कोदालो, हातहतियार र अचेल कुखुराको खोर पनि भुइँ तलामा राखेको हुन्छ भने घरको पिँडीमा बाखोको खोर, कुकुर पालेको भए कुकुर बाँध्ने गरिन्छ। घरको आँगनमा दार्ज्यु लुङता तथा धूप साङ बाल्ने स्थान पनि बनाएको हुन्छ। घरको ढोकाको माथि लामा लिपिमा लामाद्वारा हाते कागतमा छापेको मन्त्र अङ्कित गरेको चित्र टाँसेको हुन्छ। यो कतै-कतै ढोकाको चौकोसमा नै खोपेको पनि हुन्छ। भूइँ तलामा एउटा मात्र झ्याल रहेको हुन्छ। दोस्रो तालामा दलान र मटान बनाएको हुन्छ।

स्हीमखाङ

तामाङ जातिले आफू बस्ने स्थानलाई दीम वा *स्हीमखाङ* भनिन्छ। यसैलाई हिमाली क्षेत्रमा *खाङ* भनिन्छ। राज्य प्रमुखको घरलाई *ग्याल्खाङ* तथा

ग्यात्खाप भनिन्छ । तामाङ भाषामा *दीम*लाई आदरार्थी भावमा व्यक्त गर्दा वा भन्नुपर्दा *खीम, खाप* र *खाङ* भनिन्छ । पाहुना घरलाई *डोङखाङ* भनिन्छ । त्यसैगरी सभाघरलाई *जोम्खाङ* भनिन्छ । तामाङ बस्तीहरूमा घर मुख्यतया एकै ठाउँमा ब्रुम गुजमुच्चु झुरुप्प रहेको हुन्छ । तामाङ जातिको मौलिक *दीम* बासस्थान रहेको भूगोलको आधारमा भौतिक रुपमा हिमाली तथा पहाडी क्षेत्रमा गरी दुई प्रकारको पाइन्छ ।



खाङपा

ताम्सालीङका धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, दोलखा आदि हिमाली क्षेत्रका तामाङ *स्हीमखाङ* 'बस्ने स्थान' अर्थात् *दीम*लाई तामाङ भाषामा *खीम, खाङ, खाङपा* भनिन्छ । यो काठ, निगालो र ढुङ्गा आदि मुख्य निर्माण सामग्रीको प्रयोग गरी बनाइएको हुन्छ । *खाङपा*को छानो काठको फल्याक *पाङलेप*लाई किला नठोकिएको ढुङ्गाले थिचेर छाएको हुन्छ । *डार* अर्थात् गाह्रो माटोरहित सुक्खा ढुङ्गाको भित्ता हुन्छ । *खाङपाको खाङगा* 'आँगन' वा घरको धुरीको एकापट्टि बौद्धधर्मको शुभ सूचक *दार्ज्यू, लुङदार* फहराएको हुन्छ । यहाँको तामाङ *खाङपा* मुख्य दुई तलाको हुन्छ । भुइँतला वस्तुभाउ जनावर बाँध्ने थलो रहेको हुन्छ । माथिल्लो तलामा खानपीन, सुत्ने, बस्ने, देवस्थान आदि रहेको हुन्छ । यो तलाको प्रायः बिचमा खाना पकाउने, आगो बाल्ने *फुसाङ* वा *कुताप* रहेको हुन्छ । *फुसाङ*को माथि अन्नपात तथा बीउबिजन राख्ने स्थान *गाअी* हुन्छ । यसको मुनितिर *प्राङ* सुकुटी सुकाउने स्थान रहेको हुन्छ । *फुसाङ*को वरिपरि सुत्ने गरिन्छ । यही तलाको प्रवेश स्थान *म्रापसाङ*सँगै पानीको तामाको *छ्युताङ* ठूलो भाँडो राखेको हुन्छ । निगालो या काठको फल्याकको डेङले छेकबार गरेको स्थानमा अन्न, खाद्यभन्डार रहेको हुन्छ ।

घरको मोहडापट्टि बाहिरबाट कलात्मक रहेको भ्याल हुन्छ। यो भ्याल रहेको स्थानबाट सिधा उज्यालो आउने स्थानमा देवस्थान *ल्हाखाङ* रहेको हुन्छ।

दीम 'घर'

ताम्सालीङका पहाडी क्षेत्रको तामाङ भाषामा *स्हीमखाङ* 'घर' लाई *दीम/तीम* भनिन्छ। यो क्षेत्रका *दीम*हरू मुख्य रुपमा *सो/पाङ/गी* 'खर' को छाना हुन्छ। अचेल भने जस्तापाता तथा जीआई पाताले छाना छाएको हुन्छ। घर दुई तलाको हुन्छ। आँगन, पिँढी, पिँढीमा बस्नका लागि *ख्याङ* र पिठो पिँध्न *ह्यान्दा* 'जाँतो' पनि रहेको हुन्छ। *खाङगा*मा ढुङ्गा बिछ्याइएको हुन्छ। *दीम*को पहिलो तलाको भित्र खानपीन तथा औजार सामग्रीहरू राखिएका हुन्छन्। *म्रापबाट* पस्ने बित्तिकै बायाँ वा दायाँतिर पानीको भन्डार *दारपुङहरू* राखिएका हुन्छन्। *म्राप*को सिधा कुनामा माथिल्लो तलामा उक्लने *चाम* हुन्छ। भुँइतलाको बिचमा *कुताप* 'चुल्हो' रहेको हुन्छ। चुल्होमा *जाङगु* 'ओदान' हुन्छ। चारै कुनामा खाँबो गाडेर अन्नका बीउबिजन कीराले नखाउन भनी जोगाउनका लागि *गाअी* 'सरङ' बनाएको हुन्छ। *गाअी*मा बाँसको चोयाले बुनेको अन्दाजी सवा मिटर चौडाई र डेढ मिटर लामो ठूलो *चाल्ली* जस्तो बुनेर राखेको हुन्छ। *गाअी*को मुनितिर काठमा डण्डीहरू तेर्स्याएर सुकुटीहरू सुकाउन *प्राङ* बनाएको हुन्छ। *कुताप*को सिरपट्टि *याम्बा* नून खुर्सानी तथा मसला पिँध्ने राखिएको हुन्छ। त्यसको कुनापट्टि *जीकाङ गु* हुन्छ। यहाँभित्र कुल देवस्थान, *जी, बाप* राखिएको हुन्छ। यहाँ घरमुली बाहेकका अरुलाई प्रवेश निषेध हुन्छ।



८.२ *कान* 'खाद्यान्न'

तेमे, ह्रि तेमे, खाप्से गेङ, आलुम, गुथुक्पा (ल्होछार, छ्युकु गेङ, बाबर गेङ,सुन, केन्जोम, साङा, ब्रे, व्हा(ग्वा) व्हा गेङ, ब्रे गेङ आदि ।

***डापडुप रारारोरो* 'साग सब्जी र गेडागुडी'**

नामनाम, लाबु, मोले, गोयो, ताम्रा, मोठे, मासाओ, रताल आदि ।

८.३ तामाङ *गोओीला डोसेबा* 'तामाङ भेषभूषाको परिचय'

तामाङ भाषामा मानव शरीरलाई ढाक्ने कृतिम आवरण अर्थात् लुगालाई *नाम्जा, क्वान/वान* भनिन्छ । यो *कापे* कपास', *पाच्यार* 'अल्लो' तथा *स्हीमा लोक्ता* 'भाङ्ग्रो', *ग्युकी पाओी* 'भेँडाको ऊन' र विभिन्न प्रकारका भुवा तथा

रेसाहरूबाट *रेन्जा थारा* र डोको *थारा/थारे* 'परम्परागत हाते तान' का सहायताले बुनिन्छ । यही *क्वान/वान*बाट तयार गरिएको लुगालाई *गोओीला/गोओीलो* 'भेषभूषा' भनिन्छ ।

तामाङ जातिको मुख्य आदिम वासस्थान बसोबास उच्च हिमाली, महाभारत, पहाड तथा चुरे दुन र भित्री तराईसम्म रहेको छ । यही कारण तामाङ जातिमा सबैखाले हावापानी, मौसममा लगाउने मौलिक *गोओीला* 'भेषभूषा' हरू पाइन्छ । त्यसैले आज तामाङहरू विश्वमा भाषा, लिपि, भेषभूषा र संस्कृतिका धनी जातिका रुपमा चिनिएका छन् ।

तामाङ लुगाहरूमा *फेङगा* 'ग्या-अल्लोको गातो' धैरै पहिलेदेखि नै लगाउने गरेको प्राचीन लुगा हो । यो तामाङ जातिको मौलिक लुगा हो । जुन तामाङहरू आफै बुन्दछन् । *फेङगाग्यालाई गादो* वा *गातो* 'गलेक' वा 'घलेक' भनेर पनि चिनिन्छ । यो लुगालाई मङ्गोल मूलका हिमाली तथा

पहाडी जातिको मौलिक लुगाको रुपमा लिइन्छ । तामाङ लुगाको कुरा गर्दा बुढीगण्डकी र त्रिशूली नदीबीच आसपासका तामाङ जातिले बुन्ने सुती तथा उनी लुगाहरू नेपालकै आदिवासी/जनजातिहरूमै मौलिक र सर्वोत्कृष्ट देखिन्छ । तामाङले लगाउने *ग्या/गातो* तामाङ समुदाय निकटका विभिन्न जाति, मगर, गुरुङ, छन्तेल, थारु, राउटेलगायत तिब्बती, भारतको सिक्किमका लेप्चा, भुटानका डुक्पा आदि समुदायले पनि लगाउने गरेको देखिन्छ । तर जसरी तामाङहरूले लगाउँछन् । त्यसरी अरू जातिकाले अलि भफरक भङ्गिमा पहिरन्छन् तापनि तिनीहरूलाई कतिपय तामाङहरूले खिस्याउने गरेको देखिन्छ ।

तामाङ जातिले परम्परागत रुपमा बुनेर लगाउँदै आएको *क्वान/वान* 'लुगा' को प्रयोग *गाङरीन्पोर्छ यार्लङ* 'साङपो' नदीको शीरदेखि पुछारसम्मको दाँया, बायाँका सम्पूर्ण हिमाल पर्वतीय क्षेत्रका *गोअीला* 'भेषभूषा' मा पाइन्छ । तामाङ लुगा *स्यामाका* धर्काबुट्टा र कलात्मक रुपमा बुट्टा रचिएको *स्योदे* 'टोपी' को नमूना पश्चिममा तुर्किस्तान, कस्मीरदेखि पूर्वमा सिक्किम, *ब्होटाङ* 'भुटान' सम्म देख्न पाइन्छ । तामाङ जाति एक प्राचीन जाति भएकाले सर्वत्र उसको भेषभूषाको प्रभाव छरिएको अनुमान लगाउँदा अन्यथा हुने छैन । तामाङ जातिको *क्वान/वान* 'लुगा' अरू जातिको तुलनामा धेरै प्रकारका पाइन्छन् । आज यही मौलिक भेषभूषाले तामाङ जातिको पहिचानलाई अझ मजवुत पारेको छ । तामाङ लुगालाई कालका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

प्राचीन तामाङ *गोअीला* 'भेषभूषा'

तामाङ जातिको प्राचीन लुगा अल्लोको *फेन्का* (*ग्या-गातो*='घलेक') र गुप्ताङ्ग ढाक्ने *नाङसुल* 'लंगौटी' *ङ्योअी* हो, जुन लुगा नसिएको सग्लो हुन्थ्यो । प्रारम्भमा ढुंगेयुगपछि बिस्तारै रुखका पात, बोक्रा, वनस्पतिका रेसाहरू, जनावरका भुवा, छाला आदिले शरीर ढाक्ने गरिन्थ्यो । हामीले *क्वान/वान* वा *नाम्जा* 'लुगा' प्रारम्भिक कालमा सिएर लगाउन जानेका थिएनन् । तसर्थ नसिलाइएको सग्लै लुगा बेरेर, गाँठो पारेर तथा अन्य विभिन्न तरिकाले लगाउँथे । त्यस्तो लुगाहरू लगाउने प्राचीन विधिको अवशेष आज पनि अन्नपूर्ण लारी, लाप्साङ कार्पो (गणेश-हिमाल) का फेदितिर बसोबास गर्ने तामाङहरूमा पाइन्छ । (हेर्नहोस् कुपार:१) जुन दाँया, बायाँ काँधतिर गांठो पारेर सिंगै लुगालाई लगाइन्छ । त्यो पुरुष तथा महिला दुवैले लगाउँछन्, जसलाई *ग्या/गातो* अर्थात् *गलेक* 'घलेक' लगाउने भनिन्छ । यो

हिमाली जिल्ला रसुवाका गालाङ, गोल्जुङ, हाङ्, सोल्थान लामा, स्याङ्, ह्यार्ङ्, दुङजे आदिका तामाङ महिला गोंझीला वान/तस्वीर (सिजर तामाङ)

लुगाको लगाउने तरिकादेखि बुन्ने तानहरूको अध्ययन गर्दा पनि ती तामाङ लुगाहरूलाई प्रचीन लुगा वा सबैभन्दा पुरानो तामाङ लुगाका प्रकारमा राख्न सकिन्छ । यसलाई तामाङ भाषामा *ग्या-ग्याबा गातो* 'लगाउने' वा *खादी-ग्याबा* 'खादीको गातो लगाउने' भनेर भनिन्छ । हिजोआज यस्तो *ग्या/गातो* लगाउनेहरूमा आकलझुक्कल पुराना बूढापाका र बुढीआमाहरू मात्रै देख्न पाइन्छ । यस्ता प्राचीन लुगाहरू लोप भइसकेका छन् । यी लुगाहरू लोप भएर जानुको मुख्य कारण निम्न छन् ।



ग्यात्स्यन सिजर तामाङ

हालको तामाङ लुगा

पहिले हाम्रा प्राचीन लुगाहरू सग्लै हुन्थ्यो भने हिजोआज अधिकांश सिलाएकै लुगा लगाउनेको सङ्ख्या बढदो छ । तर पनि रसुवा, नुवाकोट, धादिङ जिल्लामा अझै पुरानो *सुरकाअी ग्या, स्यामा, छ्युपा स्योल्दो, दोर्मो, पाङदेन, तोकोरोक, टोकोरो, बर्कु* आदि लुगाहरू प्रचलनमा पाइन्छ ।

तामाङ लुगाको प्राचीन रुपबाट आधुनिक रुपमा नेपालमा नेपाल

तामाङ *ग्हेदुङ* र भारतमा अखिल भारतीय तामाङ बौद्ध सङ्घले अलग्गै विकास गरेका छन् ।

नेपालमा भने पुरुषहरूको *तोदुक, सुरदाम, खादीको सुरकाअी* र *स्योदे* 'कुलागी, तागी' र महिलाहरूको *स्यामा, हाङरे, दोर्मो, पाङदेन थेन स्योदे*को साथै परम्परागत रुपमा तामाङहरूले लगाई आएको *ग्या* तथा *स्यामा* आदि लुगाहरूलाई पनि अपनाइ आएका छन् ।

भारतमा पुरुषहरूको *सुरलुम, खेन्ज्यार, खेन्जो, तागी* (उही *स्योदे*) र महिलातर्फ *दोर्मो* (*स्यामा*), *पाङदेन, उस्या/स्यामो* (*तागी*), *हाङरे* आदि रहेका छन् ।

ई. २००२ मा काठमाडौंमा सम्पन्न अन्तर्राष्ट्रिय तामाङ सम्मेलनपछि त झन बढ्ता नै तामाङ लुगाको चहलपहल तामाङ समारोहहरूमा देख्न पाइन्छ । हिजोआज तामाङ लुगाहरू कहाँ पाइन्छ भनेर खोज्नेहरू पनि भेटिन्छन् ।

हिमाली तथा जाडोको तामाङ लुगा:

नेपालको हिमाली क्षेत्रको पर्याप्त उपत्यकाहरूमध्ये लाङटाङ उपत्यका पनि एक हो । यो पूर्ण हिमाली उपत्यकाको बासिन्दा तामाङ जाति हो । त्यसो त यहाँ मात्र कहाँ हो र सम्पूर्ण रसुवा जिल्ला नै तामाङहरूको भूमि हो । यो हिमाली तामाङ भूमिमा भेँडाका ऊनका लुगाको प्रयोग बहुल पाइन्छ । तामाङ जातिमा लोकप्रिय टोपी स्योदे यहिँको उत्पादन हो ।

***रेम्बोम्हीचे/से क्वान्बा/वान्बा क्वान/वान* 'पुरुष लुगा'**

(१) *स्योदे/स्यादे/कुलागी/तागी/क्राकु* 'टोपी/शीरमा लगाउने लुगा'

(२) *स्योल्दो/रादी छ्युपा* 'डाङ्गरी जस्तो बक्खु'

(३) *के* 'ऊनी बुट्टे पटुका'

(४) *तोक्काअी* 'कालो ऊनी जाकेट'

(५) *सुरकाअी/सुक्रे/लकुनी/बाक्खु* 'कम्मरमा चिरेको सेतो ऊनी जाकेट'

(६) *सोम्पो/दोजा* 'छाला र ऊनी जुत्ता'

(७) *सीङसीङ सोम्पो* 'फुल बुट्टा भएको जुत्ता'

(८) *तोदुक* 'दौरा वा भोटो जस्तो लुगा'

(९) *सुदाम/ सुरलुङ* 'ऊनी कालो/रातो/सेतो सुरवाल'

***म्रीङम्हीचे/से क्वान्बा/वान्बा वान/क्वान* (महिला लुगा)**

(१) *स्यामो* 'टोपी गोलाइको घेरामा पछाडि चुल्ठोलाई ठाउँ छोडेको'

(२) *आङदुङ* 'बक्खु/छ्युपा'

(३) *दोर्मो* 'गवनको जामा/फ्रक मुजा धेरै भएको'

(४) *कीङगाप/ल्होक्स्यो* 'भुत्ला भएको कानेटोपी'

(५) *पाङकाप/पाङदे* 'बिहे भएकाले कम्मर देखि अगाडि लगाउने धर्के लुगा'

(६) *कीट्टी/पाङदेन/ग्याप्टुल* 'ऊनी बाक्लो कम्मरदेखि पछाडि लगाउने धर्को लुगा'

(७) *थीमोके* 'कालोभूँइमा ऊनी बुट्टे पटुका'

(८) *सीङसीङ स्होन्बो* 'ऊनी बुट्टे भरेको जुत्ता'

(९) *स्यामा* 'लुंगी जस्तो धर्के बुट्टा भएको आफैंले बुनेको जामा'

(१०) *ग्या/गा* 'नसिलाएको काँधमा गाँठो पारेर लगाउने लुगा'

पहाडी क्षेत्रको लुगा

हिमालयभन्दा मुनी पहाड क्षेत्रका तामाङहरू *कापे* 'कपास' र *पाअी* 'ऊन' बाट बुनेका लुगा लगाउँदछन् । ठण्डी मौसममा ऊनी र अरु मौसममा प्रायः सुतीका मभ्कौला खाले लुगाहरू लगाउँदछन् । पहाडी तामाङ लुगाहरू पहिले सबै आफैले बुनेका घरबुना हुन्थ्यो । हिजोआज आधुनिक तानबाट बुनेका लुगाहरूको प्रयोग बढेको छ । तापनि पहाडी मौलिक तामाङ लुगाहरू धेरै प्रकारका छन् ।

रेम्बोम्हीचे/से क्वान्बा/वान्बा क्वान/वान 'पुरुष लुगा'

(१) *कुलागी/तागी/क्रयो/क्राकु* 'टोपी/शीरमा लगाउने लुगा'

(२) *ग्या/गातो/*गलेक 'खाँडी/खादीको दुवै काँधमा गाँठोपारेर'

(३) *के* 'मसिनो धर्के बुट्टे र सादा पटुका'

(४) *तोक्काअी* 'अल्लो वा भाङग्रोको जाकेट'

(५) *सुरकाअी/लकुनी/बाक्खु* 'कम्मरमा चिरेको सेतो सूतीको जाकेट'

(६) *पाने/पानाअी* 'जुत्ता'

(७) *तोदुक* 'दौरा वा भोटो जस्तो सादा सूतीको लुगा'

(९) *सुदाम/ सुरलुङ* 'सुरवाल/'

म्रिङम्हीचे/से क्वान्बा/वान्बा वान/क्वान 'महिला लुगा'

(१) *स्यामो* 'टोपी गोलाइको घेरामा पछाडि चुल्ठोलाई ठाउँ छोडेको'

(२) *स्यामा* 'विभिन्न रंगका धर्के डोरा भएका आफैंले बुनेको जामा लुंगी'

(३) *दोर्मो* 'गवनको जामा/फ्रक मुजा धेरै भएको'

(४) *पाङदे* 'विहे भएकाले कम्मरदेखि अगाडि लगाउने धर्के लुगा'

(५) *कीट्टी/पाङदेन/र्याप्टुल* 'कम्मरदेखि पछाडि लगाउने धर्के लुगा'

(६) *ग्या/गा बार्कु* 'नसिलाएको काँधमा गाँठो पारेर लगाउने लुगा' आदि प्रमुख रहेका छन् ।

यस्ता हिमाली तथा पहाडी तामाङ लुगाहरू हिजोआज देख्दै नदेख्ने र नामसमेत सुन्न नपाउने अवस्थामा पुगेका छन् । यहाँ नाम उल्लेख गरिएका अधिकांश तामाङ लुगाहरू यो पंक्तिकारले २०-३० वर्ष अगाडिसम्म देखेको र आफ्नो लुगा पसलमा बिक्रीको लागि समेत राखेर प्रत्यक्ष स्पर्श गरेका थिए । तर आज तामाङ जातिको गौरव र पहिचान बनेका ती अधिकांश लुगाहरू विलुप्त भइसकेका छन् । तामाङ लुगाको संरक्षण र संवर्द्धन हेतु प्राचीन तामाङ लुगाहरूलाई नै विकास गरी नेपाल तामाङ घेदुङ र सिक्किम तामाङ बौद्ध सङ्घ र अखिल भारतीय तामाङ बौद्ध सङ्घले आधुनिक तामाङ लुगाहरू तयार पारेर प्रयोगमा ल्याएका छन् । उनीहरूले तामाङ महान् चाड ल्होछार, सङ्घका राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्मेलन तथा अधिवेशनहरूमा तामाङ लुगा लगाउने अनिवार्य लगाउनै पर्ने तथा प्रदर्शन गर्न गरिएबाट तामाङ लुगाको पुनर्स्थापना, पुनःप्रयोग बिस्तारै बढेको छ । तामाङ पहिरन भन्नाले लुगा मात्र नभएर गरगहनाहरूको पनि आफ्नै स्थान रहेको छ । यसको अन्तिम अध्यायमा विस्तृत रुपमा चर्चा गरिने छ ।

तामाङ धार्मिक लुगा

तामाङ जातिको धार्मिक कर्मकाण्डहरू मुख्य रुपमा बौद्ध धर्मगुरुहरू अर्थात् लामाहरूबाट सम्पन्न गरिन्छ । त्यसै गरी परम्परागत कुल-कुलायन फोला-डाला तथा स्थानीय सिमेभूमे मन्छाउने तथा पूजाआजा बोन्पोहरूबाट सम्पन्न गरिन्छ । तामाङ समाजका अति आदरणीय र सम्मानित लामा (गुरु) हरू र बोन्पोहरूको पनि आफ्नै *नाम्जा* 'वस्त्र/पोशाक' हुन्छ । यो सामान्य गृहस्थी मानिसहरूले लगाउने लुगा भन्दा बेग्लै रंगको हुन्छ । विशेष गरेर लामाहरूको वस्त्र पहेंलो तथा रातो कलेजी रंगको हुन्छ भने *बोन्पो/बोम्पोहरू* सेतो रंगको वस्त्र लगाउने गर्दछन् । यी वाहेक तामाङहरू धार्मिक पूजा सामग्री, शुभ सगुन आदिमा समेत लुगा प्रयोगमा ल्याउँछन् ।

तामाङ लामा गोअीला/गोअीलो

लामाहरू समाजका सम्मानित वर्ग भएका हुनाले उनीहरूले प्रयोग गरिने वस्त्रलाई आदरका साथ *नाम्जा* भन्ने गरिन्छ । लामाले पहिरिने वस्त्रलाई *क्वान/वान* भनिदैन । लामा भनेपछि तामाङ समुदायमा मुख्यतया महायानी बज्रयानी *डीङमा* सम्प्रदाय प्रमुख हो । यिनीहरू अधिकांश *डाक्पा* अर्थात् गृहस्थी नै हुन्छ र आफ्नो सम्प्रदायको गृहस्थी लामाले लगाउने लामा वस्त्र नै लगाउँदछन् । गृहस्थी वाहेक गृहस्थी परित्याग गरी *गोन्पो*मा नै बस्ने *गेलुङ*हरूले लगाउने वस्त्रमा अन्तर हुन्छ । तर हिजोआज *डीङमा* सम्प्रदाय बाहेक अन्य *गेलुक्पा, काग्यु, शाक्यापा* सम्प्रदायका पनि तामाङ लामाहरू छन् । उनीहरूको पनि आफ्नो सम्प्रदायअनुसार आफ्नै लामा वस्त्र हुन्छ । तामाङ लामाका वस्त्रहरू निम्न प्रकारका हुन्छन्

गेलुङ 'गृहत्याग गरेको' लामाको *नाम्जा* 'वस्त्र'

(१) *अुस्या* 'एक प्रकारको टोपी'

(२) *स्हेन* 'गा/पछ्यौरा जस्तो रातो'

(३) *दुरुलो* 'भित्री लुगा'

(४) *स्यान्थाप* 'जामा जस्तो' आदि

डाक्पा 'गृहस्थी' लामाको *नाम्जा* 'वस्त्र'

(१) *अुस्या* 'टोपी'

(२) *तोदुक कुइका* 'भोटो जस्तो तना वा डल्ले टाँक भएको लुगा'

(३) *बुह्रे* 'गा/बिचमा सेतो दुईतिर रातो कलेजी रंगको सल जस्तो'

(४) *डाङछ्युं* 'कम्मरदेखि तल्लो भागमा लगाउने वस्त्र'

तामाङ बोन्पोका *नाम्जा*

लामाहरूको जस्तै तामाङ *बोन्पो*हरू पनि आफ्नै वस्त्र पहिरिन्छन् । *बोन्पो*हरूको वस्त्र प्रायः सेतो रंगका हुन्छन् । कतै कतै फेटामा विभिन्न रंगका फेटा गुथेको पनि देखिन्छ । *बोन्पो*का *नाम्जा* निम्न प्रकारका छन् ।

(१) *तोदुक* 'एक प्रकारको भोटो'
(२) 'सेतो कपडाको जामा'
(३) *क्रायो* 'विभिन्न रंगको फेट्टा'

तामाङ संस्कारमा लुगा

तामाङ जनजीवनमा आफ्नो शरीर ढाक्ने मात्र नभई अरु पनि धेरै संस्कारहरूमा लुगाको महत्त्व भिन्दै छ । लुगासँग सम्बन्ध भएको केही तामाङ धार्मिक वस्तु तथा संस्कारहरू देहाय बमोजिम छ ।

(१) *स्यामा पीन्बा संस्कार* 'फरिया गुन्यू चोलो दिने'
(२) *छेवारला आस्याङ केका* 'छेवारमा मामाद्वारा दिइने कोसेली वस्त्र'
(३) *जोम्पाकी/ब्रेल्बाला गोइचीन नाम्जा* 'विवाहमा सिल्कको, तास/कोचीन'
(४) *लुङता नाम्जा* 'धार्मिक मन्त्र छापीएको वाजाको वस्त्र'
(५) *थाङका* 'बुद्धधर्ममा देवदेवी कुँदिएको वस्त्र'
(६) *सीबा तुम्पा नाम्जा* 'कात्रो'
(७) *लामदेन* 'मृत लासलाई लामाद्वारा निर्वाण मार्गदेखाउने वस्त्र'
(८) *लामा छ्यामला नाम्जा* 'लामा नृत्याक वस्त्र'

घर घरायसी तामाङ लुगा

तामाङहरूले लगाउने लुगाहरू मात्र होइन आफूलाई आवश्यक पर्ने अन्य बिछ्यौना तथा ओढनीमा प्रयोग हुने लुगा/कपडाहरू पनि आफै बुन्दछन् । जसमा घरमा पाउना पासा आउँदा ओछ्याउने, ओढ्ने आवश्यक राडी, पाखी, *सादेन* 'गलैचा' र महिलाहरूले जाडोमा ओड्ने *गा, बर्कु* 'पछ्यौरा' आदि पर्दछन् । तामाङ भाषामा *वान वा क्वान* भनेपछि शीरदेखि पाउसम्मका

सम्पूर्ण खाले मानव शरीर ढाक्न प्रयोग हुने लुगाहरूलाई बुझाउँछ। आदरार्थी तामाङ भाषामा यही *क्वान वा वान*लाई *नाम्जा* भनिन्छ। त्यसैगरी लुगाबाट सिलाएर सिङ्गै लगाइने पोशाकलाई *गोअीला* वा *गोअीला* भनिन्छ। यहाँ तामाङ जातिले लगाई आएका सम्पूर्ण क्षेत्र, देश देशान्तरमा झण्डै दुई दर्जनभन्दा बढी तामाङ *वान/क्वान* 'लुगा' हरूको *गोअीला* वा *गोअीला*को जानकारी यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ। यहाँ हिमाली क्षेत्रका ऊनी/सुतीदेखि पहाडी क्षेत्रको सुती,/ऊनी अल्लो, भाङग्रो आदिबाट बनिने नेपाल, चीनदेखि भारतको दार्जीलिङसम्मका तामाङहरूले लगाउने मौलिक तामाङ *गोअीला* वा *गोअीला*हरूलाई समेट्ने प्रयास गरिएको छ। कुनै छुटेको भएमा आगामी संस्करणमा फेरि समावेश गरिने छ।



तामाङ *वान/क्वान डोसेबा* 'तामाङ लुगाहरूको विवरण'

तामाङ *नाम्सा* र *युल्साह*रूमा मौसम विशेष प्रकारको तामाङ लुगा लगाउने प्रचलन तामाङ जातिमा पाइन्छ। तामाङ जाति बसोवास क्षेत्र ताम्सालीङ भूमि फैलिए जसरी मानिसले लगाउने *वान/क्वान* लुगाको प्रकार पनि फैलिएको पाइन्छ। तसर्थ, तामाङ विभिन्न प्रकारका लुगाहरूको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिन्छ।

तामाङ *तागी/कुलागी/स्योदे* 'टोपी'

तामाङ *नाम्सा* र *युल्साह*रूमा मौसम विशेष प्रकारको तामाङ टोपी लगाउने प्रचलन तामाङ जातिमा पाइन्छ। तामाङ जाति बसोवास क्षेत्र ताम्सालीङ भूमि फैलिए जसरी मानिसको शीरमा लगाउने लुगा टोपीको प्रकार पनि फैलिएको पाइन्छ। तसर्थ, तामाङभाषामा टोपीलाई झण्डै आधा दर्जनभन्दा बढ्ता शब्दले विभिन्न प्रकारका टोपीहरूको नामाकरण भएको पाइन्छ। तामाङला *क्रा/थोबोरी वान्बा/क्वान्बादा* 'शीरमा लगाउने टोपी वा लुगालाई' स्थान विशेषअनुसार तामाङ भाषामा (१) *स्योदे* (२) *स्यादी* (३) *कुलागी,* (४) *तागी,* (५) *टुबी,* (६) *क्राकु,* (७) *स्यामो,* (८) उर्या आदि नामले चिनिन्छ।

मौलिक तामाङपन भएको टोपीको प्रयोग अन्यत्र कतै पाइन्न । नेपालको उत्तरी हिमालय जिल्ला रसुवामा मात्र पाइन्छ । माथि दिइएको कुपार (तस्विर) मा दिइएको तामाङ टोपीका नमूना त्यहाँकै हुन् । यो टोपी *स्योदे* वा *स्यादी* नामले रसुवालगायत सिन्धुपाल्चोकको *योल्मो*, नुवाकोटको *हाँडगाम, बल्चीसम्म* पनि हाकु, *गालङ गोलजोङकी टुबी* भनेर चिनिन्छ । यो टोपीलाई स्थानीय तामाङ भाषामा *स्योदे* तथा *यादी* भनिन्छ । यहाँको मौलिक तामाङ टोपी तीन प्रकारको पाइन्छ । पहिले शुद्ध ऊनबाट तयार गरी विभिन्न आफ्नै प्रकारको फूल बुट्टाहरूद्वारा सजाइएको यस्तो *स्योदे* 'टोपी' हिजोआज विभिन्न रङ्गका ब्लेजर कपडामा समेत बनाउने गरेको पाइन्छ । ऊनी *स्योदे*मा धारामा पानी थापेर ल्याउँदासम्म नचुहने बाक्लो हुन्छ । यो स्योदे तामाङहरूको नेपाल र भारतका तामाङ राष्ट्रियस्तरको तामाङ सङ्गठन नेपाल तामाङ *ग्हेदुङ* र अखिल भारतीय तामाङ बौद्ध सङ्घ, सिक्किम तामाङ बौद्ध सङ्घलगायतले प्रबर्द्धन गरिएकाले यसको लोकप्रियता संसारभरका तामाङ माझ पुगेको छ । नेपालमा नेपाल पर्यटन बोर्डसमेत यो टोपी उत्पादन हुने तामाङ क्षेत्रमा *स्योदे* 'टोपी' बुनाइमा प्रोत्साहन दिएर प्रबर्द्धन गरेको छ ।

यो *स्योदे* 'टोपी' पुरुष महिलाको अलग अलग नमूनामा पाइन्छ । महिला नमूनाको स्यादी 'टोपी' भनिन्छ । बूढी बज्यैहरूको लागि कानसमेत ढाक्ने खालको नमूनामा स्यादी प्रचलनमा पाइन्छ । हिजोआज यो स्यादी तथा स्योदेमा विभिन्न बुट्टाहरू अष्टमङ्गलका चिन्ह, डबल दोर्जे, *कोकोम्हेन्दो* आदि बुट्टा कुँदिएकोमा पाइन्छ । भारतको दार्जीलिङ सहरमा समेत रसुवाका *स्योदे* 'टोपी' लोकप्रियता देख्न पाइन्छ । *छ्रीरीङ कीङकाप* 'स्योदे' खरायोको भुवा जस्तो भुवा भएको लामा, पुरुष तथा महिलाहरू लगाउने कान छोपिने गरी बनाइएको आधुनिक टोपी हो । यो टोपी विवाह, *ल्होछ्यार* तथा अन्य विशेषसभा तथा समारोहहरूमा लगाउने गरिन्छ । यो टोपी तामाङहरू आफैले बुन्ने बनाउने नभई चीन तथा अन्य देशबाट आयात गरिन्छ र बजारमा किन्न पाइन्छ ।

शीरमा लगाउने *क्रायो* र *क्राकु*

विशेष गरेर पुरुषहरूले टाउकोमा टोपीको अलवा विभिन्न प्रकारका कपडाहरू गुथ्ने गरिन्छ । त्यसमध्ये गलबन्दीको जत्रो आकारमा सेतोमा रातो वा अरु रंगको छिर्केमिर्के बुट्टा भएको कपडालाई *क्रयो* भनिन्छ । यो विशेष गरेर नेपालको बागमती अञ्चलको धादिङ जिल्लाको उत्तरी भेग तथा नुवाकोट

जिल्लाका उत्तर पश्चिमका तामाङ गाउँहरूमा अति लोकप्रिय छ। त्यस्तै तामाङ महिलाहरूले धुलो-मुलो वा चिसोबाट बच्न टाउकोमा गुन्यू वा कुनै पनि कपडाले छोप्ने वा बान्ने गरिन्छ। यसलाई *क्राकु* भनिन्छ।

शीरमा लगाउने *टोकोरो* र फेटा

प्रायः तामाङ गाउँहरूमा *बोन्पोहरू* र छेवारमा छेवार गरिएको छोरा मान्छे र विवाहमा *सेबु* 'बेहुला' ले टाउकोमा व्यवस्थित तरिकाले बान्ने 'बेरिने' चारदेखि सात हातसम्मको लामो सेतो, निलो, पहेँलो, हरियो आदि रंगको कपडा 'पपलिन वा नैनासुत' को कपडालाई फेटा भनिन्छ। फेटाजस्तै गरी टाउकोमा लगाउने तर आफ्नै गाउँमा बुनेको रातो वा सेतो भुइँमा अन्य रंगका धागोले बुनेको कपडाला *टोकोरो* भनिन्छ (हेर्नुहोस् कुपार (२८)। यो *टोकोरो* पनि प्रायः नुवाकोट र धादिङ जिल्लाका उत्तरी क्षेत्रहरूमा अत्यन्त लोकप्रिय छ। तर हिजोआज परम्परागत तानमा बुनिने यस्ता मौलिक तामाङ घरबुना कपडाहरू यसको दुर्लभता र महंगीले गर्दा लोप हुने अन्तिम तयारीमा पुगिसकेको छ। हिजोआज आधुनिक क्याप 'टोपी' र सस्ता अन्य शीरबन्दी 'टोपी' पहिरनहरूले ओगटिसकेको छ।

स्योदे/स्यामो

तामाङ भाषामा टोपीलाई *स्योदे/स्यामो/कीङकाप/ ऊस्या/तागी/कुलागी/ क्रकु* भनिन्छ। हिमाली क्षेत्रमा जाडो हुने भएकाले बाक्लो सुती वा ऊनी कपडाको *स्योदे/स्यामो/कीङकाप/ऊस्या/तागी/कुलागी/ क्रकु* प्रयोग गरिन्छ।

हाङरे

हिमाली भेगमा तामाङ महिलाहरूले लगाउने चौबन्दी चोलो जस्तो तर चौबन्दी चोलोको भन्दा ठीक उल्टोपट्टि तुना लगाउने कोचीन, सुर्ती, रेसम, मखमल आदिबाट बनेको शारीरिक ढाँचामा सिलाएको लुगालाई *हाङरे* वा *आङरे* 'ब्लाउज' भनिन्छ।

आङदुङ

हिमाली भेगमा तलदेखि माथिकाँधसम्म ढाक्ने कोचीन वा अन्य बाक्लो र बलियो कपडाको शेर्पा वा तिब्बती महिलाहरूले लगाउने बक्खु जस्तो लुगालाई *आङदुङ* भनिन्छ। यो लुगा *बक्खु* वा *छ्युपाका* नामले पनि लोकप्रिय छ। यो सुदर पश्चिमका हुम्ली तामाङदेखि सिक्किम, दार्जीलिङसम्म हिजोआज

पनि प्रचलनमा पाइन्छ। *आङदुङ* समयअनुसारको विवाह, चाडबाड र अन्य सामान्य बेला लगाउन लुगाको गुणस्तर अनुसार महङ्गो, सरल सस्तो दुवै खाले घरघरमा राखेको हुन्छ।



दोर्मो

सुतीको *गवन* वा अन्य *छीपा* बुट्टा भएको सरल भाषामा भन्दा जामा वा मुजा नै मुजा भएको पाँच मीटरसम्म लामो कपडाबाट बनाएको लुगालाई *दोर्मो* भनिन्छ। यसलाई नै कतैकतै *स्यामा* तथा *इ्योअी* पनि भनिन्छ। तामाङ महिलाहरूको शरीरको कम्मरदेखि तल्लो भागमा लगाउने यो लुगालाई तामाङ लुगाको रुपमा मान्यता प्राप्त छ। यो दोर्मो रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, दोलखालगायत तामाङ बस्तीहरूमा अति नै लोकप्रिय थियो। अचेल तामाङ सेलोहरूमा मात्र नृत्याङ्गनाहरूले तामाङ लुगालाई प्रतिनिधित्व गराउन प्रयोग भैरहेको सर्वाधिक प्रचलनमा भएको तामाङ महिलाले लगाउने लुगा हो। *दोर्मो* हिमालय रसुवाको लाङटाङदेखि पहाडी तथा मध्य पहाडी भुभागहरूमा पनि लगाइन्छ।

के/थीमोके र बोदाके

हिमाली भेगमा तामाङ महिलाहरूले कम्मरमा बाँध्ने ऊनी पटुकीलाई *के/थीमोके* तथा *फुकी* पनि भनिन्छ। यो सेतो सादा ऊनी धागोबाट बुनिन्छ र पछि मात्र विभिन्न कालो र रातो बुट्टाहरूको रंगद्वारा रंगाइन्छ। यो सातदेखि नौ हातसम्म लामो हुन्छ। दुवै किनारापट्टि *पान्चार* 'झुम्का' बनाइएको हुन्छ। यो के पनि पश्चिम *गाङरीम्पोर्छे*को दक्षिण भूभागका हुम्ली तामाङदेखि पूर्वमा कञ्चनजङ्गाको फेदसम्म यो *थीमो के* प्रचलनमा पाइन्छ।

पाङकाप/पाङदे/कीट्टी

दोर्मो, आङदुङ 'बाक्खु' वा *स्यामा* को माथि भूइँमा बस्दा भारी बोक्दा शरीरको कम्मरको पछाडिको भागमा रक्षा कवचको रुपमा लगाउने एक हातदेखि सवा हातसम्मको चौडाइ र झण्डै त्यति नै उचाइ रहेको पाँच रंगहरूको एकनासको तेर्सो धर्का (धर्का औंलो जति मोटाइमा भएको लुगालाई *पाङकाप/पाङदे* वा *कीट्टी* वा *इ्योअी* भनिन्छ। सामान्यतया यो तीन प्रकारको हुन्छ।

पाङदेन/पाङकाप

सामान्यतया *दोर्मो, आङदुङ 'स्यामा'* को माथि कम्मरको अगाडिपट्टि विवाह गरिसकेका महिलाहरूले लगाउने पाडदेन/पाङकाप जुन कम्मरभन्दा पछाडि लगाउने *पाङकाप* वा *पाङदेन*भन्दा पातलो उच्च गुणस्तरको धागो सिल्क या रेशम आदिले बुनेको हल्का सेतो घ्यु रंग बढ्ता भएको *पाङदेन*। यसलाई कतै कतै *इ्योअी* र *ग्योअी* भनिन्छ। तिब्बती तथा अन्य तिब्बती मुलकाहरूले यसलाई विवाह भएको वा नभएको छुट्याउने सङ्केतको रुपमा पनि लिइन्छ। तर वास्तवमा तामाङ समाजमा आफ्नै प्रचलनमा भने यस्तो पाइँदैन।

नाङगो र सागो पाङकाप/पाङदेन

यो *पाङदेन* खासगरी कम्मरदेखि पछाडि लगाउने गरिन्छ। यो कालो रङ्ग बढ्ता, हरियो र रातो रङ्गको सम्मिश्रण बाक्लो शुद्ध उनी लुगामा ब्लेजरका लुगामा *पेमाधर्के, छ्योर्तेन, खोर्लो, डीन्दाकारसुम* आदिको बुट्टा भरेको हुन्छ। *दोर्मो, आङदुङ, स्यामा* लगाइसकेपछि कम्मरको पछाडिपट्टि लगाइने दुई पत्रे *पाङदेन/पाङकाप* वा *कीट्टी*लाई नाङगो र सागो भनिन्छ। यो नाङ्गो भनेको भाले र *सागो* भनेको पोथीको प्रतीक हो। लगाउँदा *सागो पाङकाप* पहिले लगाएर त्यसको माथि सबैभन्दा बाहिरपट्टि नाङ्गो *पाङकाप* लगाइन्छ। नागो *पाङकाप*को कुना *पेमाधार्ग* र डोरी बटारेको जस्तो बुट्टा हुन्छ र सागो *पाङकाप*को *पेमाधार्क* र *च्यारी* बुट्टा भरेको हुन्छ।

आङदुङ सुर्के 'बक्खु'

आङदुङ 'बक्खु' वा *छ्युपा* लगाई बाहिर ओभरकोट गाउन जस्तो ऊनी वा अन्य कपडाबाट बनेको महिलाहरूले लगाउने लुगा *आङदुङ सुर्के* हो। *आङदुङ सुर्के* हिमाली तामाङ महिलाहरूमा अत्यन्त लोकप्रिय विशेष समारोहहरूमा लगाउने गरिन्छ। नेपालमा तामाङ बाहेक योल्मोका योल्मोली महिलाहरूले पनि *ल्होछार* तथा अन्य विशेष समारोहहरूमा लगाएर भेषभूषा उपदेश गरेको देख्न पाइन्छ। यसको जानकारी तस्वीरमा (नं....) रसुवा गोल्जोङकी तामाङ युवती र काभ्रेकी तामाङ युवतीले लगाएको तामाङ कोट *आङदुङ सुर्के* हो।

सोम्यो 'जुत्ता'

हिमाली तामाङहरूले लगाउने मौलिक तामाङ जुत्तालाई हिमाली जिल्ला रसुवाको *गोलजोङ नाम्सा*को तामाङ भाषामा *सोम्बो* भनिन्छ। कतै यसलाई *दोचा* पनि भनिन्छ। महिला विशेषले लगाउने *सोम्बो*मा फूल बुट्टाहरू भरेको

कुँदिएको हुन्छ । यसलाई *सीङसीङ सोम्बो* भनिन्छ । *सोम्बो*को पैताला भाग चौरीको सुकाएको बाक्लो छालाबाट र पैतालादेखि माथिल्लो भाग बाक्लो खस्रो खालको ऊनबाट बुनेको ऊनी लुगाबाट बनेको हुन्छ । *सोम्बो* खुट्टाको घुँडादेखि पैतालासम्म झण्डै एक हात अग्लो हुन्छ । यो सामान्यतया स्थानीय तामाङहरूले बताएअनुसार तीन दिनमा एउटा *सोम्बो* 'जुत्ता' तयार हुन्छ ।

हिजोआज भने विकट गाउँहरूमा समेत आधुनिक राम्राराम्रा र सस्तो विदेशबाट आउने जुत्ताको कारण हाम्रा यस्ता परम्परागत मौलिक जुत्ता सोम्बो आक्कल झुक्कल कसैकसैले मात्र लगाएको देख्न पाइन्छ । अलिअलि पर्यटन क्षेत्रको विस्तारको कारण यस्ता मौलिक सीपको कलात्मक *सोम्बो* काठमाडौंको ठमेलतिरका एकाध पसलमा पनि देख्न पाइन्छ ।

क्रकु, क्रयो, तागी/कुलागि 'मजेत्रो/टोपी'

मध्य पहाड र हिमालतिर जस्तो छुट्टै प्रकारको तामाङ टोपी लगाउने चलन नभएपनि चिसो वा धुलोमुलोबाट टाउको तथा कपाललाई बचाउन रुमाल, मजेत्रो, पछ्यौरा आदिको *क्रकु/क्रयो* लगाउने गरिन्छ भने जाडो महिनामा आधुनिक ऊनका *नाम्बु तागी/पाइकी कुलागी* लगाएको पनि भेटिन्छ । सांस्कृतिक जागरणको कारण सहर बजारमा बस्ने तामाङहरूले नेपालको रसुवा जिल्लाका तामाङहरूले लगाउने मौलिक *स्योदे* टोपीलाई तामाङ टोपीको रुपमा अपनाएको छ । यस्तो तामाङ टोपी नेपाल तामाङ *ग्हेदुङ* तथा भारतीय तामाङहरूको अखिल भारतीय तामाङ बौद्ध सङ्घले आयोजना गरेका कार्यक्रमहरू र तामाङहरूको चाड *ल्होछार* आदिमा यो टोपी विशेष रमणीय देखिन्छ ।

आङरे 'चोली'

तामाङ महिलाहरूले शरीरको माथिल्लो भागमा नापअनुसार सिलाएर लगाउने लुगालाई तामाङ भाषामा *आङरे* 'चोलो' भनिन्छ । *आङरे* अति महंगो सिल्क, कोचीन, मखमल, सुती टेरिकटन आदि कपडाको विभिन्न रङ्गहरूमा र बुट्टा भएका र बुट्टा नभएका सादा पनि हुन्छन् । *आङरे* सिलाउनका निम्ति तीन हात चौडा भएको कपडा भएमा सवा मिटर कपडा चाहिन्छ । *आङरे*को पाँच ठाउँमा बाँध्ने तुना राखिएको हुन्छ । विशेष गरेर *आङरे*को बाहिरी तुना दाहिने हाततर्फ बाँधिन्छ भने नेपाली चलनचल्तीका चोलोमा तुना यसको ठीक ऊल्टो तरिकाले बाँध्न मिल्ने गरी सिलाएको हुन्छ ।

महिला *सुर्के/सुरकाअी/सुत्रे/लकुनी*

आङरे, आङदुङ वा अन्य प्रकारको लुगा लगाई त्यसमाथि कोटको रूपमा तामाङ महिलाहरूले लगाउने लुगालाई *सुरकाअी/सुत्रे/लकुनी* भनिन्छ। यो *आङदुङ सुरकाअी* जस्तै नै हो। मात्र यसको बाहुला र लम्बाईमा छोटो र छरितो हुन्छ। यो लुगा सबै क्षेत्रके तामाङ महिलाहरूले लगाउँदैन। हिमाली र पहाडी दोसाँधमा भएका तामाङ *नाम्सा* र *युल्साह*रूमा यसको चलन अझै पाइन्छ।

महिला *ग्या, गातो*

नेपालको मध्य पश्चिम र उत्तरतिरको तामाङ *नाम्सा* र *युल्साह*रूको प्रचीन र मौलिक तामाङ लुगा *ग्या* वा *गातो* हो। यसको बनोट र लगाइलाई हेरेर *ग्या*लाई मानवले लुगा भर्खर बनाउन जानेको बेलादेखि लगाएको लुगा हो भनेर सिधै अनुमान लगाउन सकिन्छ। यो लुगा लगाउन सिलाउनु पर्दैन। एउटै सिंगै नौ हात लामो लुगालाई कलात्मक तरिकाले सिलाएको लुगा जस्तै देखिने गरी लगाइन्छ। यसलाई नै *ग्या, गातो* वा 'घलेक' भनिन्छ। (हेर्नहोस्, स्कुपार (३३ मा) र यो तामाङ महिलाहरू आफैले धागो कातेर तान लगाउँछन् र बुन्छन्। यस्तो *ग्या*को लुगा पनि थुप्रै प्रकारको पाइन्छ। जो निम्न छन्।

महिला *गा-बार्कु ग्या*

परम्परागत हाते तान *रेन्जा धारा*बाट बुनिने रातो भुँइमा हरियो, पहेँलो, सेतो आदि रङ्गका धागोबाट कोठेबुट्टा भएको हुन्छ। यो *ग्या* अन्य साधारण *ग्या* भन्दा दुई हात/कुरेत जति बढ्ता लामो हुन्छ। बढ्ता भागमा अझ मसिनो कोठेबुट्टा र *पान्चार* 'झुम्का' बुनेको हुन्छ। लम्बाईमा १२ हात र चौडामा साढे दुई हात जति हुन्छ। *बार्कु ग्या*को विशेषता झुम्का भएको भागलाई *बाक्खु* लगाउँदा *पाङ्दे* लगाएको जस्तो कम्मरको पछाडि र अगाडि देखिने गरी लगाउने गरिन्छ। यसको पोल्टो सानो खल्ती जस्तो पनि निकाल्न मिल्छ। अचेल *बार्कु ग्या* पनि बुन्न छाडिसकेका छन्। आजैभन्दा १०-१५ वर्षअगाडि बुनेको *बार्कु*हरू हेर्न र देख्न पाइन्छ। यस्तो मौलिक तामाङ महिलाले लगाउने *बार्कु ग्या* बुन्न जान्ने बूढी भइसकेकाहरूबाट बुन्ने विधि सिकेर राख्न सके हिजोआजका आधुनिक तानमा पनि यो *बार्कु*को कपडा बुन्न सकिने कुरा ती बुन्न जान्ने तामाङ आमाहरू बताउनुहुन्छ।

महिला *तोकोरोक ग्या*

बार्कु ग्या जस्तै तर रातो, कालो, सेतो, पहेँलो आदि विभिन्न रङ्गको भुइँ भएको र मसिनो तथा अलि ठूलो चार खाना, कोठेकोठे र ठूलो डोराको धर्के

आदि बुट्टामा *बार्कु* जस्तै लगाउने *घलेक*लाई तामाङ भाषामा *तोकोरोक* भनिन्छ। *तोकोरोक* पनि *रेन्जा थारा*बाट बुनिन्छ। यो नौ हात लामो हुन्छ। *तोकोरोक ग्या* (कुपार-३३ मा हेर्नहोस्) कालो, सेतो भुइँ भएको महिलाले मात्र नभएर पुरुषले पनि लगाउने गरेको भेटिन्छ (पृष्ठ-१२ को कुपार (२ हेर्नुहोस्)। *तोकोरोक ग्या* नेपालमा रसुवा, नुवाकोट, धादिङ जिल्लाका उत्तरपश्चिम भेगमा सबैभन्दा लोकप्रिय मानिन्छ र पनि *ग्या* 'घलेक' जस्तो नेपालका मगर, गुरुङ र सिक्किमका लेप्चा जाति र भुटानीहरूले पनि आधुनिक तरिकाले लगाएको देख्नमा पाइन्छ। तर परम्परागत घर बुना *तोकोरोक ग्या*लाई आधुनिक नयाँनयाँ कपडाहरूले विस्थापित गरिसकेको छ।

गवन गादो/ मुनीग्या

आफ्नै *नाम्सा* र *युल*मा बुनेको नभई बाहिर विदेशबाट बुनेर आएको बुट्टेदार कपडालाई *ग्या* लगाउनलाई 'ग्याबारी' चाहिने जति लामो कपडा *ग्या*को रुपमा लगाइन्छ। यस्तो *ग्या*लाई *गवन* वा *गुनी ग्याबा* भनिन्छ। यो सुती कपडा जो भारत तथा नेपालको आधुनिक टेक्सटाइल कम्पनीहरूले उत्पादन गर्ने गरेको पाइन्छ। अचेल यस्तो सर्वशुलभ *गवन*का *ग्या*हरू पनि नयाँ पुस्ताका तामाङ महिलाहरूले अपनाएको पाइँदैन। थोरै सङ्ख्यामा विकट गाउँहरूमा एकाध महिलाहरूले मात्र यस्तो *ग्या* लगाउने गरिएको भेटिन्छ।

मुनी

तामाङ महिलाहरूले *स्यामा* वा *दोर्मो* लगाउँदा *पाङकाप* वा *पाङदे* भनेँ भिन्दै लम्बाइतर्फ सवा दुई हात र चौडाइतर्फ दुई हात लामो लुगालाई विपरित दुई कुनालाई दोब्राएर कम्मरमा बाँध्ने गरिन्छ। त्यसलाई तामाङ महिलाहरू गुनी *ङ्योओबा, ग्योओबा* भनिन्छ। कतै कतै *पाङदे* वा *पाङकाप* लगाउनु र यसरी *गुनी/गुङी* लगाउनुलाई नै *स्यामा वान्पा/क्वान्पा* पनि भनिन्छ। कसैकसैले सेतो तौलिया वा रुमाल, गवनको फुल बुट्टादार कपडा आदिको पनि प्रयोग गर्दछन्। दिइएको तस्वीर (कुपार(३४) मा गवन कपडाको *गुङी* लगाएको देखाइएको छ।

के/ फुकी

कम्मरमा बान्ने लामो लुगालाई तामाङ भाषामा *के* वा *फुकी* 'पटुका' भनिन्छ। *के/फुकी*लाई *दोर्मो, स्यामा, ग्या, आङदुङ* 'भाक्खु छ्युपा' लगाईसकेपछि कम्मरमा लगाउने गरिन्छ। पुराना पाका उमेरकाहरूले

"नबानेको ज्यान केको ज्यान" भन्ने गर्दछन् । यो सात-हात, नौ-हात देखि ११ हातसम्म लामो हुन्छ । खासगरी यो खेती किसानी गर्दा, खन्दा, बस्दा र यातायातका साधन नभएका स्थानमा मान्छेले नै बोकेर सामानहरू यताउता लैजानु पर्दा "कम्मरमा कुनै प्रकारको असर नपरोस्" भनेर *के* वा *फुकी खीबा* गर्ने गरिन्छ । हिमाली क्षेत्रको ऊनी *थीमो के* झैं पहाडी क्षेत्रमा हातेतान डोको थारा तथा रेन्जा थाराबाट बुनेको *के/फुकी* बढी प्रचलनमा पाइन्छ । *के* 'पटुका' बुन्दै गरेको पृष्ठ २८को कुपार(१३मा हेर्नहोस् । बुनेको बाहेक पनि विभिन्न रङ्गका पोपलिन, नैनासुत, कोरा आदि कपडाको पनि आवश्यक नाप अनुसारको *के/फुकी* बनाउने गरिन्छ ।

बुनेको *फुकी*मा तानापट्टीको धागो एउटै रङ्गको हुन्छ भने बानेको धागोलाई आफूले चाहेको रङ्गको धागोले बुनेर स-साना धर्केधर्के बुट्टामा बुनेको *के/फुकी* तामाङ युवाहरूमा नुवाकोट, धादिङ, रसुवा आदि स्थानमा बढी प्रचलनमा पाइन्छ ।

स्यामा (पाँगा स्यामा)

तामाङ भाषामा *स्यामा* भन्नाले साडी, लुङ्गी वा ठूलो फ्रक वा जामा जस्तो लुगालाई बुझाउँछ । तामाङ महिलाले लगाउने मुख्य लुगाहरूमध्ये एउटा महत्त्वपूर्ण लुगा *स्यामा* हो । *स्यामा*ले तामाङ महिलाहरूलाई अन्य जाति वा समुदाय माझ मौलिक र बेग्लै पहिचान दिएको छ । *स्यामा* विशुद्ध तामाङ घरबुना महिलाले लगाउने लुगा हो । अझैसम्म रसुवा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोकका तामाङ गाउँहरूमा थोरैले भएपनि *स्यामा* बुन्न छाडेका छैनन् । *स्यामा* परम्परागत डोको थाराबाट बुनिन्छ ।

नेपालको रसुवा, नुवाकोट र धादिङ जिल्लाहरूमा प्रचलित *स्यामा* हालसम्मको सबैभन्दा मौलिक तामाङ लुगाको रुपमा रहेको छ किनभने यहाँको *स्यामा* अरु जाति र समुदायका लुगाहरूभन्दा बेग्लै छ । हुन त यो क्षेत्रका अन्य लुगाहरू पनि तामाङ समाजलाई नै गौरवान्वित गराउने प्रकारकै छन् । पहिले कपास खेति गरेर *त्यसबाट कापे* 'कपास' उत्पादन गरी कपासबाट धागो बनाई रङ्गाई *स्यामा* बुन्ने गरिन्थ्यो भने हाल भारतको मुम्बई डाइङका सुतीका धागो प्रयोग गरी *स्यामा* बुनिन्छ । यो धागो एउटा *स्यामा* बुन्न (क) *स्यामा पीङ* 'गाढा कतरङ्ग' नीलो *पोला* 'लाछी' *ची/च्युई* '१०' *म्हा* र *मुन* 'ताना र बाना समेतलाई', (ख) *वाला दुम्बाला* 'रातो बाटेको २:४०' नं को धागो ६ *पोला* 'लाछी' (ग) *म्लाङ दुम्बाला* 'कालो २:४०'

नं.बाटेको तीन पोला 'लाछी', (ग) *ठेँवा दुम्बाला* 'हरियो बाटेको २:४०' नं. १ पोला, (घ) *उर दुम्बाला* '२:४० पहेँलो' २ *पोला*, (ङ) *तार दुम्बाला* 'सेतो बाटेको २:४० नं' को १ *पोला* 'लाछी' धागो भएमा १० हातको तान बस्छ र ९ हात लामो डेढ हात लामो गजको *स्यामा*को लुगा तयार हुन्छ। बिचमा काटेर रातो भएको दुई किनारालाई जोडेर फेरि जामा जस्तो हुने गरी सिलाइन्छ। यसरी *स्यामा* तयार हुन्छ। सिलाउँदा पनि विशेष किसिमको बुट्टा देखिने गरी सिलाइन्छ। *स्यामा*को कम्मर र खुट्टापट्टिको भागमा सादा गाढा निलो भाग र बिचमा रातो भाग मात्र रहेको हुन्छ।

बुनेको *स्यामा*को किनारालाई तामाङ भाषामा *स्यामाला सा* '*स्यामा*को किनारा' भनिन्छ। त्यो किनारामा सबैभन्दा तल बाहिरपट्टि पहेँलो त्यसमाथि रातो तीन लाईन, त्यसपछि एक लाइन कालो, दुई लाइन पहेँलो फेरि एक लाइन कालो अनि तीन लाइन रातो *म्हा टुप* रहेको हुन्छ। यसलाई *मेछ्याप* भनिन्छ। त्योभन्दा माथि करिब १० इन्च जति *स्यामा* पीङ (कतरं) गाढा निलो *म्हा* र *मुन* दुवै एउटै हुन्छ। गाढा निलोदेखि माथि धेरै धर्का (धर्का पहेँलो, रातो, कालो, हरियो रङ्गको डिजाइन) लगाएको हुन्छ। यसलाई *खीका* भनिन्छ। *खीका*को भाग ८ इन्च जति हुन्छ।

दुईटा धर्का पहेँलोले बाँधिएको भित्र रातो, कालो, रातो, हरियो, पहेँलो-हरियो, रातो-पहेँलो रातो धागो बाना र ताना रहेको *खीका*लाई *पाना खीका* भनिन्छ। यो *खीका*सँगै *वाला टीस्यारबाला खीका* आउँछ। यसपछि सेतोमा कालोको मिसेको बुट्टा केङगेलेङ नामक सेतो देखिने हुन्छ। *स्यामा*को यो सेतो भागलाई *केङगालेङ खीका* भनिन्छ। *केङगालेङ* तानभरीको एक पाटामा चार वटासम्म हुन्छ। *वाला खीका* 'रातो *खीका*' लाई *उर* 'पहेँलो' ले *छेपा* 'तल र माथि' गरेको हुन्छ। एउटा *केङगालेङ खीका*बाट अर्कोसम्म पुग्दा अलि ठूलो *वाला खीका*पछि रातो धागोले प्रत्येक एउटा रङ्गको धागोलाई तल र माथि एउटै रङ्गको धागोले *टीस्यार्पा* गरेको हुन्छ। प्रत्येक *छेपा* र *टीस्यार्पा* पछि 'छ्योप्टा' 'कालो र पहेँलो मिसिएको' *खीका* हुन्छ। यसरी दोहोऱ्याउँदै गाढा निलो भुँइतिरको (सा) किनाराबाट *खीका* नै *खीका* मात्र भएको तिरको सा (किनारा) सम्म *खीका* हाल्दै बुनेको हुन्छ। यो *स्यामा* बाहेक अचेल मगर र गुरुङ महिलाहरूले लगाउने छिपाको *स्यामा*लाई तामाङ भाषामा *मुमीस्यामा* भनिन्छ। त्यस्तै *छिपा*को *ग्या* रातोमा टिकाटिका बुट्टा भएको जुना घलेक अचेल देख्नसम्म पनि पाइँदैन। पहाडी क्षेत्रको तामाङ महिलाहरूमा मौलिक *लाकाम, सोम्बो*हरू नभएपनि आधुनिक चप्पल जुत्ताहरू लगाउने चलन छ।

तामाङ पुरुष लुगा

तामाङ महिलाहरूको जस्तै तामाङ पुरुषहरूले लगाउने लुगा पनि *तोर्पा* 'हिमाल' र *रोङपा* 'पहाडी' क्षेत्रमा लगाउने गरी मुख्य रुपमा दुई प्रकारमा विभाजन गर्न सकिन्छ । हिमालतिर ऊनी *स्योदे, स्यल्दो, छ्युपा* बढि प्रचलनमा पाइन्छ भने मध्ये पहाडतिर *सुर्के, तोक्काइ,* सुतीको *ग्या, गा, सुरदाम, तोदुक* पनि प्रचलनमा पाइन्छ । तर पनि तराई वा तामाङ भाषामा *ल्हुङपा* अथवा '*मार्पा* क्षेत्रको लुगा' र पहाडमा लगाउने लुगामा भने खासै भिन्नता छैन । बाक्लो र पातलोको मात्र भिन्नता छुट्याउन सकिन्छ । यहाँ तामाङ पुरुष लुगाको बारेमा चर्चा गर्ने छौं ।

स्योदे

तामाङ महिलाहरूको जस्तै पुरुषको टोपीलाई *स्योदेगोर्मो* भनिन्छ । विशेष गरेर यो *स्योदे* टोपी सादा कालो वा *स्योदे*को तालुको भाग सेतो हुन्छ । प्रायः पुरुष *स्योदे* शुद्ध ऊनको हुन्छ । हिजोआज ब्लेजरबाट बनाइएको *स्योदे*हरूको पनि लोकप्रियता बढेको छ । (हेर्नुहोस् कुपार-३६) आफैले बनाएको बाहेक पनि ऊनी *नाम्बु तागी, छीरीङ कीङकाप* जस्तो अत्याधुनिक *स्योदे/कुलागी/तागी/ककुहरू* पनि लगाउने गरिन्छ ।

स्योल्दो/छ्युपा/बाख्खु

ऊन वा अन्य बाक्लो कपडाबाट बनेको लबेदा वा दौरा जस्तो तर लबेदा र दौराको जस्तो तुना नभएको आधुनिक गाउन वा ओभरकोट जस्तो घुँडादेखि माथि शरीरको पूरै भाग ढाक्ने लुगालाई *स्योल्दो/छ्युपा* भनिन्छ । *स्योल्दो* लगाई सकेपछि कम्मरमा *थीमोके* बान्ने गरिन्छ । प्रायः *स्योल्दो*को दाहिनेतिरको हातको बाहुला खोलेर लगाउने पनि गरिन्छ । *स्योल्दो* हिजोआज रातो ब्लेजर तथा अन्य महंगो कोचीन कपडाको पनि सिलाएर लगाउने गरिन्छ । पहिले पहिले कालो सादा सेतो ऊनको र रङ्गाइको रातो ऊनको *स्योल्दो* अत्यन्त लोकप्रिय थियो । कतै कसै-कसैले रादीको जस्तो कोठे बुट्टामा पनि बुनिएको पाइन्थ्यो ।

सुर्केरे/सुरकाअी

कालो कपडा वा शुद्ध कडा खाले भेँडाको ऊनबाट बुनेको ऊनी कपडाबाट तयार गरिने जाडो स्थानका तामाङ गाउँहरूमा लोकप्रिय तामाङ कोट वा जाकेट जस्तो शरीरमा अन्य लुगा लगाइसकेपछि बाहिरबाट लगाउने लुगालाई रसुवा, नुवाकोट, धादिङका उत्तरी क्षेत्रको तामाङहरू *सुर्के* वा *सुरकाअी*

भन्दछन् । कतै कतै यसलाइ नै *स्योल्दो* पनि भन्ने गर्दछन् । तर *सुरकाअी* शरीरमा *ग्या, तोदुक, के/फुकी* वा अन्य लुगा लगाइसकेपछि नै लगाइन्छ । यो लगाउँदा अगाडि खुल्ला हुन्छ । (हेर्नुहोस् कुपार-३७) । टाँक लगाएको हुँदैन । कतै कम्मर वा काखीको तल्लो किनार भागतिर अलि चिरेको पनि हुन्छ । हिजोआज आधुनिक *सुरकाअी*मा टाँक पनि लगाउने गरेको पाइन्छ ।

तोक्काअी/लुकुनी/बाख्खु

भेँडाको शुद्ध सेतो ऊन वा सेतो कपडाबाट बनाइने तामाङ आधा बाहुला भएको ज्याकेट वा कोटलाई *तोक्काअी,/लुकुनी/बाख्खु* भनिन्छ । *सुरकाअी*को तुनामा सेतो ऊनी *तोक्काअी* आधा नै सस्तो पर्दछ । किनभने कालो कडाखाले ऊनको तुलनामा सेतो कम टिकाउ हुन्छ । सेतो ऊन सजिलै उपलब्ध हुन्छ । तसर्थ, सस्तो हुन्छ ।

सोम्बो/दोजा/पानाअी

चौरीको छाला र खस्रो बाक्लो खाले ऊनी कपडाबाट बनेको बनाउने हिमाली तामाङ जुत्तालाई *सोम्बो* वा *सोन्बो/ पानाअी* भनिन्छ । घुँडादेखि तलतिरसम्म लामो हुने यो पानाअी हिजोआज तामाङहरू माझ देख्न समेत कठिन भइसकेको छ । (पृष्ठ-५९ कुपार-३१ हेर्नुहोस् । यसप्रकार यो कृतिकारले आफैले हिमाली तामाङ पुरुषले लगाउने लुगाहरूको देखेको र थाहा पाएसम्मका यहाँ प्रस्तुत गर्ने प्रयास गरेको छ ।

कुरुवातागी/कुलागी

पहाडी क्षेत्रका तामाङ गाउँहरूमा बेग्लै तामाङ टोपीको चलन देखिँदैन । *खोपाङ* 'भक्तपुर'मा तयार भएको कालो कुरुवा *तागी*को भने चलन पाइन्छ । हिजोआज नेपाल तामाङ *ग्हेदुङ* र अखिल भारतीय तामाङ बौद्ध सङ्घ, सिक्किम तामाङ बौद्ध सङ्घको आदिले प्रबर्द्धन गरेदेखि *स्योदे 'तागी/कुलागी'* ले तामाङ समुदायको व्यापक मन जित्न सफल भएको छ । अहिलेसम्मको तामाङ लुगाहरूमा सर्वाधिक सङ्ख्यामा उत्पादन र नमूनामा बनेको पोशाक पनि *स्योदे (तागी/कुलागी)* नै हो ।

फेङ्का ग्या/गादो 'अल्लोको गादो'

अल्लोको रेसाबाट बुनेको लुगालाई तामाङ भाषा *फेङ्गा* भनिन्छ । यो पनि प्राचीन तामाङ लुगाहरूमध्ये एक हो । यो नसिलाइकन सग्लै लगाइन्छ । यस्तो लुगालाई *घलेक/गातो* लगाउने (फेङ्गा) *ग्या ग्याबा* भनिन्छ । जङ्गलबाट अल्लो काटेर ल्याई रेसा निकालेर डोको *थारा*बाट *फेङ्गा* बुनिन्छ ।

पुगा '= खाँडी' को उद्भव हुनु अगाडिसम्म व्यापक थियो । यसको गातो लगाउने (ग्या ग्याबा वानको) चलन हिजोआज हराइसकेको भए तापनि यसबाट बनेको अन्य लुगा पर्यटन क्षेत्रका व्यवसायीहरूले व्यापारिक रूपमा नै उत्पादन गरी बिक्री गरिरहेका छन् । तर तामाङहरूमा भएको फेङ्गा कपडा उत्पादन गर्न सीप र कला दिन प्रतिदिन विलुप्त हुँदै जाने प्रक्रिया रहेको छ । यसतर्फ सरकार वा समुदायको ध्यान जान सकेको छैन ।

पुगा (खाँड)

आफ्नै गाउँघरमा *कापे*को खेती गरेर *कापे* 'कपास' बाट *का* 'धागो' झिकेर बुनेको खस्रो बाक्लो काँचो कपडालाई *पुगा* '=खाँडी' भनिन्छ । तामाङ गाउँहरूमा *पुगा*को पनि *ग्या ग्याबा* गर्न, *तोदुक, सुर्दाम, सुर्लङ* आदि सिलाएर लगाउने लुगाको रुपमा प्रयोग भएको पाइन्छ । तर हिजोआज *पुगा* 'काँडी' देख्न पनि मुस्किल पर्दछ । *पुगा* सम्पूर्ण तामाङ क्षेत्रहरूमा चिरपरिचित लुगा हो । स्वास्थ्यको दृष्टिले *पुगा*बाट सिलाएको लुगा लगाउनु लाभदायक मानिन्छ । आधुनिक तानको विकासले राम्रा र सुकिला लुगाहरूको उत्पादनले गर्दा अहिले यो पूर्णरुपमा हराइसकेका छ ।

खादी ग्या

बाक्लो कोराको कपडाको कपडालाई *फेङ्गा*को *ग्या* 'घलेक' जस्तै लगाउने तामाङ लुगालाई *खादी ग्या* भनिन्छ । *फेङका* र *पुगा* जस्तै सर्वप्राचीन तामाङ लुगा *खादी ग्या* पनि विकट गणेश हिमालका नजिकका तामाङ गाउँहरूमा बाहेक अन्यत्र यसको नाम मात्र सुन्ने तामाङ पाउन पनि कठिन भइसकेको छ ।

तार खादी र *तोकोरोक*

*रेन्जा धारा*बाट सेतो धागोको मात्र प्रयोग गरेर *फेङ्गा* जस्तै गरी *तारखादी ग्या* बुनिन्छ । महिलाहरूको *तोकोरोक ग्या* पनि पुरुषहरूले पनि लगाउने चलन छ । यो लुगा नेपालको पश्चिम १ नम्बर रसुवा, नुवाकोट, धादिङ जिल्लामा मात्र पाइन्छ । यही *तार ग्या* गुरुङ जातिको मौलिक लुगाको रुपमा पनि गुरुङ समुदायले आफ्नो सांस्कृतिक र

औपचारिक कार्यक्रमहरूमा लगाई आएका छन् । मेरो अनुभवमा गुरुङ र मगरहरूले लगाउने *ग्या* 'घलेक' भन्दा तामाङ *ग्या* 'घलेक' को विविधता *फेङ्ग्या, तार खादी ग्या, तोकोरोक ग्या, बार्कु ग्या, गुनी ग्या, जुनाग्या* आदि पाइने हुनाले त्यो पश्चिमका तामाङहरूकै सिको हुन सक्ने सिधै अनुमान लगाउन सकिन्छ ।

सुरकाअी/तोक्काअी

हामीले माथि हिमाली तामाङ लुगाको चर्चा गर्दा नै चर्चा गरिसकिएको *सुरकाअी* तथा *तोक्काअी* पहाडी भेगमा पनि प्रचलन पाइन्छ । यसलाई *लुकुनी* वा बख्खु पनि भन्ने गरिन्छ । यसको बाहुला छोटो र जिउमा ठीक्क मिल्ने गरी सिलाएको हुन्छ । यो भँडाको ऊनबाट बुनिन्छ । सेतो ऊनको *तोक्काअी* 'लुकुनी' सबैभन्दा बढि लोकप्रिय छ । तामाङ *स्योदे* टोपीपछि सबैभन्दा बढि प्रयोगमा रहेको लुगा *सुरकाअी/तोक्काअी* नै हो र यो *तोक्काअी* मात्र त्यस्तो पुरानो लुगामध्ये एक हो । अहिलेको पुस्तासम्मकाले चिन्न र देख्न पाएका छन् । हिजोआज यो सुती कपडाको बनाइन्छ । आधुनिक रुपमा तामाङ सेलो नृत्यमा पनि यसको सर्वाधिक उपयोग गरिन्छ ।

८.४ तामाङ *ग्येन्छ्या* 'तामाङ गहना'

तामाङ भेषभूषा भन्नाले लुगाको साथै तामाङहरूले प्रयोग गर्न गरगहनाहरू पनि पर्दछ । तामाङ भाषामा सुन, चाँदी, सेतो धातुलगायत विभिन्न पत्थर, हिरा, मोती आदिबाट बनेको आभूषणलाई *ग्यान्छ्या, ग्येन्छ्या* वा *गेन्छेन, गेन्जेन* भनिन्छ । *ग्यान्छ्या* वा *गेन्छ्याले* शरीरमा अड्काएर सजाउने सामग्रीको प्रकार वा थोक भन्ने अर्थ बुझाउँछ । तामाङ *ग्यान्छ्या* वा *गेन्जेन* मुख्य गरेर (१) म्हार=सुन, (२) म्हुअी=चाँदी, (३) तुङ =जर्मन चाँदी जस्ता बहुमूल्य धातुहरू नै हुन्छ । यी बाहेक विभिन्न अन्य प्रकारका बहुमूल्य वस्तुहरूको गर-गहना पनि तामाङहरूले लगाउने गरेको पाइन्छ । मुख्यतया गहना तामाङ समाजमा पुरुषको तुलनामा महिलाले नै बढी लगाउने गरेको पाइन्छ । तर पनि कतिपय गहनाहरू तामाङ समाजमा महिला र पुरुष दुवैले लगाउने गर्दछन् ।

तामाङ गहनाका प्रकार

तामाङहरूले प्रयोग गर्न गहना बनाउने कच्चा सामग्रीको आधारमा निम्न प्रकारका बहुमूल्य धातुका गहनाहरू छन् ।

(१) *म्हारकी गेन्छ्या* 'सुनका गहना'

(२) *म्हुअीकी ग्येन्छ्या* 'चाँदीका गहना'

३) *तुङकी ग्येन्छ्या* 'जर्मन चाँदीका गहना'

म्हारकी ग्येन्छ्या

म्हारकी ग्येन्छ्या भन्नाले सुनबाट बनेका तामाङ नारीहरूले लगाउने गहनालाई बुझाउँदछ । सुनबाट बनाइएको तामाङ गहना निम्न छन् -

(१) *न्हाली* 'कानमा लगाउने चेप्टे सुन'

(२) *नाबीम्हेन्दो* 'कर्णफूल, कानमा लगाउने'

(३) *नाबीम्हार/आलोङ* 'सानो कुण्डल र तारा जस्तो कानमा लगाउने'

(४) *नाबीच्याप* 'कानमा लगाउने ससानो रीङ'

(५) *बोटील* 'कानमा लगाउने ठूलो कुण्डल' (यो स्त्री र पुरुष दुवैले लगाउँछन्)

(६) *च्योल्दो* 'कानमा लगाउने'

(७) *ना म्हार* 'नाकमा लगाउने सानो ल्वाङ जस्तो'

८) *फुली* 'नाकमा लगाउने फुलबुट्टे'

(९) *बुलाकी* 'नाकमा लगाउने रीङ'

(१०) *म्हार च्याल्दा* 'सुनको सिक्री'

(११) *म्हारम्न्दो* 'सुनको शीरफूल/सुनको शीरबन्दी'

(१२) *च्याप* 'लाको ठी र बच्चालाई कानमा लगाउने'

(१३) *म्हार माठी* 'सुनको चुरा'

(१४) *आठासे* 'सुनको तिलहरी'

म्हुजी ग्येन्छ्या

म्हुजीकी ग्येन्छ्या भन्नाले चाँदीबाट बनेको गहना हो । सुनपछिको दोस्रो मूल्यवान गहना चाँदीको हो । तामाङ चाँदीका गहना निम्न प्रकारका छन्-

(१) *बोटील* 'चाँदीको कुण्डल'

(२) *जन्तर गाहु* 'चाँदिको जन्तर जस्तो'

(३) *नाबी च्याप* 'चाँदीको सानो रिङ'

(४) *च्याल्दा जन्तर* 'सिक्री जन्तर'

(५) *हाजीकल* 'चाँदीको पानको पात जस्तो माला'

(६) *दोहोरो* 'चाँदीको अमारोको गेडा जस्तो माला'

(७) *टाङा माला* 'कम्पनी सिर्का वा चाँदी मिसिएको महेन्द्रमल्ली सिर्का माला'

(८) *ब्लुम* 'चाँदीको .... '

(९) *म्हुअीकी माठी* 'चाँदीको बाला, चुरा'
(१०) *म्हुअीकी या जुमीला च्याप* 'चाँदीको ठी'
(११) *आठासे* 'चाँदीको तिलहर'

तुङकी ग्येन्छ्या

तुंङकी ग्येन्छ्या भन्नाले जर्मन चाँदीबाट बनेको गहना हो। तामाङहरूले लगाउने तुङका निम्न गहनाहरू पाइन्छ -

(१) *च्याल्दा* जन्तर
(२) माठ/बाला वा चुरा।
(३) *गेन्जेन*/पेटी।
(४) जन्तर गाहु
(५) *दोरो माला*
(६) *गाहु*

अन्य रत्न वा पत्थरको *ग्येन्छ्या*

तामाङहरूले बहुमूल्य धातु बाहेक अन्य बहुमूल्य पत्थरका गहनाहरू पनि लगाउँछन्। ती निम्न प्रकारका छन् -

(१) *स्ही* माला
(२) *ब्युरु* वा ज्युरु माला
(३) मुगा माला
(४) *यु ब्युरु*
(५) *ब्युङ स्ही* माला
(६) *मेलोङ* औंठीहरूमा राख्ने *ब्युरु*
(७) *स्येल* 'ग्लासको माला'
(८) बुद्ध *चीत्ता ठेङामाल*।

***दीमरी बुव्हारारी तोबा स्हे* 'कृषि तथा अन्य सामग्री तथा औजारहरू'**

तामाङ आदिवासी समुदायको आधारभूत पेशा कृषिमा आधारित रहेकाले कृषिमा तामाङहरूले प्रयोग गर्न मुख्य औजार तथा सामग्रीहरूको तस्विरसहित देहाय बमोजिम प्रस्तुत गरिएको छ।

***थाबी साजा* 'हतियार/उपकरण'**

तामाङ घरमा सामान्यतया विभिन्न प्रयोजनका लागि साजा (हतियार)हरू राखिएका हुन्छन्। कृषिको काममा तथा मनोरञ्जन तथा सांस्कृतिक रुपमा यी हतियारहरू तामाङ समाजमा अपरिहार्य हुन्छन्।

(क) *गोजा* 'खुकुरी'

यो फलामबाट बनेको धारिलो काट्ने हतियार हो । यो मासु, तरकारी तथा घाँस-दाउरामा जाँदा अनिवार्य कम्मर पटुकीमा भिरेको हुन्छ । *गोजा* तामाङको घरमा अनिवार्य हुने हतियारमध्ये एक हो ।

(ख) *व्हारे/ग्वारे/हाङसु* 'हँसिया'

तामाङ घरमा हुने अनिवार्य अर्को हतियार *व्हारे/ग्वारे/हंसु* हो । यो पनि फलामबाट बनेको हुन्छ । यसलाई घाँसपात काट्न प्रयोग गरिन्छ । धानबाली पाकेको बेलामा धान काट्न पनि यसको प्रयोग हुन्छ ।

(ग) *तारी* 'बन्चरो'

तामाङको घरमा अनिवार्य हतियार *तारी* हो । यो पनि फलामबाट बनेको एक बित्ता लामो एकातिर मोटो र अर्कोतिर धारिलो रुख ढाल्न, दाउरा चिर्न तथा कहिलेकाहिँ राँगो, गोरु आदि काट्नु परेमा मार हान्न पनि प्रयोग हुन्छ ।

(घ) *खोर्पा* 'खुर्पा'

यो हँसिया जस्तै अलि ठूलो र बाक्लो हुन्छ । यो पनि घाँस, स्याउला, करेसा बारीमा घेरबार लगाउने *सीङछे* काटन र डाले घाँसको हाँगोबिँगो काट्न प्रयोग गरिन्छ ।

(ङ) *म्यादाली* 'धनुष काँढ'

बाँसको *दालीङ*मा राँगोको छालाको डोरी तन्काएर बनाएको धनुषलाई तामाङ भाषामा *दालीङ* भनिन्छ र फलामको दुईतिर पखेटा निकालिएको तीखो चुच्चो कामीले बनाएको चोक्तालाई निगालोको *म्हा* भएको टुप्पोमा राखी फेदमा गिद्धको प्वाँखले *मे* बनाएको लाई *म्या* भनिन्छ । *म्या* र *दाली* एकै साथ प्रयोग हुने भएकाले तामाङ भाषामा *म्यादाली* भनिन्छ । यो तामाङ जातिको *कीरात्बा* तथा *कीर्बा क्लाङबा चेमा* 'शिकार खेल्ने नाटकमा' मा पनि यसको प्रयोग हुन्छ ।

(च) *तुम्बाक* 'बन्दुक'

तामाङ गाउँमा हुने अर्को हतियार भरुवा बन्दुक पनि हो । यसलाई तामाङ भाषामा *तुम्बाक* भनिन्छ । तामाङ गाउँमा जङ्गलमा सिकार खेल्न तथा विवाह, *टाप्छे* आदिमा बढाइ गर्न *तुम्बाक*को प्रयोग हुन्छ । प्रायः तामाङ गाउँमा ४-५ नाल *तुम्बाक* हुने गर्दछ ।

(छ) *हुर्ता* 'घुँयत्रो'

तामाङको समाजमा गोठालोहरूले अलि टाढा-टढा ढुङ्गा हान्न प्रयोग गरिने हतियारलाई *हुर्ता* भनिन्छ । *हुर्ता* हिजोआज गुलेलीले विस्थापित गरेको अवस्थामा छ ।

***वाबा/ख्वाबा थेन स्यान्दो साजा* 'हतियार/उपकरण'**

तामाङ घरमा सामान्यतया विभिन्न प्रयोजनका लागि घरेलु उपकरणहरूको प्रयोग गरिआएको पाइन्छ । यस्ता उपकरणहरूमा खेतीपातीमा प्रयोग हुनेदेखि अन्न बालीको प्रशोधनहरूमा प्रयोग हुने *साजा* 'उपकरण' हरू पनि अनिवार्य हुने भएकाले यहाँ त्यस्ता उपकरणहरूको चर्चा गरिएको छ । तामाङ समुदायमा खेतीपातीको लागि जमिन खनजोत गर्नका लागि निम्नानुसारको उपकरणहरू प्रयोगमा ल्याएको देखिन्छ ।

(ज) *होर* 'हलो'

जमीनलाई खुकुलो र उर्वर बनाउन जोत्नका लागि प्रयोग गरिने औजारलाई *होर* भनिन्छ । यो गोरुले तान्ने र मानिसले समातेर *ग्लाप मोओबा* 'गोरु जोत्ने' गर्न गरिन्छ । यसको साथमा हरिस, हलुँडो र जुवा पनि रहेको हुन्छ । यसले ठूलो परिमाणको जमिन खनजोत गरिन्छ ।

(झ) *तो* 'कोदालो'

तामाङ समुदायले सानो तिनो एउटा गरासम्मको कडा वा सारो जमिन खन्न प्रयोग गरिने औजारलाई *तो* 'कोदाली' भन्दछ । तो विशेष गरेर *म्राङ* खन्न प्रयोग हुन्छ ।

(ञ) कोदाली

तो जस्तै कोदाली पनि सानो परिमाणको खुकुलो माटो भएको जमिन खन्न प्रयोग हुन्छ । कोदालीले खेतको कान्लोहरू ताछ्ने, नरम माटो भएको जमिन खन्न प्रयोग हुन्छ ।

(ट) *कुटी* 'कुटो'

घरको करेसा बारी, खेतबारीमा झारहरू गोड्न तथा गोडमेल गर्न बिउ, बिजन रोप्न कुटोको प्रयोग हुन्छ। कुटोलाई तामाङ भाषामा *कुटी* भनिन्छ।

(ठ) चाँदे

यो पनि नरम खुकुलप माटोहरू खन्न, मकै आलु खन्न, गोड्न तथा खेतीको तयारीमा माटो सम्याउने, मिलाउने कार्यमा चाँदेको प्रयोग हुन्छ।

(ड) दाँती

खेतीको तयारीका लागि जोतिसकेपछि निस्कने घाँसका लहरो तथा जराहरू पन्छाउन दाँतीको प्रयोग गरिन्छ। यो पूरै काठले बनेको हुन्छ। अचेल फलामका दाँती भएका यस्ता दाँतीहरू पनि प्रयोग गर्छन्।

(ढ) *लँडुवा*

जोतेको तथा खनेको स्थानमा ठूला डल्ला माटोलाई फुटाउन तथा सम्याउन काठको लामो डोलो बिचमा हरिस र जुवा भएको गोरुले तानेर लैजाने औजारलाई *लँडुवा* भन्दछ।

८.५.३ *चाबा स्होबा साजा* 'हतियार/उपकरण'

तामाङ आदिवासी समुदायले खेतीपातीबाट उत्पादन गरेका अन्न तथा बालीहरूको प्रशोधन गर्न भन्डार गरेर राख्ने केही प्रविधि तथा उपकरणहरू पनि प्रयोग गर्न गरेको पाइन्छ। यसको चर्चा तल गरिएको छ-

(क) *ल्हाङ* 'ढिकी'

तामाङहरूले हातले केलाएका अन्न बालीहरूलाई खान योग्य बनाउन प्रयोग गर्न प्रविधि तथा उपकरणहरूमध्ये एक *ल्हाङ* हो। तामाङ समुदायमा दुई खालको *ल्हाङ*को प्रयोग तथा प्रचलनमा पाइन्छ।

(१) *याल्हाङ*

हातले नै मुस्लो समातेर धान, कोदो, गहुँ आदिको प्रशोधन गर्न प्रयोग गरिने *ल्हाङ*लाई *याल्हाङ* भनिन्छ। यो एक स्थानबाट अन्यत्र सजिलै सार्न लैजान सकिन्छ।

(२) काङल्हाङ

खुट्टाले दबाएर कुट्न सकिने गरी बनाएको एक स्थानबाट अन्यत्र सार्न लैजान नसकिने गरी बनाएको *ल्हाङला काङ ल्हाङ* भनिन्छ। *ल्हाङ*को तुलनामा *काङ ल्हाङ*ले धेरै परिमाणमा प्रशोधन गर्ने कार्य गर्न सकिन्छ।

(ख) *ह्वान्दा* 'जाँतो'

अन्नहरूलाई सामान्य प्रशोधनबाट खान पकाउन योग्य बनाउन दुई वटा ढुङ्गाका पाङ्ग्राहरूलाई प्रयोग गरी अन्नलाई धूलो पिठो बनाउने उपकरणलाई *ह्वान्दा* भनिन्छ । यसले चामल, मकै, कोदो, गहुँ, फापर आदि खाद्यान्नहरूलाई पिठोमा रुपान्तरण गर्ने काम गर्छ । यो आदिवासीहरूको पुरानो उपकरणहरूमध्ये एक हो ।

(ग) *छ्युगु मोर्बीकोल*

ढुङ्गाको चेपमा चोयाको टोकरीमा भुटेको तोरी या अन्य तेलहन अन्न राखि पेल्ने काममा प्रयोग हुने फल्याक, ढुङ्गो र चोयाको टोकरी प्रयोग गरी तेल पेल्ने उपकरणलाई *छ्युगु मोर्बी कोल* भनिन्छ । यसमा *नामनाम* 'तोरी', *थोङसा* 'आलस', *बोलम्ची* आदि तेलहन वस्तुहरूलाई चोयाको टोकरीमा राखेर *छ्युगु मोर्बा* गरिन्छ ।

***ताङकादे* 'भाँडावर्तन'**

तामाङ आदिवासी समुदायमा विभिन्न प्रयोजन हेतु भाँडावर्तनहरू प्रयोगमा ल्याएको पाइन्छ । यसमा खाना पकाउने, खाने, भन्डार गर्ने आदि काममा प्रयोग गरिन्छ । त्यो पनि स्थान विशेष फरक-फरक प्रकारका भाँडावर्तन भए पनि सामान्यतया आधारभूत रुपमा रहेका मौलिक धातु, काठ तथा माटाका भाँडावर्तनहरू रहेका छन् ।

(क) *खोल्मो*

काठको ठूलो भकारी जस्तो भकारीमा भन्दा धेरै अट्ने, हावा नपस्ने, नबिग्रने हुनाले लामो समयसम्म भन्डार गरेर अन्नपात, आलु राख्नका लागि *खोल्मो*को प्रयोग गरिन्छ ।

(ख) *व्हार*

यो निगालोको चोयाबाट बनेको भकारी हो । यसमा धान, मकै, कोदो, गहुँ आदि भन्डार गरिन्छ ।

(ग) *यहोङ*

चोयाले बुनेको चारपाटे एक मान्छेसम्म अग्लो ठूलो भीमकाय डालो जस्तो हुन्छ । यसमा पनि कोदो, मकै, गहुँ, जौ आदि अन्नपात राखिन्छ ।

(घ) *दामा*

यो पनि निगालाको चोयाबाट बुनिएको हुन्छ । यो अन्नबाली पाकेको बेला बारीबाट घरसम्म ओसार्न भाँडोको रुपमा प्रयोग गरिन्छ ।

(ङ) *कुरमाङ* 'घदुन'

दागा भन्दा सानो निगालोका चोयाबाट बुनेको हुन्छ। यो *दागा*भन्दा सानो हुन्छ।

(च) *घाङ*

यो पनि निगालो तथा बाँसको चोयाबाट बुनिएको जालिदार हुन्छ। यो मल तथा पतकर बोक्न र घर आँगनमा कुखुराको चल्लाहरू थुन्न, घाँस-पात बोक्न पनि प्रयोग हुन्छ।

(छ) *बुम*

गोठमा गोठालाहरूको सामल तुमल राख्ने, लामा तथा बोम्बो गुरुहरूको सामान बोक्न प्रयोग गरिन्छ। यो पनि निगालोको चोयाबाट बुनेको बिर्क सहित हुन्छ।

(ज) *बीरीम*

यो पनि निगालोको चोयाले बुनिएको *बुम* भन्दा सानो *बाब्सा* हो। यसमा गरगहना, तथा बहुमूल्य वस्तुहरू र अन्नका बीउ विजनहरू राख्ने गरिन्छ।

(झ) डालो/पाथीडालो

विभिन्न अन्न बालीहरू भरेर लिनेदिने मापनको इकाई तथा राख्ने भाँडोको रूपमा डालोलाई प्रयोग गरिएको पाइन्छ।

(ञ) *चाल्लु*

चोयाबाट बनेको अन्नहरू चल्ने तथा सागसब्जी पखाल्न प्रयोग गरिने चोयाको जालिदार चल्लिलाई *चाल्लु* भनिन्छ।

(ट) *ब्ह्यो* 'मान्द्रो'

निगालोको चोयाले बुनेको भुइँमा ओछ्याउने वस्तुलाई *ब्ह्यो* भनिन्छ।

❑❑

५. तामाङ *ग्लेठीम/ग्याल्ठीम* 'राजनीतिक प्रणाली र इतिहास'

ऐतिहासिकताका दृष्टिले तामाङ आदिवासीको मौलिक खालको राजनीतिक संरचना तथा राजनीतिक भूगोल समेत रहेको पाइन्छ । यसमा 'बाह्र तामाङ' बाह्र विभिन्न गाउँ वा बस्ती वा क्षेत्रको संयुक्त केन्द्रीय सङ्घ अर्थात् सङ्घीय प्रणाली तामाङ राजनीतिक प्रणालीको एउटा महत्वपूर्ण अङ्गको रूपमा रहेको पाइन्छ । यसलाई आजको अवस्थामा ताम्सालीङलाई तामाङहरूले नेपालको छुट्टै सङ्घ राज्य बनाउन राजनीतिक रूपमा स्थापितसम्म गराउन सफल भइसकेको छ । नेपालको आदिवासी जनजातिहरूको मौलिक र प्राचीन राजनीतिक प्रणाली पनि हो । तामाङहरूको मौलिक राजनीतिक प्राचीन सङ्घीय प्रणालीको गोर्खाली खस जातीय एकात्मक केन्द्रीकृत औपनिवेशिक शासन प्रणालीको उत्पीडन दमनका माझ पनि नेपालको यो विगत २५० वर्षदेखिको राजनीतिमा पनि तामाङ जातिले आफ्नो छुट्टै पहिचान युक्त राजनीतिक भूमिका बनाइआएको पाइन्छ । यसमा *चाङग्ये ग्ले* देखिको भर्खरको २०१७ सालको खनियावास विद्रोहदेखि १० वर्ष सशस्त्र जन विद्रोह/जनयुद्धमा तामाङ युवाहरूले गरेको साहसी र बलिदानी भूमिकालाई महत्त्वपूर्ण राजनीतिक गतिविधिको रुपमा हेर्न सकिन्छ । यो योगदान पनि तामाङ जातिको मौलिक राजनीतिक प्रणालीको स्थापनासँग पनि जोडिएको छ ।

५.१ *ग्लेठीमको* इतिहास

तामाङ राजनीतिक इतिहासको कुरा गर्नु पर्दा सबैभन्दा पहिले प्राचीन तामाङ राजनीतिक प्रणालीको उत्खनन् गर्नु पर्ने हुन्छ । यसमा प्राचीनकालदेखि चलिआएको तामाङ *च्युङनी* 'बाह्र तामाङ' को संरचनाको अध्ययन गर्न जरुरी छ । यसको खोजी र विश्लेषण गर्ने हो भने यसको इतिहस ईसाको दोस्रो-तेस्रो शताब्दीसम्म पुग्दछ भने त्यस बेलादेखि आजसम्म आइपुग्दा विभिन्न कालखण्डमा तामाङ राजनीतिक प्रणाली र अवस्थाहरूलाई देहाए अनुसार

प्राचीन र प्राचीन कालपछिको राजनीतिक इतिहास गरी दुई स्वरुपमा वर्गीकरण गरेर पनि अध्ययन गर्न सकिन्छ ।

प्राचीन तामाङ *ग्लेठीम*का स्वरुप

प्राचीन तामाङ *ग्लेठीम* राजनीतिक प्रणालीको खोजी गर्दा 'तामाङ *च्युङनी*' भन्दा पुरानो *ग्लेठीम*को पहिचान गर्न सकिएको छैन । यो पूर्णतया सङ्घीय संरचना अर्थात् स्वरुपमा आधारित छ । यसको संरचना बुद्धकालीन समयको 'स्वडस जनपद' तथा 'महा जनपद' हरूसँग तुलना योग्य छ । यो स्वरुप नेपाल अझै आधुनिक राज्यको पहुँचबाट टाढा मुस्ताङलगायत तामाङ समुदायभित्र अवशेषको रुपमा पाइन्छ । यसको समग्र रुपमा पर्याप्त सामग्रीहरू फेला पार्न नसकिए तापनि तामाङ जातिको वंशावलीहरू, मौखिक इतिहास, सदियौंदेखि निरन्तर चलिआएको लोक इतिहास तथा लोक गाथाका गीतहरूमा यत्रतत्र अझै प्राचीन तामाङ *ग्लेठीम* तामाङ *च्युङनी*को बारेमा विभिन्न सन्दर्भ तथा राजनीतिक प्रणालीको स्पष्ट चित्र दिने खालको वर्ण तथा चित्रणहरू भने पाइन्छ । यसैको आधारमा प्राचीन तामाङ राजनीतिक प्रणाली तथा स्वरुपहरूको इतिहासको उत्खनन गर्न प्रयास यहाँ गरिएको छ ।

बाह्र तामाङ *छोक्पा*

बाह्र जना तामाङ सभासद् वा जन प्रतिनिधि रहेको *छोक्पा* 'सभा' जो विभिन्न क्षेत्र, गाउँ वा बस्तीको जनताको आधिकारिक प्रतिनिधिसभा हो । यो तामाङ, मगर, लिम्बु थारु, नेवारलगायतमा पनि पाइन्छ । नेपालको मुस्ताङ जिल्लामा अद्यापि यो परम्पराको जीवन्त अभ्यास भइरहेको छ । यसलाई ईशा पूर्वकालको कौटिल्यको अर्थशास्त्रमा समेत बाह्र गाउँको रुपमा उल्लेख भएको पाइन्छ । यी बाह्र गाउँका जनप्रतिनिधि सभाको रुप नै तामाङ जातिमा बाह्र तामाङ हो ।

बाह्र *तेमाल*

तामाङ, मौखिक इतिहास तथा तामाङ वंशावलीहरूमा उल्लेख भएका तामाङ राजा रिन्जेन दोर्जेको राज्य भएको स्थान *तेमाल* क्षेत्र आसपासको बाह्र गाउँ समेटिएको बाह्र तामाङीय राजनीतिक प्रणाली भएको क्षेत्र भएकाले नै त्यो सङ्घ राज्य वा गण राज्यलाई बाह्र *तेमाल* भनिन्छ । यस अन्तर्गत काभ्रे जिल्लाका *दाप्चा*देखिको आसपासको गाउँ क्षेत्रहरू पर्दछ ।

बाह्र *लच्याङ*

तामाङ जातिको इतिहासमा ककनीमा रुम्बा राजाको राज्य भएको मौखिक इतिहास अझै रहेको छ । काठमाडौंदेखि उत्तर र उत्तर पश्चिम क्षेत्रको बाह्र

गाउँहरूको सङ्घ राज्यको नाम बाह्र *लच्याङ* हो । हाल यो नुवाकोट जिल्ला पर्दछ । यो पनि पुरानो लिच्छविकालीन जनपदीय राजनीतिक सङ्घीय संरचना हो । यस क्षेत्र अन्तर्गत सिन्धुपाल्चोक जिल्ला, नुवाकोट र काठमाडौंदेखि सबै उत्तर क्षेत्रको पर्वतको दुवै पानी ढलो क्षेत्र यो राजनीतिक भूगोलभित्र रहेको अनुमान लगाइएको छ ।

बाह्र *गोस्याङ*

नुवाकोट जिल्लाको पश्चिमदेखि धादिङ, गोर्खा, लमजुङसम्म यस सङ्घको क्षेत्र रहेको कुरा अध्ययनले देखाएको छ । यस सङ्घ अन्तर्गत तामाङ *अुबीबा* राजा *दागुर* सङ्घ नायक अन्तिम शासक भएको स्थानीय जनताले भन्ने गरेको पाइन्छ । यसको राजधानी *सेमजोङ* अझै भग्नावशेषहरू देख्न/हेर्न पाइन्छ ।

शासकीय स्वरुप

१. *चोबो, ग्ले, ग्याल्बो*
२. *गाअुराअी गाअुरुङ*
३. *मुल्मी*
४. *दोप्ता*
५. *गान्बा*
६. *गान्सुम* (तीन जना)
७. *काटाअुके*
८. *ताम्बा*
९. *लामा लोवेन, कोइ्यार,*
१०. *बोन्बो*
११. *छ्यावा, छ्याङबास्या*
१२. *व्योन ह्रावा दोर्जे*

निर्णय प्रक्रिया

प्रत्येक *खीम्सा, नाम्सा, युल्सा*का प्रतिनिधिका रूपमा बाह्र तामाङ भेला भएर सबैले आ-आफ्नो *ह्रुअी, खीम्सा, नाम्सा, युल्सा*का चलिआएका *म्हीठीम, छ्योअीठीम, युलठीम* उल्लङ्घन भएको छ कि छैन हेरेर निर्णय गर्न गरिन्छ । यसमा कसैले नातावाद र कृपावादले क्षमा वा गल्ति लुकाइ दिने भन्ने

अवसर नै हुँदैन । त्यसकारण त्यसको बेलाका गीतकारहरूले समेत बाह्र तामाङको महिमा गाएको पाइन्छ । उदाहरणका लागि *ताम्बा काअीतेन व्हाअी रीमठीमका* एउटा गीतको अन्तरामा यसो भनिएको पाइयो ।

".....योल्मो गाङला क्युअी लीङमु ।
बाह्र तामाङला काअीथेमा ।
सेमला हुकु सीलीङमु ।....."
अर्थात्

१२ तामाङको आवाजको सुन्दा योल्मो डाँडोको पानी छछल्की यो मनमा बाङुली नै सिलिङलिङ भयो । यसले भन्न खोजेको कुरो प्रष्ट बाह्र तामाङहरूले गरेको निर्णय यत्तिका कडा र कठोर छ कि त्यो निर्णयले योल्मो डाँडोमा रहेको पानी समेत छचल्किन्छ । जसले मनमा लागेको बाङुली नै खोली दिन्छ ।

५.२. प्राचीन कालपछिको तामाङ राजनीतिक इतिहास

यो काल भनेको मुख्यतया गोर्खाली राज्यको हस्तक्षेप अघिदेखि आजको ताम्सालीङ स्वायत्त राज्यको मागसम्मका अवस्था हो । यहाँ यसकालसम्म आइपुग्दा भएका तामाङ राजनीतिक सङ्गठन, प्रणाली तथा तामाङहरूको राज्यमा रहेको भूमिका र तामाङ राजनीतिक आन्दोलनका घटनाहरू चर्चा गरिने छ ।

५.३ तामाङ *ग्ले* तथा *न्याल्साहरू*

गोर्खालीहरूको राज्य स्थापना अघिदेखि नै तामाङहरूको सङ्घीय स्वरुपका राज्य तथा राजनीतिक भूगोल, राजनीतिक प्रणालीहरू भएको कुरा तामाङ जातिको वंशावलीहरूमा रहेको वर्णहरूले नै स्पष्ट पार्दछ । वंशावलीहरूअनुसार हालको चीनको तिब्बतको दक्षिण पश्चिम मानसरोवर निकट रहेका *स्याङस्युङ* युल्सा, त्यसैको नजिकका पुराङ, नेपालकै हालको मुगु जिल्लालगायतमा तामाङ जातिको सङ्घ राज्य भएको कुरा झल्किन्छ । त्यस्ता तामाङ सङ्घ राज्यहरू निम्नानुसार रहेको पाइन्छ ।

५.४ परम्परागत न्यायप्रणाली र दण्ड व्यवस्था

तामाङ समाजमा रहेको न्यायप्रणाली तथा दण्ड व्यवस्था स्थानीय सामाजिक परिवेशअनुसार रहेको पाइन्छ । यसको मुख्य वैधानिक प्रकारको सङ्गठनको रुपमा बाह्र तामाङ छोक्पा (सभा council) बाह्रजना तामाङ सभासद् वा जन

प्रतिनिधि रहेको सभा (छोक्पा) जो विभिन्न क्षेत्र, गाउँ वा बस्तीको जनताको आधिकारिक प्रतिनिधिसभा हो । यसैले निर्धारण गरे अनुसारको दण्ड सजायको व्यवस्था गरिएको हुन्छ ।

ठीम

तामाङ समाजमा "यी कुरा गर्नु हुने/नहुने र यी कामहरू यसरी गर्नु पर्छ" भन्ने नियम रहेको हुन्छ । त्यसलाई *ठीम* भनिन्छ । यो ठीम बाह्रजना तामाङ सभासद् वा जनप्रतिनिधि रहेको *छोक्पा* 'सभा' परिमार्जित गर्न अधिकार रहेको हुन्छ ।

युल ठीम

गाउँ वा सङ्घ वा राष्ट्रको कानुन, मूल कानुनलाई *युलठीम* भनिन्छ ।

म्हीठीम

मानिस वा व्यक्तिलाई लागू हुने कानुनलाई *म्ही ठीम* भनिन्छ ।

छ्योजी ठीम

धर्मसंस्कार, संस्कृतिमा लागू हुने कानुनलाई *छ्योजी ठीम* भनिन्छ ।

पोङ

गाउँका वा सङ्घमा भए 'बाह्र तामाङ' हरूले झै-झगडा परेमा, मुद्दा भएमा अथवा कुनै पनि प्रकारको सामाजिक रुपमा दुई पक्षको बिचमा सन्धि या सम्झौताको मुख्य आधार पहिले *पोङ* 'गाउँको टोलमा भए एक माना रक्सी' राख्न अनिवार्य हुन्छ । त्यसपछिको छलफलबाट आएको निचोडअनुसार मनासिब ठहराइएका जरिवाना, दण्ड गराउने गरिन्छ । कुनै पनि परम्परागत मुद्दा मामिला मिलाउन पहिले दुवै पक्षको सम्झौताको केन्द्र विन्दुको रूपमा *पोङ* राखिन्छ ।

ग्योङकु थोङकु

गाउँको *चोबो* या *ग्लेले* हाड नाताको कसुर ठहराइएकालाई *ग्योङकु थोङकु* दण्ड गराइन्छ ।

वर्तमान अवस्था

आधुनिक राज्य विस्तारले पारेको प्रभाव तामाङ समुदायमा रहेको विभिन्न खालको परम्परागत न्यायप्रणालीको आधुनिक राज्यप्रणालीलाई विकास तथा विस्तारले लगभग लोपको स्थितिमा पुऱ्याएको छ ।

❑❑

१०. तामाङ *युल्बाला व्हाअी* 'लोक गीत, सङ्गीत'

तामाङ समाज अत्यन्त लोक सङ्गीतपूर्ण पाइन्छ। तामाङ समाजभित्र विभिन्न प्रकारका गीत तथा सङ्गीतहरू रहेका छन्। यसमा गाथा, लोकगीतहरू, दोहरी, नृत्यसहितको *दोरा* तथा *स्याब्रु*, नाटक (*कीर्बा क्लाङ्बा गाअीरा धादिङ*), *छेज्यु, दोअीला* बनाउने, लघु नाटक, हास्य (व्यङ्ग्य, मारुनी आदि उपदेशकारी लोक कला तथा लोक सङ्गीत पनि प्रचलनमा पाइन्छ।

१०.१ संस्था र सन्चालक

छेज्यु, दोअीला योसँग सम्बन्धित संस्थामा *चोहो, गाअुरुङ, छ्याङ्बा, कर्बा, कटाअुके* सहितको दलले तीनको सन्चालन गर्ने गर्दछ। यसलाई *रीमठीम ग्हेदुङ* भनिन्छ। यसका लागि दाता वा जुन गाउँमा कार्यक्रम हुने हो त्यही गाउँमा घरै पिच्छे सहयोग उठाउने गरिन्छ। यसैबाट कलाकार तथा स्वयंसेवकहरूलाई खाजा तथा खाना खुवाउने गरिन्छ। धादिङ जिल्लाको लापा गाउँमा भने छिमेकी गाउँका अतिथीहरूलाई समेत आयोजक संस्था वा गाउँका ग्हेदुङले नै गाउँमा जात्रा वा मेला चलिरहेसम्म खाना र बस्ने व्यवस्था मिलाएको हुन्छ।

सांस्कृतिक पक्षहरू

१०.२ परम्परागत लोक गीत

तामाङहरू गीतलाई *व्हाअी* वा *लु* भन्दछ। *वारवार व्हाअी, लु, छेर्लु, चोम्लु, यार्तन लु*, गीतसँगै नाच्नेलाई *स्याब्रु, दोरा, मानेस्याबा* आदि भनिन्छ भने गीत सङ्गीतमा प्रयोग हुने *रोल्मो* 'बाजा'हरू *डामङ्यान* 'टुङना', *पीवाङ* 'सारङगी', *डाम्फा* 'डम्फू' *गोङगाप* 'बिनायो', *फुन्दी* 'मादल', *ङ्हा* 'ड्रम' आदि हुन्छ। तामाङ लोक सङ्गीतलाई नृत्य र गायनसँगै हुने भएकाले नै

स्याबु नृत्य र लु गीत दुई शब्दहरूको बिचमा सन्धी भएर नै *स्याबुलु* बाट *स्यालु* भई *ग्यालु* बाट *सेलो* हुन गएको हो । आज तामाङ *सेलो* भनेपछि जनसमुदायमा अत्यन्त लोकप्रिय छ ।

परम्परागत लोकगाथा गीत

सांसारिक सृष्टि तथा तामाङहरू परम्परागत कला कौशलका बारेमा गीति माध्यमबाट समुदायलाई सुनाउने र त्यो परम्परालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरणका लागि यस्तो गीति परम्परा चलिआएको पाइन्छ ।

बोमसाङ व्हाजी

परम्परागत संस्कार तथा संस्कृति, संसारको सृष्टि, उत्पत्तिका बारे तीन दिन चार दिनसम्म चल्ने पुरानो गाथाहरू, अन्य विभिन्न संसारिक भौतिक कृयाकलापहरू तथा ऐतिहासिक महत्त्वको पक्षलाई उजागर गर्न *लाङबो ताप्पा, लीङमा* आदि जस्ता गीतहरू परम्परागत गाथा शैलीका गीतहरू हुन् ।

लाङबो ताप्पा व्हाजी

खेत, बारीको माटो खेतीका लागि माटोलाई तयारी गर्दा गोरु जोत्ने बेलामा गोरुलाई र माटोमुनि रहेका देखिने नदेखिने गड्यौंलालगायतका जमिनमुनिका जीवहरू बासस्थान नास हुने, जीवको हत्या आदि विषयको उठान गरी त्यसप्रतिको क्षमायाचना, श्रद्धा गर्दै बाध्यताका बारेमा अनुरोध गर्दै गाउने गीतलाई *लाङबो ताप्पा* भनिन्छ । यो रसुवा, नुवाकोट, धादिङका उत्तरी क्षेत्रका तामाङ गाउँहरूमा हिजोआज पनि यदाकदा कात्तिक-मङ्सिरतिर पुग्यौं भने सुन्न पाइन्छ ।

लीङमा व्हाजी

नुवाकोट, धादिङका तामाङ गाउँहरूमा मकै गोड्ने बेलामा एक जनाले भट्याउने र अरूले सामूहिक रुपमा पछ्याउने *लीङमा* हो । *लीङमा* भनेर साथ दिँदै मकै गोड्ने बेलामा र धादिङ जिल्लाका लापारीलगायतका गाउँहरूमा वर्षात्का लागि दाउरा सङ्कलन गर्न जाँदा दाउराको भारीका साथ लस्करै फर्कंदा पनि यो *लिङमा* गाउने गरिन्छ ।

ताम्बा काउीतेन व्हाजी

सांसारिक सृष्टि गाथा, मौखिक इतिहास, सांस्कृतिक परम्परा विवाह, *छेवार* आदि संस्कारहरूमा गाउने गीत हो ।

सृष्टिगाथा ताम्बा व्हाअी

मौखिक इतिहास, संसारिक उत्पत्ति, डाँडाकाँडाको उत्पत्ति, पानी नदी नालाको उत्पत्तिको बारेमा गाउने गीत हो ।

साङह्राबा व्हाअी

विभिन्न धार्मिक कर्म तथा संस्कारका कार्यहरू गर्न अघि "*पोअीमा कुसे साङला, पोअीमा कुसे साङो*" भनेर विभिन्न नौ धुपका वर्णन गीतमा गरी सो "धुपको बास्नाले कुशल गरुन्" भन्ने गाथाले भरिएको गाथा गीत हो *साङ्ह्राब' व्हाअी* । यसै गीतको वर्गमा *बुम्बा सील्बा* 'कलस चोख्याउने', कपडा, खाना, पानी चढाउने आदि प्रकारका गीतहरू हुन्छन् ।

नाम्दार व्हाअी

विभिन्न बाजाहरू *डाम्फा, डाम्च्यान, पीवाङ, गोङगाप, मोजाङ्ग, फुन्दी, स्याङस्याङ रोल्मो, ड्हा* आदिको *ठुङबा* 'उत्पत्ति' का गाथा समेटिएको गीतहरूलाई *नाम्दार व्हाअी* भन्ने गरिन्छ ।

१०.३ उपदेशकारी लोककला

तामाङ समुदायमा लोकगीतका साथै उपदेशकारी लोक कला पनि पाइन्छ । तामाङ उपदेशकारी लोक कलामा गीतसहितको नृत्यहरू *स्याब्रु, दोरा, सेलो* प्रमुख हुन् भने तामाङ समुदायमा ताम्सालीङको काभ्रे, सिन्धुपालचोक, रामेछाप दोलखा भेगमा *दोअीला पूजा* गर्ने र रसुवा नुवाकोट, धादिङ जिल्लामा *छेस्युग, म्हाने* जात्रा, *म्हेन्दोमाया* आदि नृत्यहरू जो विभिन्न जात्रा मेला तथा महान् चाड ल्होछारका उत्सवमा उपदेश गरिने प्रदर्शनकारी लोककला हुन् ।

दोअीला

यो ३ देखि ७ दिनसम्म विभिन्न नृत्यहरूको साथमा परम्परागत पूजा आयोजना गरी पूरै गाउँमा सप्ताहभरि नै मेला जस्तो जात्रा मनाउने गरिन्छ ।

छेस्युग

दोअीला जस्तै तर *दोअीला*मा जस्तो छुट्टै देउता नबनाएर प्रत्येक दिन विभिन्न प्रकारका सडक नाटक तथा नृत्यहरू उपदेश गरिने चाडलाई *छेस्युग* भनिन्छ । यसमा *ता* चेमा 'घोडा नृत्य', *या* चेमा 'याक नृत्य', *यार्तेन* चेमा 'भेषभूषा उपदेशी नृत्य', *डाब्ला* चेमा 'खुँडा खुकुरी नृत्य', *डोवा* चेमा,

तेन्गी चेमा, बाओस्या चेमा, कीरार्बा, लामा, जोगी, सिकारी आदि नाटक तथा हास्यव्यङ्ग्यसमेतको उपदेशकारी लोककला प्रस्तुत गर्न गरिन्छ ।

म्हेन्दोमाया

नुवाकोट तथा धादिङ जिल्लामा केटा र केटी दुई समूहमा दोहरी गीत गाउँदै नाच्ने उपदेशकारी लोक कला हो ।

दोरा

यो पनि तामाङ युवा युवती हुन् या वृद्ध सबै उमेर समूहकाहरू एकै ठाउँमा एक जनाले *दोरा* गीत गाउने भट्याउने र अरुले स्वरमा स्वर मिलाएर दोहोऱ्याएर भन्ने गर्दै नाच्ने गरिन्छ । यसमा सबैजना एक आपसमा अङ्गमाल गरेर एकै पटक लहरैमा नृत्य गरिन्छ ।

स्याङ्ग

यसमा पनि *दोरा*मा जस्तै गोडा बजारेर केटा र केटीहरू लामो लहरमा अङ्गमाल गरेर गीत गाउनुको साथै नृत्य गरिन्छ ।

१०.४ तामाङ लोक बाजा

तामाङ लोक बाजामा मुख्य गरेर *डाम्फू, डाम्च्यान, पीवाङ, गोङगाप, मोरली, पुली, मोजाङ्ग* 'मुर्चुङगा', *डा छेलेम, रोल्मो, स्याङ* आदि हुन् ।

❑❑

११. तामाङ *म्योत/म्योअी थेन यीग* 'भाषा र लिपि'

भाषा वैज्ञानिकहरूका अनुसार नेपालमा बोलिने उच्च पहाडी हिमालय भाषाहरूमध्ये तामाङ एक पुरानो भाषा हो। जनगणना सं. २०५८ ले नेपालमा बोलिने ९२ भाषाहरू देखाएको छ। यी भाषाहरूलाई नेपालको अन्तरिम संविधान (२०६३ ले राष्ट्रभाषाको मान्यता दिएको छ। हजारौं वर्ष पहिले तामाङ जाति र भाषाको जन्म वर्तमान चीनको तिब्बतस्थित *यार्लङ* नदी आसपासका सभ्यतामा विकास भएको मान्दछन्, जहाँ दर्जनौ 'बोद वा बोदीक' भाषाहरूको जन्म तथा विकास भएको मानिन्छ।

काठमाडौ उपत्यकाको मानव सभ्यताको विकास बारे काठमाडौं उपत्यकामा भएका अन्वेषणमा प्रागैतिहासिक पुरातात्त्विक अन्वेषकहरूले भेट्टाएका ३० हजार वर्ष अगाडिको मंगोलोइड पेकिङ मानव आकृति नेपालका मंगोलोइड जाति तामाङका हुन् भन्ने विज्ञहरूले लगाएको अनुमान र चिनका पेकिङबाट फैलिएका हानहरूको भाषाको तानीय चरित्र र तामाङ जातिको तत्त्वीय खगोल तथा ज्योतिषशास्त्र अनुसारको सांस्कृतिक पर्व चिनिया परम्परागत नयाँ वर्ष पर्व ल्होछार समेत ठ्याक्कै मिल्नुलाई पनि तामाङ भाषाको ऐतिहासिकता र प्राचीनताको गहन अर्थपूर्ण दृष्टिकोणबाट हेर्न सकिन्छ।

तामाङ वंशावलीअनुसार *स्याङस्युङ युलरी स्याङबो* बाप भन्ने उल्लेख गरेको पाइनु र ताम्सालीङका दोलखा जिल्लाको सदरमुकाम चरिकोट बजारमा अवस्थित प्राचीन चरी *घ्याङ गोन्पा*मा रहेको तामाङ बौद्धहरूको ग्रन्थ *स्याङस्युङ केअीदु* पाइनुले पनि तामाङ गोत्र *स्याङबो*को *बाब्सा* 'उद्गम स्थान' र तामाङसँग *स्याङस्युङ केअीदु*को यो सम्बन्धले चिनिया तिब्बत क्षेत्रमा उत्तरी बौद्धधर्म पुग्नु अगाडि नै *स्याङस्युङ केअीदु* रचना भइसकेको थियो भन्ने सङ्केत दिन्छ। तसर्थ, तामाङ

भाषाको उत्पत्ति तथा विकासको काल उत्तरी बौद्धधर्मको वर्तमान साहित्यभन्दा पुरानो भएको पुष्टी हुन्छ ।

भाषा विज्ञानको ऐतिहासिक पुनर्संरचना (Historical Reconstruction) अध्ययन विधिको आधारमा तामाङ भाषा तिब्बतीभन्दा पनि पुरानो भाषा मान्न सकिन्छ । उदाहरणको लागि *रुअीछ्रेन च्योप्पो, जीक्तेन तामछ्र्योअी, कुर्पा खाछ्र्योअी* आदि तामाङ भाषाको पुरानो लिखित सामग्रीहरूमा *बोद, क्रा, ब्योन, फ्रेङा, फ्रेङबा, खुअी, ग्राम्बा* आदि तामाङ शब्दहरूको तुलनात्मक पुनःसंरचनाको अध्ययन गरेमा ती शब्दहरू तिब्बती भाषामा क्रमशः *बोद* बाट *बोअी, क्रा* बाट *टा, व्योन* बाट *ज्योन, 'फ्रेङा'* बाट *ठेङा, फ्रेङबा*बाट *ठेङबा, खुअी* बाट *ठुअी, ग्राम्बा*बाट *डाम्बा*मा विकास अथवा ध्वनिमा परिवर्तन भएको पाइन्छ । त्यसै गरी तामाङ भाषामा *हीन्बा, हीन्ना* को *यीन, ल्हो को लो,* तर तामाङ भाषामा अहिले पनि लेख्य र ध्वनिरुप पुरानै आदि रुप (Proto form) *बोद, क्रा, ब्योन, फ्रेङा, फ्रङबा खुअी, ग्राम्बा, हीन्बा*....आदि त्यही अर्थमा प्रयोग भइराखेको छ ।

तिब्बतीमा सातौं शताब्दीपछि अर्थात् श्रङचेन गम्पोले *थुन्म्ही* सम्बोटालाई बौद्ध धर्ममा ग्रन्थ तथा तिब्बती भाषालाई सम्वृद्ध बनाउन तत्कालीन भारतस्थित नालन्द तथा बिक्रमशिला विश्वविद्यालयमा उनी समेत १५ जनाको अध्ययन दल पठाएका थिए । सो दलका थुन्म्ही सम्बोडाले तिब्बती भाषाको लेखन नियमन दायीग (वर्णविन्यास) बनाएका थिए । त्यस बेला तिब्बती भाषा लेखनको लागि बनेका *दायीग*मा लिखितअनुसारको छुट्टै उच्चरण विधि छ । सो *दायीग* अनुसार लिखित भाषामा *क्रा* लाई *टा, ख्रा* लाई *ठा, ग्रा* लाई *डा, प्रा* लाई *टा, ब्रा* लाई *डा, फ्रा* लाई *ठा* उच्चारण गर्न आदि *दायीग* लेख्य विधिको स्थापना भएको पाइन्छ । जसले गर्दा *ग्राम्बा* लेखिएकोलाई *डाम्बा, बोद* लेखिएकोलाई *बोअी, प्रेल्हो* लेखिएकोलाई *टेलो, खुअी* लेखिएकोलाई *ठुअी, फ्रेङा* लेखिएकोलाई *ठेङा, ब्योन* लेखिऐकोलाई *ज्योन, क्रा* लेखिएकोलाई *टा* उच्चारण गर्नुपर्ने हुन्छ । तिब्बतमा यो परम्परा आजसम्म पनि छ ।

तर तामाङ भाषामा जस्तो लेखिएको छ त्यस्तै ध्वनि (उच्चारण) रुप जस्ताको त्यस्तै छ । किनभने तामाङ भूगोलमा त्यो तिब्बती लेखाइको प्रभाव नपरेका कारण बोलीचालीमा त्यही अर्थ जस्ताको त्यस्तै रहेको हो । तिब्बतमा लामो समयसम्म लामाहरूकै शासन सत्ता रहेकाले जनताको भाषामा समेत *दायीग*को प्रभाव परेको थियो । तर तिब्बती *दायीग*को पूर्णप्रभाव नपरेका अरु क्षेत्रका भाषा समुदाय तिब्बतमै र अन्यत्र नेपालको हुम्ली तामाङ, दोल्बोपा, मुस्ताङ्गी, सिक्किमका लोबा, भुटिया भाषाहरूमा पनि तामाङ भाषामा जस्तो रुपहरू पाइन्छ ।

तसर्थ, तामाङ भाषामा तिब्बती लिखित भाषा जो *दायीग* 'आलेखनको वर्णविन्यासको नियम' ले बाँधिएको छ। त्यसको खास प्रभाव नपरेको कारण पहिले बोलिने उच्चारण गरिने भाषाको पुरानो रुप बचेर रहेको पाइन्छ। त्यसकारण तिब्बती भाषाभन्दा तामाङभाषाका शब्दहरू पुराना मानिन्छन्। यस्ता उदाहरणहरू अरू भाषामा पनि पाइन्छन् जस्तै अङ्ग्रेजी भाषाको night शब्द संस्कृत भाषाको 'नीक्त' बाट बनेको हो। निक्त शब्द अङ्ग्रेजीमा (Night नीग्हत) हो, तसर्थ अङ्ग्रेजी Night को पुरानो रुप संस्कृत भाषाको 'निक्त' (निग्हत) हो। तसर्थ अङ्ग्रेजीभन्दा संस्कृत भाषा पुरानो मानिन्छ।

तामाङ् भाषाका याम्बु 'काठमाडौ उपत्यकालाई बुझाउने शब्द', याम्बु र काठमाडौ र यसभित्रका *याम्बुबुम, याम्बुक्रोमा, पाराचो, गु* 'चागु', *साअीबुं, खुसीबु*, भक्तपुरलाई *खोपृङ/खोप्रिङ्ग*, पाटनलाई *हेरुङ, हेराङ/येलुङ* आदि शब्दको प्रयोग ईशा.को दोस्रो शताब्दीदेखि ई. १०३९ (१७ औं शताब्दीसम्म पनि काठमाडौंभित्रका शिलालेख तथा अभिलेखहरूमा प्रशस्तै उल्लेख भएको भेटिनुले पनि तामाङ भाषा नेपालको एउटा ऐतिहासिक र पुरानो भाषा हो भन्ने कुरालाई पुष्टि गर्दछ।

त्यस्तै, तामाङ जातिमा रहेको प्राचीन सङ्घीय व्यवस्था *बाह्र तामाङ* र *अठ्ठार जात* तामाङको वर्ण, *जीग्तेन ताम छ्युोअी* 'संसार र तामाङ जातिका कुरा', *कुर्पा खाछ्युोअी* 'बहिराका भाषा सम्बन्धमा', *ह्रामा* 'बिहेवारी सम्बन्धमा प्रस्तुत वंशावली' आदि *अुछेन तामयीग* लिपिमा लेखिएको स-साना तामाङ भाषाका पुस्तिका तथा विभिन्न तामाङ ग्रन्थहरू पूर्व एक नम्बर र पश्चिम एक नम्बर, दुवै तामाङ क्षेत्रमा भेटिएको छ र यी ग्रन्थहरूमा उल्लेख गरिएका तामाङ जातिको सूचनाहरू १७ औं शताब्दीको अन्त र १८ र १९ औं शताब्दीको आरम्भतिरका अन्वेषक कक्प्याट्रीक, हडसन्, म्याक्डोनाल्डलगायत थुप्रै लेखक अन्वेषकहरूले समेत उल्लेख गरेका छन्। यी आधारहरूलाई केलाउँदा कम्तिमा पनि त्यो भन्दा पहिले नै उपर्युक्त तामाङ भाषाका ग्रन्थहरू *अुछेन् तामयीग* लिपिमा लेखिसकेको थियो। तामाङ ताम्बाहरूले नै ती अन्वेषकहरूलाई भनेको अथवा सूचना दिइएको हुनुपर्दछ भन्ने अनुमान गर्न सकिन्छ।

अझै तामाङ भाषाका ती प्राचीन ग्रन्थहरूको त्यो लेखनशैली, लेखन कलालाई हेर्दा सातौं शताब्दीमा अुचेन लिपिको विकास, व्यापक प्रचार भएकै बेलाको देखिन आउँछ। जुन बेला अहिलेको तामाङ र थकाली तामाङ भाषाको बिचको सम्बन्ध जस्तो आजको चिनिया-तिब्बती र तामाङ भाषाको थियो।

तत्कालीन तिब्बती राजा स्रङचाङ गम्पोकालमा तिब्बतमा राजकीय मान्यता र विकास भएको *अुछेन्* लिपिको विकास कालताकाकै लेखनकलासँग मिल्दो जुल्दो छ। तत्कालीन तिब्बती भाषामा तामाङ भाषाको बलियो प्रभाव थियो। यो कुरालाई *काग्युर, तेन्युर, मानीकाबुम* जस्ता तिब्बती प्राचीन धार्मिक ग्रन्थहरूमा प्रचुर मात्रामा प्रयोग भएको तामाङ भाषाका मूल शब्दहरूले नै स्पष्ट पार्दछ। प्राचीन तामाङ भाषाबाट कालन्तरमा विकास भएर विभिन्न हाँगामा नयाँ विभिन्न भाषिकाको सृजना भई छुट्टिएर संकुचन भएको आजको अवस्थामा पनि अझै उच्च पहाडी हिमाली क्षेत्रको भाषाहरूमध्ये सबैभन्दा धेरै बढ्ता सङ्ख्या भएको भाषाको रुपमा तामाङ भाषाको अस्तित्त्व कायम रहेको छ र चिनिया तिब्बती भाषाको मूल तथा आदिरुप (Proto form) तामाङ भाषामा सुरक्षित रहेको पाइएको छ। त्यसकारण तत्कालीन समयमा पनि बहुसङ्ख्याले बोल्ने भाषा भएकोले तामाङभाषाको प्रभाव उत्तरी बौद्ध धार्मिक साहित्यमा पर्नु वा रहनु अस्वाभाविक मानिदैन।

उत्तरी बौद्ध धर्ममा *कंग्युर, तेन्युर*लगायत सम्पूर्ण ग्रन्थहरूमा तामाङ भाषाका शब्दहरू प्रचुर मात्रामा पाइनुका मुख्य कारण पनि यही हो। तामाङ जातिमा मात्र पाइने तामाङ मौलिक साहित्य *जिक्तेन तामछ्योओी* मा *स्याङस्युङ युल, पुराङ, दुगु ग्याल्सा* आदिको वर्णन, भारत वर्षको राजा हर्षवर्द्धन, तिब्बतका राजा श्रङचङ गम्पो र नेपालका राजा अङशुवर्माको वृत्तान्त पाइनुले पनि तामाङ भाषा ईशाको सातौं शताब्दीताका पनि अस्तित्त्वमा रहेको कुरा खुल्न आएको छ।

यसप्रकार तामाङ भाषाको प्रतिनिधित्त्व गर्न ईशा पूर्व दोस्रो शताब्दीको तिब्बती प्रथम राजाको दरवार याम्बु लाखाङ, सातौं शताब्दीमा अङशुवर्मा काल, एघारौं शताब्दीको याम्बु क्रोमा, चौधौं शताब्दीको मुल्मीहरू सत्रौं अठारौं शताब्दीको मुर्मी हुँदै तामाङसम्म आइपुग्दा तामाङ भाषाको प्रयोग, विकास, ऐतिहासिकता र प्राचीनताका सम्बन्धमा एउटा आधार खडा गरी दिएको छ। यिनै प्रमाणहरूले तामाङ भाषा नेपालको एउटा प्राचीन भाषा हो भनेर पुष्टि हुन्छ।

खस जातिको केन्द्रिकृत एकल भाषा, संस्कृति र हिन्दू धर्ममा आधारित गोर्खाली औपनिवेशिक साम्राज्यवादी निरंकुश राजतन्त्रात्मक २४० वर्ष लामो शासन व्यवस्थाले यहाँका बहुराष्ट्रिय र बहुभाषिक संरचनाको तहसनहस गऱ्यो। अन्ततः जनआन्दोलन २०४६ पछि राजतन्त्रात्मक शासन प्रणालीय बहुदलीय व्यवस्थाको स्थापना भयो। यसले निर्माण गरेको नेपालको तथाकथित प्रजातान्त्रिक संविधान २०४७ ले मातृभाषालाई राष्ट्रिय भाषाको दर्जा दियो। तर औपनिवेशिक साम्राज्यवादी खस भाषालाई राष्ट्र भाषाको पगरी दिएर नेपालको आदिवासीहरूको

भाषालाई फेरि भेद्भाव जारी नै राख्यो । तापनि यसपछि भने थोरै मात्रामा भए पनि वास्तविक नेपालका राष्ट्र भाषाहरूले आफ्नै पहलमा भएपनि विकासका कदमहरू चाल्ने खुला अवसरहरू पाए । यसभन्दा अगाडि खुलेर मातृभाषामा लेख्ने पत्रपत्रिका प्रकाशन गर्न अनुमति थिएन । नेपाल मात्र होइन भारतको सिक्किममा समेत त्यहाँका मुख्यमन्त्री नरबहादुर भन्डारी कालमा जी.डी. लामालाई तामाङ भाषाको पुस्तक सिक्किम या अनेत्र जहींबाट प्रकाशन गरे पनि कार्वाही गर्ने धम्की दिएका थिए । २०४६ सालपछिका दिनमा भने निर्वाध रुपमा आफ्नै पहलमा भाषिक विकासका कामहरू गर्न पाउने भए र आधुनिक रुपमा तामाङ भाषाले स्वयं तामाङहरूकै सक्रियतामा विकास हुने अवसरहरू पाएका छन् ।

प्रजातान्त्रिक भनिएका नेपालको तथाकथित संविधान -०४७ ले दिएको मातृभाषालाई राष्ट्रिय भाषाको दर्जा अनुरुप मातृभाषालाई सरकारको स्थानीय निकाय काठमाडौं महानगरपालिका र धनुषा जिविसले स्थानीय जनता र संविधानको धारा ६ (२) को भावना अनुरुप गरेको प्रयासलाई २०५६ जेठ १८ गते सर्वोच्च अदालतको निर्णयले निषेध गरेपछि एक खाले कठिन परिस्थिति उत्पन्न भयो ।

तापनि नेपालमा भाषिक अधिकारको आन्दोलनलको प्रभावले बिस्तारै भए पनि रेडियो नेपालमा तामाङलगायत विविध भाषाहरूमा पाँच मिनेटको समाचारको अवसरसँगै पाठ्यक्रम विकास केन्द्रबाट मातृभाषाहरूमा पाठ्यपुस्तकहरूको निर्माण आरम्भ भएका छन् । हालसालै सरकारको स्वामित्त्वमा रहेका सन्चार माध्यमहरू नेपाल टेलिभिजन, गोरखापत्र राष्ट्रिय दैनिकसम्म तामाङलगायत मातृभाषाहरूको पहुँच आंसिक रुपमा पुगिसकेका छन् भने दर्जनौ एफएम रेडियो स्टेसनहरूबाट तामाङ भाषाको कार्यक्रमहरू प्रसारण भइरहेका छन् ।

मातृभाषामा शिक्षा लिन पाउने विकास गर्न पाउने मातृभाषासम्बन्धी थप व्यवस्था समेत गरिएको छ । तामाङ भाषाको आफ्नै *तामयीग* तामाङ लिपि छ । तामाङ भाषा *तामयीग* तामाङ (लिपिमा र देवनागरी लिपिमा पत्रपत्रिकाको अलावा कविता, कथा, उखान टुक्का, गाउँखाने कथा सङ्ग्रह, स-साना शब्द सङ्ग्रह, इतिहास, अनौपचारिक शिक्षाका पाठ्यपुस्तक, स्कुलले कक्षा पाँचसम्मका पाठ्यपुस्तक आदि सानै परिमाणमा भए पनि प्रकाशन भएका छन् । तर अझै सम्पूर्ण क्षेत्रको प्रयोजनका लागि तामाङ भाषाको भाषावैज्ञानिक व्याकरण तथा शब्दकोश प्रकाशन/निर्माण भएको छैन ।

हिजोआज तामाङहरू नेपाल तथा भारतका सिक्किम, दार्जीलिङमा खस भाषा र शास्त्रीय तिब्बती भाषा विविध कारणले प्रयोग गरिरहेका छन् । नेपालको जनगणना

ई. २००१ को तथ्याङ्कअनुसार तामाङ भाषीहरूको अरु भाषाका वक्ताहरूसँगको सम्पर्कमा निम्नानुसार रहेको देखाइएको छ ।

११.१ तामाङ भाषाको नाम

मानवजातिले एक आपसमा आफ्नो विचार विनिमय गर्दा जुन ध्वनि वा आवाजलाई हाम्रो कानले सुन्न सक्दछ, त्यसलाई *कात/काअी ग्योत/ग्योअी 'भाषा'* भनिन्छ । तामाङहरू आफ्नो *त्युल्बा-त्युल्बा* 'समाज-समुदाय' बीच आफ्नो भाव वा विचारको आदान-प्रदान गर्न प्रयोग गरिने बोली वा ध्वनि समूहलाई "तामाङ ग्योत/ग्योअी" 'तामाङ भाषा' भनिन्छ । यसलाई *तामाङताम, तामाङकाअी वा तामाङकेअी* वा *तामाङ खाताम वा खाकेअी, खाछ्योअी* भनिन्छ । यही तामाङ भाषा नै तामाङ जातिको मुख्य पहिचानको आधार हो । तापनि तामाङ बाहेकका लेखक तथा अन्वेषकहरूले तामाङ जाति र भाषालाई बुझाउन विभिन्न नाम संज्ञाहरू प्रयोग गरिएको पाइन्छ । 'मुर्मी', 'इसाङ', 'सेन', 'लामा', 'ग्लेभोटे (घलेभोटे')', 'लामाभोटे', 'भोटे', 'भोटिया', 'लोपा', 'कागते', 'ग्युबा', 'योर्मा', 'काअीकेअी' (काअीके) 'स्यार्पा', आदि नामको प्रयोग गर्ने गरेको भेटिन्छ (छारग्याम:२००५:१३:१३:८)। विशेषगरी भारोपेली भाषा बोल्नेहरूले हेर्दा र भन्दा, नेपालमा तामाङ जाति र तामाङ भाषीहरूलाई भोटे अर्थात् बोद (भोट निवासी वा भाषी) वा ह्होटीया भनेर उल्लेख गरिएको पाइन्छ । त्यसैगरी नेपाल सरकारको पुराना इस्तिहार, लालमोहर, सनदपत्र आदि लिखित सामग्रीहरूमा तामाङ भाषी वा तामाङ जातिलाई 'लामा', 'लामाभोटे, 'भोटे, 'भुटिया' भनेर उल्लेख गरेको पाइन्छ । किनभने तामाङ भाषाका मौलिक *ताम्बा* लिखित तथा मौखिक साहित्यहरू अनि रसुवा, नुवाकोट, धादिङका पुरानो तामाङ गाउँहरूमा तामाङ संस्कार र संस्कृतिहरूमा प्रयोग भएको तामाङ भाषा हुम्ली-तामाङ, मुगाली (कर्मारोङबा), केरोङबा, मनाङबा, थकाली, चुम्बा भाषासँग मिल्छ । तसर्थ, तामाङ भाषालाई बुझाउन 'बोद' (भोट) नाम प्रयोग भएको पाइन्छ । यही आधारमा भाषा वैज्ञानिकहरूले तामाङ भाषालाई समग्र 'बोद' (तिब्बती/हिमाली), 'बोद वा बोदीक' भाषा परिवारको मूलभाषाका रुपमा लिएको पाइन्छ ।

११.२ तामाङ भाषाको भूगोल

तामाङ भाषीहरूको भौगोलिक क्षेत्र ताम्सालीङ हो । ताम्सालीङको धादिङ, नुवाकोट, रसुवा, ललितपुर, भक्तपुर, काठमाडौ, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, दोलखा आदि जिल्लामा तामाङ जातिको घनत्व बढी

छ। यी जिल्लाहरूमा तामाङ भाषा वाहेक अन्य भाषा जान्दै नजान्ने तामाङ भाषी मात्र भएका गाउँहरू प्रसस्त छन्। सुदूर पश्चिमाञ्चलको डडेलधुरा, सुर्खेत, कैलाली, कञ्चनपुरलगायत बर्दिया, बाँके, जुम्लामा जुम्ली तामाङ, हुम्लामा हुम्ली तामाङ, पश्चिमाञ्चलको नवलपरासी, भैरहवा, कास्की, स्याङजा, गोर्खा, लमजुङ, तनहुँ, मध्यमाञ्चल र पूर्वाञ्चलका सबै जिल्लामा तामाङ भाषी भेटिन्छन्।

नेपालबाहिर भारतको दार्जिलिङ, कालिङपोङ, सिक्किम, अरुणाञ्चल, असम, मेघालय र भुटान, बर्मा (म्यान्मार) आदि देशहरूमा समेत लाखौं-लाख तामाङ भाषी रहेका छन्। त्यसैगरी चीनको तिब्बत स्वशासित क्षेत्रको केरोङ इलाकामा समेत तामाङ भाषी रहेको बताइन्छ। हिजोआज बेलायत र अमेरिकामा समेत सानै सङ्ख्यामा भए पनि तामाङ भाषीको स्थायी बसोबास रहेको छ।

त्यसैगरी भौगोलिक रुपमा नेपालको मध्यमाञ्चलका सम्पूर्ण जिल्लामा प्रथम भाषाको रुपमा र बाँकी सम्पूर्ण जिल्लामा धेरथोर तामाङ भाषी रहेको कुरा हालैको जनगणनाले देखाएको छ। यो नेपाल उत्पत्ति भाषा नेपालबाहिर भारतको पश्चिम बंगाल, सिक्किम तथा पूर्वोत्तरका राज्यहरूमा, भुटान तथा बर्मासम्म बोलिन्छ। त्यसकारण तामाङ भाषाले नेपालमा बोलिने भाषाहरूमध्ये प्रयोगका दृष्टिले पनि बेग्लै राष्ट्रिय महत्त्व बोकेको छ।

११.३ तामाङ भाषाको लेख्य परम्परा र *तामयीग* लिपिको छनोट

कथ्यमा रहेको भाषाहरूको संरक्षण तथा विकासका लागि कथ्यबाट भाषालाई लेख्य भाषामा रुपान्तरण गर्नुपर्ने हुन्छ। भाषालाई लिखत रुपमा उतार्नुअघि कुनै पनि भाषाको ध्वनि विज्ञानको अध्ययन गरेर त्यो भाषाको ध्वनि प्रणालीको बारेमा थाहा पाउनुपर्ने हुन्छ। त्यसका लागि कुनै पनि भाषाको स्वनिम (Phoneme) निर्धारण वा पहिचान गर्नुपर्ने हुन्छ। यसले मात्र भाषाको आधारभूत व्यन्जन तथा स्वर वर्णको स्वरुप पहिचान हुन्छ। यसैको आधारमा भाषालाई लेख्यमा रुपमा ढाल्ने कार्यको आरम्भ हुन्छ।

कुनै पनि भाषा पहिलेदेखि नै लिखित रुपमा भएको अर्थात् लिपि छ। तर त्यो पुरानो लिखित स्वरुप हराइसकेको छ भने त्यस्तो अवस्थामा त्यही लिपिलाई पनि पुनःउत्थान गर्न सकिन्छ। नयाँ लिपी पनि अपनाउन सकिन्छ। जस्तो मैथिल भाषा पहिले आफ्नै कैथि अर्थात् मिथिलाक्षरमा लेखिन्थ्यो। पुरानो नेवारी भाषा मौलिक लिपि प्रचलित तथा रन्जना लिपिमा लेखिने

भए तापनि हिजोआज यी साहित्य रचना तथा व्यावहारिक रूपमा देवनागरी लिपिलाई अद्यावधिक प्रयोग गरिन्छ। त्यस्तै भारतको सुदूरपूर्वमा मनिपुरी भाषा आफ्नै लिप मैथिमा लेखिन्थ्यो अझै त्यो लिपि छँदै छ। तर हाल बंगाली लिपिमा लेखिन्छ।

त्यसकारण लिपिको छनोट भाषाका प्रयोगकर्ता, भाषिक समुदायले स्वीकारेको लिपि नै त्यो भाषाको लिपिको रूपमा गरिन्छ। कतिपय भाषाको ऐतिहासिककालदेखि लिपि भएर पनि पछि नयाँ लिपि अपनाइएको छ भने कतिपय भाषाका प्रयोगकर्ताले नयाँ छुट्टै मौलिक लिपिको निर्माण गरेको पनि उदाहरण पाइन्छ।

नेपालकै गुरुङ भाषाका लागि *खेमाप्रि* 'खेमा लिपि' र मगर भाषामा आख्कारिका लिपि बिलकुल नयाँ निर्माण गरेका लिपि हुन् भने तामाङ भाषाको *तामयीग* लिपि, लिम्बूको श्रीजंघा लिपि, लेप्चाको रोङ लिपि, नेवारीको प्रचलित लिपि, भुटियाको *ल्हो यीग, जोङखा* भुटानी भाषाको *जोअीयीग* आदि। नेपालमा पनि इतिहासको एउटा कालखन्डदेखि विभिन्न लिपिहरू विभिन्न भाषाहरूले प्रयोग गरी आएको र धार्मिक सांस्कृतिक रूपमा शास्त्रीय अध्ययनमा प्रयोग गरिरहेको तर राज्यस्तरबाट प्रोत्साहन र संरक्षण नपाएका पनि आफ्नो भाषालाई आफ्नै स्वपहिचानको लिपिमा लिपिवद्ध गर्दै आइएको छ।

त्यसकारण भाषामा लिपिको छनोट भाषिक समुदायले भाषाविज्ञानसम्मत छनोट गरी आफ्नो आधिकारिक लिपि मानेको लिपि नै त्यो भाषाको लिपि मानिन्छ। लिपिले भाषिक समुदायलाई गौरवको अनुभूति जगाउने भएकाले आफ्नै लिपिमा भएमा भाषालाई लामो समयाअवधि सम्म जोगाउन सहयोग पुग्दछ भने भाषावैज्ञानिक रूपमा चयन तथा लेखन पद्धतिको विकास गरिएको लिपिले भाषाको मौलिक पहिचानयुक्त स्वरुपहरूलाई सयौं वर्षपछिसम्म बचाएर राख्न सघाउँदछ। त्यसकारण भाषा संरक्षणमा लिपिको महत्त्वपूर्ण र अहं भूमिका रहेको हुन्छ।

यदि नयाँ लिपिको चयन गर्न पर्दा भाषाको परिवार, वंशअनुसार नै लिपि पनि सकभर त्यही वंशका भाषा परिवारको भाषाहरू लिपिबद्ध भइराखेको मौलिक खालको लिपि या त्यो भाषिक समुदायको धार्मिक तथा शास्त्रीय भाषामा प्रयोग भइराखेको लिपि छ भने त्यो बढि प्रभावकारी र उपयुक्त हुन्छ। लिपि नै नभएको लेख्य परम्परा नभएका भाषाहरूको हकमा पनि नयाँ लिपि निर्माण गर्दा लेख्यपरम्परा भएका र त्यो भाषाको वंशसँग मेल

खाने भाषाको लिपिलाई आधार मानेर नयाँ लिपि निर्माण गरेमा सजिलो र वैज्ञानिक हुन्छ ।

यही आधारमा नेपाल तथा भारतका तामाङहरूले तामाङ भाषाको लिपि शास्त्रीय भाषा लिपिबद्ध रहेका लिपि *अुछेन* 'तिब्बती' लाई परिस्कृत गरी तामाङ भाषाको ध्वनि विज्ञानअनुसार विकास गरी मौलिक *तामयीग* निर्माण तथा छनोट गरेका हुन् । यही *तामयीग* लिपिमा नेपालमा *गोरखापत्र नयाँ नेपाल* को तामाङ भाषाको पृष्ठ, कक्षा-१ को पाठ्यपुस्तक र भारतको सिक्किम राज्यमा कक्षा १-५ सम्मको भाषिक शिक्षा र पाक्षिक रूपमा सरकारीस्तरबाटै *सिक्किम हेराल्ड* नामको पत्रिका पनि प्रकाशन भइरहेको छ ।

तामाङ लेख्य परम्पराको विकास

कुनै समय तामाङ भाषालाई लेख्यपरम्परा नभएको भाषा भनिए पनि तामाङ भाषामा लेखन परम्परा नभएकोचाहिँ होइन- जुन बेला तामाङहरूले लामा बौद्ध धर्म अपनाए त्यही बेलादेखि नै बौद्ध गुम्बामा परम्परागत रूपमा साक्षरता हासिल गर्न र आफ्नो भाषामा लेख्ने, पढ्ने गरिएको उदाहरण प्रशस्तै भेटिन्छ । यसरी गुम्बाबाट दिक्षित भएकाहरूले नै शास्त्रीय धार्मिक लिपिमा थुप्रै वंशावलीहरू, उत्पत्ति इतिहास, तामाङ बौद्ध संस्कृतिका विधिहरू *ताम्बा-काअीतेन, ह्वामा, दोङराप, ठुङराप, केराप, रुअीछेन च्योप्पो, जीक्तेन तामछ्यिोअी, तामाङ च्युअीनीला ठीमतेन तामछ्यिोअी, कुक्पा खाछ्यिोअी* आदि पुस्तक/पुस्तिकाहरू रचना गरि लेखिराखेको पाइन्छ ।

तामाङ भाषाको देवनागरी लिपिमा लिप्यन्तर/लिपिवद्ध गरिएका सबैभन्दा पुरानो र सर्वाधिक (१५ औं संस्करणभन्दा बढि) मुद्रित/प्रकाशित *ताम्बाकाअीतेन व्हाअी-रीमठीम* नामक सन १९५६ मा पहिलोचोटि प्रकाशित पुस्तकका स्रोत तामाङ भाषा र शास्त्रीय लिपिमा लेखिएका स-साना पुस्तिकाहरू हुन् (तामाङ : २०००) । यसप्रकार तामाङ भाषाको लेख्य परम्परा दुई किसिमले विकास भएको पाइन्छ । पहिलो सातौं शताब्दीमा तिब्बतमा बौद्ध धर्मको विस्तारपछिका लेखेका तामाङ वंशावलीहरूलगायत सांस्कृतिक परम्पराका ग्रन्थहरू र दोस्रो नेपालमा सं.२००७ सालमा जहानीयाँ राणा शासनको अन्त भएपछि सं.२०१३ तिर दार्जीलिङबाट बुद्धिमान मोक्तान र सन्तवीर पाखिनले देवनागरी लिपिमा प्रकाशनमा ल्याएका पुस्तकहरूले तामाङ भाषाको लेख्य परम्पराहरूको आवश्यकताको ढोका खोलेका छन् । यसले गर्दा आधुनिक रुपमा तामाङ भाषालाई लिपिबद्ध गर्न तामाङ भाषाको मौलिक लिपि *तामयीग*को विकास भएको छ ।

तामाङ भाषाको लिपि *तामयीग*

ई. १९९० मा नेपालमा बहुदलीय शासन व्यवस्था आएपछि तामाङ समुदायले २४० वर्षदेखिको खस भाषाको केन्द्रीकृतले दमन गरेर राखेको अवस्थाबाट आफ्नो मौलिक सांस्कृतिक पहिचानहरूको खोजी र सांस्कृतिक पुनर्जागरणले आफ्नो मौलिक प्राचीन मूल्य र मान्यताको जगमा रहेर तामाङ समुदायले तामाङ भाषाको आधुनिक लेखन तथा साहित्यिक विकासको थालनीसँगै तामाङ भाषाको भाषावैज्ञानिक आलेखन पद्दतिको विकास गरेका छन्। यसलाई *तामयीग* अर्थात् तामाङ लिपि भनिन्छ। यहाँ अनुसन्धानकर्ताहरूले तामाङ भाषा या तामाङ जातिलाई बुझाउन छोटकरीमा प्रयोग गर्न गरेको ताम (तामाङ=ताम Tamang=Tam) र तामाङलगायत हिमाली भाषाहरूमा लिपि बुझाउने शब्द यीग arB यी दुई शब्दहरू लाई शब्द निर्माणको विध सन्धि (Assimilation a rule of word formation)आधारमा तामाङ+यीग= *तामयीग* अर्थात् (Tamang+Yig=Tamyig) तामाङ भाषाको लिपिको संज्ञा शब्दको निर्माण गरी देवनागरी तथा तामाङ समुदायको मौलिक बौद्धधर्मका ग्रन्थ शास्त्रहरू लिपिबद्ध शास्त्रीय लिपि *अुछेन* 'तिब्बती' लिपिलाई भाषा वैज्ञानिक विधि अपनाएर तामाङ भाषाको उच्चारण ध्वनि पद्धतिअनुसार सरलकृत लेखन प्रणालीको विकास गरी तामाङ भाषा आलेखनको मौलिक वर्ण विन्यासका विधिका आधारमा तामाङ भाषाको *तामयीग* लिपिको प्रयोग तामाङ भाषामा प्रयोग भइरहेको छ।

तसर्थ, *तामयीग* तामाङ भाषाको मौलिक आलेखन प्रणालीयुक्त लिपि हो। तामाङ भाषाको यो *तामयीग* लिपिमा लेख्ने यो विधिलाई तामाङ जातिका नेपालका राष्ट्रिय सङ्घ संस्था तथा नेपाल (बाहिरका भारतलगायत मुलुकमा बसोबास गर्न तामाङ समुदायको सङ्घ संस्थाहरूको प्रथम ऐतिहासिक अन्तर्राष्ट्रिय तामाङ सम्मेलन (काठमाडौं घोषणा-२००२) ले तामाङ भाषाको आधिकारिक लिपि *तामयीग* लिपिलाई मान्यता दिएको छ। हुन त यो भन्दा अघिदेखि नै अखिल भारतीय तामाङ बौद्ध सङ्घ र भारतको सिक्किम राज्य सरकारले तामाङ भाषाको आधिकारिक लिपि *तामयीग* लिपिमा त्यहाँका सरकारी विद्यालयहरूमा प्राथमिक तहसम्म तामाङ भाषाको पठन-पाठन सन्चालन भइरहेको थियो (छ्यारग्याम : १९९७)। हाल भारतको सिक्किम सरकारको तामाङ भाषाको पाक्षिक पत्रिका *सिक्किम हेराल्ड*, नेपालको गोरखापत्र नयाँ नेपालको तामाङ भाषाको पृष्ठ *तामयीग* लिपिमा नै नियमित रूपमा प्रकाशित भइरहेको छ।

❑❑

१२. तामाङ *ग्योतकाओ*
'तामाङ भाषाको साहित्य'

तामाङ भाषामा कहिएको, भनिएको, लेखिएको कुनै पनि *ग्रा* 'घटना', कालक्रमिक वृत्तान्त, ब्रिताम 'लेख रचना', *ल्होर्युं* 'आख्यान', *नाम्दार* 'कथा', *व्हाओखा* 'कविता', *चेमा* 'नाटक', *व्हाओ* 'गीत' आदि तामाङ भाषाका *ग्योतकाओ* 'साहित्य' हुन् ।

तामाङ भाषाको साहित्य भन्ने बित्तिकै लिखितभन्दा श्रुति परम्परा भएको भाषा भएकाले तामाङ भाषाको साहित्य नै छैन भन्नेहरू पनि छ । तर सबै भाषामा पहिले नै लिखित साहित्य भएको भाषा होइन । बुद्धको समयसम्म बुद्धका कुनै वाणीहरू लेखिएका होइनन् । तर बुद्धको परिनिर्वाण भएको सयौं वर्षपछि लेखिएका बौद्ध धर्मको साहित्य संसारमै धेरै ठूलो साहित्यको भन्डार भइसकेको छ । यसले कैयौं भाषाहरूलाई संवृद्धि बनाएकोमध्ये तिब्बती भाषा पनि हो । सातौं शताब्दीमा आरम्भ भएको तिब्बती बौद्ध साहित्यको साँच्चिकै लेखाजोखा गर्न हो भने विश्व साहित्यको एउटा पाटो बनिसकेको छ ।

आज यही तिब्बतमा विकास भएको बौद्ध दर्शन र बौद्ध साहित्य नेपालका तामाङलगायत हिमाली उच्च पहाडी भूगोलको आदिवासी जनजातिहरू जो यो भूगोलमा आफ्नो भूमिसहित स्थापित भएका हुन् सबैको मौलिक पहिचान र गौरव बनिसकेका छन् ।

यसले प्राचीनकालदेखि श्रुति परम्परामा मात्र सीमित रहेका मौखिक तामाङ आख्यान, गीति परम्परा (जो सांस्कृतिक रुपमा तामाङ समाजमा थियो) लाई दीर्घजीवन दिने कार्य गरेको छ । त्यसकारण चाहे त्यो तामाङ, शेर्पा, *दोल्बुपा, मुगम्पा, मार्फा,* वा मुस्ताङ, होस् या *मनाङबा, चुर्बा, नुब्रि, योल्मोपा, ल्होमी सीङसापा, डुत्पा, ल्होपा* आदि जो कोहीले *उचेन* तिब्बती शास्त्रीय भाषा र लिपिमा

लेखेको देखेमा मात्र पनि गौरव महसुस गर्छन् । आफ्नो भाषा र लिपिको रुपमा ग्रहण गर्दछन् ।

नेपालमा ल्गित अढाई सय वर्षदेखि तामाङभाषीहरू आफ्नो भाषाको प्रयोग र साहित्यको सामग्रीहरूको खोजी अध्ययन अनुसन्धान तथा नयाँ सृजनात्मक विकास गर्ने अवसर थिएन ।

ई. १९९० पछिका दिनमा जे जति खोजी अध्ययन भएका छन् त्यो भन्दा पहिले बन्देज नै थियो । तापनि आफ्नो पैतृक भूमिमा आफ्नो मौलिक लिपिमा *ताम्बाकाओतेन, जीक्तेन तामछ्युओ, बोमसाङ* आदि जस्ता तामाङ वंशावली तथा रीतिथितिको वर्णन गरेको मौखिक तथा लिखित तामाङ साहित्यहरू तामाङ पुर्खाहरूले आफ्नो श्रुति परम्पराबाट लेखिसकेका छन् । यसले गर्दा आज पनि तामाङहरू स्याङबोहरू *स्याङस्युङ यूहुलबाट बाब्सी* आएको हो । हाम्रो बाब्सा मुगु ग्याल्सा हो भनेर मोक्तानहरूले भन्न सकेका छन् । यो सबै ती नै प्राचीन तामाङ श्रुति परम्परामा रहेका तामाङ लोक आख्यानहरू भएकाले नै हो ।

त्यसकारण तामाङ साहित्यको जग खोज्न विस्तृत विश्लेषण तथा अध्ययनहरू प्रकाशमा आएका छन् । कति हुन बाँकी नै छ । सबैको गहन अध्ययन हुनु बाँकी नै छ ।

बौद्धधर्म शास्त्रीय लामा लिपि र नागरी लिपिबाट मौलिक तामाङ पहिचानसहित वैज्ञानिक *तामयीग* लिपिको विकास गरी *तामयीग* 'तामाङ लेखन प्रणाली युक्त' लिपिमा पत्रपत्रिकाको अलावा, कविता, कथा, उखानटुक्का, गाउँखाने कथा सङ्ग्रह, स-सानो शब्द सङ्ग्रह तथा तामाङ शब्दकोश, इतिहास, औपचारिक तथा अनौपचारिक शिक्षाका पाठ्यपुस्तक, स्कूलले कक्षा पाँचसम्मका पाठ्यपुस्तक आदि साहित्यिक प्रकाशनले तामाङ भाषाको भाषिक विकासको दिसामा नयाँ फट्को मारेको छ ।

मातृभाषिक कृयाकलापलाई नेपालमा २०४६ साल पूर्वआपराधिक कृयाकलाप सरह नै बन्देज लगाएकोले गर्दा तामाङलगायत नेपालमा बोलिने मातृभाषाहरूले शिक्षा, सन्चार, सरकारी कामकाज आदिमा अवसर राज्यले दिनु पर्थ्यो तर दिएन । त्यसैगरी नेपालमा भाषिक विकासका आधारभूत कार्य नेपालको भाषिक कार्ययोजना बन्न सकेन जसले अभिलेखिकरणका निमित्त अपरिहार्य कार्य भाषिक सर्वेक्षण, भाषा भाषिकाहरूको पहिचान, भाषाको मानक लेखनको विकास, भाषावैज्ञानिक व्याकरण, शब्दकोशको निर्माण तथा पठनपाठनको सामग्रीहरूको विकास हुन सकेन ।

तामाङ भाषाको मौलिक लिपि *तामयीग* को विकास तथा प्रवर्द्धन तथा प्रयोगको विस्तारका साथै तामाङ साहित्यको विकासमा पनि थुप्रै युवाहरू संस्थागत रुपमा *तामाङ डाजाङ, प्राङबोला न्हान,* तामाङ स्रस्टा समाज आदिको उदय भएका छन् । तामाङ भाषाको यस्ता संस्थाहरूको अलावा र व्यक्तिगत रुपमा कथा, कविता जस्ता विधाहरूमा थुप्रै प्रकाशनहरू आइरहेका छन् । तामाङ साहित्यलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

१२.१ *ओन्माला* तामाङ *म्योतकाओ* 'प्राचीन साहित्य'

तामाङ साहित्यमा प्राचीन साहित्य भन्नाले तामाङ जातिको धार्मिक तथा सांस्कृतिक विकाससँगै भएको लिखित विकासले जन्माएका ग्रन्थहरू पर्दछन् । जब तिब्बतमा राज्यले संस्कृत बौद्ध साहित्यका अनुवादको माध्यमबाट तिब्बती बौद्ध साहित्यको विकास गऱ्यो, भौगोलिक रूपमा निकट तामाङ भूगोलमा पनि यसको प्रभावकै कारण तामाङ भाषाले आफ्नो गौरव गर्दै आएको *जीक्तेन तामछ्युओ*ही हरू श्रुति परम्पराबाट लेख्य परम्परामा आएको देखिन्छ । जो लेख्य परम्परामा आए, त्यसमा पहिले त्यो श्रुति परम्परामा थियो भन्ने अवशेष पाइन्छ । तामाङ *ह्युओ*हीहरूको *बाब्सा* र *ह्युओगी फोला*हरू बताएर टुङ्गिएको स्थानमा यसो लेखिएको छ ।

...'ह्युओ डान चुर्कु ङीला बाब छुल जोकजी । हितासी दोसी लोर्ग्यु सुर गीक ङ्यान सान्सी स्युगो ।.... " अर्थात् ४२ ह्युओको उद्गम क्रम बताइ सकियो । अब आख्यानको एक छेउ सुनिदिनु हुन अनुरोध गर्दछु । (जीक्तेन तामछ्युओ: २००५:९९) ।

यसैगरी सृष्टिको वर्णन गाथामा *दाङबो ताम्बासे लेङमा ताम । ङ्यान्साम बीसाम पाङला ङाम । मीछेन नोर्बुला ग्याल कार्प । गान्बा गान्सुमदा फ्यापुल्ला ।* अर्थात् उहिले *ताम्बाले* भनिराखेको कुरा सुन्नुहुन्छ भने भन्छु म । मणिरत्न महामानवको मुहार सेतो । आदरणीय व्यक्तिहरूमा *फ्यापुल्लो ।..."* (*ताम्बा काओतेन व्हाओ रीमठीम* : १९९७:१०) अर्थात् यहाँ पनि पनि सुन्ने र सुनाउने कुराको नै वर्णन गरिएको छ ।

पहिलो त तामाङ आदिवासी समुदायले धर्मशास्त्रका भाषा तथा लिपिको सिक्ने र सिकाउने परम्परा *गोन्पा* शिक्षा परम्परा सीमित रुपमा भए पनि अवसर पाए जसले गर्दा *जीक्तेन तामछ्युओही, ताम्बा काओतेन, कुर्पा खाछ्युओही, ताम्बाला ताम* जस्ता ग्रन्थहरू तत्कालीन तामाङ लामाहरूले

त्यही आफूले जानेको सिकेको लिपिमा लेखेर राखेको हुँदा नै त्यो समयमा मौखिक रूपमा प्रचलनमा रहेका तामाङ सृष्टिसम्बन्धी आख्यान, गाथा गीत, धर्मका प्रमुख गुरुहरूको नाम्दार आदि आज पाइएको हो ।

त्यसैगरी बाह्र तामाङको *रीमठीमका* कुराहरू पनि फाट्टफुट्ट पाइन्छन् । यसले तामाङ प्राचीन साहित्यको मात्र नभएर राजनीतिक इतिहास उजागर भएका छन् । यस्ता ग्रन्थ तथा मौखिक परम्परा मुख्यतया तामाङ जातिको वंशावली र *रीमठीमहरू*मा नै केन्द्रित देखिन्छ । यसप्रकार तामाङ भाषाको प्राचीन साहित्यको यथेष्ट मात्रामा नभए पनि तामाङ साहित्यिक परम्परा आजको मात्र होइन भन्ने प्रमाणित गर्न यी ग्रन्थहरू पर्याप्त छ । केही तामाङ प्राचीन साहित्यका ग्रन्थ तथा विधाहरूको बारेमा निम्नानुसार चर्चा गर्न सकिन्छ ।

तामाङ दोङह्राप/फाह्राप 'वंशावलीहरू'

खास गरेर तामाङ वंशावलीहरू नै प्राचीन तामाङ साहित्यका मुख्य ग्रन्थहरू हुन् । यहाँ तामाङ वंशावली भन्नाले यसको सग्लो पुस्तकाकारमा शास्त्रीय बौद्ध धर्मको ग्रन्थहरूको पेछ्या शैलीमा एउटै *पेछ्या*भित्र तामाङका *ह्रुअी*हरूको *बाब्सा, ठुङसा* र *फोला*का बारेमा, संसारमा विभिन्न वस्तुहरूको परस्परको एक अर्कामा हुने *ब्रेल्बा* (सम्बन्ध) का बारेमा र विभिन्न ज्ञान विज्ञान र युग पुरुषहरूको आख्यान *ल्होर्ग्यु* 'आख्यान' हरू बताएका हुन्छन् ।

यसलाई *ताम्बाकाअीतेन, जीक्तेन तामछ्युोअी* भनेर चिनिन्छ । यसमा धर्मको प्रवर्तक, राजा महाराजा, विभिन्न जनता वृत्तान्त, संसार सृष्टिका गाथा, तामाङ *ह्रुअी*हरू उद्भव स्थान र फोलाहरू, अर्ती उपदेशका आख्यानहरू संसारिक जीवनमा रहेको हरेक भौतिक तत्त्वहरू परस्परको सम्बन्ध आदिको विवरणहरू दिइएको हुन्छ ।

रीमठीम 'संस्कार संस्कृति'

तामाङ आदिवासी समुदायको विभिन्न संस्कृति, संस्कारहरू ताम्बाको भाखामा विवाह, *टाप्च्ये* 'छेवार' तथा अन्य *दोअीला, कीरार्बा कीर्बा क्लाङबा* जस्ता अवसरहरूमा गाउने ऐतिहासिक गीतहरू नै *ह्रामा* वा *रीमठीमका क्वाअी* हुन् । यस्ता *रीमठीमका क्वाअी*हरू पनि स-साना हस्तलिखित ग्रन्थहरूका रुपमा लेखिएको पाइन्थ्यो । यसमध्ये ई. १९५९ मा दार्जीलिङबाट सन्तवीर पाखिनको *सेबु सेमु* देवनागरी लिपिमा प्रकाशनमा आएको थियो । कृष्णमान लामाको *मार बुंबा, म्हुअी बुंबा, ब्रेल्बाला क्वाअी* सं. २०३६ सालमा प्रकाशन

भएको थियो । सिक्किमका जिडि लामाद्वारा *तामाङ च्यङनीला ठीम थेन ताम छ्योअी* सन १९८३ आदि प्रकाशनमा आएका थिए । यी ग्रन्थहरूको मूल स्रोत पुरानो *जीक्तेन ताम छ्योअी, ताम्बा काअीतेन* आदि नै हो ।

१२.२ तामाङ *युल्बाला म्योतकाअी* 'लोक साहित्य'

तामाङ भाषामा तामाङ बस्तीहरूमा प्रशस्त लोकसाहित्यको भन्डार पाइन्छ । तर नेपालमा राज्यले "एक जाति र एक भाषा र एक भेष" को नीति अवलम्बन गरेको कारण खस नेपाली भाषा बाहेकका भाषाहरूले आफ्नो भाषालाई व्यवहारमा प्रयोग गर्नसम्म पाएन । यसले गर्दा लोक साहित्यको अपार भन्डार भए तापनि त्यसले फक्रने अवसर पाएका छैन ।

एउटा गाउँको सानो बस्तीमा सयौं कथा, आख्यान, वीरताका गाथाहरू पाइन्छन् । यसलाई नुवाकोटका बीगेन्द्र वाअीबाले सङ्कलन गरेको *याबेङ स्योङ* कथा सङ्ग्रहले पुष्टि गरिदिएको छ ।

तामाङ लोकसाहित्यमा लोक कथा, आख्यानहरू, वीरताका गाथाका गीत, संसार उत्पत्तिको *नाम्थार*, वन जङ्गल र जनावरहरू जीवन, सिकारको आख्यान, सिकारको गाथा, पश्चिम १ नम्बर रसुवा, नुवाकोट, धादिङका तामाङ नाम्सा तथा *युल्साह*रूमा *छेस्युग* जस्तो हप्तौंसम्म सयौं आख्यानहरूसहित उपदेश गरिने प्रदर्शनकारी लोक कलाहरू *ताचेमा* 'घोडे नाटक', *डाब्ला चेमा* 'रक्षादलको नाटक' *डोवा चेमा* 'बँदेलको नाटक', *कीर्बा क्लाङबा* 'सिकारी खेलको नाटक', *यारतेन चेमा* 'भेषभूषा र गरगहनाको नाटक', *जोगी, कीरात्बा, माकार/तीम्ड्यु चेमा* 'बाँदरको चकचकी गाथा नाटक', नाटक, सडक नाटक आदिका साथै गोठका गोठालाका गाथा, याकका गोठाला नाटक कैयौं आख्यान तथा कथाहरू पाइन्छन् भने पूर्व नम्बर काभ्रे दाप्चा, तेमाल भेगमा सांस्कृतिक दोअीला पूजाको सन्दर्भमा पश्चिमतिरको *छेस्युग*मा जस्तो विभिन्न नृत्यसहितको नाच, नाटकहरू उपदेश गर्न गरिन्छ ।

यसरी नै लोक गीत तथा लोक काव्यका रूपमा *नाम्साह*रू, *गोन्पाह*रू, *युलह*रू, *ग्याल्साह*रू, विभिन्न फूलहरूको महिमा काव्यहरू *दोरा व्हाअी*को रुपमा जीवन्त मौखिक श्रुति परम्परामा पाइन्छ । तामाङ लोकसाहित्यमा जमिनको खनजोत र जमिनमुनिका जीवहरूको घर, जीवनका बारेमा बताइएको गोरु जोत्दाको गीत *लाङबो ताप्पा*, खेती गर्दा, खेतबारीमा

झारहरू गोड्दा, वनमा दाउरा टिप्न जाँदा र दाउरा काट्दा बखतको जीव र मानवका सम्बन्ध, पर्यावरणको सम्बन्ध बडो सचेतता/सजगकताका मौलिक लोकगीत *लीङमा* पाइन्छ ।

तामाङ लोक साहित्यको क्षेत्रमा एकाध ग्रन्थ सन्तवीर पाखिनको *ताम्बा काओथेन व्हाओ रीमठीम* ई. १९५६, उनैको *सेबु सेमु ह्रामा* गीत ई. १९५७, शंखबुद्ध लामा तथा साथीहरूको *कार्पा ल्होर्गयुओ छ्योओ ताम*, कृष्ण लामाको *म्हार बुम्बा, म्हुओ बुंबा, ब्रेल्बाला व्हाओ* ई. १९८९, अजितमान तामाङका कथा सङ्ग्रह *बारु युल्सा* ई. १९९२, बिगेन्द्र वाओबाको कथा सङ्ग्रह *याबेङ स्योङ* ई. १९९८ मा प्रकाशन भएका केही तामाङ लोकसाहित्यका सङ्ग्रहहरू हुन् । यसै गरी परशुराम तामाङ *ह्याङ्ला ताम्बा काओतेन* सन २००० मा, अजितमान तामाङको *तामाङ जातिका मौखिक इतिहासका अवशेषहरू*, ई. २००२, कर्णेल युनिभरसिटिका क्याथ्रिन एस मार्चको इफ *इच कमस हाफ वे, मिटिङ तामाङ वमेन इन नेपाल*, ई. २००२, मोक्तान बीबी तामाङका *मोक्तान ह्रुओकी फोला छ्योओ* ई. २००६ आदि केही उल्लेख्य तामाङ लोकसाहित्यका लोककथा, लोकगीत, लोक आख्यान, लोककाव्य, लोक संस्कृति, लोक इतिहास विधाका समेटिएका हाल प्रकाशनमा आएको तामाङ लोक साहित्य सङ्ग्रह भएका कृतिहरू हुन् ।

***तामाङ युलबाला नाम्दार* 'लोक कथा'**

तामाङ लोक जीवनमा सयौं हजारौंको सङ्ख्यामा लोक कथाहरू यत्रतत्र छरिएर रहेको पाइन्छ । तापनि तामाङ लोक कथाका क्षेत्रमा पनि खास काम हुन सकेको छैन । तामाङ समाजमा उपदेशमूलक, उपाय बुद्धि बारेका, ऐतिहासिक, सांस्कृतिक, धार्मिक, नाता सम्बन्धका, उत्पत्तिका बारेमा, शिल्पकला बारेका, वीरता बारेका, लोक कल्याण बारेका लोककथाहरू पाइन्छ । अजितमान तामाङको कथा सङ्ग्रह *बारु युल्सा*को *न्हु थेन बाओ कोला* उपाय बुद्धिको लोक कथाका उदाहरणहरू हुन् भने तामाङ भाषामा सृजनात्मक साहित्यको विकास हुँदै गरेकाले लघुदन्ते कथाहरूको सङ्ग्रहहरू प्रकाशन आएको छैन । तर विभिन्न तामाङ पत्रिकाहरूमा भने फाट्टफुट्ट कथाहरू प्रकाशन हुन थलेका छन् । अजितमान तामाङको कथा सङ्ग्रह *बारु युल्सा* मा *बारु युल्सा* शीर्षकमा एउटा दन्ते कथा परेको छ । बेलबारीका रमेशकुमार लामाको आफ्नै सम्पादनमा प्रकाशित सैलुङ मासिकमा उनको ६ वटा दन्त्यकथा प्रकाशित भएका छन् भने पछिल्लो चरणमा तामाङ डाजाङले आफ्नो प्रकाशन *डाजाङ* मा कथाहरू पनि प्रकाशन गर्दै आएको

छ । तामाङ भाषामा विभिन्न विधाका कथाहरू पाइएका छन् । वीरताको कथा, ऐतिहासिक कथा, अर्ती उपदेशको कथा, उत्पति कथा, धार्मिककथा, भूतप्रेतको कथा, बाल कथामा हालै विश्वनाथ योन्जनको *झाला युल* शीर्षकको बाल कथा सङ्ग्रह र रामकुमार जीम्बाको *म्हाङ* कथा सङ्ग्रह पनि प्रकाशनमा आएका छन् । तापनि तामाङ भाषामा कथाहरू प्रकाशनमा आएकोमा नगन्य सङ्ख्यामा मात्र रहेका छन् ।

तामाङ ताम्पे 'तामाङ उखान टुक्का'

तामाङ भाषामा उखान टुक्कालाई *तामाङ ताम्पे* भनिन्छ । तामाङ भाषामा प्रशस्त उखान टुक्काहरू पाइन्छन् । तामाङ भाषामा उखान टुक्काहरू पाईए पनि पर्याप्त मात्रामा सङ्कलन तथा प्रकाशन भने भएको छैन । तामाङ उखान टुक्कामा इतिहास, अर्ती उपदेश, साहसका विषयवस्तुहरू समेटिएको पाइएको छ । हालसम्म अजितमान तामाङको तामाङ *ताम्पे* ई. १९९५, यसबाहेक अरू तामाङ उखान टुक्का सङ्ग्रह प्रकाशनमा आएको छैन । तामाङ भाषामा उत्कृष्ट तामाङ उखानहरू पनि पाइन्छ । उदाहरणका लागि ककनी नुवाकोटमा पाइएको एउटा तामाङ *ताम्पे*मा *काकानीला ग्ले रुम्बा नाकी डीसे प्लाक तुम्बा* भनेर तामाङ राज नेताका सन्तानलाई व्यङ्ग्य गरिएको पाइन्छ ।

तामाङ जोम क्लाङ/ओम क्लाङ 'गाउँ खाने कथा'

तामाङ भाषामा गाउँखाने कथालाई *जोमक्लाङ/ओमक्लाङ/कोर्चाक्लाङ* भनिन्छ । तामाङ समुदायमा खेती बाली रोपाइँ तथा बाली भित्र्याउने समयमा कामसँगै गाउँ खाने कथा साथीसँगीहरूसँग ठट्टा रमाइलो गरी *ङ्योत्पा दोबा* सोध्ने खेलको रुपमा खेलिन्छ । टुक्का मिलाएर सोध्नुको साथै तामाङ समुदायमा गीतबाट पनि *जोमक्लाङ* खेल्ने गरिन्छ । तामाङ *जोमक्लाङ*को एउटा सङ्ग्रह अजितमान तामाङको *जोमक्लाङ/ ओमक्लाङ/ कोर्चा क्लाङ* ई. १९९५ मा प्रकाशन भएको छ भने गीति *जोमक्लाङ* सन्तवीर पाखिनको *ताम्बाकाओतेन क्वाओ रीमठीम* पुस्तकको पृष्ठ ३७-४० मा प्रश्न उत्तर गीतको रुपमा प्रकाशित भएको छ ।

तामाङ चेमा 'नाटक'

तामाङ तामाङ भाषामा नाटकलाई *चेमा* भनिन्छ । तामाङबस्तीहरूमा विभिन्न सन्दर्भहरूमा सडक नाटक जस्तो देखाउने चलन छ । रसुवा नुवाकोट, धादिङ भेगमा ल्होछारको समय वरिपरि *छेस्युग* उत्सव मनाइन्छ । यो उत्सवमा प्रत्येक दिन जस्तो एउटा या दुई नाटक उपदेश गर्ने गरिन्छ । यस्तै काभ्रेको तिमाल भेगमा पनि *दोओीला* पूजा सन्चालन गरेको बेलामा

विभिन्न नाटकीय नाचहरू प्रदर्शन गरिन्छ। यो प्रस्तुतिलाई पनि एक प्रकारको सडक नाटकका रुपमा हेर्न सकिन्छ।

तर तामाङ भाषामा नाटक लेखेर मन्चन गरेका सुनिएका छन्। तर कमै मात्र छन्। हालसम्म उल्लेख्य तामाङ नाटक प्रकाशनमा आएको छैन।

१२.३ तामाङ गीत

तामाङ गीतहरूको बारेमा संस्कृति तथा गीत सङ्गीत अध्यायमा चर्चा गरिएको छ। तामाङ भाषामा गीतलाई *व्हाअी* अथवा *लु* भनिन्छ। तामाङ भाषामा धेरै प्रकारका *व्हाअी* तथा *लुहरू* पाइन्छ। खास गरी संयोगान्त हुने, बिछोड हुने, नरमाइलो हुने बेलामा गाउने गीतलाई *छेर्लु* भनिन्छ भने रमाइलो, खुसी भएको बेला, मित्रहरू तथा आफ्ना प्रियजनसँग भेट हुँदा गाउने गीतलाई *चोम्लु* भनिन्छ। यस्ता गीत ई. १९७७ तीर *थ्वीन्डेल* नामको सिताराम तामाङ र साथीहरूको सम्पादकत्वमा प्रकाशित पत्रिकासमेत प्रकाशन भएका छन्। यसबाहेक तामाङ समाजमा अर्ती उपदेशका गीत, बालकलाई सुताउँदा गुनगुनाउँदै गाउने बाल गीत, शिल्पकलाको थारे तान बुन्दा गाउने र गुनगुनाउने गीत, *बोमसाङ* गीत, फुल गन्ने गीत, *वारवार व्हाअी, साअीकोले व्हाअी, म्हेन्दो माया व्हाअी, लीङमा व्हाअी, लाङबो ताम्बा व्हाअी, छोङ की व्हाअी, चाङ थेन स्युमेला व्हाअी* आदि असङ्ख्य तामाङ *व्हाअी* तथा *लुहरू* छन्।

१२.४ तामाङ साहित्यको उत्थान तथा सङ्गठन

तामाङ *ग्योतकाअी*को उस्थान तथा सङ्गठनको मुख्य श्रेय *ताम्बा, लाप्ताबा, बोमसाङ खेनहरू* नै हुन्। तामाङ समाजका यी अगुवा नेतृत्वदायी व्यक्तित्वहरूको कारण तामाङ भाषाको लिखितभन्दा बढि श्रुति परम्परा तथा मौखिक परम्परा आजसम्म तामाङ भाषाको आख्यानहरूलाई संरक्षण गर्दै ल्याएकाले नै आजसम्म तामाङ भाषामा आफ्नो पुर्खौली थलोहरूको पहिचान सम्भव भएको हो।

त्यसकारण बाह्र तामाङले बसालिआएको थितिहरूले गर्दा नै तामाङ वंशावलीहरू आजसम्म यो रूपमा बाँच्न सफल भएको हो। यसैले तामाङ समाजका तामाङ *ग्योतकाअी*का प्रवर्तकका रुपमा *ताम्बा, गान्बा* तथा *ल्हाप्ताबा, बोन्बो म्हेमेहरू*लाई पुर्खाको पालादेखि चलि मानी ल्याएको यो परम्पराको रक्षा हुनुमा मुख्य श्रेय जान्छ।

❑❑

१३. *छोर्बा सोर्बा ग्लाखोररी तामाङ म्योत*

'सूचना, सन्चार तथा सरकारी निकायमा तामाङ भाषा'

हाल तामाङ भाषाको प्रयोग केही सरकारी तथा गैरसरकारी निकायहरूमा सीमित क्षेत्रमा मात्र भएपनि प्रसारण, छापालगायत विद्युतीय सन्चार माध्यममा पनि प्रयोग भइराखेको छ । राज्यबाट मातृभाषामा शिक्षा सूचनाको हक जस्तो आधारभूत मानवअधिकारका हकहरूसम्म पनि प्राप्त छैन ।

आफ्नै बलबुताले अन्य नेपाली आदिवासी जनजाति मातृभाषाहरूको तुलनामा तामाङ भाषाको प्रयोग विस्तार र विकास सकारात्मक नै देखिन्छ । नेपालमा बोलिने मातृभाषाहरूमध्ये खस नेपाली भाषा (सरकारी कामकाजी) र नेवारी (नेपाल भाषा) पछि सर्वाधिक प्रयोग हुने तामाङ भाषा नै हो । तामाङ भाषा विद्युतीय सन्चार माध्यममा सर्वाधिक ४० भन्दा बढि एफएम रेडियो प्रसारण केन्द्रहरूबाट दैनिक, अर्धसाप्ताहिक तथा साप्ताहिक मनोरञ्जनात्मक कार्यक्रमहरूलगायत समाचार प्रसारण भइरहेको छ ।

नेपालमा मातृभाषाको गीत सङ्गीतको क्षेत्रमा पनि सर्वाधिक बिक्ने गीति क्यासेट तामाङ भाषाको नै रहेको कुरा बिक्रेता तथा वितरकहरूले बताएका छन् । त्यसैगरी नेपालको छापा माध्यममा पत्रपत्रिकामा पनि नेपाल भाषापछि तामाङ भाषा नै अग्रस्थानमा छ । नेपालका मातृभाषाहरूमध्ये सरकारी कामकाजीभाषा पछि तामाङ भाषा नै सर्वाधिक विद्युतीय सन्चार माध्यममा प्रयोग हुने भाषा हो । यसले नै सिद्ध गर्दछ कि तामाङ भाषाको प्रयोग तामाङ दैनिक जीवनमा अपरिहार्य छ । हाल तामाङ भाषा अनौपचारिक शिक्षा तथा प्राथमिक शिक्षादेखि छापा तथा कम्प्युटरबाट इन्टरनेट आदिमा पनि प्रयोग भइसकेको छ । नेपालमा मातृभाषाको गीत (सङ्गीतमा सर्वाधिक बिक्ने गीति क्यासेट तामाङ भाषाको भएको कुरा

बिक्रेता तथा वितरकहरू बताउँछन् । निकट भविष्यमै विश्वविद्यालय (प्रवीणता प्रमाणपत्र तहमा) स्तरमा पनि पठनपाठनको तयारी भइरहेको छ ।

१३.१ सरकारी निकायमा तामाङ भाषा

तामाङभाषाको हालसम्म सरकारी निकायमा नेपाल र भारतको सिक्किम राज्य सरकार बाहेक अन्यत्र कुनै पनि निकायमा प्रयोमा आएको देखिदैन । तसर्थ, तामाङ भाषाको सरकारी प्रयोग दुई देशमा निम्नानुसार भएको देखिन्छ ।

नेपालमा सरकारी निकायमा तामाङ भाषाको प्रयोग

नेपालमा सरकारी निकायमा तामाङ भाषा माध्यम भाषाको रुपमा हालसम्म आधिकारिक प्रयोग हुन सकेको छैन । झन् नेपालको सर्वोच्च अदालतको ई. १९९९ जून १ तारिखको निर्णयले मातृभाषा सरकारी कामकाजमा माध्यम भाषाको रुपमा प्रयोग निषेध गरेकाले तामाङ भाषाको सरकारी कामकाजमा प्रयोग हुन सक्ने सम्भावनालाई समेत यो निर्णयले घाँटी निमोठिदिएको छ । सरकारीस्तरबाट तामाङ भाषाको विकासमा भएको कार्य निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

सरकार नियन्त्रित 'गोरखापत्र दैनिकमा' पत्रिकामा तामाङभाषा

नेपालमा जहानीया राणा शासनकालमा श्री ३ जुद्धशमसेरको पालामा ई. १९३२ अक्टुबर १७ तारिख सोमबार भाग-३२, सङ्ख्या २६-२७ मा जुद्धशमसेर जंगबहादुर राणाले तामाङ भाषामा सम्बोधन गरेको सम्बोधनको अंश छापिएको थियो । यो नै सरकारी पत्रिकामा आधिकारिक रुपमा पहिलो पटक तामाङ भाषाका केही अंश छापिएको थियो ।

नेकपा (माओवादी) ले सन्चालन गरेको १० वर्षे जनयुद्धको बलमा भएको दोस्रो जनआन्दोलनपछि बनेको अन्तरिम संविधान र अन्तरिम सरकारमा माओवादीको भागमा सन्चार मन्त्रालय परेपछि विभिन्न मातृभाषाहरूलाई पनि गोरखापत्रमा स्थान दिने निर्णय भएदेखि २०६४ भाद्र २४ गते पहिलो पटक गोरखापत्र राष्ट्रिय दैनिकमा तामाङलगायत भाषाहरूमा सरकार नियन्त्रित राष्ट्रिय दैनिक पत्रिका गोरखापत्र नयाँ नेपालको नाममा बहुभाषिक पृष्ठको प्रकाशन आरम्भ भयो । २०६४ असोज १ गतेदेखि तामाङलगायत २८ भाषाहरूमा आजसम्म निरन्तर पाक्षिक रुपमा पालो आउने गरी गोरखापत्रको नयाँ नेपाल *तामयीग* तामाङ लिपि र *तामयीग* देवनागरी

लिपिमा तामाङ भाषामा एक पेज महिनाको दुई पटकसम्म प्रकाशित भइरहेको छ ।

सरकार नियन्त्रित ...रेडियो नेपालमा स्थान

नेपालमा सरकारी सन्चार माध्यमहरूमा मातृभाषाहरूलाई पनि स्थान दिनुपर्छ भनेर नेपाल तामाङ ग्हेदुङलगायत मातृभाषी जनजातिहरूको साझा संस्था नेपाल जनजाति महासङ्घको सकृयतामा सरकारलाई विभिन्नस्तरको मातृभाषासम्बन्धी गोष्ठी र कार्यशालाहरूको सुझावका आधार दबाव परेपछि सरकारले तत्कालिन सांसद नरहरि आचार्यको अध्यक्षता जनजाति महासङ्घका महासचिव परशुराम तामाङ, बैरागी काँइला, नोवेल किशोर राईलगायत रहनुभएको रेडियो नेपालबाट राष्ट्रिय भाषाहरूमा समाचार प्रसारण गर्नेबारे सुझाउ समिति बन्यो र यो समितिले ई. १९९४ अप्रिल ८ तारिख आफ्नो सुझाउ प्रतिवेदन सरकार समक्ष बुझाएको थियो । यसको लगत्तै चार महिनापछि ई. १९९४ अप्रिल १७ तारिखबाट तामाङ भाषामा नेपालमा पहिलो पटक ५ मिनेटको समाचार बुलेटिन रेडियो नेपालको मिडियम वेभ ७९२ किलोहर्ज र सर्टवेभ ११४३ किलोहर्जको फ्रिक्वेन्सीबाट अपरान्ह ४.०५ बजे प्रसारण आरम्भ भएको थियो । हाल यो तामाङ भाषाको समाचार बुलेटिन प्रत्येक दिनको ९.४० बजे बिहान उपरोक्त फ्रिक्वेन्सीमा प्रसारण भइरहेको छ ।

यसपछि पनि नेपालका मातृभाषी संस्थाहरूको निरन्तर दबाबमा फेरि रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रहरूबाट मातृभाषामा थप कार्यक्रमको प्रसारण ई. १९९७ जुन १९ तारिखदेखि १५ मिनेटको साप्ताहिक तामाङ भाषाको रेडियो कार्यक्रम प्रसारण हुँदै आइरहेको छ ।

यी दुई कार्यक्रम नै नेपालमा सरकार नियन्त्रित प्रसारण सन्चार माध्यममा तामाङ भाषाको प्रथम प्रयोग प्रयास हो । समाचारका अलावा सार्वजनिक सूचना तथा विभिन्न स्वास्थ्य एवम् व्यापारिक प्रतिष्ठानहरूले तामाङ भाषामा प्रसारण गर्न गरिएको छ ।

तामाङ भाषामा पाठ्यक्रम पाठ्यपुस्तक निर्माण

नेपालमा तत्कालीन श्री ५ को सरकारको स्वामित्त्वमा रहेको पाठ्यक्रम विकास केन्द्र, सानो ठिमीले नेपालका जनजाति सङ्घ-संस्थाहरूले सरकारलाई दबाब दिएपछि नेपालका विभिन्न मातृभाषाहरूमा ऐच्छिक पाठ्यपुस्तक

बनाउने क्रममा तामाङ भाषाको कक्षा एकदेखि कक्षा पाँचसम्मको पाठ्यपुस्तक निर्माण गरेको छ। तर त्यो पाठ्यपुस्तक आम तामाङ जाति र तामाङ भाषीहरूको भावना विपरित तामाङहरूको आफ्नो लिपि हुँदा हुँदै पनि जबर्जस्ती देवनागरी लिपिमा बनाएका हुनाले हालसम्म लागू गर्न सकेका छैन।

तसर्थ, नेपालको तामाङहरूको राष्ट्रिय संस्था नेपाल तामाङ घेदुङले तामाङ जातिको भावनामा ठेस पुग्ने गरी तामाङ भाषाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप नेपाल सरकारले तामाङ भाषाको पाठ्यक्रम नबनाएको हुनाले यसलाई तामाङ भाषाको मौलिक लिपि *तामयीग* मा नबनाएसम्म बहिष्कार गर्न आम सर्वसाधारण तामाङहरूलाई आह्वान समेत गरेको छ।

यसपछि भरखरै तामाङ भाषाको कक्षा १ को पाठ्यपुस्तक *तामयीग* तामाङ लिपिमा तयार भइसकेको छ। तर छपाइको कार्य हुन सकेको छैन भने अब कक्षा ६-८ को पनि तामाङ भाषाको पाठ्यक्रम बन्ने प्रकृया रहेको छ। यो मातृभाषाको शिक्षण कार्यक्रम स्कूलमा मातृभाषाको शिक्षकका छुट्टै स्थायी दरबन्दी नरहेको (मातृभाषी शिक्षकको दरबन्दी राख्ने सरकारको नीति नरहेको) कारणले पनि यो लागू गर्न कठिन भइराखेको छ।

भारतमा तामाङभाषाको प्रयोग तथा विकास

भारतको दार्जीलिङ, कालिम्पोङ, पूर्वोत्तर आसमलगायत सिक्किम राज्यमा तामाङ भाषीहरू रहेकाले भारतका यी क्षेत्रहरूमा तामाङ भाषाको प्रयोग विभिन्न रुपमा भइरहेको छ। कतै सरकारीस्तरमा नै छ। धेरैजसो स्थानहरूमा गैरसरकारी संस्थाहरूले संस्थागत रुपमा नै तामाङ भाषाको प्रयोग तथा विस्तारमा काम गरिरहेका छन्।

भारतको पहाडी र हिमालय राज्य सिक्किम राज्यमा त्यहाँको स्थानीय र क्षेत्रीय राजनीतिक पार्टी एसडीएफले चुनाव जितेर राज्यको मुख्यमन्त्री पवन चाम्लिङ भएपछि ई. १९९५ देखि राज्यस्तरमा सरकारी कामकाजमा पनि तामाङ भाषाले मान्यता पाएको छ। राज्य सरकारले त्यहाँ तामाङ भाषाको लागि निम्न कामहरू गरेको छ। जो आजसम्म पनि निरन्तर चलिरहेको छ।

सिक्किम विधानसभामा मातृभाषी अनुवादको व्यवस्था

राज्यको विधानसभामा सांसदलगयात विभिन्न मातृभाषी सिक्किमेली जनतालाई राज्यको कार्यविधिको जानकारी दिई पारदर्शी गर्ने उद्देश्यले

प्रत्येक मातृभाषाका अनुवादक दुईजनाको विधानसभामा सरकारले स्थायी कर्मचारीको व्यवस्था गरेको छ। प्रत्येक वर्षको विधानसभाको कार्यविवरण तामाङभाषा र *तामयीग* तामाङ लिपिमा समेत प्रकाशन गर्दै आइरहेको छ।

सरकारको तर्फबाट *सिक्किम हेराल्ड* पाक्षिक प्रकाशन

भारतको सिक्किम राज्य सरकारको तर्फबाट तामाङ भाषा र *तामयीग* तामाङ लिपिमा पाक्षिक पत्रिका ई. २००० देखि नियमित प्रकाशन भइरहेको छ। यसको लागि राज्यले नै छुट्टै एकजना तामाङ भाषा विशेषज्ञलाई सह-सम्पादकमा नियुक्ति गरेको छ। *सिक्किम हेराल्ड* तामाङभाषी जनतालाई निःशुल्क उपलब्ध गराएको छ।

सिक्किम विधान मातृभाषाको विकास बोर्ड

सरकारले जनताको तामाङलगायतको मातृभाषाका बारेमा विकास तथा खोजबीन गर्ने प्रत्येक मातृभाषी समुदायलाई आर्थिक सहयोग उपलब्ध गराएको छ। तामाङभाषी समुदायलाई पनि तामाङ भाषा र लिपिको खोजी तथा अनुसन्धानका लागि त्यस्तो सहयोग उपलब्ध भएको कारण तामाङ भाषा र *तामयीग* तामाङ लिपिको खोजी मात्र होइन, हाल पाक्षिक पत्रिका *सिक्किम हेराल्ड* तथा प्राथमिक तहको पाठ्यक्रम पाठ्पुस्तक तामाङभाषा र लिपिमा सम्भव भएको हो। यसका लागि सरकारको मान्यता प्राप्त प्रत्येक भाषाको विशेषज्ञहरू सामेल गरिएको छुट्टै भाषा विकास बोर्डसमेत कृयाशील छ। (पाठ्पुस्तकबारे अनुसूची-३ मा हेर्नुहोस्)

गैर सरकारी क्षेत्रमा तामाङ भाषाको प्रयोग

तामाङ भाषाको प्रयोग सरकारी भन्दा गैर सरकारी क्षेत्रमा दिनानुदिन बढ्दै गइरहेको छ। जसमा तामाङ गैरसरकारी संस्थाहरूको भूमिका महत्वपूर्ण रहेको छ। गैरसरकारी क्षेत्रमा सन्चारका माध्यमहरू रेडियो, पत्रपत्रिका, पाठ्यपुस्तक, टेलिभिजनका कार्यक्रमहरू, सूचनामूलक सामग्रीहरूको अनुवाद मुख्य छन्। निम्न गैरसरकारी क्षेत्रहरूमा तामाङ भाषाको प्रयोग भएको पाइन्छ।

एफएम रेडियोहरूमा तामाङ भाषाको प्रयोग

सर्वप्रथम काठमाडौ महानगरपालिकाले सन्चालन गरेको मेट्रो एफएमबाट दैनिक आधा घन्टाको तामाङ भाषाको कार्यक्रमबाट एफएम रेडियोमा तामाङ भाषाको कार्यक्रम प्रसारण भएको हो। मेट्रो एफएममा हाल पनि

नाङसाल कार्यक्रम दैनिक प्रसारण भइरहेको छ । यो सरकारको स्थानीय निकायको स्वामित्त्वमा रहेको एफएम रेडियो स्टेशन हो ।

तामाङ भाषीहरूको आफ्नै सकृयतामा एफएम रेडियोहरूमा कार्यक्रम प्रसारण भएको हो । यसरी तामाङ भाषामा एफएम रेडियो कार्यक्रम उत्पादन तथा प्राविधिक सल्लाह र सहयोग प्राप्त नभए पनि प्रायः एफएम रेडियो स्टेसनले दिने साधारण प्राविधिक तालिमहरूबाट नै अधिकांश एफएम रेडियोमा तामाङ भाषाका कार्यक्रम सन्चालकहरूले जसोतसो आफ्नो कार्यक्रम चलाइरहेका छन् । केही स्टेसनहरूले थोरै बाटो खर्च दिएको बाहेक अधिकांश स्टेसनहरूमा कार्यक्रमको समयको किनेर नै सन्चालन गरिरहेका छन् ।

काठमाडौ उपत्यकालगायत कास्की, लमजुङ, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, बाँके, काभ्रे, दोलखालगायत जिल्लाहरूमा सन्चालनमा रहेका झण्डै दुई दर्जनभन्दा बढि एफएम रेडियोहरूबाट तामाङ भाषामा दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक कार्यक्रमहरू पनि प्रसारण भइरहेका छन् ।

टेलिभिजनमा तामाङ भाषा

तामाङ भाषामा नेपाल टेलिभिजनको *एनटिभि टु* मा *ह्याङला छ्यर तास्मालीङ* अन्तर्वार्ता, मनोरन्जन, ज्ञानविज्ञानका विषयमा आधा घन्टाको कार्यक्रम साँझको ६.३० बजेबाट प्रसारण भएको थियो । हाल यो कार्यक्रम बन्द भएको छ भने यही च्यानलमा तामाङ भाषामा संगितात्मक कार्यक्रम भने सन्चालन भइरहेको छ । यसैगरी हालै निजीस्तरमा सन्चालनमा भएको सगरमाथा टेलिभिजनमा तामाङ भाषाको समाचार पनि प्रसारण हुन थालेको छ । बाहिर हावामा तरङ्ग प्रसारण गरेको बाहेक सूचना प्रविधिको सञ्जाल इन्टरनेटको रहेको टेलिभिजन अर्थात् श्रव्य दृश्यसहितको प्रसारणमा पनि सानै अशमा भए पनि हिजोआज इन्टरनेटमा निशुल्क पाइने *यु ट्युब* मा *तास्मालीङ टेलिभिजन* नामले भेटाउन सकिन्छ ।

पत्रपत्रिकामा तामाङ भाषा

ई. १९३२ अक्टुबर महिनाको गोरखापत्र राष्ट्रिय दैनिकमा पहिलो पटक जुद्ध शमसेरले एउटा कार्यक्रममा तामाङ भाषामा बोलेको कुरा पहिलोपटक पत्रिकामा छापिएको थियो । यसपछि तामाङ भाषाको पत्रिका २०१६ सालतिर भोजपुरबाट हस्तलिखित रुपमा साहित्यिक म्हेन्दु 'पत्रिका' प्रकाशमा आएको भनिन्छ । यसपछि २०३३ सालमा सिताराम तामाङ र साथीहरूको

सम्पादकत्वमा *थ्वीन्डेल* नामको तामाङ भाषाको इतिहास तथा रसुवा, नुवाकोट क्षेत्रका तामाङ भाषामा रहेको संयोगान्त तथा वियोगान्त गीतहरू सङ्कलित पत्रिका प्रकाशनमा आएको थियो ।

सं. २०३६ सालको राजनीतिक तापको समयमा तामाङ सेवा गुठी नामक संस्था खुलेपछि थोरै जागरण बढेकाले २०४० तिर तामाङ लोकगायक चन्द्रकुमार मोक्तानले गीतहरूको संगालो *फुलबारी* प्रकाशनमा ल्याएको थियो । यसपछि सं. २०४२ सालमा तामाङ भाषा तथा संस्कृति विकास समितिको बुलेटिन भाग एक र दुई प्रकाशनमा आएको थियो । सं. २०४५ मा *स्योम्हेन्दो* मासिक, २०४६/४७ मा *याम्बु साप्ताहिक* हुँदै २०४६ को प्रथम ऐतिहासिक जनआन्दोलनपछि तामाङ भाषाको साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक आदि प्रकारका दर्जनौ पत्रिकाहरू दर्ता भएर प्रकाशनमा आएका छन् ।

हाल पनि गोरखापत्र दैनिकको 'गोरखापत्र नयाँ नेपाल' तामाङ भाषाको पृष्ठ, मासिक *छार गोङमा* समाचार सूचना तथा समसामयिक समाचार विश्लेषणात्मक, साहित्यमूलक, तामाङ *डाजाङ*को प्रकाशन *डाजाङ* आदि पत्रिकाहरू नियमित प्रकाशित भइरहेका छन् ।

इन्टरनेटमा तामाङ भाषाको प्रयोग

तामाङ भाषा सूचना प्रविधिको क्षेत्रहरूमा पनि विस्तारै प्रवेश भएको छ । सूचना प्रविधिको विश्वव्यापी सञ्जाल इन्टरनेटमा झण्डै दर्जन तामाङ वेबसाइटहरू निर्माण भएका छन् । यसमा तामाङ डटकम, तामाङ्स् डटकम, तामाङ पिपुल्स डटकम, तामाङ समाज डटकम, तामाङ संसार डटकमलगायत विभिन्न ब्लगहरू तामाङ पिपुल्स डट ब्लगस्पट, *ताम्सालीङ* ब्लगस्पट, तामाङ घेदुङ डट ओआरजी डट एनपी आदि सूचनामूलक भाषा, संस्कृति आदिका बारेमा सूचनामूलक इन्टरनेट वेबमा आधारित तामाङ भाषा तथा तामाङ सम्बन्धित साइटहरू रहेका छन् । जो मुख्य गरेर व्यक्तिगत रुपमा खोलिएका छन् ।

यस्तो इन्टरनेटमा आधारित वेबसाइटहरू विभिन्न व्यक्तिगत बाहेक तामाङ सामाजिक सङ्घ संस्थाहरूको आफ्नो आधिकारिक वेबसाइटको रुपमा पनि प्रकाशनमा ल्याएका छन् । जसमा मुख्य गरेर विदेशमा रहनुभएका तामाङ समुदायहरूको संस्थागत वेबसाइट बढि रहेका छन् । यसमा तामाङ सोसाइटी अफ अमेरिका, बेलायतका वेबसाइटहरू महत्त्वपूर्ण रहेका छन् ।

❑❑

१४. तामाङ भाषामा शिक्षा

हालको आधुनिक शैक्षिक पद्धति आउनु अगाडिदेखि नै तामाङ भाषा र धार्मिक शास्त्रीय *अछेन* लिपिमा *गुम्बा*मा *गोन्पा लोप्डा/लोप्खाङ*बाट परम्परागत पद्धतिबाट बौद्ध शिक्षामा साक्षारता हासिल गर्न, दीक्षित हुने चलन थियो र यो प्रचलन अद्यापि पाइन्छ र उनीहरूले नै शैक्षिक मापदण्डको स्तर निर्धारण गरेर दीक्षित थोब-यीक 'प्रमाण-पत्र' दिइन्छ। हिजोआज पनि पहिले-पहिलेका गुरुहरूबाट दीक्षित *थोब-यीक* पाएका व्यक्तित्त्वहरू प्रशस्त भेटिन्छन्।

अहिले तामाङ भाषामा प्राथमिकस्तरका पाठ्यपुस्तकहरूको बारेमा व्यापक छलफलहरू सबै जिल्लामा स्वतस्फूर्त रुपले बढिरहेको छ। नेपालमा आधारभूत शिक्षा भनेर कक्षा-८ सम्मलाई **रापाप्रामा** उल्लेख भइसकेको छ। हालसम्म तामाङ भाषाको कक्षा १-५ सम्मको एउटा विषयगत पाठ्यपुस्तक निर्माण भइसकेको छ। यसपाली *तामयीग* तामाङ लिपिमा कक्षा १ को पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले नै प्रकाशन गर्दैछ।

१४.१ *गुम्बा लोप्डा/लोप्खाङ* 'गोन्पा शिक्षा'

*गोन्पा*मा पहिलेदेखि परम्परागत रुपमा शास्त्रीय बौद्धधर्ममा भाषा तथा लिपिमा अक्षर जान्ने गरी पढ्न लेख्न सिकाउने कार्य हुने भएकाले नेपाल सरकार शिक्षा मन्त्रालयले विगत केही वर्षदेखि *गोन्पा*मा पढाइ हुने परम्परागत शिक्षालाई पनि *गोन्पा* शिक्षा शिक्षाको रुपमा मान्यता दिएको छ।

१४.२ औपचारिक आधुनिक शिक्षा

नेपाल सरकारले हाल सालै मात्र रापाप्रा तयार गरेकाले भावी दिनहरूमा नेपालमा तामाङ लगायत मातृभाषाहरूमा विद्यालय, विश्वविद्यालय *लोपखाङ*हरूमा नयाँ आधुनिक औपचारिक शिक्षा प्राप्त गर्न अवसर चाँडै

मिल्नेछ भन्ने आशासम्म गर्न सकिन्छ । नेपालमा औपचारिक शिक्षा तामाङ भाषामा अझै केही वर्ष कुर्नु पर्ने अवस्था देखा परेको छ ।

१४.३ अनौपचारिक शिक्षा

विद्यालयहरूमा औपचारिक रुपमा मातृभाषाका पाठ्यपुस्तकहरू स्थापित हुन सकेको छैन । हालसम्म व्यक्तिगत रूपमा एकाध बाहेक पाठ्यपुस्तक नै तामाङ भाषामा निर्माण गर्ने कार्य चित्तबुझ्दो गरी निर्माण कार्य भएको छैन । त्यसले गर्दा आजको दिनसम्म तामाङ भाषामा औपचारिक शिक्षाको कार्य औपचारिक रुपमा थालनी भएको छैन ।

१४.४ स्कूलमा मातृभाषाको शिक्षकको व्यवस्था

नेपालमा हाललाई व्यवस्था नभए पनि भारतको सिक्किममा राज्य सरकारले नै मातृभाषाको शिक्षकहरूको स्थायी व्यवस्था गरिदिएको छ । सरकारी स्कुलमा हाल प्राथमिक तहमा तामाङ भाषाको शिक्षक नियुक्ति भई कक्षा १ देखि ५ सम्मको कक्षा सन्चालन भइरहेको छ ।

सिक्किममा उपर्युक्त तामाङ मातृभाषासम्बन्धी सम्पूर्ण मातृभाषाका अनुवादकहरूको छनोट, लिपिको खोजी तथा चयन, शिक्षकहरूको चयन आदि कार्यका लागि तामाङ समुदायका राज्यबाट मान्यता प्राप्त सिक्किम तामाङ बौद्ध सङ्घलाई पूर्णरुपमा संलग्न गराई कार्य सम्पादन गरिएको देखिन्छ ।

१४.५ तामाङ भाषामा पाठ्क्रम पाठ्यपुस्तकको निर्माण

सरकारी निकायमा तामाङभाषाको प्रयोग

तामाङ भाषाको हालसम्म सरकारी निकायमा नेपाल र भारतको सिक्किम राज्य सरकार बाहेक अन्यत्र कुनै पनि निकायमा प्रयोगमा आएको देखिदैन । तसर्थ, तामाङ भाषाको सरकारी प्रयोग दुई देशमा निम्नानुसार भएको देखिन्छ ।

नेपालमा सरकारी निकायमा तामाङ भाषाको प्रयोग

नेपालमा सरकारी निकायमा तामाङ भाषा माध्यम भाषाको रूपमा हालसम्म आधिकारिक प्रयोग हुन सकेको छैन । झन् नेपालको सर्वोच्च अदालतको २०५६ जेठ १८ गतेको निर्णयले मातृभाषा सरकारी कामकाजमा माध्यम भाषाको रुपमा प्रयोग निषेध गरेकाले तामाङ भाषाको सरकारी कामकाजी

रूपमा प्रयोग हुन सक्ने सद्भावनालाई समेत यो निर्णयले घाँटी निमोठी दिएको छ। सरकारी स्तरबाट तामाङ भाषाको विकासमा भएको कार्य निम्नानुसार वर्गीकरण गर्न सकिन्छ।

(क) सरकार नियन्त्रित 'गोरखापत्र दैनिकमा' पत्रिकामा तामाङ भाषा

नेपालमा जहानीया राणा शासनकालमा श्री ३ जुद्धशम्सेरको पालामा ई. १९३२ अक्टुबर १७, तदनुसार सिं. १९८९ कात्तिक १ गते सोमबार भाग-३२, सङ्ख्या २६-२७ मा जुद्धशमसेर जंगबहादुर जबरा राणाले तामाङ भाषामा सम्बोधन गरेको सम्बोधनको अंश अनुसूचीमा छापिएको थियो। यो नै सरकारी पत्रिकामा आधिकारिक रुपमा पहिलोपटक तामाङ भाषाका केही अंश छापिएको थियो। बिडम्बना नै भन्नु पर्छ यो सानो तामाङ भाषाको अंश बाहेक यसभन्दा अघि र पछि हालसम्म नेपालमा सरकारी नियन्त्रणमा रहेको छापा सन्चार माध्यममा तामाङ भाषाको प्रकाशन तथा प्रयोग भएको छैन।

(ख) सरकार नियन्त्रित रेडियो नेपालमा स्थान

नेपालमा सरकारी सन्चार माध्यमहरूमा मातृभाषाहरूलाई पनि स्थान दिनुपर्छ भनेर नेपाल तामाङ ग्हेदुङलगायत मातृभाषी जनजातिहरूको साझा संस्था नेपाल जनजाति महासङ्घको सकृयतामा सरकारलाई विभिन्नस्तरको मातृभाषासम्बन्धी गोष्ठी र कार्यशालाहरूको सुझावका आधार दवाब परेपछि सरकारले तत्कालीन सांसद नरहरि आचार्यको अध्यक्षता जनजाति महासङ्घका महासचिव परशुराम तामाङ, बैरागी काइँला, नोवल किशोर राईलगायत रहनुभएको रेडियो नेपालबाट राष्ट्रिय भाषाहरूमा समाचार प्रसारण गर्नेबारे सुझाउ समिति' बन्यो र यो समितिले २०५१ बैशाख २५ गते आफ्नो सुझाउ प्रतिवेदन सरकार समक्ष बुझएको थियो। यसको लगत्तै चार महिनापछि २०५१ भदौ १ गतेबाट तामाङ भाषामा नेपालमा पहिलो पटक ५ मिनेटको समाचार बुलेटिन रेडियो नेपालको मिडियम वेभ ७९२ किलोहर्ज र सर्टेभ ११४३ किलोहर्जको फ्रिक्वेन्सीबाट अपरान्ह ४.०५ बजे प्रसारण आरम्भ भएको थियो। हाल यो तामाङ भाषाको समाचार बुलेटिन प्रत्येक दिनको ९.४०बजे विहान उपर्युक्त फ्रिक्वेन्सीमा प्रसारण भइरहेको छ।

यसपछि पनि नेपालका मातृभाषी संस्थाहरूको निरन्तर दवाबमा फेरि रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रहरूबाट मातृभाषामा थप कार्यक्रमको

प्रसारण सं.२०५४ साल असार ५ गतेदेखि १५ मिनेटको साप्ताहिक तामाङ भाषाको रेडियो कार्यक्रम प्रसारण हुँदै आइरहेको छ। यी दुई कार्यक्रम नै नेपालमा सरकार नियन्त्रित प्रसारण सन्चार माध्यममा तामाङ भाषाको प्रथम प्रयोग प्रयास हो। समाचारका अलावा सार्वजनिक सूचना तथा विभिन्न स्वास्थ्य एवम् व्यापारिक प्रतिष्ठानहरूले तामाङ भाषामा प्रसारण गर्ने गरेका छन्।

(ग) तामाङभाषा पाठ्यक्रम पाठ्यपुस्तक निर्माण

नेपालमा, तत्कालीन श्री ५ को सरकारको स्वामित्त्वमा रहेको पाठ्यक्रम विकास केन्द्र, सानो ठिमीले नेपालका जनजाति सङ्घ-संस्थाहरूले सरकारलाई दबाब दिएपछि, नेपालका विभिन्न मातृभाषाहरूमा ऐच्छिक पाठ्यपुस्तक बनाउने क्रममा तामाङ भाषाको कक्षा १ देखि कक्षा ५ सम्मको पाठ्यपुस्तक निर्माण गरेको छ। तर त्यो पाठ्यपुस्तक आम तामाङ जाति र तामाङ भाषीहरूको भावना विपरित तामाङहरूको आफ्नो लिपि हुँदाहुँदै पनि जबर्जस्ती देवनागरी लिपिमा बनाएका हुनाले हालसम्म लागू गर्न सकेको छैन।

तसर्थ, नेपालको तामाङहरूको राष्ट्रिय संस्था नेपाल तामाङ घेदुङले तामाङ जातिको भावनामा ठेस पुग्ने गरी तामाङ भाषाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुरुप नेपाल सरकारले तामाङ भाषाको पाठ्यक्रम नबनाएको हुनाले यसलाई तामाङ भाषाको मौलिक लिपि *तामयीग* मा नबनाएसम्म बहिष्कार गर्न सर्वसाधारण तामाङहरूलाई आह्वानसमेत गरेको छ।

❑❑

सन्दर्भग्रन्थ सुची

मोक्तान, बुद्धिमान.१९५६.*जिक्तेन ताम्छ्योइ, तामाङ वंशावली ह्रामा.* बुद्ध निवास. बडा कागझोडा, दार्जीलिङः उ.न.

लामा, सन्तबीर. १९६५. *नाङबा साङ्गे.* लामा निबास, बानेश्वर काठमाडौंः उ.न.

ग्रियर्स, जी. ए. १९६७. *लिङग्विस्टीक सर्व अफ इण्डिया* भोलम -३, मोतीलाला बनारसीदास, पटना शर्मा, पंडित सोमनाथ सं. अर्याल, केशवराज अ. १९६७.कौटील्यको अर्थशास्त्र, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, संस्कृत मूलसहित नेपाली भाषानुवाद.

मजाउडन, मार्टीन. १९७३. *फोनोलोजी तामाङ, सोसाइटे डेटुडेस त्विडग्विटीकस एट एन्थ्रोपोलोजीकस* डे फ्रान्स सेलाप, पेरिस.

बोम्जन, लामा कृष्णमान. १९७९. *मार बुंबा, म्हुई बुंबा, ब्रेल्बा ल्हा (क्वाई).* ल.पु.जि. बुखेल, खरिडाँडाः डुकमान लामा.

मीग्चन, शंखबुद्ध तथा साथीहरू. मि.न. *काल्पोल्होग्युइ छ्योइताम, माने काम्बु.* काभ्रे, नेपालः शंखबुद्ध मिक्चन.

होफर, एनद्रास. १९८१. *तामाङ रिच्युएल टेक्स्ट १.* फ्राज स्टेनर भरलाज, वेसबाडन.

लामा, जी. डी. १९८३. *तामाङ च्युङनीला ठीमतेन तामछ्योइ.* बालुवाखानी, गान्तोक, सिक्किम.

पन्त, दिनेशराज. १९८५. *गोरखाको इतिहास,* पहिलो भाग, वटु सवलबहाल, काठमाडौं जोशी, सत्यमोहन १९८७ कलाकार अरनिको, विजय गजानन्द वैद्य, काठमाडौंः लेखक.

सांस्कृत्यायन, राहुल. १९८९. *बौद्धदर्शन.* थार्नहिल रोड, इलाहाबादः किताब महल १५.

होलमबर्ग, डेभिड. १९८९. *अडर इन प्याराडक्स.* इथाका एण्ड लण्डनः कर्नेल युनिभर्सिटी.

हडसन, ब्राइन. १९९१. *एस्से अन दि त्याङवेज एण्ड द लिटरेचर एण्ड रिलीजन अफ नेपाल ऐण्ड टीबेट.* रिप्रिन्ट, दिल्लीः एसियन एजुकेसनल सर्भिस.

चोथेन, अमात. १९९२. *इयाडला काइरनरी.* काठमाडौंः नेपाल तामाङ घेदुङ.

वनसीटर्ट, एडेन. १९९३. *द गोर्खाज.* न्यु दिल्लीः अनमोल पब्लीकेशन.

फ्रिक, थोमस. ई. १९९३. *हिमालयन हाउसहोल्ड्स.* भारतः बुक फेथ इण्डिया.

पाखिन, लामा सन्तबीर. १९९३. *स्येबुसेमु क्वाइ रिमठीम.* प्याटर्सन पथ, खर्साङः अम्बर पाखिन.

तामाङ, परशुराम. १९९४. *तामाङ जाति.* कमलादी, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

तामाङ, अजीतमान. १९९४. *बारु ह्युल्सा.* काठमाडौंः नेपाल तामाङ घेदुङ.

तामाङ, प्रताप बल. १९९४. *तामाङ धरको खोज र चर्चा.* तामाङ ग्योइ देन सेमलेङ सेमजाङ.

तामाङ, बिगेन्द्र. १९९५. *याबेङ स्योङ.* काठमाडौंः नेपाल तामाङ घेदुङ.

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. १९९५. *नेपाली बृहत शब्दकोश.* काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

तामाङ, रविन्द्र. १९९७. *तामाङ रिमठीम*. नयाँ बानेश्वर, काठमाडौं: प्रतिभा समूह.

तामाङ, परशुराम. १९९८. *तामाङ सस्कार*. काठमाडौं: नेपाल तामाङ घेदुङ.

नेपाल, ज्ञानमणि. १९९८. *नेपाल निरुपण*. काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

पिटर्स, लारी. १९९८. *तामाङ स्यामन्स*. न्यु दिल्ली: निराला पब्लिकेसन.

सुवेदी, राजाराम. १९९८. *बाइसी राज्यको ऐतिहासिक रुपरेखा*. कीर्तिपुर: नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्व विद्यालय.

तामाङ, अमृत ह्योन्जन. १९९८. *तामाङ प्रकाशनको विकास*. काठमाडौं: पेमा घिसिङ तिल्पुङ प्रकाशन.

तामाङ, परशुराम. २०००. *ताम्बा काइतेन*. काठमाडौं: दुर्गबहादुर तामाङ स्मृति प्रतिष्ठान.

तामाङ, के.एम. लामा तेन्जीन. २०००. *तामाङ तामयीग*. कक्षा १ को पाठ्यपुस्तक, सिक्कीम: तामाङ बुद्धिष्ट एसोसियसन.

जीम्बा, श्री डी.टी. २००२. *तामाङको इतिहास अनि ताम्बाको चाडबाड*. दार्जीलिङ: एम.टी. जिम्बा कुसुम प्रकाशन.

मार्च, क्याथ्रिन. २००२. *इफ इच कम्स हाफ वे*. इथाका एण्ड लण्डन: कर्नेल युनिभर्सिटी.

बज्राचार्य, धनबज्र र टेकबहादुर श्रेष्ठ. २००२. *दोलखाको ऐतिहासिक रुपरेखा*. दोलखा: जिल्ला विकास समिति.

ग्याबक तामाङ, रविन्द्र र प्रतिक डेसुर तामाङ (सं.) २००२. *स्व. ज्याम्याङ लामा स्मृति ग्रन्थ*. ज्याम्याङ लामा स्मृति ग्रन्थ प्रकाशन समिति.

सि.वि.एस. २००३. *पपुलेसन मोनोग्राफ अफ नेपाल* भोलम-१. काठमाडौं: सेन्ट्रल ब्युरो अफ स्टाटीस्टीक्स.

तामाङ, सीताराम. २००३. *तामाङ ठुडढाब काइरान थेन ह्युलसा*. दुर्गाहादुर तामाङ स्मृति प्रतिष्ठान.

तामाङ, लिलाबहादुर दोङ. २००३. *तेमाल दरबार र तामाङ राजाहरू*. काठमाडौं: तामाङ डाजाङ.

आचार्य, बाबुराम. २००३. *चीन तिब्बत र नेपाल*. काठमाडौं: श्रीकृष्ण आचार्य.

तामाङ, रुद्रसिंह. २००४. *तामाङ संस्कार र संस्कृति*. काठमाडौं: तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र.

तामाङ, अम्बर बम्जन र रमेश बम्जन तामाङ. २००४. *तामाङ जातिमा बोम्जन थर*. काठमाडौं: डम्बरबहादुर बम्जन परिवार.

तामाङ, सीताराम. २००४. *नेपाल*. काठमाडौं: निरन्तर प्रकाशन.

तामाङ, रबिन्द्र ग्याबक. २००५. *तामाङ थरहरू*. काठमाडौं: लास्सो थेत्मा.

तामाङ, पेम्पा. २००५. *नेपालको इतिहासमा किपट प्रथा र तामाङ जाति*. गाङटोक सिक्कीम: ह्योञ्जन पब्लिकेशन्स.

तामाङ, अजितमान. २००५. *तामाङ तामयीग लिपिको वंश अनि इतिहास*

तामाङ, परशुराम. २००५. *तामाङ वंशावली*. दुर्गाहादुर तामाङ स्मृति-प्रतिष्ठान.

तामाङ, मुक्तसिंह. २००५. जिग्तेन तामछ्योइ.

तामाङ, प्रतीक डेसुर. २००५. *रेडियोमा तामाङ भाषा*. काठमाडौं: सञ्जय डेसुर तामाङ.

वाइबा, गोवर्धन. २००५. *संक्षिप्त वाइबा वंशावली*. उदयपुर: नेपाल तामाङ घेदुङ.

तामाङ, अजितमान. २००६. *तामाङ जातिको मौखिक इतिहासका अवशेषहरू*. याम्बु: कोनडोडडोड थेत्मा.

गुरुङ, हर्क र साथीहरू (सं.). २००६. *नेपाल एटलास अफ इथ्निक एण्ड कास्ट ग्रुप*. ललितपुर: नेफडिन.

तामाङ, अजितमान. २००६. *तामाङ गोइला थेन ग्येन्छ्या*. कोनडोडडोड थेत्मा.

ककर्याट्रिक, विलियम. २००७. *एन एकाउन्ट अफ द किंगडम अफ नेपाल*. न्यु दिल्ली: रुपा एण्ड कं.

लामा, जयनन्द. २००७. *सङ्गीत सिद्धान्त*. काठमाडौं: सरगम म्युजिक प्रा.लि.

तामाङ, महितकुमार. २००७. *तामाङ आख्यानहरू*. काठमाडौं: नेपाल तामाङ घेदुङ.

तामाङ, परशुराम. २००७. *तामाङ जाति नयाँ सहस्राब्दी विकास एजेन्डा*. काठमाडौं: नेपाल तामाङ घेदुङ.

दिवस, तुलसी र अरु (सं.). २००८. *दनुवार लोकवार्ता तथा लोकजीवन*. काठमाडौं: नेपाली लोकवार्ता समाज.

तामाङ, मोक्तान बी.बी. २००८. *मोक्तान ह्रुइगी फोला छ्योइ*. मकवानपुर: मोक्तान समाज.

आले, मगर सुरेश. २००९. *मार्क्सवाद र नेपालमा जातीय सवाल*. काठमाडौं: श्रीमती मनु आले मगर.

❑❑



नेपाल तामाङ घेदुङको चिनारी

१. घेदुङको स्थापना २०१३ सालमा भएको हो । सामाजिक सामुदायिक संस्थाहरूमा सबभन्दा पुरानो मानिन्छ
२. नेपाल आदिवासी जनजाति महासङ्घको ८ संस्थापक संस्थाहरूमध्ये एक हो र महासङ्घको सङ्घीय परिषद्को सदस्य संस्था हो ।
३. नेपाल सरकारले बनाएको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको समेत सन्चालक परिषदको सदस्य संस्था हो ।
४. एक आधिकारिक संस्थाको हैसियतले तामाङ जनजाति हो भन्ने सिफारिस गर्ने अधिकार घेदुङलाई मात्र रहेको छ ।
५ नेपाल तामाङ घेदुङको २०४६।४७ मा भएको दोस्रो राष्ट्रिय अधिवेशनपछि प्रत्येक चार चार वर्षमा राष्ट्रिय महाधिवेशन नियमित रूपमा हुँदै आएको छ । यही २०६८ साल बैशाखमा यसको सातौ राष्ट्रिय महाधिवेशन हेटौडामा सम्पन्न भयो ।
६. यो तामाङ समाजको एक लाभ निरपेक्ष, साझा र राष्ट्रिय स्तरको समुदायमा आधारित सामाजिक संगठन (Peoples Based Organization) हो । यसलाई छोटकरीमा अंग्रेजीमा IPOs अर्थात् आदिवासी जनताको संगठनको रूपमा मानिन्छ ।
७. नेपाल तामाङ घेदुङको अगुवाइमा नै पहिलो अन्तर्राष्ट्रिय तामाङ सम्मेलन काठमाडौमा २०५९ सालमा सम्पन्न भयो ।
८. अन्तर्राष्ट्रिय तामाङ सम्मेलनले विश्वभरि छरिएर रहेका तामाङहरूको अन्तर्राष्ट्रिय सन्जाल अन्तर्राष्ट्रिय तामाङ परिषद्को निर्माण पनि गरेको छ ।
९. अहिले तामाङ समाजले ग्रहण गरेका र कार्यन्वयन भइरहेका तामाङ भेषभुषा, तामयिग लिपि, संस्कार संस्कृति एवं सोनाम ल्होछार परम्परा जस्ता यावत् कुराहरू नेपाल तामाङ घेदुङदेखि अन्तर्राष्ट्रिय तामाङ सम्मेलनद्वारा अनुमोदित र पारित विषयहरू हुन् ।
यी सबै प्रक्रियाको विकासद्वारा तामाङ समाजलाई सङ्गठित गर्ने, रूपान्तरण गर्ने, असली तामा
उसको आदिवासीपन र उसको आदि भूमि र स्वशासनको अधिकारका लागि समेत नेपाल ता
महत्वपूर्ण पहलकदमी रहँदै आएको छ ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

नेपाल तामाङ घेदुङ

ISBN ९७९३७-२५०३६८

लेखकको संक्षित परिचय

अजितमान तामाङ

अनुसन्धाता तथा लेखक अजितमान तामाङको जन्म सङ्घीय गणतन्त्र नेपालको तामाङ जातिको बाहुल्य क्षेत्र ताम्सालीङभित्र पर्ने नुवाकोट जिल्लाको बोमताङ (बुङताङ) तामाङ बस्तीमा तत्वीय सम्बत् मे-मो लुग ल्हो, म्हेनीङ-महिनामा भएको हो । तामाङले त्रिविबाट इतिहास, अर्थशास्त्रमा स्नातक, बौद्ध अध्ययनमा पोष्ट ग्राजुयट तथा स्नातकोत्तर, भाषा विज्ञान तथा मानवशास्त्रमा स्नातकोत्तरसम्म शिक्षा हासिल गर्नुभएको छ । तामाङको पहरी भाषा, डुकुछापको दनुवार जातिको भाषा, लोकसाहित्य, लोकवार्ता, लोक इतिहास तथा प्रदर्शनकारी लोककलाका साथै तामाङ जातिको इतिहास, भाषा, तामयीग तामाङ मौलिक लिपिको विकास, तामाङ भेषभुषा, तत्वीय सम्वत्मा आधारित सांस्कृतिक पर्व ल्होछार जस्ता अनेकन तामाङ सांस्कृतिक तथा प्रदर्शनकारी लोककला तथा लोकवार्ता आदिसँग सम्बन्धित डेढ दर्जन पुस्तकहरू प्रकाशित भइसकेका छन् । तामाङ जातिको विविध पक्षहरूसँग सम्बन्धित नयाँ-नयाँ दृष्टिकोण र महत्वपूर्ण सूचना दिने दर्जनौं लेख रचनाहरू नेपाल तथा भारतका पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । नेपाल सरकारको नेपाल आदिवासी जनजाति उत्थान प्रतिष्ठानद्वारा "तामाङ जातिको इथ्नोग्राफिक प्रोफाइल" शीर्षकमा अनुसन्धाता तामाङले प्रस्तुत गर्नुभएको अनुसन्धानलाई "तामाङ जातिको चिनारी" को रूपमा प्रस्तुत यो पुस्तकले तामाङ जातिका इतिहास, भाषा, लिपि, भेषभुषा, परम्परागत संस्कार, संस्कृति, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पहिचानका लगभग सबै विषय वस्तुहरूको जिज्ञासाहरूको बारेमा सूचना दिने आशा गरिएको छ ।